'पञ्ञा नरानं रतनं'

# परियत्ति : तृतीय प्रवेश शिक्षा

## कक्षा-६

(भाग-४, नेपाली)

प. स. पा. को प्रवेश तृतीय वर्ष चतुर्थ पत्रको पाठ्य-पुस्तक)

**बु. सं. २५४६ देखि स्वीकृत**

Downloaded from http://dhamma.digital/

'पञ्ञा नरानं रतनं'

# परियत्ति : तृतीय प्रवेश शिक्षा

## कक्षा-६

(भाग-४, नेपाली)

(बु. सं. २५४६ देखि स्वीकृत)

Dhamma.Digital

(नेपालव बौद्ध परियत्ति शिक्षा समितिको निर्देशन अनुसार
प. स. पा. को प्रवेश तृतीय वर्ष चतुर्थ पत्रको पाठ्य-पुस्तक)

लेखन, सम्पादन तथा संयोजन

कोण्डन्य

(संयोजक : नेपाल बौद्ध परियत्ति शिक्षा पाठ्यक्रम विकास समिति)

Downloaded from http://dhamma.digital/

प्रकाशकः
**मोतिलाल शिल्पकार र कृष्णलक्ष्मी शिल्पकार परिवार**
लोकेश्वर टोल, जावलाखेल, फोन नं. ५५३३३६६, ५५३३२१४

सर्वाधिकार सुरक्षित : नेपाल बौद्ध परियत्ति शिक्षा, बु.सं. २५४६

सम्पर्क सचिवालय : **विश्व शान्ति विहार**
नयाँ बानेश्वर, मीनभवन, फोन नं. : ४४८२२५०, ४४८२९८४

**बौद्ध परियत्ति शिक्षा स्तर**

१. परियत्ति सद्धम्म पालकको प्रारम्भिक प्रथम वर्ष
२. परियत्ति सद्धम्म पालकको प्रारम्भिक द्वितीय वर्ष
३. परियत्ति सद्धम्म पालकको प्रारम्भिक तृतीय वर्ष
४. परियत्ति सद्धम्म पालकको प्रवेश प्रथम वर्ष
५. परियत्ति सद्धम्म पालकको प्रवेश द्वितीय वर्ष
६. परियत्ति सद्धम्म पालकको प्रवेश तृतीय वर्ष
७. परियत्ति सद्धम्म पालकको उपाधि वर्ष
८. परियत्ति सद्धम्म कोविद प्रथम वर्ष
९. परियत्ति सद्धम्म कोविद मध्यम वर्ष
१०. परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष

द्वितीय संस्करण ५०० प्रति ।

बुद्ध संम्वत् : २५६२ नेपाल सम्वत् : ११३९
विक्रम संम्वत् : २०७५ ईस्वी संम्वत् : २०१९

कम्प्यूटर : सुवर्ण महर्जन, पाटनढोका ।
मो : ९८४१९८०१९९

मुद्रक : **मच्छिन्द्र प्रिन्टिङ्ग प्रेस**
इखाछें, आनन्दबहाल, ललितपुर ।
फोन : ०१-५५३४५०८ / ९८४१३५२४६३
Downloaded from http://dhamma.digital/

# केही शब्द

नेपालको बुद्ध शासनिक क्षेत्रमा अखिल नेपाल भिक्षु महासंघबाट झण्डै ४० वर्ष देखि संचालित नेपाल बौद्ध परियत्ति शिक्षाको विशिष्ठ देन सर्वविदितै छ। यस्को श्रेय बुद्धशासनप्रति श्रद्धा र श्रम समर्पित गर्दै आउनु भएका नेपाल बौद्ध परियत्ति शिक्षाका संचालन सम्बन्धित पदाधिकारी सदस्यहरू, परियत्ति शिक्षाका सम्पूर्ण केन्द्रका प्रबन्धक र शिक्षक-शिक्षिकाहरू, पुस्तक प्रकाशक र पुरस्कार वितरणार्थ श्रद्धालुहरूलाई छ।

नेपाल बौद्ध परियत्ति शिक्षालाई ब्यापक रुपमा फैलाउन परिवर्तित परिप्रेक्ष अनुसार नेपाल बौद्ध परियत्ति शिक्षाका विविध पक्षहरूमा समयानुकुल परिवर्तित र परिवर्द्धित गरिदैं लानुपर्ने कुरालाई ध्यानकेन्द्रित गरी नेपाल बौद्ध परियत्ति शिक्षाको नियमावली बनेको र पाठ्यक्रम निर्माणमा प्रयास भएको छ। यसै अन्तर्गत प्रवेश तृतीय वर्षको पत्रगत नेपाली भाषामा सिङ्गो एक पुस्तकमा उपलब्ध हुनेगरी पाठ्य-पुस्तक प्रकाशित हुनु *"धम्मपीति"* को विषय हो।

अखिल नेपाल भिक्षु महासंघबाट संचालित नेपाल बौद्ध परियत्ति शिक्षा नेपालको बुद्धशासनिक क्षेत्रमा आफ्नै विशेषता र देन रहेको कुरा स्पष्ट हुँदै आएको छ। परियत्ति शिक्षाको प्रारम्भ समयमा अध्ययन गर्ने विद्यार्थी, परियत्तिका शिक्षक-शिक्षिका तथा शुभचिन्तकहरू उत्तरोत्तर उन्नति-प्रगति गरिंदै यसलाई व्यवस्थित ढङ्गले अगाडी बढाई शिक्षा प्रणाली अनुरुप वैज्ञानिकीकरण गरिंदै पाठ्य-पुस्तकलाई व्यवस्थित गरी अध्ययनार्थीहरूलाई सुलभ गरिंदै जानुमा सचेतता देखिनु पनि सकारात्मक कदम हो।

Downloaded from http://dhamma.digital/

पाठ्य-पुस्तकलाई प्रयोगमा ल्याई अनुभवी शिक्षकले पाठ्यक्रमद्वारा लक्षित विषयवस्तुलाई विविध श्रोतको सदुपयोग गरी सफलतापूर्वक अध्यापन गर्न सक्ने हुन्छ तापनि सहजरुपमा हाम्रा परियत्ति केन्द्रहरूमा अन्य सहायक सामाग्रीहरू उपलब्ध नहुँदा पाठ्य-पुस्तक माथि अत्यधिक निर्भर रहनु परेको छ । परिवर्तित परिप्रेक्ष अनुसार नेपाल बौद्ध परियत्ति शिक्षाको पाठ्यक्रम परिवर्तित र परिवर्द्धित गरिंदै लानु पर्ने लक्ष्यतिर ध्यान केन्द्रित गरी नेपाल बौद्ध परियत्ति शिक्षाको प्रवेश स्तरका भाषामा उपलब्ध गराउने प्रयास भैरहेछ। यसै अनुरुप प्रस्तुत पाठ्य-पुस्तकलाई सीमित जनशक्ति र श्रोतलाई प्रयोगगरी सकेसम्म स्तरयुक्त बनाई शिक्षक र विद्यार्थीहरूका आवश्यकतालाई अत्यधिक मात्रामा पूरा गर्न सकियोस् भनी केही हदसम्म प्रयास गरिए तापनि भाषा, विषयक्रम, शैली जस्ता पाठ्य-पुस्तकमा हुनुपर्ने विधि पक्षमा अझै कमी/कमजोरीहरू यथेष्ट नै नहोलान् भन्न सकिन्न र तापनि शिक्षक, अभिभावक, विद्यार्थी, बौद्ध-विद्वान् तथा शिक्षाविद् लगायत सम्पूर्ण पाठकहरूको सक्रिय सहयोगको महतवपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैका लागि रचनात्मक सुझाव, सरसल्लाहका लागि नेपाल बौद्ध प. शि. पाठ्यक्रम विकास समिति सदैव हार्दिक स्वागत गर्दछ ।

यस पाठ्य-पुस्तक तयार पार्न प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउनेहरू सबै सम्बन्धित निकाय एवं श्रद्धालु महानुभावहरू तथा प्रकाशन कार्यमा सहयोग गरिदिनु हुने श्रद्धालु दाता प्रति हार्दिक साधुवाद व्यक्त गरिन्छ ।

साधुवाद ।

नेपाल बौद्ध परियत्ति शिक्षा
पाठ्यक्रम विकास समिति

Downloaded from http://dhamma.digital/

# साधुवाद

प्रवेश तृतीय वर्ष ( कक्षा ६) को भाग २ पुस्तक अभाव भइरहेको अवस्थामा श्रद्धालु दाता श्री मोतिलाल शिल्पकारले पुनः प्रकाशनको लागि श्रद्धा राख्नु भएको छ ।

परियत्तिको माथिल्लो कक्षामा जाँदा विद्यार्थी संख्या कम भएतापनि २०६० सालमा पहिलो प्रकाशन भएको पुस्तकहरु अभाव भइरहेको अवस्थामा विद्यार्थीहरुलाई सहज तरीकाले पाठयपुस्तकहरु उपलब्ध गरी सहयोग गर्नु परियत्ति कार्यालयको दायित्व भएकोले श्रद्धालु दाता मोतिलाल शिल्पकारलाई अनुरोध गरें । उहाँ दाता उपासकले जहिले पनि परियत्तिको लागि पाठयपुस्तक प्रकाशन गर्नुपर्ने भएमा सम्भनको लागि प्रार्थना गरिराख्नु भएको थियो । परियत्ति कक्षा १,२,३ कक्षाको साथैं ४ कक्षाको प्रथम पत्र, कक्षा ८ को चतुर्थ पत्र पुस्तक प्रकाशन गरी परियत्ति विकासको लागि सहयोग गरिराख्नु भएको थियो ।

परियत्ति अध्ययन गरी जाँच दिएर मात्र हुँदैन उनीहरुले व्यवहारमा पनि त्यस्तै नैतिकवान, चरित्रवान बनाउनको लागि सहयोग गर्नुपर्छ भन्ने उद्देश्य राखी उहाँ दाता उपासकले विभिन्न परियत्ति केन्द्रका विद्यार्थीहरुलाई विभिन्न रुपमा सहयोग गरिराख्नु भएको छ । परियत्ति वक्तृत्वकला संचालन गरी परियत्तिका विद्यार्थीहरुलाई सभा समारोह हुँदा बोल्न सिकाउने अभ्यास गराइराख्नु भएको ठूलो देन रहेको छ ।

दाता परिवार र यस पुस्तक प्रकाशनको लागि सहयोग गर्नुहुने सकल महानुभावहरुमा निरोगी, सुस्वास्थ्य दीर्घायुको मंगल मैत्री कामना व्यक्त गर्न चाहन्छु ।

भिक्षु बोधिज्ञान

केन्द्रीय परीक्षा नियन्त्रक

नेपाल बौद्ध परियत्ति शिक्षा

२०७५ कार्तिक १२

Downloaded from http://dhamma.digital/

# प्रकाशकिय

विगत ५५ वर्ष अधि देखि निरन्तर अध्यापन गराउँदै आइरहेको बुद्ध धर्म सम्बन्धी परियत्ति शिक्षा, बुद्ध धर्मको प्रचार प्रसारमा सशक्त माध्याम भईरहेको छ। यो पुस्तक विशेष परियत्ति कक्षा ६ का विद्यार्थीहरूलाई, बुद्ध, धर्म सम्बन्धी थप अध्ययन गर्न प्रेरणा दिने र परिपत्ति अध्ययन नगरेका व्यक्तिहरूलाई परियत्ति शिक्षा पढ्न, अध्ययन गर्न प्रेरित गर्ने छ। त्यस्तै विभिन्न व्यक्तिहरू जो विहारमा जाने बानि नभएकाहरूलाई पनि केहि कुरा बुद्ध धर्म सम्बन्धी कुरा पढ्न पाईने राम्रै पक्ष हुने भयो। परियत्ति शिक्षा अध्ययन गर्दै गरेका र नगरेका युवा युवतीहरू विच व्यवहार-आनीवानी धेरै नै फरक हुने भएकोले, मैले परियत्ति किताबहरू समय समयमा प्रकाशन गर्दै आइरहेको छु। यस पुस्तकमा परियत्ति शिक्षा अन्तर्गत कक्षा ६ मा अध्ययन गर्नु पर्ने विभिन्न विषयवस्तु समावेश गरिएकोले अत्यन्त राम्रो तथा हर्ष महशुस गरे। यस परियत्ति शिक्षा अध्ययन अन्तर्गत विगत धेरै वर्ष अधि देखि म पनि सहभागी हुदै, आफुले सक्ने, सक्दो सहयोग गर्दै आईरहेको छु।

नेपाल अधिराज्यभरी १३५ परियत्ति केन्द्रबाट विभिन्न स्थानहरूमा परियत्ति शिक्षा अध्यापन गर्दै आईरहेको छ। यस पुस्तक प्रकाशन गरेको पुण्य प्रभावबाट स्वर्गीय पिता मोहन लाल शिल्पकार र माता हरीमाया शिल्पकारका संगै स्वर्गीय भैइसकेका परिवारका सम्पूर्ण सदस्यहरूको निर्वाण काममा र सम्पूर्ण प्राणिहरूको निरोगी, सुख, शान्ति तथा निर्वाणको कामना गर्न चाहन्छु।

भवतु सब्बं मंगलम्

प्रकाशक

बौद्ध समाज सेवी

**मोतिलाल शिल्पकार**

लोकेश्वर, टोल, जावलाखेल

Downloaded from http://dhamma.digital/

# परियत्ति : तृतीय प्रवेश शिक्षा - ४

**यशोधरा** -

: आचार्य भिक्षु अमृतानन्द महास्थविर

**मग्गङ्गदीपनी** - मूल लेखक महास्थविर लेदी सयादो डी लिट्

- अनुवादिका सुश्री नानामैयाँ मानन्धर

**बौद्ध सामान्य ज्ञान**-

- लेखन, सम्पादन तथा संयोजन :
- कोण्डन्य

Downloaded from http://dhamma.digital/

# विषय-सूची

## प्रथम खण्ड :

## यशोधरा


| विषय | पृष्ठ |
|---|---|
| यशोधरा | १ |
| जन्म | १ |
| यशोधरा अभ्यास-१ | ८ |
| नामाकरण | ९ |
| यशोधरा अभ्यास-२ | ११ |
| विवाह मङ्गल | १२ |
| यशोधरा अभ्यास-३ | २५ (क) |
| दाम्पत्य-जीवन | २६ |
| पुत्रलाभ | २९ |
| यशोधरा अभ्यास-४ | ३६ (क) |
| पति वियोग | ३७ |
| बुद्धसँग प्रथम भेट | ४६ |
| यशोधरा अभ्यास-५ | ४६ (क) |
| यशोधराको खोपीतिर | ५६ |
| यशोधरा अभ्यास-६ | ५९ |
| राहुललाइ कुरा सिकाए | ६० |
| गृहत्याग | ६२ |
| यशोधरा अभ्यास-७ | ६६ |
| राहुलद्वारा मातृ-उपस्थान | ६७ |
| यशोधरा अभ्यास-८ | ६९ |
| सम्बन्धको शुरुवात् | ७० |
| अतीत सम्बन्धका कुराहरू | ७२ |
| यशोधरा अभ्यास-९ | १०५ |


Downloaded from http://dhamma.digital/

| विषय | पृष्ठ |
|---|---|
| १- अग्रस्थान | १०७ |
| २- यशोधरा स्थविरापदान | १०७ |
| क्षमायाचना | १०८ |
| ऋद्धि-प्रतिहार्य | ११० |
| अतीत-संस्मरण | ११३ |
| धेरै अतीतका - संस्मरण | ११६ |
| अन्तिम-जन्म | ११९ |
| यशोधरा अभ्यास-१० | १२२ |

## द्वितीय खण्ड :

### मग्गङ्ग दीपनी

| | |
|---|---|
| सम्मादिट्ठि | १२५ |
| सम्मासङ्कप्प | २२८ |
| सम्मावाचा, सम्माकम्मन्त, सम्माआजीव | १२९ |
| सम्मावायाम | १३० |
| सम्मासति, सम्मासमाधि | १३१ |
| मग्गङ्ग दीपनी अभ्यास-१ | १३२ |
| सम्मादिट्ठिको विवरण, सब्बे सत्ता कम्मस्सका | १३३ |
| वर्तमान कर्मको फल | १३७ |
| पूर्व कर्मको फल | १३८ |
| सब्बे सत्ता कम्मयोनी | १४१ |
| सब्बे सत्ता कम्मबन्धू | १४२ |
| सब्बे सत्ता कम्मप्पटिसरणा | १४२ |
| कम्मदायादाको संग्रह | १४९ |
| मग्गङ्ग दीपनी अभ्यास-२ | १५० |
| दसवत्थुक-सम्मादिट्ठिको व्याख्या | १५१ |

Downloaded from http://dhamma.digital/

| विषय | पृष्ठ |
|---|---|
| अरु धर्मावलम्बीहरूलाई थाहा नभएका कुरा | १५२ |
| तीन प्रकारका विश्वासहरू | १५५ |
| मग्गङ्ग दीपनी अभ्यास-३ | १५७ |
| चतुसच्च-सम्मादिट्ठिको व्याख्या | १५८ |
| दुक्खसच्च-सम्मादिट्ठि | १५८ |
| समुदयसच्च-सम्मादिट्ठि | १६० |
| निरोधसच्च-सम्मादिट्ठि | १६१ |
| दुक्खनिरोधगामिनी-पटिपदा-अरियसच्च-सम्मादिट्ठि | १६१ |
| सम्मासङ्कप्पको व्याख्या | १६१ |
| सम्मावाचाको व्याख्या | १६२ |
| अत्थ, धम्म र विनय | १६३ |
| सम्माकम्मन्तको व्याख्या | १६४ |
| मग्गङ्ग दीपनी अभ्यास-४ | १६५ |
| सम्माआजीविकाको व्याख्या | १६६ |
| सम्मावायामको व्याख्या | १६७ |
| सातप्रकारका विशुद्धि, मग्गङ्गको शक्ति | १६८ |
| नियमको स्थापना, आफ्नो जीवनको सच्चा फाइदा | १६९ |
| मग्गङ्ग दीपनी अभ्यास-५ | १७१ |
| सम्मासतिको व्याख्या, चार स्मृति-प्रस्थान | १७२ |
| सम्मासमाधिको व्याख्या | १७४ |
| तीन किसिमका वट्टको चार प्रकारका संसारसँग क्रमिक सम्बन्ध | १७५ |
| मग्गङ्ग र वट्टका बीच आपसी सम्बन्ध | १७८ |
| दिट्ठिको पहिलो, दोस्रो र तेस्रो तह | १७९ |
| 'म' 'म' भनी आशक्त हुनु; | १८० |
| निर्वाणको पहिलो अवस्था | १८० |
| सलाई, सलाई-बत्ता र गन्धक | १८१ |
| आर्य अष्टांगिक मार्गलाई तीन स्कन्धमा दर्शाउनु | १८२ |


Downloaded from http://dhamma.digital/

| विषय | पृष्ठ |
| --- | --- |
| मग्गङ्ग दीपनी अभ्यास-६ | १८३ |
| सक्कायदिट्ठिको तीन अवस्थालाई नाश गर्नु | १८४ |
| दिट्ठिको अवस्था सम्बन्धी अष्टांगिक मार्गको व्याख्या | १८४ |
| आजीवट्ठमक शील कसरी लिनु र पालन गर्नु ? | १८५ |
| नित्य शीलका प्रकार | १८६ |
| सात प्रकारका दुश्चरित्रहरुका अङ्गहरू | १८६ |
| मग्गङ्ग दीपनी अभ्यास-७ | १८९ |
| कर्मपथ यसरी सिद्ध हुन्छ | १९० |
| समाधिस्कन्ध मार्ग-अङ्ग कसरी स्थापित गर्ने ? | १९० |
| आनापानको अभ्यास | १९१ |
| स्मृतिमा चित्त स्थिर होस् | १९२ |
| मानसिक उन्मादताबाट कसरी छुट्कारा पाउन सकिन्छ ? | १९३ |
| प्रज्ञा-स्कन्धको स्थापना कहिले हुन्छ ? | १९३ |
| प्रज्ञा-स्कन्ध मार्ग-अङ्ग कसरी स्थापना गर्ने ? | १९४ |
| संक्षिप्त स्थापना विधि | १९४ |
| १) अनिच्च, दुक्ख, अनत्त; | १९७ |
| २) टाउकोमा सत्काय-दृष्टि | १९७ |
| ३) जान, भाविता गर, हेर; | १९८ |
| ४) भ्रम | १९८ |
| सम्यक्-दृष्टि; | १९९ |
| क्रमशः उत्तरोत्तर भूमि उत्पन्न व्यक्ति हुने | २०० |
| आठ मार्ग-अङ्ग स्थापनाको छोटकरी विवरण | २०१ |
| तीन किसिमका सुखानुभूति | २०२ |
| परिशिष्ट | २०३ |
| मग्गङ्ग दीपनी अभ्यास-८ | २०६ |

Downloaded from http://dhamma.digital/

तृतीय खण्ड :

## बौद्ध सामान्य ज्ञान


| विषय | पृष्ठ |
|---|---|
| चतु आर्य सत्य | २११ |
| दु:ख आर्य सत्य | २१२ |
| दु:ख समुदय सत्य | २१५ |
| दु:ख निरोध आर्य सत्य | २१८ |
| दु:ख निरोध गामिनी प्रतिपदा आर्य सत्य | २२० |
| सम्यक् दृष्टि | २२१ |
| सम्यक् संकल्प | २२४ |
| सम्यक् वचन | २२५ |
| सम्यक् कर्मान्त | २२६ |
| सम्यक् आजीविका, सम्यक्-व्यायाम | २२७ |
| सम्यक् स्मृति | २२८ |
| कायानुपश्यना, वेदनानुपश्यना | २२९ |
| चित्तानुपश्यना, धर्मानुपश्यना | २३० |
| सम्यक् समाधि, बुद्धकालीन प्रचलित मत | २३१ |
| बुद्धकालीन प्रसिद्ध दार्शनिकहरू | २३३ |
| बुद्ध धर्मको प्रचार-प्रसार र धर्म संचार | २३४ |
| बौद्ध दर्शनको विकासक्रमको शुभारम्भ | २३५ |
| बौद्ध दर्शनको विकासक्रमको एक सानो झझल्को | २३५ |
| बौद्ध सामान्य ज्ञान अभ्यास-१ | २३६ |
| बौद्ध संस्कृति | २३८ |
| पवित्र अस्थिधातु दर्शन एक संस्कृति | २४७ |
| बौद्ध सामान्य ज्ञान अभ्यास-२ | २५८ |
| नेपाल बौद्ध परियत्ति शिक्षाको एक चिनारी | २५९ |


Downloaded from http://dhamma.digital/

# यशोधरा

लेखक / अनुवादक

भिक्षु अमृतानन्द महास्थविर

Downloaded from http://dhamma.digital/

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# यशोधरा

देवदहवासी सुप्रबुद्ध शाक्यकी पत्नी अमितादेवीकी छोरी यशोधरा देवी कपिलवस्तुका राजा शुद्धोदनकी बुहारी तथा सिद्धार्थ राजकुमारकी पत्नी हुनु हुन्थ्यो । राहुल कुमार जन्मेकै दिनमा सिद्धार्थ राजकुमारले गृहत्यागी ६ वर्षपछि बुद्धत्त्व प्राप्त गर्नु भइसकेपछि आफूले पनि गृहत्यागी भिक्षुणी भई अरहत्व मात्र होइन महाभिज्ञालाभिनी भिक्षुणीहरू मध्येमा उहाँ अग्र पनि हुनुहुन्थ्यो ।

उहाँकै सम्बन्धमा त्रिपिटिकपालि र अर्थकथाहरूमा यत्रतत्र उपलब्ध भएका सम्बन्धित विषयहरूलाई खोजी यहाँ उहाँको जीवनी सम्बन्धी केही कुरा लेख्ने प्रयास गरेको छु ।

## जन्म

महावंसो,[१] अंगुत्तरनिकायट्ठकथा,[२] धम्मपदट्ठ,[३] लेखकको बुद्धकालीन

---

१. महा. वं. पृ. १०४ : महासम्मतवंसोटीका दुतियपरिच्छेदो ।

२. अं. नि. अ. क. क्ष पृ. २०४ : एककनिपातवण्णना, भद्दाकच्चाना ।

३. धम्म. प. अ. क. पृ. ४५४ : सुप्पबुद्धसक्कस्सवत्थु, पापवर्ग ।

Downloaded from http://dhamma.digital/

गृहस्थीहरू[१] तथा पालि संज्ञा-शब्दकोष[२] हरूमा उल्लेख भए अनुसार यशोधरादेवी, शाक्य जनपदको देवदह[३] निगममा, सुप्रबुद्ध शाक्यकी पत्नी अमिताको

---

१. बु. गृ. पृ. २१६

२. D. P. P. II. पृ. १२२० : सुप्पबुद्ध ।

३. कपिलवस्तुमा शुद्धोदन महाराजाका पालामा **'देवदह'** भन्ने जुन नाम त्रिपिटकपालि र अर्थकथाहरूमा पाइन्छ त्यसको अध्ययन गर्दा नगर कुनै खास ठूलो शहर नभई शाक्य जनपदकै अन्तर्गत एक निगम अथवा एक सानो पसलहरू भएको शहर हो भन्ने कुरा निम्न सूत्रहरूद्वारा प्रष्ठ बुझ्न सकिन्छ। जस्तै- म. नि. III. पृ. ३ : देवदहसुत्तं, अ. क. IV. पृ. १, सं. नि. II. पृ. २४५ : देवदहसुत्तं, अ. क. II. पृ. १८६ तथा सं. नि III. पृ. १४४ : देवदहसुत्तं, अ. क. III. पृ. ३१ ।

"एकं समयं भगवा सक्केसु विहरति देवदहं नाम सक्यानं निगमे" म. नि. III. पृ. ३ : देवदहसुत्तं । यसको अर्थ उल्लेख गर्दै पप. सू. IV. पृ. १ ले यसरी दिएको छ- "देवदहं नामाति देवा वुच्चन्ति राजानो, तत्थ च सक्यराजून मङ्गलपोक्खरणी अहोसि पासादिका आरक्खसम्पन्न, सा देवानं दहत्ता 'देवदहन्ति पञ्ञायित्थ। तदुपादाय सो पि निगमो 'देवदहन्ते व' सङ्खंगतो। भगवा तं. निगमं निस्साय लुम्बिनी वने विहरति।" यसको अर्थ लेखकको बु. प. भा-१ पृ. २५९ मा समुल्लेख भएको छ ।

सं. नि II. २४५ : को देवदहसुत्तंको अर्थकथा सारत्थपकासिनी II. पृ. १८६ ले देवदहको अर्थ लगाउँदै यसरी उल्लेख गरेको छ-

"देवदहन्ति देवा वुच्चन्ति राजानो, तेसं. मङ्गलदहो; सयञ्जातो वा सो

Downloaded from http://dhamma.digital/

दहो तस्मापि 'देवदहो' ति वुत्तो । तस्स अविदूरे निगमो देवदहन्तेव नपुंसकलिङ्ग वसेन सङ्गतो ।"

थेरगाथाट्ठकथा क्ष पृ. १४४ : पक्खत्थेरस्स गाथावण्णनामा पनि ' इमस्मिं बुद्धुप्पादे सक्केसु देवदह निगमे सक्यराजकुले निब्बत्ति" भन्ने उल्लेख भएको पाइन्छ ।

शाक्य जनपदको एक निगम भएको हुनाले देवदहमा जन्मेका शाक्यहरू कपिलवस्तुमै गई बसेका कुराहरू धम्मपदट्ठकथाको (पृ. ४५४) सुप्पबुद्ध शाक्यका कथा र मज्झिमनिकाय I. १४६ को मधुपिण्डिक सूत्रबाट (यस सूत्रको अनुवाद लेखकको बु. रा. भा-१, पृ. ४६९ मा भएको छ) तथा भगवान बुद्ध सर्वप्रथम कपिलवस्तुमा जानु भई मल्लहरूको आम्रवनमा बसिरहनुभएको बेलामा अनुरुद्ध शाक्यहरूसँग देवदत्त प्रव्रजित हुन आएबाट देवदत्त पनि कपिलवस्तुमै भएका कुरा चुल्लवग्गको सङ्घभेदकक्खन्धकं (पृ. २७९) बाट पनि प्रष्ट बुझिन्छ । देवदहको सम्बन्धमा अरु विस्तृत कुराहरू जान्न चाहेमा भरतसिंह उपाध्यायको बु. भा. भू. पृ. ३००-०७ हेर्नू । कोलिय नगर र देवदह भनेको एउटै होइन । हो, देवदहमा पनि कोलियहरू बस्दथे ।

Downloaded from http://dhamma.digital/

कोखमा[1] जन्मनु भएको थियो । उहाँको एक सद्दभाइ पनि छ जसको नाम

---

"सुप्पबुद्धस्स सक्कस्स, महेसी अमिता अहु ।
तस्सासु भद्दकच्चाना, देवदत्तो दुवे सुता ॥ २१ ॥" महा. वं. टी. पृ. १०४ : दुतियपरिच्छेदो ।

"सो किर 'अयं मम धीतरं छड्डेत्वा निक्खन्तोति च, मम पुत्तं पब्बाजेत्वा तस्स वेरिट्ठाने ठितो चाति..." धम्म. प. अ. क. पृ. ४५४: सुप्पबुद्धसक्कस्सवत्थु, पापवग्गो ।

"इमस्मिं बुद्धुप्पादे सुप्पबुद्धसक्कस्स गेहे पटिसन्धिं गण्हि ।" अं. नि. अ. क. पृ. २०४ : एककनिपातवण्णना, भद्दाकच्चाना ।

बौद-संस्कृत साहित्यको महावस्तु अनुसार यशोधरादेवी वसित वंशाका महानाम (Mahanama of vasita clan) भन्ने एक अमात्यकी छोरी भन्ने र ललितविस्तर (पृ. २८१ शान्तिभिक्षु शास्त्री) अनुसार दण्डपाणीकी छोरी भनी उल्लेख भएको छ भनी डा् विक्रमसिंहले आफ्नो B.B. पृ. ३० को पादटिप्पणीमा उल्लेख गरेका छन् ।

डा. बिमलचरण V. ले आफ्नो S. M. पृ. ६४ मा महानाम शाक्यकी छोरी यशोधरा हुन् भनी उल्लेख गरेका छन् ।

B.B. पृ. ५६ को पादटिप्पणीमा दुल्वामा उल्लेख भएको छ भनी डा. बिक्रमसिंहले निम्न कुरा पनि उल्लेख गरेका छन्-

"सिद्धार्थ बोधिसत्वले गृहत्याग गरिसकेपछि उहाँ राजगृह नगिच उद्दक रामपुत्र कहाँ बसिरहेका छन् भन्ने खबर सुनी शुद्धोदन महाराजाले उहाँको

Downloaded from http://dhamma.digital/

देवदत्त[1] हो भन्ने कुरा पनि उक्त ग्रन्थहरू मै उल्लेख भएको पाइन्छ।

---

हेरचाह गर्न ३०० पुरुषहरू र सिद्धार्थका ससुरा सुप्रबुद्ध शाक्यले २०० पुरुषहरू पठाएका थिए।"

यसको आधारमा यशोधरादेवी सुप्रबुद्धको छोरी हुन् भन्ने कुराको पुष्ट्याई हुन्छ।

यस्तै गरी बोधिसत्वले उरुवेल वनमा तपस्या गरिरहेको समयमा पनि उक्त दुवै जनाले बोधिसत्व कहाँ अढाई अढाइशय पुरुषहरू पठाएका कुरा पनि उपरोक्त पुस्तककै पृ. ५९ को पादटिप्पणीमा उल्लेख भएको छ।

१. माथि उल्लेख भएका महावंश टीका आदि ग्रन्थहरूका उद्धृत वाक्यहरूद्वारा पालि साहित्य अनुसार देवदत्त पनि सुप्रबुद्धकै पुत्र हुन् भन्ने कुरा निर्विवाद छ।

तर बौद्ध-संस्कृत साहित्यका केही ग्रन्थहरूले यसरी उल्लेख गरेका छन् भनी डा. मललसेकरले आफ्नो 'पालि संज्ञा-शब्दकोष' को पादटिप्पणीमा यसरी उल्लेख गरेका छन्-

"तिब्बती दुल्वाले 'देवदत्त अमृतोदनका पुत्र हुन् र आनन्द उनका भाइ हुन् भन्ने र महावस्तुले पनि यस्तै उल्लेख गरेको छ।" D. P. P. I. पृ. ११०७

"सिद्धार्थ कुमारले घर छाडी सकेपछि यशोधरादेवीलाई प्रलोभन देखाउन खोजेको र सिद्धार्थ कुमार घरमै छँदा पनि देवदत्तले उहाँसँग अनेक कुराहरूमा प्रतिस्पर्धा गरेका थिए भन्ने कुरा पनि महावस्तुले उल्लेख गरेको

Downloaded from http://dhamma.digital/

छ र त्यसै ग्रन्थ अनुसार धनुष-विद्या प्रदर्शन गर्ने बेलामा सिद्धार्थ कुमारको निमित्त ल्याइराखेको एक सेतो हात्तीलाई ईर्ष्याको कारणले देवदत्तले मारी नगर द्वारको ढोका बन्द हुने गरी राखि दिएको र सिद्धार्थ कुमारले त्यसलाई बाहिर फ्याँकि दिएको तथा अर्को एक समयमा सिद्धार्थ कुमारसँग हाँस मारेको कुरा माथि देवदत्तले झगडा पनि गरेका थिए भन्ने कुराहरू पनि उही नै उल्लेख भएको छ।"

सं. नि. अ. क. क्ष पृ. ६२ : सकलिकसुत्तवण्णनाले देवदत्तमा पाँच हात्ती बराबरको बल छ भन्ने कुरा उल्लेख गरेको छ।

चुल्लवग्गको पकासनीयकम्मं पृ. २९८ मा देवदत्तलाई 'महर्द्धिक गोधिपुत्र भन्ने उल्लेख भएको पाइन्छ।

Downloaded from http://dhamma.digital/

आफ्नो अन्तिम जन्मका कुरा बताउनु हुँदै भिक्षुणी भइसकेपछि थेरीअपदानपालिमा उहाँले स्वयं यसो भन्नु भएको छ- "पच्छिमे भवे सम्पत्ते, अजायिं साकिये कुले" अर्थात् अन्तिम जन्ममा म शाक्य कुलमा जन्मेकी थिएँ। (थेरी. अप.दा. पा. पृ. २६५) जसको अनुवाद तल "यशोधरा स्थविरापदान" शीर्षकको गा. नं. ६६-६७ मा भएको छ।

यशोधरादेवीको जन्म पनि सिद्धार्थ बोधिसत्व जन्मेकै दिनमै भएको थियो भन्ने कुरा सबै अर्थकथाहरूले समुल्लेख गरेका छन् अझ सिद्धार्थ जन्मिनु भएको दिनमा यशोधरा लगायत आनन्द स्थविर, छन्न सारथी, कण्ठक अश्व, चार निधिकुम्भहरू, महाबोधी र कालुदायी स्थविर पनि जन्मेका थिए भनी अर्थकथाहरूले समुल्लेख गरेका छन्[1]।

---

१. जा. अ. क. I-II. पृ. ६४ : अविदूरेनिदान; अप. दा. अ. क. पृ. ४९ : अविदूरेनिदानं; बु. वं. अ. क. पृ. १०६ : दिपङ्करबुद्धवंसवण्णना; उहीं पृ. २४८ : बुद्धवेमत्तवण्णना; उहीं पृ. २२८ : गोतमबुद्धवंसवण्णना; दी. नि. अ. क. II. पृ. ११२ : महापदानुसुत्तवण्णना; अं. नि. अ. क. I. पृ. १६७ : एककनिपातवण्णना; कालुदायी। थेर. गा. अ. क. I. पृ. ४९७-९८ मा चाहिं आनन्दको ठाउँमा आरोहनीयहस्ती भनी उल्लेख भएको छ। कालुदायी थेरगाथट्ठकथा।

तिब्बती दुल्वा अनुसार सिद्धार्थ बोधिसत्व जन्मिनु भएको दिनमा निम्न व्यक्तिहरू पनि जन्मेका थिए भन्ने कुरा समुल्लेख भएको छ भनी डा. विक्रमसिंहले B.B. पृ. १३ को पादटिप्पणीमा उल्लेख गरेका छन्।

"(१) श्रावस्तीमा ब्रम्हदत्तका छोरा प्रसेनजित, (२) राजगृहमा राजा महापद्मकी रानी बिम्वीद्वारा बिम्बिसार, (३) कौशम्बी राजका छोरा उदयन र (४) उज्जैनका राजा अनन्तनेमीका छोरा प्रद्योत।"

Downloaded from http://dhamma.digital/

# यशोधरा

## अभ्यास-१

(१) यशोधराको जन्म कहाँ भएको थियो ?

(२) उनकी मातापिताको नाउँ के-के हुन् ?

(३) राजकुमार सिद्धार्थ जन्मेको दिन अरु को-को जन्मेका थिए?

---

अभिनिष्क्रमण सूत्र (चाइनिज भाषामा अनुदित) अनुसार सिद्धार्थ बोधिसत्व जन्मिनु भएको दिनमा यिनीहरू पनि जन्मेका थिए भनी B. B. पृ. १३ मा यसरी उल्लेख भएको छ-

“५०० शाक्य पुत्रहरू जन्मे जसमध्ये सिद्धार्थ कुमार प्रमुख थिए, ५०० शाक्य कुमारीहरू जन्मे जसमध्ये यशोधरा देवी प्रमुख थिइन्, शुद्धोदनका रनवासीहरूबाट ५०० पुत्रहरू जन्मे जसमध्ये छन्न प्रमुख थिए, राजाका दासहरूबाट ५०० पुत्रहरू जन्मे जो पछि सिद्धार्थका सेवकहरू भए, सेता घोडीहरूबाट ५०० घोडाहरू जन्मे जसमध्ये कण्ठक प्रमुख थियो, ५०० सेता हात्तीहरू आई शहर घुमेर गए, ५०० सुन्दर बगैंचाहरू शहरका दुवैतिर देखा परे, ५०० व्यापारीहरू सुनका थालीहरूमा जुहारातहरू राखी आए, ५०० उत्तम छत्रहरू र ५०० सुनका थालीहरूमा अनेक खाद्य भोज्यहरू राखी विभिन्न राजकुमारहरूले पठाए, ५०० ब्राम्हणहरू तथा ५०० क्षत्री कुमारहरू आफ्नो स्त्रीहरूका साथ आई राजालाई बधाई दिए ।”

Downloaded from http://dhamma.digital/

# नामकरण

अंगुत्तर निकायको मूल सूत्र अनुसार यशोधरादेवीको मुख्य नाम “भद्दकच्चाना” हो भन्ने कुरा प्रष्ट हुन्छ[१] । अर्थकथाले चाहिं “भद्दकच्चाना” वा “भद्दकञ्चना” भन्नु पर्ने कारण दिंदै- भद्दकञ्चना (= भद्रकाञ्चना) जस्तै उहाँको शरीरवर्ण भएकोले “भद्दकञ्चना” भन्ने नाम रहेको हो र पछि “भद्दिकच्चाना” (= भद्रकात्यायना) भन्ने नाम रहन गएको हो[२] भनी उल्लेख गरेको छ ।

बुद्धवंस पालिमा पनि भद्दकञ्चना (= भद्रकाञ्चना) भन्ने नै उल्लेख भएको छ[३] ।

थेरीअपदानपालिमा उहाँले आफूलाई “यशोधरा अहं वीर !” अर्थात्- “म यशोधरा हुँ” भनी भन्नु भएको छ[४] ।

---

१. अं. नि-१ पृष्ठ २६ : एतदग्गवग्गो ।

२. “भद्दाकच्चानाति तस्सा नामं, मद्दकञ्चनस्स विय हि उत्तम सुवण्णस्स विय तस्सा सरीरवण्णो अहोसि । सा तस्मा भद्दकञ्चनाति नामं लभि । सा पच्छा कञ्चभनात्वेव संखंगता । राहुलमाता येतं अधिवचनं ।” अं. नि. अ. क. I. पृ. २०४ : एककनिपातवण्णना, भद्दकच्चाना ।

३. “भद्दकञ्चना नाम नारी, राहुलो नाम उत्रजो ।” बु. वं. पा. पृ. ३८० : गोतमबुद्धंवसो ।

४. थेरी. अप. दा. पा. पृ. २६० : यसोधराथेरीअपदानं, गा. नं १८; जसको अनुवाद तल “यशोधरा स्थविरापदान” शीर्षकमा भएको छ ।

Downloaded from http://dhamma.digital/

राहुलकुमार पाइसक्नु भएपछि उहाँलाई "राहुलमाता" कै नामले सरलरुपमा व्यवहार गरेका कुरा सुमङ्गलविलासिनीको "बिम्बादेवी पन राहुल कुमारे जाते राहुलमातातति पञ्ञायित्थ" भन्ने वाक्यद्वारा प्रष्टै बुझिन्छ[१]।

महाबग्गपालिको राहुलवस्थामा (पृ. ८६) "अथ खो राहुलमाता देवी राहुलं कुमारं एतदवोच..." भन्ने वाक्यद्वारा यशोधरादेवीलाई नै "राहुलमाता" भनीमूल सूत्रमा उल्लेख भएको कुरा यसैमा भएको छ।

अभिधानप्पदीपिकाले[२] यशोधराका नामहरू यसरी उल्लेख गरेको छ- १) भद्दकच्चाना, २) राहुलमाता, ३) बिम्बा तथा ४) यसोधरा। यी नामहरू कुन कुन अर्थकथाहरूमा अङ्कित भएका छन् भन्ने कुरा र यस बाहेक अरु पनि नामहरू यसरी बुझ्नुपर्छ-

(१) बिम्बादेवी भनी-जातक अर्थकथामा;[३]

(२) बिम्बा सुन्दरी भनी- जातक अर्थकथामा;[४]

---

१. सुमं. वि. II पृ. ११० महापदानसुत्तवण्णना

२. अभि. धा. प. पृ. ४९, गा. नं. ३३६।

३. जा. अ. क. I-II पृ. ६३९ अब्भन्तरजातकं, नं. २८१, उहीं पृ.६६३ सुपत्तजातकं, नं. २९२।

४. जा अ. क. VII. पृ. ४२० : महाउम्मग्गजातकं, नं. ५४६।

Downloaded from http://dhamma.digital/

(३) यशोधरा भनी- बुद्धवंश अर्थकथा[1] र अपदान अर्थकथामा;[2]
(४) राहुलमाता भनी-बुद्धवंश अर्थकथामा[3], जातका अर्थकथामा[4], समन्तपासादिकामा[5], थेरीगाथा अर्थकथामा[6], अपदानट्ठमा[7] तथा
(५) सुभद्रका भनी-बुद्धवंश अर्थकथामा[8] उल्लेख भएको पाइन्छ ।

## अभ्यास-२

(१) यशोधराका विभिन्न नामहरू के-के हुन् ?

(२) भद्दकञ्चना भनी किन भनिएको हो ?

(३) यशोधरालाई राहुलमाता भनी कुन कुन ग्रन्थमा उल्लेख गरिएको छ ?

---

१. बु. वं. अ. क. पृ. २४५ गोतमबुद्धवंसवण्णना ।

२. अप. दा. अ. क. पृ. २७३ : राहुलत्थेरीस्सअपदानट्ठकथा ।

३. बु. वं. अ. क. पृ. २७३ : गोतमबुद्धवंसवण्णना, उहीं पृ. २४८ बुद्धवेमत्तवण्णना ।

४. जा. अ. क. V. पृ. १४६ : चम्पेयजातकं, नं. ५०६ : VII. पृ. ५२७ : महावेस्सन्तरजातकं, नं. ५४७

५. सम. पा. III. पृ. १०५९ : महावग्गवण्णना, महाखन्धकं ।

६. थेरी. गा. अ. क. पृ. ६४ : सुन्दरीनन्दाथेरीगाथट्ठकथा ।

७. अप. दा. अ. क. पृ. ५६ : निदान ।

८. बु. वं. अ. क. पृ. २४४ : गोतमबुद्धवंसवण्णना । बौद्ध-संस्कृत साहित्यको ललितविस्तरमा भने (पृ. २८१) 'गोपा' भन्ने उल्लेख भएको पाइन्छ । ललितविस्तर शान्ति भिक्षु शास्त्री ।

Downloaded from http://dhamma.digital/

# विवाह मङ्गल

उपरोक्तकारले देवदह नगरमा (= निगममा) सुप्रबुद्ध शाक्यका कुलमा अमिताको कोखमा जन्मिनु भएकी यशोधरा देवीको बाल्य जीवन सम्बन्धी कुनै खास कुराहरू त्रिपिटक अर्थकथाहरूमा उपलब्ध नभएता पनि उहाँले पछि व्यक्त गर्नुभएका र उहाँको भरणपोषण यथोचित ढङ्गले भई उहाँ भद्रकाञ्चना जस्ती अर्थात् नम्बरी सुनको जस्तोवर्ण सुन्दरी भई क्रमैसँग सोह्रवर्षमा प्रवेश गर्नु भयो । जति रुपसम्पत्ति उहाँमा थियो उत्तिनै उहाँ गुणभूषिता तथा विद्याभूषिता पनि हुनुहुन्थ्यो भन्ने कुरा थेरी अपदानपालिमा दर्शाइएको छ । जुन कुरा तल 'यशोधरा स्थविरापदान' शीर्षकमा उहाँ आफैले बताउनु भएको छ । उहाँको सुन्दरताको बारेमा जनपदकल्याणी जस्ती सुन्दरी हुनु भएकी नन्दा कुमारीले पनि यस्तो भन्नु भएको छ– "यशोधरा देवी बाहेक सबै युवतीहरूमध्येमा मलाई सुन्दरी भन्दछन् ।" भन्ने वाक्य नै पर्याप्त छ । यस वाक्यद्वारा हामीलाई विश्वास हुन्छ कि यशोधरादेवी कति सुन्दरी हुनुहुन्छ ।

उता, कपिलवस्तुमा महानगरमा शुद्धोदन महाराजाका पुत्ररत्न सिद्धार्थ कुमारको पनि राजकीय ढङ्गले तथा स-स्नेहपूर्वक पालनपोषण भएको थियो । दुर्भाग्यवश उहाँकी आमा महामाया आफू जन्मेको सात दिनमा परलोक भएकी थिइन् । तर उहाँको भरणपोषण उहाँकी कान्छी आमा प्रजापति गौतमीले गर्नु भएको थियो । दिनको दुई तीन पटक सुगन्धित पानीमा नुहाउनु हुन्थ्यो । तेल लगाई दिनु हुन्थ्यो । खेलाउनु हुन्थ्यो, सुताउनु हुन्थ्यो तथा आफ्नै दूध पियाउनु हुन्थ्यो । केही ठूलो भए पछि दिनको दुइ तीन पटक खुवाउने, हातखुट्टा मिच्ने काम मात्र होइन डुलाउनु पनि हुन्थ्यो । आफ्नै हातले पनि बनाई दिनु हुन्थ्यो भन्ने कुरा पपञ्चसूदनी[1]

१. पृ. १९६-१९९ : दक्खिणाविभङ्गसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

बाट प्रष्ट हुन्छ । जब अक्षर सिकाउने बेला आयो तब राजाले पुत्ररत्न सिद्धार्थ कुमारलाई त्यस बखतका नामी तथा उच्चकुलीन उदिच्च ब्राम्हण कुलमा जन्मेका शब्द-शास्त्र, वैय्याकरण सहित वेदका छवटै अङ्गहरू[1] पारङ्गत भएका सर्वमित्र (= सब्बमित्त) ब्राम्हण पण्डित कहाँ लगी अध्ययन गराउनको निमित्त उनकै हातमा सुम्पिदिए[2] ।

---

१. "कल्प, ब्याकरण, निरुक्ति, शिक्षा, छन्दविचित्र तथा ज्योतिष" लाइ वेदको छ अङ्ग भन्दछन् भनी विमा. व. अ. क. पृ २१३ : चूलरथविमान र पेत. व. अ. क. पृ. ७३ : कण्हपेतवत्थुले उल्लेख गरेका छन् ।

२. मि. प. पृ. १८७ : मेण्डकपञ्हो; हिनन्दी, मि. प्र. पृ. २८८

सिद्धार्थ कुमारको अध्ययन सम्बन्धमा बौद्ध-संस्कृत साहित्य अनुसार डा. विक्रमसिंहले आफ्नो B.B. पृ. २४-२५ मा उल्लेख गरेका कुराहरूको सारांश यसप्रकार छ-

सिद्धार्थ कुमार आठ वर्ष पुग्दा शुद्धोदन महाराजाले एक अमात्यसँग सोधी उनको सिफारिस अनुसार विश्वामित्रको स्वीकृति लिई शुभ नक्षत्रको दिनमा एक उत्सव गरी ५०० शाक्य कुमारहरूका साथ सिद्धार्थलाई विश्वामित्र कहाँ विद्या अध्ययन गर्न पठाए । (सिद्धार्थ कुमार पाठशालामा गइरहेको दृश्य गन्धारको वास्तुकलामा अंकित भएको छ ।)

"सिद्धार्थ कुमारलाई देखि आफ्नो आसनबाट उठी विश्वामित्रले सिद्धार्थ कुमारको पाउमा साष्टाङ्ग प्रणाम गरे । त्यस बखत तुषित भवनबाट शद्धवर भन्ने एक देवपुत्र धेरै देवपुत्रहरूका साथ आई 'यी राजकुमारले सबै शास्त्र तथा सूत्रहरू जान्दछन्, यिनले अरुलाई सिकाउन सक्छन्' भन्दै कमार माथि सबै प्रकारका

Downloaded from http://dhamma.digital/

फूलहरू वर्षाइ फर्केर गए। अनि राजकुमारले श्रीखण्डको टेबलनिर बसी रत्नहरू जडित कलम लिई, बढिया मसिलिई-विश्वामित्रसँग सोध्नुभयो– 'आचार्य ! कुन लिपीहरू तपाई मलाई सिकाउन चाहनु हुन्छ, ब्राम्ही, खरोष्ठी अथवा पुष्करमान ?' यी कुरा सुनी आश्चर्य चकित भई विश्वामित्र भन्दछन्– 'यी राजकुमारले सबै शास्त्रहरू पढिसके, जो कि मलाई पनि थाहा छैन' भन्दै विश्वामित्रले एक हजार बालकहरूलाइ पढाए ।

"त्यस पछि सैनिक-शास्त्र अध्ययन गराउन राजाले एक अमात्यको सिफारीसद्वारा सुप्रबुद्धका छोरा क्षान्तदेवलाई लगाई सैनिक-शास्त्र सिकाउन थाले । (धनुष विद्या सिकाउने एक ठूलो शाला भएको कुरा लेखकको बु. प. भा-१ पृ. २९६ को पादटिप्पणीमा उल्लेख भएको छ ।) राजकुमार भन्नु हुन्छ कि म आफैले आफूलाइ सिकाउने छु। यो कुरा सुनी क्षान्तदेवले अरु ५०० किशोर राजकुमारहरूलाई सिकाउन थाले ।"

(यो शिल्प सिकाएको कुरा शान्तिभिक्षु शास्त्रीको ललितविस्तर पृ. २५०-५४ मा उल्लेख भएको छ ।)

सिद्धार्थ कुमार पाठशालामा बसी पढिरहेको दृष्य देखाउँदै गन्धारको वास्तुकलाले सिद्धार्थ कुमारले घुँडामा पाटी लिई लेखिरहेको दृश्य देखाएको छ भन्ने कुरा पनि B. B. पृ. २५ को पादटिप्पणीमा समुल्लेख भएको छ ।

हुएन सियाङ्ग (Hiun-Tsiang) वर्णनमा कपिलवस्तुको दक्षिणद्वार-निर रहेको एक विहारमा एक विद्यार्थीले पाठ पढिरहेको एक रुपकला देखेका कुरा पनि उहि पृ. २५ को पादटिप्पणीमै उल्लेख भएको छ।

Downloaded from http://dhamma.digital/

सिद्धार्थको बाल्य-जीवन- मनोरथपूरणी तिकनिपातवर्णना (पृ. ३७९) अनुसार सिद्धार्थ राजकुमार सात आठ वर्षमा पुगेपछि एक दिन शुद्धोदन महाराजाले एक अमात्यसँग "किशोर राजकुमारहरू के खेल्न मन पराउँछन् ?" भनी सोद्धा सो अमात्यले "महाराज ! पानीमा खेल्न मन पराउँछन्" भनी बिन्ति गरे। यो कुरा सुनी राजाले सिद्धार्थ कुमारको निमित्त एक पोखरी बनाई दिने बिचार गरी पोखरी खन्ने मानिसहरूलाई एकत्रित गराई पोखरी खन्ने ठाउँ देखाइदिए र अत्यन्त सुन्दर तथा दिव्यमय पोखरी बनाइदिए। रत्नमय डुंगाहरू पनि राखि दिए। त्यहाँ देखि सिद्धार्थ कुमार सो पोखरीमा क्रीडा गर्न थाले।

यसप्रकार अत्यत्न आनन्दपूर्वक क्रीडामय बाल-जीवन बिताउँदा बिताउँदै सोह्र वर्षको उमेरमा प्रवेश गर्नुभयो। एक दिन राजकुमारलाई बस्नको निमित्त निजी घरहरू बनाइदिने मनसुवा गरी राजाले सिकर्मी र डकर्मीहरू भेला गराई भद्र नक्षत्रको मुहूर्तमा जग खनाउने कार्य शुरू गराउनु भयो। हेमन्त, गृष्म तथा वर्षा गरी तीन ऋतुहरूमा बस्ने तीन प्रासादहरू बनाउन लगाउनु भयो। यी प्रासादहरू कस्ता थिए र कुन ढङ्गले राजकुमार बस्दथे भन्ने सम्बन्धमा अंगुत्तर अर्थकथाले[1] उल्लेख गरे बमोजिम यहाँ उल्लेख गरेको छु।

हेमन्त ऋतुको प्रासाद- हेमन्त (=जाडो महिना) ऋतुमा बस्ने प्रासाद नौतले (९) थियो[2]। हावापानी मिलाउनेका निमित्त घरका तलाहरू होचा होचा र भुइँहरू न्यानो पारिएका थिए। दैला र झ्यालहरू स्याना स्याना थिए। उष्णता प्रवेशको निमित्त झ्यालका खापाहरूमा मसीना जालीहरू लगाइएका थिए। भुइँमा

१. अं. नि. अ. क. I. पृ. ३७९-८० : सुखुमालसुत्तवण्णना।

२. पपं सू. III. पृ. १४८ : मागण्डियसुत्तवण्णनामा पाँचतले भनी उल्लेख भएको छ।

Downloaded from http://dhamma.digital/

ऊनका कार्पेट (= कम्बल) हरू, खाटमा ऊनीका बिछ्यौउनाहरू र बिछ्यौना माथि लगाउने नरम तन्नाहरू पनि ऊनीकै हुन्थे। अनि भीत र पर्दाहरू पनि बाक्ला थिए। ओढ्ने, लगाउने र फेटा बाँध्ने कपडाहरू पनि पस्मिना कै हुन्थे। सूर्य-किरण प्रवेशको लागि दिनमा झ्यालहरू उघारी साँझपख बन्द गरिन्थे। खानपानहरू स्निन्ध तथा पीरो स्वभावका हुन्थे। भित्ताहरूमा ज्वाला निस्केका, आगो बलेका आदि गरम प्रकृतिको प्रभाव पार्ने खालका चित्रहरू चित्रित थिए।

**गृष्म ऋतुको प्रासाद-** गृष्म (गर्मी महिना) ऋतुको प्रासाद पाँचतले (५) थियो[1]। शीतल पार्नको निमित्त अग्ला अग्ला भित्ता तथा लट्ठाहरू भएका अग्ला अग्ला तलाहरू थिए। तलाहरू खुला थिए। दैला र झ्यालहरू अग्ला तथा ठूला ठूला थिए। झ्यालका खापाहरूमा जालीहरू लगाइएका थिए तथा झ्यालहरू पनि धेरै थिए। शीतल स्वभावका तथा साधारण दरी आदि कपडाहरू भुइँमा बिच्छ्याइएका थिए। लगाउने र फेटा बाँध्ने कपडाहरू मसीना हल्का तथा पातला उत्तम रेशमका थिए। भीत र पर्दाहरू पनि पातला थिए। भित्तामा रङ्गी बिरङ्गी अनेक प्रकारका कमल फूलहरूका चित्रहरू थिए। खान-पानहरू मधुर स्वाद युक्त तथा शीतल प्रकृतिका हुन्थे। झ्याल मनी नौ नौ वटा कराही जत्राठूला ठूला पानी चलाउने यन्त्रहरू थिए। जुन यन्त्रहरू चलाउँदा वर्षा भए जस्तै हुन्थ्यो। अर्थात् ठाउँ ठाउँमा फोहराहरू थिए। प्रसाद भित्र ठाउँ ठाउँमा स्याना स्याना डुङ्गा जस्ता द्रोणीमा हिलो माटो र पानी राखी त्यसमा पद्म फूलहरू फुलाई राखेका हुन्थे। बोधिसत्वको खाट् वरिपरि आठशय (८००) घडाहरूमा सुगन्ध पानी राखी त्यसमा नीलोत्पलादि फूलहरू राखिएका थिए। ठूला ठूला कराहीहरूमा सुगन्धित हीलो राखी त्यसमा नीलोत्पल तथा पुण्डरीकादि रोपी हावापानी मिलाउनको निमित्त त्यस त्यस ठाउँहरूमा सजाइएका थिए। सूर्यको किरणद्वारा

---

१. पपं सू. III. प. १४८ मा नौतले (९) भनी उल्लेख भएको छ।

Downloaded from http://dhamma.digital/

फूलहरू फुल्थे र अनेक प्रकारका भ्रमरहरू प्रासादभित्र पसी फूलहरूका रस लिंदै उडिरहेका हुन्थे । सम्पूर्ण प्रासादमा मग मग बासना आउँदथ्यो ।

दुई भित्ताका बीच लोहमय पाइपहरू (लोहनालिं) जडान गरिएका थिए र प्रसाद माथि बनेका रत्नमय मण्डलको माथि आकाशमा स्याना स्याना प्वालहरू भएको छतले ढाकेको थियो। अर्कापट्टि सुकेका भैंसीका छालाहरू भीत राखे जस्तै गरी राखिएको थियो । जब बोधिसत्वको पानीमा खेल्ने इच्छा हुन्थ्यो तब उक्त भैंसीका छालामा ढुङ्गाका गोलाहरू गुडाइन्थ्यो र त्यसबाट मानो आकाश गर्जेको जस्तो आवाज निस्कन्थ्यो । यसै समयमा तलबाट पानीको यन्त्र चलाई प्रासाद माथि पानी चढाइन्थ्यो र जालीबाट मानो बर्षा भए झैं पानी वर्षा निस्कन्थ्यो । त्यसबखत बोधिसत्वले नीलावस्त्रहरू र नीला आभरणहरू लगाउनु हुन्थ्यो र ४० हजार नर्तकी स्त्रीहरू सबैले पनि नीलै वस्त्रहरू पहिरी नीलै आभरणहरू लगाई नीला लेपहरू (= पाउडर) लगाई महापुरुषलाई घेरी सबै प्रासाद माथि रत्नमय मण्डपमा जान्थे । अनि बोधिसत्वले दिनभरी जल क्रीडा गरी शरीर ठण्डा पारी ऋतु सुखको अनुभव गर्नु हुन्थ्यो ।

प्रासादका चारै दिशातिर चार तलाउहरू थिए । दिनको समयमा अनेक प्रकारका चराहरू पूर्वबाट पश्चिम र पश्चिमबाट पूर्व, उत्तरबाट दक्षिण र दक्षिणबाट उत्तरतिर लागी प्रासाद माथिबाट उडिरहेका रमाइलो दृश्य देखिन्थ्यो । यस्तप्रकार गृष्मऋतु भए तापनि वर्षाद् ऋतुसमान हुन्थ्यो । गृष्म ऋतुको प्रासादमा दिनभरी झ्यालहरू थुनिन्थे र रातमा उघारिन्थे ।

**वर्षाद ऋतुको प्रासाद-** वर्षाद् ऋतुको प्रासाद साततले (७) थियो । दुबै ऋतुमा मिल्ने गरी बनेका घरका तलाहरू न अति अग्ला न अति होचा थिए । प्रासादमा दैला तथा झ्यालहरू धेरै थिएनन्, ठीक प्रमाणमा थिए र झ्यालहरू

Downloaded from http://dhamma.digital/

केही बन्द र केही खुलै हुन्थे भित्ताहरूको केही ठाउँहरूमा अग्नि ज्वालाका चित्रहरू र केही ठाउँहरूमा तलाउहरूका चित्रहरू चित्रित गरिएका थिए। शीतोष्णता अनुकूल भुइँमा ऊनका कार्पेटहरूका साथ साधारण शीतल प्रकृतिका कपडाहरू (= दुकूल) पनि बिच्छ्याचाइएका थिए । केही दैला र झ्यालहरू दिनमा खुलै राखिन्थे र केही बन्द गरिन्थे तथा दिनमा केही बन्द रातमा केही उघारिन्थे[1] ।

तीनै प्रासादहरूको उचाइमा भने समानता थियो । तलाहरूमा भने भिन्नता थियो[2] । यिनीहरूका नाम **रम्म, सुरम्म** तथा **सुभक** भनी **बुद्धवंशपालिमा** समुल्लेख भएका छन् ।

**"रम्मो[3] सुरम्मा[3] सुभको तयो पासादमुत्तम[4] ।"**

---

१. दी. नि. अ. क. I. पृ. ३०६ : महापदानसुत्तवण्णनामा पनि यी तीन प्रासादहरूको वर्णन संक्षेप रुपमा दिइएको छ ।

२. अं. नि. अ. क. I. पृ. ३८० : सुखुमालसुत्तवण्णना; पपं. सू. III. पृ. १४७-४८ : मागण्डियसुत्तवण्णना; बु. वं. अ. क. पृ. २३० : गोतमबुद्धवंसवण्णना ।

यस पुस्तकमा प्रासादहरूको क्रम र ऋतुक्रम अङ्गुत्तर निकायको सुखुमाल सूत्र अनुसार उल्लेख गरेको छु। त्यसो हुनाले मज्झिमनिकायको मागण्डिय सूत्रानुसार र अरु सूत्रहरू अनुसार नमिले जस्तो लाग्न सक्छ। मागण्डियसूत्र अनुसार ऋतुक्रम-वर्षा, हेमन्त र गृष्म छ।

३. स्याममा: 'सुचन्दो, कोकनुदो र कोञ्चो; रोमनमा: रामो सुरामो सुभतो' ।

४. बु. नं. पा. पृ. ३८० : गौतमबुद्धवंसो, गा. नं. १४, अ. क. पृ. १४४-४५

Downloaded from http://dhamma.digital/

**धनुर्विद्याको प्रदर्शन-** एक दिन, राजाले सोचे कि- सिद्धार्थ कुमार अब सोह्रवर्ष पुगिसके । अब यिनलाई विवाह गरी राज्यमा राखी छत्र दिनुपऱ्यो । यति सोच्नु भई राजाले सबै शाक्यहरूलाई "राजन हो ! अब मेरो छोराको बैंश पुगिसक्यो । उनलाई छत्रदिई राज्यमा राख्न चाहन्छु । अतः तपाईहरूले आ-आफ्ना घरमा भएका बैंश पुगेका कन्याकुमारीहरूलाई मेरो घरमा पठाइदिनुहोस्" भनी पत्रहरू पठाए ।

उनीहरूले "राजकुमार केवल रुपसम्पन्न तथा दर्शनीय मात्र छन् । तर कुनै पनि शिल्प-विद्याहरू जान्दैनन्; कसरी उनले दार भरण गर्न सक्लान् र कसरी कुनै युद्ध आइपरेमा त्यसको मुकाबला गर्न सक्लान् । क्रीडामा मात्र ब्यस्त भई रहनेलाई हामीले कसरी कन्या देऔं[1]" भन्ने जवाफ पठाए ।

अनि राजाले यो कुरा पुत्र सिद्धार्थ कुमारलाई सुनाए । यो कुरा सुनी बोधिसत्वले पितासँग सोध्नु भयो-

"पिताज्यू ! त्यसो भए मैले के गर्नु पऱ्यो त ?"

"पुत्र ! एकहजार पुरुषहरूको बलले उचाल्नु पर्ने धनुष लिई धुनर्विद्या देखाउनु पऱ्यो[2] ।"

"हवस्, त्यसोभए आजको एकसातामा धनुर्विद्याको प्रदर्शन गर्नेछु सबै

---

१. जा. अ. क. I-II. पृ. ४९ : अविदूरेनिदान अप. दा. अ. क. पृ. ५३ : निदान ।

२. अं. नि. अ. क. I. पृ. ३८० : सुखुमालसुत्तवण्णना, तिकनिपात; बु. वं. अ. क. पृ. २३० : गोतमबुद्धवंसवण्णना ।

Downloaded from http://dhamma.digital/

ज्ञातिहरूलाई भेला हुन झ्याली पिटाइ दिनुहोस्[1] ।"

अनि राजाले त्यस्तै गरी घोषणा गर्न लगाए र त्यस परिषद्‌मा- (१) अक्खणवेधी (= क्षण नबित्दै प्रहार गर्न सक्ने) (२) वालवेधी (= घोडाको पुच्छरको रौंलाई प्रहार गर्न सक्ने) आदि धनुर्धारीहरू पनि उपस्थित भए[2] ।

धनुष ल्याउन लगाई आसनमै बसी **सिद्धार्थ कुमारले** खुट्टाको औंलाले नै परिन्जो समाती धनुषमा लगाउनु भई बाँया हातले धनुषको दण्ड समाती दायाँ हातले धनुषको परिन्जो ठटाउनु भयो । यसको आवाजले नगरमा मानिसहरू तर्सेर उफ्रिन थाले । "के को आवाज रहेछ यो ?" भनी सोध्दा "सिद्धार्थ कुमारले हजार पुरुषहरूका बलले उठाउनु पर्ने धनुषको परिन्जो उठाएको आवाज हो । आकाश गर्जेको होइन" भनी भने । यत्तिकैमा शाक्यराजाहरू प्रसन्न भए[3] ।

अनि सिद्धार्थ राजकुमारले "अब के गर्नु पऱ्यो त ?" भनी सोध्दा (१) "आठ अंगुल जति बाक्लो फलामको पाता (= अयोपट्टं) लाई वाण छिचल्नुपर्छ" भनी भने । उहाँले वाणद्वारा छिचली देखाइ दिनु भयो । "अब के गर्नुपऱ्यो त ?" भनी

---

१. जा. अ. क. I-II. पृ. ४९ : अविदूरेनिदान; निदान/ अप. दा. अ. क. पृ. ५३ : निदान ।

२. जा. अ. क. I-II. पृ. ४९; अप. दा. अ. क. पृ. ५३ : निदान । कतिप्रकारका धनुष विद्या हुन्छन् भन्ने बारेको कुरा लेखकको जा. सं. भा-४ को पृ. १७० देखि १७३ सम्म हेर्नु ।

३. अं. नि. अ. क. I. पृ. ३८०-८१ : सुखुमालसुत्तवण्णना, तिकनिपात; अप. दा. अ. क. पृ. ५३ : निदान ।

Downloaded from http://dhamma.digital/

सोध्दा (२) चार अंगुल बाक्लो विजय सालको काठलाई छिचल्नुपर्छ" भनी भने उहाँले त्यस्तै गरी देखाउनु भयो । "अब के गर्नु पर्‍यो त ?" भनी सोध्दा (३) "एकबित्ता जति बाक्लो डुम्रीको काठलाई छिचल्नु पर्छ" भनी भने। उहाँले त्यसै गरी देखाइ दिनुभयो। "अब के गर्नु पर्छ त ?" भनी सोध्दा (४) "शयवटा फल्याकहरूको चाँगलाई छिचल्नु पर्छ" भनी भने । उहाँले त्यसै गरी देखाइ दिनुभयो। "अब के गर्नु पर्छ त ?" भनी सोध्दा (५) भैंसीको सुकेको शयपत्र छालाको चाँगलाई छिचल्नु पर्छ" भनी भने । उहाँले त्यसै गरी देखाइ दिनुभयो। "फेरि के गर्नु पर्‍यो त ?" भनी सोध्दा (६) "बालुवाको गाडालाई छिचल्नु पर्छ" भनी भने । उहाँले त्यसै गरी देखाइ दिनुभयो । त्यस्तै गरी (७) परालको गाडा छिचलेर एक उसभ[1] सम्म जमीनमुनी वाण पुर्‍याइ दिनुभयो। (८) आठ उसभसम्म जमीनमुनि र (९) चार उसभसम्म पानीमुनि[2] पनि वाण पुर्‍याइ देखाइ दिनुभयो। परिषद्ले फेरि (१०) "भान्टा (=वातिङ्गण) को संज्ञाद्वारा घोडाको पुच्छरको रौंलाई हान्नु पर्छ" भनी भने पछि बोधिसत्वले "त्यसोभए आवाज सुनिने दूरीमा, एक गाउत प्रमाणको दूरीमा, आधा योजनाको दूरीमा, एकयोजनको दूरीमा घोडाको रौं बाँध्न लगाई त्यसमा भान्टा झुण्डचाई" ती जम्मैलाई वाणले छिन्न पारिदिनुभयो र वाण जमीनमा गएर धसियो[3]।

---

१. २० यष्ठीलाई १ उसभ भनिन्छ र ७ हातलाई १ यष्ठी भनिन्छ। अभि. धा. प. पृ. ३० : गाथा १९६।

२. जा. अ. क. VI. पृ. २० : सरभङ्गजातकं नं. ५२२

३. अं. नि. अ. क. I. पृ. ३८१ : सुखुमालसुत्तवण्णना; बु. वं. अं. क. पृ. २३१ : गोतमबुद्धवंसवण्णना।

यो धनुर्विद्या प्रदर्शन गरेको ठाउँमा एक धराहरा र करीब ३० ली जति टाढा दक्षिण-पूर्वतिर वाण धसिन गएको ठाउँबाट पानीको मूल फुटेको ठाउँमा एक कुवा

Downloaded from http://dhamma.digital/

यति मात्र होइन, चारैतिरबाट हानेका तीरलाई बीचमा बस्नेले रोक्न सक्ने "**सरपटिवाहन**" भन्ने चारकुनामा चारवटा केराका बोटहरू राखी तिनीहरूलाई एउटै वाणले छेडन सक्ने "**चक्कविध**" (= चक्रविद्ध) भन्ने; "**सरलट्ठि**" (= सर यष्ठि) भन्ने तथा "**सररज्जु**" (= तीरको डोरी) भन्ने आदि बाह्र प्रकारका अरु पनि धनुर्विद्याका चमत्कारहरू[1] सहित त्यस दिनभरी उहाँले संसारमा भएका धुनर्विद्या सम्बन्धी सबै प्रकारका विद्याहरू र अनेकौं असाधारण धनुर्विद्याको चमत्कारहरू देखाइ दिनुभयो ।

चमत्कारपूर्ण धनुर्विद्या देखेर उपस्थित भएका अनेकौं हजार शाक्य राजाहरू **सिद्धार्थ कुमार** प्रति निःशंकी मात्र भएका होइनन् उनीहरूलाई अलंकृत पारी उपहार स्वरुप **सिद्धार्थ कुमारलाई** चढाइ दिए । यी कन्याहरूका संख्या ४० सौं हजार पुगेको थियो भन्ने अर्थकथाहरूले[2] उल्लेख गरेका छन् । सुप्रबुद्ध शाक्यकी छोरी भद्रकाञ्चना

---

थियो भनी **फाहियानले** उल्लेख गरेका छन् भन्ने र **हुयेन्-सियाङले** धनुर्विद्या प्रदर्शन गरेको ठाउँ किटान गर्दै कपिलवस्तुको दक्षिण ढोकानिर सडकको बाँयातिर भन्ने र करीब ३० लो जति पर दक्षिण पूर्वपट्टि वाण धसिएको ठाउँबाट पानीको मुहान निस्केको ठाउँलाई 'सरकूप' भन्दछन् तथा त्यहाँका मानिसहरूले 'सरकुइयाँ' भन्दछन् भन्ने कुरा समेत B. B. पृ. २९ को पादटिप्पणीमा समुल्लेख भएको छ ।

१. जा. अ. क. VI. पृ. २० : सरभङ्गजातकं, नं. ५२२ यसको अनुवाद लेखकको जा. सं. भा-४ पृ. १६२ मा भएको छ ।

२. जा. अ. क. I-II. पृ. ४९; अप. दा. अ. क. पृ. ५३; अं. नि. अ. क. पृ. ३८१; बु. वं. अ. क. I. पृ २३१

३. बु. वं. अ. क. पृ. २३१ : गोतमबुद्धवंसवण्णना ।

Downloaded from http://dhamma.digital/

(= यशोधरा) देवी ४० हजार नारीहरूमध्ये सिद्धार्थ कुमारको अग्रमहिषीत्वमा[३] प्रतिष्ठित हुनुभयो[१] । बुद्धवंशपालिमा यसै कुरालाई उल्लेख गर्नु हुँदै गौतम बुद्धले स्वयं यस्तो

---

१. **सिद्धार्थ कुमारको** विवाह सम्बन्धमा बौद्ध-संस्कृत साहित्यरुमा निम्न कुराहरू उल्लेख भएका छन् भनी B. B. पृ. २८-२९ मा उल्लेख भएका कुराहरू जानकारीको निमित्त यहाँ उद्धृत गरिदिएको छ ।

"एक दिन, **शुद्धोदन राजालाई** केही राजपुरुषहरू र केही स्त्रीहरूले **सिद्धार्थ कुमारलाई** चाँडै विवाह गरी स्त्रीहरूका बीच भुलाई राख्नु पर्छ अनिमात्र शाक्यवंशको अन्त हुने छैन नत्र उनी गृहत्याग गरी जानेछन्" भनी भने ।

"यो कुरा सुनी शुद्धोदन राजाले भने- "त्यसो भए कस्तो राजकुमारी सिद्धार्थको निमित्त सुयोग्य हुने छिन् त ?" भनी सोधनी गर्दा प्रत्येक ५०० शाक्यहरूले 'मेरी छोरी सुन्दरी छन्, मेरी छोरी राजकुमारलाई सुयोग्य छिन्' भनी बिन्ति गरे ।

'यसको उत्तरमा राजाले 'राजकुमारसँग नसोधिकन कुनै निर्णय लिन सकिन्न' भनी राजकुमारसँग सोद्धा राजकुमारले सातौं दिनमा यसरी जवाफ दिए-

'ती राजकुमारी समानकुलका तथा असाधारण गुण भएकी, ईर्ष्या रहिता, सत्यवती, अप्रमादिनी तथा कवियित्री र लेखिका हुनुपर्छ । यौवन सम्पन्ना भई सुन्दरी भएर पनि यौवन तथा सुन्दरता माथि अभिमान नगर्ने हुनुपर्छ । जीवित आमा बाबुहरू भएकी तथा दानी र दानकार्यमा अघिसर्ने स्वभावकी हुनुपर्छ । कुकीर्ति न भएको, निर्दोषिनी, खराब स्वभाव न भएकी, अरु पुरुषहरू प्रति पापचित्त नराख्ने, स्वप्नमा पनि परपुरुषप्रति आशा नराख्ने भई स्व-पतिसँग

Downloaded from http://dhamma.digital/

सन्तोष लिई बस्न सक्ने हुनुपर्छ । कहिल्यै पनि अहंकार अभिमान नगर्ने, निरर्थक कुराहरू नगर्ने, मद्यपान नगर्ने, आशालु भई पञ्चविषय सेवन नगर्ने, आफूमा भएका वस्तुहरू माथि सन्तोष हुने तथा कसैसँग नमाग्ने हुनुपर्छ । धार्मिक प्रवृत्तिकी, काय वाक् चित्त शुद्ध भएकी, नृत्यगीतादि हेर्न नजाने, धार्मिक कर्तव्य पालन गर्न सक्ने, सासुससुराहरू प्रति दयालु र प्रियवादिनी भई आफ्ना मित्रहरू प्रति आदर-सम्मान राख्न सक्ने हुनुपर्छ । शास्त्रहरूमा पारङ्गता, सामाजिक स्त्रीको हैसियतले दक्ष, आफ्नो पतिभन्दा पछि सुत्ने र अघि उठ्ने तथा धोका नदिने आमा जस्ती हुनुपर्छ ।'

'उपर्युक्त गुणहरूले युक्त कन्या खोज्न पठाउँदा राजाका दूतले सुप्रबुद्ध शाक्यका घरमा त्यस्तै कन्या पाए र राजालाई बिन्ति गरे । अनि राजाले, सिद्धार्थ कुमारले कस्ती कुमारीलाई रुचाउँछन्' भन्ने राय बुझ्न कुमारीहरू मात्रै भेला गरी एक उत्सव गरे । जसमा राजकुमारले पनि राजदूतले भनेकी कुमारीलाई रुचाए । त्यसपछि राजाले सुप्रबुद्ध शाक्यसँग उनकी छोरी सिद्धार्थ राजकुमारको निमित्त माग्न पठाए ।

"सुप्रबुद्धले यस्तो जवाफ दिए"-

'राजकुमार केवल क्रीडामा रत भई प्रासादमा बसेका छन् । हाम्रा परम्परानुसार कलाकौशलता नहुनेलाई छोरी दिन सक्दैनौं । राजकुमारमा यी गुणहरू छैनन्, न उनी धनुर्विद्या नै जान्दछन्; न त उनी हात्ती चढ्न नै जान्दछन् । मेरी छोरी त्यस्ता गुणहरूले विभूषित कुमारलाई दिनेछु जसमा यी गुणहरू हुनेछन्' (यस प्रकारको कुरा शान्तिभिक्षु शास्त्रीको ललितविस्तर पृ. २८२ : मा पनि उल्लेख भएको पाइन्छ ।)

Downloaded from http://dhamma.digital/

भन्नु भएको छ-

"चत्तारीसहस्सानि, नारियो समलङ्कता ।
भद्दकञ्चना[1] नाम नारी, राहुलो नाम अत्रजो[2] ॥"

अर्थात्- चालीसहजार नारीहरूले समलंकृत भएकी **भद्दकाञ्चना** भन्ने

---

"त्यसपछि राजाले राजकुमारलाई भनी धनुर्विद्या देखाउने आयोजना गरेका हुन् ।"

ललितविस्तर अनुसार सिद्धार्थ राजकुमारका तीन पत्नीहरू छन् । जो दण्डपाणीकी छोरी यशोधरा देवी अनि मृगजा र उत्पलवर्णा हुन् भनी B. B. पृ. ३० को पादटिप्पणीमा उल्लेख भएको छ ।

चीनिया श्रोत अनुसार **सिद्धार्थ कुमारका** तीन पत्नीहरू- **यशोधरा**, **गौतमी** र **मृजगा** हुन् भन्ने र तिब्बती श्रोत अनुसार **सिद्धार्थका** तीन पत्नीहरू- **यशोधरा**, **गौपा** तथा **उत्पलवर्णा** हुन् भन्ने कुरा उल्लेख भएको छ भनी B. B. पृ. ३० को पादटिप्पणीमा उल्लेख भएको छ ।

**अभिंनिष्क्रमण सूत्रले-** "यशोधरादेवी २० हजार दासीहरूका बीच पहिलो प्रासादकी महारानी, मनोधरा देवी दोश्रो प्रासादकीमहारानी तथा गौतमी तेश्रो प्रासादकी महारानी हुन् भनी उल्लेख गरेको छ" भनी उहीं पृ. ३० का पादटिप्पणीमै उल्लेख भएको छ ।

१. **सिंहलमा** : 'भद्दकच्चाना', स्याममा: 'यशोधरा', रोमनमा: 'भद्दकच्चा' ।
२. बु. वं. पा. पृ. ३८० : गौतमबुद्धवंसो, गा. नं. १५, अ. क. पृ. २४४-४५

Downloaded from http://dhamma.digital/

## अभ्यास-३

(१) नन्द कुमारीले यशोधराको सौन्दर्यता बारे के भावना व्यक्त गरेकी छिन् ?

(२) सिद्धार्थ कुमारको बाल्यकाल कसरी अगाडि बढेको थियो ? लेख्नुहोस् ।

(३) हेमन्त ऋतुको प्रासाद बारे चर्चा गर्नुहोस् ।

(४) गृष्म ऋतुको प्रासाद बारे चर्चा गर्नुहोस् ।

(५) वर्षा ऋतुको प्रासाद बारे चर्चा गर्नुहोस् ।

(६) प्रासादलाई अर्को शब्दमा के भनिन्छ ?

(७) सिद्धार्थले धनुर्विद्या प्रदर्शन गर्नाको कारण स्पष्टसँग उल्लेख गर्नुहोस् ।

(८) सिद्धार्थले धनुषको परिन्जो ठटाइसकेपछि अरु के के गरे ? क्रमश लेख्नुहोस् ।

(९) उपस्थित राजाहरूले राजकुमारलाई राजकुमारी सुपुत्रीहरू उपहार स्वरुप दिन किन तम्तयार भए ? कारण खुलाई लेख्नुहोस् ।

(१०) सिद्धार्थ कुमारकी अग्रमहिषीत्वमा यशोधरा कसरी प्रतिष्ठित हुन पुगिन् ? लेख्नुहोस् ।

Downloaded from http://dhamma.digital/

नारी र **राहुल** भन्ने मेरा पुत्र थिए ।

## दाम्पत्य-जीवन

उपरोक्तकारले सिद्धार्थ राजकुमारकी अग्रमहिषी भई **यशोधरादेवी** ऋतु अनुसार **रम्म सुरम्म** तथा **सुभक** भन्ने तीन प्रासादहरूमा बसी अत्यन्त आनन्दपूर्वक सिद्धार्थ कुमारसँग जीवन बिताउनु थाल्नु भयो । आफ्ना पहिलेका गृही-जीवनका कुराहरू संस्मरण गर्नु हुँदै तथा सिद्धार्थ राजकुमारसँग कुन ढङ्गले जीवन बिताएका थिएँ भन्ने कुरा भिक्षुणी भइसक्नुभएपछि उहाँले तथागतको अगाडि प्रकाश गरी स्वयं **थेरी अपदानपालिमा** यसरी उल्लेख गर्नुभएको छ-

"हे वीर ! म **यशोधरा** हुँ, शाक्यकुलमा जन्मेकी तथा स्त्रीअङ्गहरूले सुसम्पन्ना भई प्रतिष्ठित भएकी म तपाईकी प्रजापति थिएँ । तपाईका घरमा भएका एक लाख छयान्नबे[1] (१,००,०९६) नवयुवती स्त्रीहरूको प्रमुख भई मैले सबै ऐश्वर्यपनि पाएँ । परम यौवन सम्पन्ना मात्र नभई आचरण गुणहरूले पनि म सुसम्पन्ना थिएँ । त्यसैले मलाई देव सहित मनुष्यहरूले पनि सम्मान गर्दथे । सधैं म तपाईसँगै सुखमा सुखी र दुःखमा दुःखी भएर बसे तापनि कहिल्यै पनि दुःखको कारणले चित्त खिन्न नगरी सधैं नै तपाईसँगै सुखदुःखमा सहभागिनी भई नन्दनवनमा झैं आनन्दपूर्वक बास गरें । पञ्चकामविषयहरूबाट निर्लिप्त भई, रुप सम्पत्तिमा

---

१. ४० हजार स्त्रीहरू भन्ने जुन कुरा मूल सूत्रहरू तथा अर्थकथाहरूमा उल्लेख भएका छन् ती कुरा एक प्रासादको सबभन्दा बढी संख्यालाई ध्यानमा राखी उल्लेख गरेको हुनुपर्छ। यहाँ यशोधरा स्थविराले तीन प्रासादहरूमा बस्ने सम्पूर्ण नारीहरूको संख्याको रुपमा बताउनु हुँदै एकलाख छयान्नब्बे भनी भन्नु भएको हुनुपर्छ। (अप. दा. पा. पृ. २६१)

२. थेरी अप. दा. पा. पृ. २६१ : यशोधरा थेरी अपदानं, गा. नं. १८-२२

Downloaded from http://dhamma.digital/

तपाई एक रुपाभिमान गरिन[२]। यति मात्र होइन रुपवती भए जस्तै भोगवती यशवती तथा शीलवती पनि थिएँ। लाभसत्कारहरू र यशकीर्तिको कुनै पनि कमी थिएन। त्यसैले म कुनै पनि चिन्ता नलिई तपाईसँग घरमा बसें[१]।

यसरी आफ्नो परम पतिव्रताधर्म पालन गरी सासु ससुराहरू प्रति पनि गर्नुपर्ने कर्तव्य पालन गर्नु भएको मात्र होइन दास-दासी नोकर-नोकरानी तथा कर्मचारीप्रति समेत अप्रमादिनी भई, प्रियवादिनी भई, प्रियवादिनी तथा दयालु भई, कसैको चित्त नदुखाई, इष्ट-मित्र सबै प्रति माया-दया राखी, सबैबाट सम्मान प्राप्त गरी तथा 'हाई हाई' भनाउँदै उहाँले आफ्नो सुकुमार महिषी-जीवन बिताउनु भयो।

बोधिसत्व पनि सुशीला, विनीता तथा परम पतिभक्तिनी यशोधरासँग कुनै पनि पुरुष विना (निप्पुरिसेहि[२]) चालीसौं हजार स्त्रीहरूका बीच नृत्यगीतादि र तूर्यनादका बीच ऐश्वर्य सुखभोग अनुभव गर्दै, दिव्यमय-जीवन बिताउँदै ऋतु क्रमनुसार हेमन्तादि प्रासादहरूमा[३] बसी, अत्यन्त सुकुमार जीवन बिताउन थाल्नुभयो। साँच्चै भन्नेहो भने उहाँले कुनै पनि पुरुषको मुखसम्म पनि देख्नु हुन्नथ्यो। सबै कामकाज स्त्रीहरूले नै गर्दथे। यहाँसम्म कि नुहाइदिनेहरू पनि

---

१. थेरी. अप. दा. पा. पृ. २६५, गा. नं. ६८-६९

२. म. नि. II. पृ २०१ : मागण्डियसुत्तं अ. क. III. पृ. १४८

३. सिद्धार्थ कुमारझैं ऐश-आराम गरी तीन ऋतुका ती प्रासादहरूमा बस्ने पुरुषहरूमध्ये भद्रीय नगरको भद्रीय सेठका छोरा भद्रजी कुमार पनि हुन्। जा. अ. क. I-II पृ. ५९९ : महापनादजातकं नं. २६४; यस्तै गरी तीन ऋतुका तीन प्रासादहरूमा बस्ने अर्को पुरुष कपिलवस्तुकै

Downloaded from http://dhamma.digital/

स्त्रीहरू नै थिए र पालोपहरा दिने तथा ढोकामा पालो बस्ने समेत स्त्रीहरू नै थिए। पुरुष देखेर राजकुमारको मनमा कुनै प्रकारको आशङ्का हुन नजाओस् भन्ने हेतुले शुद्धोदन महाराजाले त्यसो गराउनु भएको हो भनी मनोरथपूरणीले उल्लेख गरेको छ[1]। कुनै ऋतुमा त उहाँ प्रासादबाट तलसम्म पनि ओर्लिनु हुन्नथ्यो। जुन कुरा बुद्धले मागण्डिय परिव्राजकलाई स्वयं भन्नु भएको छ[2]।

काशीको चन्दन बाहेक अरु देशको चन्दन नै लगाउनु हुन्नथ्यो। त्यसरी नै काशीको धोती (=निवासनं), काशीकै फेटा (= वेठनं), काशीकै भोटो (= कञ्चुका), काशीकै ओढ्ने पछ्यौरा (= उत्तरासङ्गो) मात्र लगाउनु हुन्थ्यो। जस्तै अरु अरु कहाँ बस्ने दास दासी कर्मचारीहरूलाई अमिलो मिसिएको खोले र कनिकाको भात दिइन्थ्यो। त्यसरी उहाँको राजदरवारमा दिइन्नथ्यो। उहाँको

---

महानाम शाक्यका भाई अनुरुद्ध शाक्य पनि हुन्। चुल्ल. व पा. पृ. २७९ : सङ्घभेदक्खन्धकं। हेर लेखकको बु. गृ. भा- १ पृ. २१७; यस्तै गरी तीन ऋतुका तीन प्रासादहरूमा बस्ने अर्को पुरुष वाराणसी सेठका छोरा यशपुत्र पनि हुन्। महा. व. पा. पृ. १८ : पब्बज्जाकथा, महाखन्धकं। सुप्रबुद्ध शाक्यको पनि सात तले घर भएको कुरा धम्म. प. अ. क. पृ. ४५५ : पापवग्गबाट थाहा हुन्छ।

१. अं. नि. अ. क. पृ. ३८१ : सुखुमालसुत्तवण्णना, पपं. सू. III. पृ. १४८ : मागण्डियसुत्तवण्णना।

२. "सो खो अहं, मागण्डिय, वस्सिके पासादे वस्सिके चत्तारो मासे निप्पुरिसेहि तुरियेहि परिचरियमानो न हेट्ठापासादं ओरोहामि।' म. नि. II. पृ. २०१ : मागण्डियसुत्तं, अ. क. III. पृ. १४७

Downloaded from http://dhamma.digital/

राजदरबारमा सबैलाई मासु सहित मार्सीचामलको भात दिइन्थ्यो। जुन कुरा बुद्धले पछि भिक्षुहरूलाई स्वयं सुनाउनु भएको थियो[1]।

यी कुराहरूबाट उहाँ कस्तो ऐश-आराममा बस्नुहुँदो रहेछ भन्ने मात्र नभई दास-दासी तथा अन्य कामदारहरूप्रति उहाँ कस्तो व्यवहार गर्नु हुँदो रहेछ भन्ने कुराको समेत हामीहरूले सजिलैसँग अनुमान लगाउन सक्छौं।

## पुत्रलाभ

उपरोक्ताकारले सुखमय दाम्पत्य जीवन बिताउनु हुँदै यशोधरादेवीले १२ वर्षसम्म कुनै सन्तान पाउन सक्नु भएन। २८ वर्षको आखिरीतिर मात्र उहाँको गर्भाधान भएको कुरा बुझिन्छ।

यसरी गर्भाधान भइरहेको समयभित्र एकदिन, सिद्धार्थ बोधिसत्व उद्यान भूमि हेर्ने इच्छा गरी चौघोडे बग्गीमा बसी छन्न सारथीका साथ उद्यानतिर लाग्नु हुँदा बीचबाटामा उहाँले अघि कहिल्यै नदेखेको जस्तो अत्याधिक कुप्रो परेको एक बूढो पुरुष देख्नुभयो र यो रुप देखेर उहाँको मनमा विरक्त भाव उत्पन्न भयो।

---

१. "…. न खो पनस्याहं, भिक्खवे, आकासिकं चन्दनं धारेमि। कासिकं, भिक्खवे, सु मे तं वेठनं होति, कासिका कञ्चुका, कासिकं निवासनं, कासिको उत्तरासङ्गो। …. यथा खो पन, भिक्खवे अञ्ञेसं निवेसने दासकम्मकारपो रिसस्स कणाजक भोजनं दीयति विलङ्गदुतियं, एवमेवस्सु मे, भिक्खवे, पितु निबेसने दासकम्मकार पोरिसस्स सालिमंसोदनी दीयति।" अं. नि-३. पृ. १३४ : सुखुमालसुत्तं, (त्यो सुखुमालसुत्तंमा भगवान स्वयंले आफ्नो जीवनीको कुरा बताउनु भएको छ। अ. क. I. पृ. ३८१।

Downloaded from http://dhamma.digital/

यसै कारणले गर्दा उहाँ उद्यानमा नगई राजदरबारमै फर्केर जानु भयो । बुद्धवंसअट्ठकथानुसार पुनः चार महिना[१] पछि अघि जस्तै उद्यानमा जाने इच्छा भई रथमा बसी छन्न सारथीसँगै निस्कँदा, बीच बाटामा एक व्याधिग्रस्त पुरुषमाथि आँखा पर्न गएको कारणबाट पुनः विरक्त भई उद्यान जानुको सट्टा दरबारमै फर्केर जानुभयो । फेरि अर्को चार महिना जति पछि एक दिन, त्यस्तै इच्छा भई सारथीसँगै चौघोडे रथमा बसी बाहिर निस्कनुभयो । यसपटक उहाँले बाटामा एक मृतशरीर लिई मानिसहरू अलाप-विलाप गर्दै आइरहेको दृश्य देखी छन्नसँग सोधिएको प्रश्नको उत्तर सुनी "यस्तो बृद्ध हुने, व्याधि हुने तथा मृत्यु हुने शरीर लिई के को उद्यान क्रीडा !" भन्दै अत्यन्त संवेगचित्त लिई दरबारमै फर्केर जानुभयो ।

"उद्यानमा जान्छु" भनी बाहिर निस्कनु भएका राजकुमार "उद्यानमा नगइकनै बीचबाटैबाट फर्केर आए" भन्ने खबर सुनी शुद्धोदन महाराजा अत्यन्त चिन्तित भई आत्तिदै प्रासादमा नृत्यगीतादिद्वारा मन बहलाउने विषयहरूलाई उत्तेजित गराउन लगाई "यस्तै दृश्यहरू देखेर कतै सिद्धार्थ कुमार घर छाडी प्रव्रजित भएर नजाउन्" भन्ने हेतुले क्रमशः आधा योजन, तीन गाउत तथा एक योजनसम्मको इलाकामा खुब कडी कडाउसाथ पालो पहरा राख्न लगाए[२] ।

---

१. बु. वं. अ. क. पृ. २३२ : गोतमबुद्धवंसवण्णना ।

२. जा. अ. क. I-II. पृ. ४९-५० : अविदूरेनिदान; अप. दा. अ. क. पृ. ५३ : निदानकथा; बु. वं. अ. क. पृ. २२३ : गोतमबुद्धवंसवण्णना ।

उपरोक्त दृश्य देखेका सम्बन्धमा बुद्धवंसअट्ठकथाले झैं जातकट्ठकथा र अपदानट्ठकथाहरूले भने महीना वा समय किटेर उल्लेख गरेका छैनन् । केवल 'एक समय' भन्ने मात्र उल्लेख गरेका छन् ।

Downloaded from http://dhamma.digital/

सुमङ्गलविलासिनी पृ. १४८ : महापदानसुत्तवण्णनाले यी दृश्य र भिक्षुको दृश्य समेत एकैदिनमा देखेका हुन् भन्ने कुरा समुल्लेख गरेको छ। "अम्हाकं पन बोधिसत्व चत्तारि पि एकदिवसं येव दिस्वा महाभिनिक्खमणं निक्खमित्वा...." आदि। सुमङ्गलविलासिनी बाहेक अरु उपरोक्त अर्थकथाहरूले यी दृश्यहरू देवताको प्रभावले देखाइएका हुन् भन्ने कुरा पनि उल्लेख गरेका छन्। त्यस्तैगरी अत्थसालिनी पृ. २९-३० : निदानकथावण्णनामा र धम्मपट्ठकथा पृ. ५१ : अग्गसावकवत्थु यमकवग्गमा पनि उल्लेख भएका छन्।

यी दृश्यहरू देख्नु भएको सम्बन्धमा गोतमबुद्धवंसपालिमा स्वयं बुद्धले यसरी बताउनु भएको छ-

"निमित्ते चतुरो दिस्वा, अस्सयानेन निक्खमिं" बु. वं. पा. पृ. ३८०, गा. नं. १६

बोधिसत्वले चार दृश्यहरू देख्नुभन्दा अगाडि शुद्धोदन महाराजाले सात स्वप्नहरू देखेका थिए भन्ने कुरा अभिनिष्क्रमण सूत्रले उल्लेख गरेको छ भनी **B. B.** पृ. ३३-३४ मा उल्लेख भएका कुराहरू जानकारीको निमित्त यहाँ संक्षेपमा उल्लेख गरेको छु-

(१) अनेक जनसमूह भेला भई इन्द्रको जस्तो झण्डा लिई कपिलवस्तु नगर परिक्रमा गरी पूर्व ढोकाबाट बाहिर निस्के।

(२) सिद्धार्थ कुमार हात्तीले तानेको रथमा बसी पश्चिम ढोकाबाट बाहिर गए।

Downloaded from http://dhamma.digital/

(३) सिद्धार्थ कुमार चारघोडे बग्गीमा बसी पश्चिम ढोकाबाट बाहिर गए ।

(४) अनेक रत्नहरू जडित एक चक्का आकाशबाट उडेर आई उत्तर ढोकाबाट बाहिर गयो ।

(५) कपिलवस्तुको चार दोबाटोमा बसी सिद्धार्थ कुमारले ठूलो नगरा बजाए ।

(६) कपिलवस्तुको धरहरामाथि बसी चारै दिशातिर अनगिन्ती जुहारातहरू छरे ।

(७) कपिलवस्तुको बाहिर छ जना मानिसहरू आई ठूलो स्वरले चिच्याई आफ्नै हातले आफ्ना शीरका केशहरू लुछे ।

यी स्वप्नहरूका अर्थ कुनै पनि ब्राम्हणहरूले बताउनु नसकेपछि एक देवता (शो-पिङ) ब्राम्हण भेषमा आई राजालाई यी स्वप्नहरूका अर्थ निम्न प्रकारले बताइदिए-

(१) पहिलो स्वप्नको अर्थ- सिद्धार्थ कुमारले चाँडै नै घर त्याग्ने छन् ।

(२) दोश्रोको अर्थ- घरछाडी गइसकेपछि चाँडै नै बुद्धत्व लाभ गर्ने छन् ।

(३) तेश्रोको अर्थ- बुद्धत्व लाभ गरिसकेपछि चतुर्वैशारद्यतामा प्रतिष्ठित हुनेछन् ।

Downloaded from http://dhamma.digital/

(४) चौथोको अर्थ- धर्मचक्रप्रवर्तन गर्नेछन् ।

(५) पाँचौको अर्थ- बुद्ध भएर धर्मचक्रप्रवर्तन गरी ब्रम्हलोकसम्म पनि धर्मको आवाज पुग्ने छ ।

(६) छैटौंको अर्थ- धर्मचक्रप्रर्वतन पछि देवसहित मनुष्यहरूको कल्याणार्थ धर्मप्रचार गर्नेछन् ।

(७) सातौंका अर्थ- बुद्धको प्रादुर्भावले गर्दा छ तीर्थियहरू चिन्तित हुनेछन् ।

सिद्धार्थ कुमार घरबाट निस्केर जालान् भनी शुद्धोदन राजाले वसित वंशका महानामका छोरा उदायीको सहायता मागी उदायीलाई राजकुमारको प्रासादमा पठाई त्यहाँका नारीहरूलाई सकभर कोशिस गरी राजकुमारको चित्तलाई भुलाई राख्ने प्रयत्न गर्ने कुरा सुनाए । महाप्रजापति गौतमीले पनि स्त्रीहरूलाई त्यस्तै अह्राइन् ।

महावस्तुले भने अनेकौं विस्तृत कुराहरू उल्लेख गरेको छ ।

सिद्धार्थ कुमारले ब्याधीको दृश्य देख्नु भएको ठाउँमा एक स्मारक देखेको कुरो फाहियान्ले उल्लेख गरेका छन् ।

कपिलवस्तुका चारै ढोकाहरूमा बाहिर बनाइ राखेका विहारहरूमध्ये एकमा बृद्ध, एकमा ब्याधी, एकमा मृत्यु र एकमा भिक्षुको रुप स्थापित गरेको थियो भनी हुयेन्-स्याङले उल्लेख गरेका छन् भनी B. B. पृ. ३४

Downloaded from http://dhamma.digital/

फेरि अर्को चार महिना[1] जति पछि एक दिन, उपरोक्ताकारले नै उद्यानमा जाने इच्छा भई सिद्धार्थ कुमार छन्न सारथीसँगै रथमा बसी बाहिर जानुभयो र बीच बाटामा उहाँले अत्यन्त शान्तमूर्ति एक प्रव्रजितको रुप देखी अत्यन्त प्रभावित भई "आजै राती गृहत्याग गरेर जाने छु" भन्ने संकल्प गरी हर्षका साथ उहाँ उद्यानतिर जानुभयो ।

त्यहाँ, एक मङ्गल पुष्करिणीमा नुहाइ-धुवाई गरी अत्यन्त आनन्दित भई सुखपूर्वक पुष्करिणीको तीरमा दिन बिताउनु भयो ।

जस्तो आनन्द लिई उहाँ पुष्करिणीको तीरमा दिन बिताउँदै हुनुहुन्थ्यो त्यस्तै उता राजदरवारमा पनि राजा सहित दरबारका सारा का सारा नरनारीहरूलाई आनन्दित पार्नु भई यशोधरादेवीले पुत्ररत्न जन्माउनुभयो । यशोधरादेवीले पुत्ररत्न जन्माएको खबर सुन्ने बित्तिकै शुद्धोदन राजा र प्रजापति गौतमीहरू यति हर्षित भए कि उहाँहरूले यो हर्षको शुभ समाचार तुरुन्तै उद्यानमा गइरहनु भएका सिद्धार्थ कुमारलाई सुनाउन पठाए ।

उता राजकुमार पनि मङ्गल पुष्करिणीमा मन लागुन्जेलसम्म बस्नुभई फर्कनको निम्ति रथ चढ्न लाग्नु हुँदा राजदूत आई यशोधरा देवीले पुत्ररत्न जन्माउनु भएको शुभ समाचारको बिन्ति चढायो ।

---

को पादटिप्पणीमा उल्लेख भएको छ ।

यस्तो स्वप्न देखेको कुरा शान्तिभिक्षु शास्त्रीको ललितविस्तर पृ. ३७ मा उल्लेख भएको छ ।

१. बु. वं. अ. क. पृ. २३२ : गोतमबुद्धवंसवण्णना ।

Downloaded from http://dhamma.digital/

यो कुरा सुन्नेबित्तिकै राजकुमारको शरीर भरी प्रीति फैलियो । फेरि उहाँको मनमा- "केही छिन अघि मात्र मैले आजकै रातमा गृहत्यागी प्रव्रजित हुने संकल्प गरेको थिएँ । अहिले नै बन्धनको रुपमा राहुलको-रुपमा पुत्र जन्मेको समाचार पनि सुन्न पाएँ । यो त चन्द्रमालाइ राहुले ग्रस्त गरे जस्तै भयो" भन्ने लागे पछि यसैको प्रतिकृया स्वरुप त्यस बखत उहाँको श्रीमुखबाट "राहुल नै जन्म्यो, बन्धन नै जन्म्यो" भन्ने वाक्य प्रकट भयो भन्ने कुरा अर्थकथाहरूले[१] समुल्लेख गरेका छन् ।

धम्मपदट्ठकथाले अत्थसालिनीले पुत्र जन्मेको समाचार सुने पछि उहाँको हृदयमा गहिरो स्नेह उत्पन्न भई "यो हृदय-बन्धन कसिनुभन्दा अगाडि नै यसलाई चुँडालि दिनेछु" भन्ने उहाँले कल्पना गर्नु भयो भन्ने कुरा समुल्लेख गरेका छन्[२] ।

बोधिसत्वलाई समाचार सुनाई राजदूत तुरन्तै राजदरबारमा फर्की समाचार सुनाएको कुरा राजालाई बिन्ति गऱ्यो । त्यस बखत राजाले "समाचार सुनी राजकुमारले केही भनेनन् त ?" भनी उत्सुकतापूर्वक दूतसँग सोद्धा दूतले- "महाराज ! विशेष कुरा त केही भन्नु भएन, केवल "राहुल नै जन्म्यो, बन्धन नै जन्म्यो" भन्ने शब्दमात्र प्रकट गर्नु भएको थियो" भनी बिन्ति गऱ्यो । अनि राजाले "त्यसोभए मेरो नातिको नाम नै 'राहुल' रहनेछ" भनी भन्नुभयो[३] ।

१. जा. अ. क. I.II. पृ. ५०-५१; बु. वं. अ. क. पृ. २३२; अप. दा. अ. क. पृ. ५४; दी. नि. अ. क. II. पृ. ११० : महापदानसुत्तवण्णना ।

२. धम्म. प. अ. क. पृ. ५१ : अग्गसावकवत्थु; अत्थ. सा. पृ. ५९ : निदानसकथावण्णना ।

३. जा. अ. क. I-II. पृ. ५१; बु. वं. अ. क. पृ. २३२; अप. दा. अ. क. पृ. ५४ ।

Downloaded from http://dhamma.digital/

समाचार सुनाई राजदूत फर्केर गएपछि राजकुमार पनि अति प्रसन्न मुद्रामा छन्न सारथीसँगै मङ्गल पुष्करिणीबाट राजदरबार फर्केर जानुभयो ।

यशोधरादेवीले राजकुमार जन्माएको कुरा बतास जस्तै सार-नगरमा तुरन्तै फैलियो । सिद्धार्थका प्रत्येक नाता-कुटुम्बहरूका घरहरूमा पनि तुरन्तै समाचार फैलियो । समाचारद्वारा हर्षित नहुने कुनै पनि थिएनन् । यो हर्षको समाचार सुनी सिद्धार्थ कुमारका एक काकाकी छोरी[1] (पितुच्छद्धा धीता) कृषागौतमी राजकुमारी पनि बडो खुशी भई झ्यालमा बसिरहेकी थिइन् । यसै बेलामा सिद्धार्थ कुमार सडकमा आइरहेको देखेर "अहा ! यी राजकुमार आज कति आनन्दित भएका होलान् ! कति शान्ति (= निवृत्त) सुख अनुभव गरिरहेका होलान् ! ती नारी जसले पुत्र जन्माइन् उनी पनि कति आनन्दित भएकी होलिन् !" भन्दै निम्न गीत गाइन्-

"निब्बुता नून सा माता, निब्बूता नून सो पिता ।
निब्बुता नून सा नारी, यस्सयं ईदिसो पति !"

कृषा गौतमीले जनुसुकै कुरा मनमा राखी सिद्धार्थ कुमारलाई गीत सुनाए तापनि सिद्धार्थ कुमारको निमित्त यो गीत पद अत्यन्त उपयोगी सिद्ध हुनगयो । यो गीतको 'निवृत्त-पद' सुनी "निवृत्त अथवा परम शान्ति त तब हुन सक्छ जब कि सम्पूर्ण चित्तमलहरू निवृत्त भई जानेछन् । यस्तो निवृत्ति-पद अवश्य नै उपलब्ध गर्न सक्नुपर्छ । आजै निष्क्रमण गरी त्यो निवृत्ति-पद (= शान्तिपद अर्थात् निर्वाणपद) खोज्न जानेछु" भन्ने सोची गौतमीप्रति प्रसन्न भई "यो निवृत्त-पद युक्त गीत सुनाएको बारेमा कृषागौतमीलाई त कुनै गुरुदक्षिणा नै दिन योग्य छ" भन्ने विचार

---

१. अत्थ. सा. पृ. ३० : निदानकथावण्णना; धम्म. प. अ. क. पृ. ५१ : अग्गसावकवत्थु, यमकवग्गो ।

Downloaded from http://dhamma.digital/

गरी सिद्धार्थ राजकुमारले आफ्नो गलाको हार उपहारको रुपमा उनलाई दिन पठाउनुभयो। मोतीको माला पाई कृषागोतमी अति खुसी भएकी मात्र होइनन् उनले यस्तो पनि सोचिन् कि- "अवश्य नै सिद्धार्थ कुमार मप्रति आसक्त भए होलान्[1]।"

## अभ्यास-४

(१) थेरी अपदान पालीमा उल्लेख भए झैं यशोधराले सिद्धार्थसँग कुन ढंगले जीवन बिताएकी थिइन् ? भिक्षुणी भइसकेपछि बताएको उनकै शब्दलाई आफ्नै शैलीमा प्रस्तुत गर्नुहोस्।

(२) यशोधराको चारित्रिक चित्रण आफ्नै भाषामा चित्रित गर्नुहोस्।

(३) यशोधरा कहिले गर्भवती भइन् र त्यतिबेला सिद्धार्थलाई के के दृश्यले कस्तो प्रभाव पार्‍यो ?

(४) नवराजकुमारलाई 'राहुल' भनी नामाकरण गर्नु पछाडि के कथा लुकेको छ ? स्पष्ट हुने गरी लेख्नुहोस्।

(५) कृषा गौतमीले किन र के गीत गाएकी थिइन् ? खुलस्त पार्नुहोस्।

(६) "निब्बुता नून...................................... इदिसो पति !" लाई पूर्ण हुने गरी आफ्नै शैलीमा अर्थ पनि लेख्नुहोस्।

(७) निब्बुता नून ...................... गीत सुनेर सिद्धार्थले कस्तो प्रतिक्रिया व्यक्त गरे भने कृषा गौतमीलाई त्यसले के प्रभाव पार्‍यो ? लेख्नुहास्।

---

१. जा. अ. क. I-II. पृ. ५१; बु. वं. अ. क. पृ. २३३; अप. दा. अ. क. पृ. ५५

Downloaded from http://dhamma.digital/

# पतिवियोग

राजदरबारका सारा का सारा स्त्री-पुरुषहरू हर्षित भए भने यशोधरादेवी त झन कति हर्षित तथा प्रफुल्लित हुनु भयो होला भन्ने कुरा त उल्लेख गर्न पर्दैन। तर लोकोक्ति अनुसार कहीले कहीले जब अति हर्षित भइन्छ तब कुनै न कुनै विस्मात लिनुपर्ने कारण पनि आइपर्छ।

राजदरबारमा पुगिसक्नु भएपछि सिद्धार्थ राजकुमारको वर्षाऋतुको प्रासादमा त्यस रात अघिभन्दा धेरै हर्षोल्लास थियो । नृत्य-गीतहरू पनि अरु दिनहरूमा भन्दा विशेष प्रकारका थिए । नर्तकीहरू पनि अघि अघिभन्दा विशेष रुपले उत्साहित थिए र सिद्धार्थ कुमारको निमित्त जे गर्न पनि उनीहरू तयार थिए । नृत्य-गीत हेर्दा हेर्दै त्यस रात सिद्धार्थ कुमार चाँडै नै निदाउनु भयो। जब सिद्धार्थ कुमार मस्त भई निदाउनु भएको दृश्य देखे तब नर्तकीहरू पनि त्यहीं बस्दा बस्दै निदाउन थाले। जब सबै नर्तकीहरू निद्रादेवीको काखमा खूब मस्तसँग आराम लिन थाले तब उनीहरू एक माथि अर्काको शीर आँङ, खुट्टाहरू पारी लम्पसार भई सुते। ती निदाएका स्त्रीहरूमध्येमा केही नीदमा कराउन थाले, केही हाँस्न थाले, केही गाउन थाले र केही रुन थाले। केहीले त र्‍याल निकाली खूब दाह्रा

Downloaded from http://dhamma.digital/

किट्न थाले। शायद दिनभरको शारीरिक थकावटको कारणले उनीहरू अघि कहिल्यै सुत्न नपाए जस्तो गरी खूब सुतेका हुनाले कसै कसैका आङका वस्त्रहरू पनि ठाउँमा रहेनन्[१]।

अनेक विकल स्वरहरू निकाल्दै यसरी सुतिरहेका ती स्त्रीहरूका आवाजले सिद्धार्थ कुमारको नीद खुल्यो र बिउँझिनु भई एकछिन खाट्मै बसी रंगविरंगका यो विभत्स दृश्यावलोकन गरिरहनु भएका उहाँको मनमा "कस्तो डरलाग्दो रणभूमिमा अथवा श्मशानमा बसेको रहेछ" भन्ने जस्तो लाग्यो[२]। त्यस पछि उहाँको मनमा मङ्गल पुष्करिणीको तीरमा घटेको घटना र कृषागौतमीको गीतको सम्झना आई गम्भीरतापूर्वक गृहत्याग गर्नेतिर नै चित्तप्रवृत्ति प्रवल भई कोठाबाट निस्की उहाँले "यहाँ को छ !" भनी आवाज दिनुहुँदा छन्नले "देव ! म छु" भन्ने बाहेक अरु कसैले पनि कुनै जवाफ दिएनन्। अघि अघि भए खिटिक्क कुनै आवाज दिने वित्तिकै हजारौं स्त्रीहरू हातजोर्दै अगाडि आउने ठाउँमा आज त कसैले तिरिक्क पनि बोलेनन्। अहो आश्चर्य ! अहो अद्भुत ! !

अनि छन्नलाई घोडा ठीक पार्ने आज्ञा दिई "पुत्रको अनुहार एकपटक हेर्न पाए हुन्थ्यो! भन्ने स्नेहपूर्ण इच्छा उत्पन्न भएपछि उहाँले यशोधरादेवीको खोपीतिर कदम बढाउनुभयो। खोपीको दैलो बन्द भएको देखी अत्यन्त सावधानका साथ दैलोको आधा खापा सुस्तरी उघारी हेर्दा उहाँको चक्षुपथ एक शुन्य तथा शान्त

---

१. यी 'दृष्यका मूर्तिकला अमरावतीमा देखाइएका छन् भनी B. B. पृ. ३७ को पादटिप्पणीमा उल्लेख भएको छ।

२. वाराणशीका यश पुत्र पनि यस्तै दृश्य देखी घर छाडी गएका थिए। महा. व. पा. पृ. १८ : पब्बज्जाकथा, महाखन्धकं।

Downloaded from http://dhamma.digital/

वातावरणमा एकै शय्यामा सुतीरहेका आमा छोराको दृश्यमाथि पर्न गयो । खोपीभित्र सुमधुर प्रकाश थियो । पानसहरूमा सुगन्ध तेलका बत्तीहरू ठाउँ-ठाउँमा बलिरहेका थिए । मानौं कुनै दक्ष पुरुषले रङ्गमञ्चमा सजाइराखेका बत्तीहरूबाट आभा निस्के जस्तै निस्की बत्तीको प्रकाशले कसैको पनि आँखालाई बाधा पुऱ्याउँदैनथ्यो ।

**यशोधरा** देवीका शयनागार सुगन्धित फूलहरूले खूब राम्ररी सजाइएका थिए । वर्षा-ऋतुलाई सुहाउँदो गरी बिच्छ्याइएका कार्पेट, त्यसैलाई मिल्ने तथा झ्यालका पर्दा आदि पनि अति आकर्षक थिए । विशेष गरी **यशोधराको** बाँया हातलाई सिरान बनाई दाँया हातलाई कोमल ओढने जस्तो गरी सूक्ष्म श्वास-प्रश्वास लिदै निश्चिन्तस्वरुप लिई निदाइरहेकी **यशोधरा** र **राहुल** कुमारको दृश्य नै बढी आकर्षक थियो । यो आकर्षक दृश्य देखेर उहाँ दैलो भित्र पस्न सक्नु भएन । मानौ कसैले "**यशोधरादेवीको** नीदलाई खलबल नपार" भनी भन्ने जस्तो गरी तथा उहाँको खुट्टालाई दैलो बाहिरै राखी उहाँले अनेक कल्पना गर्नु भयो । अन्तमा उहाँले "यदि **यशोधराको हात** पन्छाई पुत्रलाई लिउँ भने अवश्य पनि यशोधराको नीद खुल्ने छ र शायद मेरो मार्गमा अवरोध पनि आउन सक्छ । अतः भइहाल्यो, बरु बुद्धत्व प्राप्त गरिसके पछि आएर हेर्नेछु" भन्ने निश्चय गरी पुनः सुस्तरी दैलोको खापा बन्द गरी त्यहाँबाटै अमृत खोजको महान् लक्ष लिई, सबै ऐश्वर्यलाई तिलाञ्जली दिई, राजदरबार छाडी आषाढ पूर्णिमाको अर्धरातको समयमा राजदरवार त्यागनुभयो[1] ।

---

१. जा. अ. क. I-II पृ. ५३; अविदूरेनिदानं; बु. वं. अ. क. पृ. २३५ : गोतमबुद्धवंसवण्णना; अप. दा. अ. क. पृ. ५७ : निदान, थेरा. गा. अ. क. पृ. १ : निदान; धम्म. म. अ. क. पृ. ५१ : अग्गसावकवत्थु, यमकवग्गो; अत्थ. सा. पृ. ६० : निदानकथा ।

Downloaded from http://dhamma.digital/

गृहत्याग गर्नु भन्दा अगाडि राहुलकुमार हेर्न जानु भएको कुरा धम्मपदट्ठकथा र अत्थसालिनीमा अन्तर्गत भएका छैनन् ।

थेरीगाथाट्ठकथा (पृ. १) मनोरथपूरणी (पृ. २०४) ले "राहुल कुमारस्स जात दिवसे..... महानिक्खमण निक्खमित्वा ...." अर्थात्- राहुल कुमार जन्मेकै दिनमा सिद्धार्थ कुमारले गृहत्याग गरेर जानुभयो भन्ने कुरा समुल्लेख गरेका छन् ।

"यं पन जातकट्ठकथाय- 'तदा सत्राह जातो राहुल कुमारौ होतीति' वुत्तं, तं सेसअट्ठकथासु नत्थि; तस्मा इदमेव गहेतब्बन्ति" भनी जा. अ. क. I-II. पृ ५२ : अविदूरे निदानमा र अप. दा. अ. क. पृ. ५६ : निदानकथामा उल्लेख भएका छन् ।

डा. अम्बेडकरले आफ्नो "The Buddha and His Dhamma" (1957) भन्ने मोटो पुस्तकको पृ ३४ मा "कोलिय र शाक्यहरूका बीच रोहिणी नदीको भगडाको कारणले गर्दा सिद्धार्थले गृहत्याग गरी भार्गव परिव्राजककहाँ गई प्रव्रजित भए" भन्ने जुन कुरा उल्लेख गरेका छन्; ती कुरा कुनै पालि वा संस्कृत बौद्ध ग्रन्थहरूमा उल्लेख भएका पाइँदैनन् । यस्तो मनगढन्ते कुरा शायद लेखकले राजनैतिक दृष्टिकोणले मात्र हेरी लेखेको हुनुपर्छ । यसप्रकार बठ्याइ गरी लेखेका पुस्तकले जिज्ञासुहरूलाई सही मार्गमा लैजानुभन्दा भ्रामक तथा अयथार्थतातिर नै लैजान सक्छ ।

**अभिनिष्क्रमण सूत्रले-** सिद्धार्थ राजकुमारले गृहत्याग्नु भन्दा एक रात अगाडि प्रजापति गौतमी, शुद्धोदन महाराजा तथा यशोधरादेवीले स्वप्न देखेका थियो भनी उल्लेख छ भनी B. B. पृ. ३८-४० मा डा.

Downloaded from http://dhamma.digital/

विक्रमसिंहले उल्लेख गरेका कुराहरू सारांश जानकारीको निमित्त यहाँ उल्लेख गरेको छु ।

**प्रजापति गौतमीले देखेका स्वप्न-**

"एक सेतो साँढे रुँदै कराउँदै शहरमा घुमीरह्यो तर कसैले पनि उसलाई रोक्न सकेन, न त उसको अगाडि नै जानसक्यो ।"

**शुद्धोदन महाराजाले देखेका स्वप्न-**

"इन्द्रको जस्तो एक राजकीय झण्डा नगरको बीचमा गाडे । यस झण्डाबाट प्रकाश निस्केर सारा संसारमा फैलियो । चारै दिशाबाट देवताहरू आई हल्का वृष्टि गरे । जब देवताहरूले मधुरस्वरमा गीत गाउन थाले तब त्यस झण्डाबाट सुनको लट्ठी भएको एक स्वेतछत्र निस्क्यो र चारै दिशाहरूबाट देवराजहरू आई झण्डा लिएर ढोकाबाट निस्केर गए ।"

**यशोधरा देवीले देखेको स्वप्न-**

"(१) महापृथ्वी हल्लिन थाल्यो, (२) इन्द्रको झण्डा टुका भई भुइमा खस्यो, (३) चन्द्र र सूर्य तथा सबै ताराहरू आकाशबाट खसे, (४) एक अति राम्रो खोलिएको छत्रलाई दासपुत्र छन्न आई खोसेर लग्यो, (५) उहाँको शीरको मुकुट खोसेर लग्यो, (६) उहाँको आभरणहरू हातका चूरीहरू तथा गलाका हारहरू चुँडिएर खसे, (७) उहाँको सुन्दर शरीर अकस्मात विरुप भयो, (८) उहाँका शरीरबाट हात खुट्टाहरू खसे, (९) उहाँलाई नाङ्गै पारी वस्त्रहरू खोसेर लिए, (१०) उहाँ बसिरहेको सिंहासन पल्टियो, (११) उहाँको आराम लिने कवचका खुट्टाहरू भाँचिए, (१२) राजदरबारका रुखहरूलाई बतासले ढाले, (१३) अनेक रत्नहरूले बनेको पर्वत अकस्मात फुटी चकनाचूर भयो, (१४) अकस्मात चन्द्र र ताराहरू खसेर लुप्त भए अनि सूर्य पनि लुप्त भई संसार

Downloaded from http://dhamma.digital/

बिहान भए पछि **सिद्धार्थ कुमार** राजप्रासादमा नभएको खबरद्वारा राजदरवारमा कत्रो खलबली मच्चियो होला र कत्रो रुवासासी भयो होला भन्ने कुरा सजिलैसँग अनुमान लगाउन सकिन्छ। एक महाधनी सेठका छोरा भएका वाराणसी नगरका यशपुत्र आफ्नो प्रसादबाट एक रात सुटुक्क निस्केर गइसके पछि आमा हुने

---

अन्धकार भयो, (१५) नगरमा भएको प्रकाशस्तम्भबाट प्रकाश लोप भयो, (१६) नगर-द्वारपालहरू ढोका बाहिर उभिई विलाप गर्न थाले, (१७) नगर जम्मै घिनलाग्दो जस्तो गरी कुरुप भयो, (१८) रुखहरूका पातहरू तथा फूलहरू तितरवितर भई छरिए, (१९) पोखरी तथा तलाउहरूका पानी सबै सुकेर गए, (२०) सशस्त्र सैन्यहरू चारैतिर दौडी संसारका चारकुनाहरूमा खडा भएर बसे ।"

"अनि यशोधरा देवी सिद्धार्थ कुमारकहाँ गई जब यी स्वप्नहरूका कुरा सुनाउन थाल्नुभयो तब राजकुमारले यशोधरादेवीलाइ 'स्वप्नका कुराहरूबाट कुनै चिन्ता लिनुपर्दैन, स्वप्न भनेको स्वप्नै हो र यो संसारको स्वभाव हो, जाऊ गएर सुत' भनी भन्नु भएपछि यशोधरा आफ्नो खोपीमा गई पुनः सुत्नुभयो ।" B. B. पृ. ३८-४०

**हुएन्- सियाङ्ले** कपिलवस्तुको दक्षिण ढोका बाहिर एक चैत्य र त्यसको नजिक एक विहार र त्यसमा सिद्धार्थको मूर्ति थियो भन्ने र.... त्यसैको नजिक अर्को एक विहारमा राहुल र यशोधरा सुतिरहेको एक तस्बीर पनि थियो भनी उल्लेख गरेका छन् भनी B. B. पृ. ४० को पादटिप्पणीमा उल्लेख भएको छ ।

शान्ति भिक्षु शास्त्रीको ललितविस्तर पृ.३८२ मा पनि यशोधरादेवीले स्वप्न देखेकी कुरा उल्लेख भएको छ ।

Downloaded from http://dhamma.digital/

**सुजाता**[१] उपासिकाले छोरा यशलाई प्रासादमा न पाउँदा आफ्नो पतिलाई सुनाए पछि सेठले चारै दिशातिर रिसल्ला दौडाई खोज्न पठाए भने[२] राज्यका राजा जस्ताका छोरा राजदरवारमा नहुँदा कस्तो रुवावासी तथा होहल्ला मच्चियो होला भन्ने कुरा र राजकुमारको पत्तो लगाउन मच्चियो होला भन्ने कुरा र राजकुमारको पत्तो लगाउन कस्तो खोजतलास तथा प्रयत्न गरे होलान् भन्ने कुरा पनि सजिलैसँग बुझ्न सकिन्छ। राजा र रानीहरूले कति विलाप गरे होलान् भन्ने कुरा भगवान बुद्धले पछि स्वयं **बोधिराजकुमार,**[३] **सच्चक निगण्ठ,**[४] **सङ्गारव नामक माणव**[५] तथा भिक्षुहरूलाई[६] भन्नु भएका निम्न कुराहरूबाट प्रष्ट हुन्छ।

"सो खो अहं, राजकुमार, अपरेन समयेन दहरो व समानो सुकुकालकेसो भद्रेन योब्बनेन समन्नागतो पठमेन वयसा अकामकानं मातापितूनं अस्सुमुखानं रुदन्तानं केसमस्सुं ओहारेत्वा कासायानि वत्थानि अच्छादेत्वा अगारस्मा अनगारियं पब्बजिं[७]।"

---

१. हेर लेखकको बु. म. भा-१ पृ. ९ र १३ मा

२. महा. व. पा.पृ. ज्ञ९ : पब्बज्जाकथा, महाखन्धकं। यी कुमार पनि सिद्धार्थले जस्तै विभत्स दृश्य देखेर घरबाट निस्केर बुद्धकहाँ गई प्रव्रजित भएका थिए। यिनका पनि तीनै प्रासादहरू थिए।

३. म. नि. II. पृ. ३२० : बोधिराजकुमारसुत्तं।

४. म. नि. I. पृ. २९५ : महासच्चकसुत्तं।

५. लेखकको बु. ब्रा. भा-१ पृ. ८४ : बोधिसत्वचर्या।

६. म. नि. I. पृ. २१३ : पासरासिसुत्तं।

७. म. नि. II. पृ. ३२० : बोधिराजकुमारसुत्तं। यसको अर्थ लेखकको बु. ब्रा. भा-१ पृ. ८४ मा उल्लेख भएको छ।

Downloaded from http://dhamma.digital/

जब छन्न सारथी सिद्धार्थ कुमारलाई छाडी उहाँका आभरणहरू र वस्त्रहरू लिई, शोकाकुलित भई, कण्ठक अश्वबाट पनि सदाको निमित्त विदा लिई, आफू एक्लै राजदरवारमा फर्की शुद्धोदन महाराजाको अगाडि विरहपूर्वक राजकुमारका आभरण तथा वस्त्रहरू राखी "राजकुमारले तपाईहरूलाई नमस्कारपूर्वक 'मलाई कुशल नै छ भन्ने खबर पुऱ्याइ देऊ'[१] भनी अनोमा नदीको तीरमा आफ्नो खड्गले केश क्षौर गरी काषाय-वस्त्र धारण गरी उहाँले मलाई फर्काएर पठाउनु भयो" भन्ने खबर सुनेपछि राजा रानीहरूले धर धर आँसु खसाल्दै विलाप गर्न थाले ।

यस्तै गरी छन्नले सुत्केरी हुनु भएकी यशोधरादेवी कहाँ गइ वृत्तान्त कुरा सुनाए । यो समाचार सुनी यशोधरादेवीको हृदय फुट्ला जस्तो भए तापनि उहाँले आँखाबाट श्रद्धास्नेहका दुइ थोपा आँसु खसाली सिद्धार्थ कुमारलाई नमस्कार गरी पतिप्रतिको सच्चा स्नेहको कारणले पतिदेव भई, बुद्धिमत्तापूर्वक ठूलो धैर्य लिई "मेरा पतिदेवलाई बिघ्न नहोस् र उहाँले चिताउनु भएको जगतोद्वारको महानकार्य निर्विघ्नतापूर्वक चाँडै सफल होस्" भन्ने कुरालाई भित्री दिलदेखि शुभकामना गर्दै त्यस दिनदेखि राजकीय रंगी-विरंगी पोसाकहरू त्यागी, आभरणहरू पनि त्यागी[२], दरबारमै एक साधुनी जस्ती भई उत्तम पतिव्रता नारी-जीवनलाई रक्षा गर्नुहुँदै विधवीको[३] जस्तो जीवन बिताई उहाँ शान्तपूर्वक बस्नु भयो ।

---

१. जा. अ. क. I-II. पृ. ५५; बु. वं. अ. क. पृ. २३५; अप. दा. अ. क. पृ. ५८

२. जा. अ. क. I-II. पृ. ७४; सन्तिकेनिदान; अप. दा. अ. पृ. ८० : निदान ।
"जब बोधिसत्वले उरुवेल वनमा तपस्या गरी अनेक दुष्करचर्या गर्न थाल्नु भयो भन्ने खबर सुन्नुभयो तब यशोधरादेवीले आभरणहरू त्याग्नु भएको थियो" भन्ने कुरा तिब्बती ग्रन्थमा उल्लेख भएको छ भनी B.B. पृ. ५९ मा उल्लेख भएको छ ।

३. जा. अ. क. V. पृ. ६ : चन्दकिन्नरजातकं, नं. ४८५

Downloaded from http://dhamma.digital/

यदि कुनै साधारण स्त्री जस्ती हुनु भएकी भए उपरोक्त समाचारसुनी उहाँले कति शोक, सन्ताप तथा विलाप गर्नु हुन्थ्यो होला। तर उहाँ- हीना, मध्येमा तथा उत्तम नारीहरू मध्येमा- उत्तम नारीको गुणाङ्गले र महासत्व जस्तै उत्तम गुणहरूले विभूषिता हुनु भएकीले उहाँ यस परिस्थितिद्वारा कत्तिपनि विचलित नभई, तटस्थ रही शान्तपूर्वक बस्न सक्नु भएको हो। यसबाट हामी उहाँको महानता र असाधारणगुणको परिचय पाउँछौं। त्यसैले उहाँले पछि थेरीअपदानपालिमा "...म शीलवती तथा सर्वाङ्ग सम्पन्ना भई घरमा बसेकी थिएँ" भनी भगवानको अगाडि भन्नु भएको हो।

**यशोधरादेवीका** यी असाधारण धैर्यताको कुरा सुनी हामीलाई बडो अद्भूत लाग्न सक्छ। अझ यस्तो पनि लाग्न सक्छ कि यो त स्वाभाविक कुरा भएन। असाधारण गुण हुनेले लोकजनका असाधारण कुरालाई साधारण पारिदिन्छ। यही नै विशिष्ट पुरुषहरूको लक्षण हो। यो संसारमा खोज्ने हो भने त्यस्ता अद्भूत र असाधारण गुणभूषिता नारीहरू पनि कम भए पनि नपाइएका होइनन्, पाइन्छन् नै।

**यशोधरादेवीले** त्यत्रो दु:खलाई अरुले नपत्याउने झैं गरी चित्तलाई कत्तिपनि नबिगारी धैर्य राख्नु भएझैं भिक्षुसंघलाईभोजन गराइरहेको समयमा पति सहित आफ्ना बत्तीस पुत्रहरूलाई मारिदिएको समाचार-पत्र पाएर पनि आफ्नो चित्तलाई कत्तिपनि विचलित नगरी धैर्य राख्न सक्ने **बन्धुल मल्लिका**[1] जस्ती नारी; आफ्ना पतिलाई छाडी खुशीसँग प्रव्रजित हुन सक्ने **धम्मदिन्ना**[2] जस्ती नारी; राजा

---

१. धम्म. प. अ. क. पृ. २१७ : विडुडभवत्थु, पुप्फवग्गो। हेर लेखकको बु. रा. भा-१ पृ. १५८-५९

२. हेर लेखकको बु. श्रावि. च. भा-१ पृ. ३३९ : धर्मदिन्ना परिचय।

Downloaded from http://dhamma.digital/

# बुद्धसँग प्रथम भेट्

उता, **सिद्धार्थ बोधिसत्व अनोमा नदीबाट** क्रमशः राजगृह गई त्यहाँबाट **भर्गवको[1] आश्रममा** (भग्गवस्सारामे) गई त्यहाँबाट **आलार कालाम र उद्दक रामपुत्रकहाँ[2]**

---

१. थेरी. गा. अ. क. पृ. २ : निदान ।

२. यस सम्बन्धका क्रमिक कुराहरू लेखकको बु. ब्रा. भा-१ पृ. ८४-१०० मा उल्लेख भएका छन् ।

**B.B.** पृ. ५३ मा डा. विक्रमसिंहले आलार कालाम तथा उद्दक रामपुत्रकहाँ जानु भन्दा अगाडि सिद्धार्थ बोधिसत्व अरु अरु कहाँ पनि गएका कुराहरू उल्लेख गरेका छन् । त्यस्तै गरी **अभिनिष्क्रिमण सूत्रमा र ललितविस्तरमा** पनि भएका कुराहरू पनि उहाँले उहीं पादटिप्पणीमा उल्लेख गरेका छन् ।

Downloaded from http://dhamma.digital/

**बिम्बिसार** जस्ता पतिलाई पनि त्याग्न सक्ने **क्षेमा महारानी**[1] जस्ती नारी तथा एकलौटे पुत्रलाई राजाले मार्ग लगाएको खबर सुनेर पनि अन्यथा नगरी चित्तमा धैर्य लिनसक्ने बेलुकण्डकी **नन्दमाता**[2] जस्ती असाधारण गुण भएका नारीहरू पनि यो लोकले नपत्याउने गरी आश्चर्य पारिदिने खालका नारीहरू छन् ।

## अभ्यास-५

(१) प्रसादभित्र नर्तकीहरू मस्त निदाएको दृश्यलाई चित्रण गर्नुहोस् ।

(२) नर्तकीहरूको स्थितिलाई शम्सानको रुपमा पाएर सिद्धार्थको मनमा खेलेका कुराहरूलाई मनोवादको रुपमा लेख्नुहोस् ।

(३) गृहत्याग तर्फ उन्मुख सिद्धार्थले 'पुत्रको अनुहार एकपटक हेर्न पाए हुन्थ्यो' भन्ने आकांक्षालाई कसरी पूरा गरे ? त्यो मार्मिक अवस्थालाई आफ्नै शैलीमा चित्रण गर्नुहोस् ।

(४) अभिनिष्क्रमणको समयमा यशोधरा र भर्खरै जन्मेको राहुलको शयनागारको दृश्य कस्तो थियो ? आफ्नै शब्दमा लेख्नुहोस् ।

(५) सिद्धार्थले कुन अवस्थामा र कसरी महाभिनिष्क्रमण गर्न सफल भए ? मिलाएर लेख्नुहोस् ।

(६) 'एकातिर पुत्रवात्सल्य अर्कोतिर बृद्धत्व प्राप्तिको मार्ग' निश्चय पनि यो सिद्धार्थको लागि द्वन्द्व नै थियो भन्ने विषयमा आफ्नो अभिमत कसरी प्रस्तुत गर्नु हुन्छ ? लेख्नुहोस् ?

(७) भर्खरै जन्मेको पुत्रसँगै आमा यशोधरालाई समेत त्यागेर जानु सिद्धार्थको निष्ठुरीपन थियो त ? यहाँलाई कस्तो लाग्छ ? आफ्नो विचारले लेख्नुहोस् ।

(८) अभिनिष्क्रमण सुत्त अनुसार यशोधराले देखेकी स्वप्नका बारेमा लेख्नुहोस् ।

(९) सिद्धार्थको अभिनिष्क्रमण पछि प्रदर्शित यशोधराको व्यवहारले उनलाई महान् नारीको रुपमा स्वीकार गर्न सकिन्छ । कसरी ? खुलष्ट पारी लेख्नुहो. ।

---

१. हेर लेखकको बु. श्रावि. च. भा-१ पृ. १७२ : क्षेमा परिचय ।

२. हेर लेखकको ब. म. भा-२ प. १७३ मा ।

Downloaded from http://dhamma.digital/

गई त्यस पछि ६ वर्षसम्म **उरुवेल वनमा** घोरतपस्या गरी,[1] **पञ्चवर्गीयहरूले** छाडेर गईसकेपछि **बुद्धगयामा** जानुभई **बुद्धत्व ज्ञान** प्राप्त गर्नुभयो[2]। त्यसपछि

आलार कालाम र उद्दक रामपुत्रकहाँ बोधिसत्वले के सिके भन्ने कुरा पपं. सू. IV. पृ. ८१ : बहुधातुकसुत्तवण्णानामा उल्लेख भएको छ।

डा. विमल चरण लः ले "A Study of the Mahavastu" को पृ. ६५ मा आलार कालाम वैशालीका र उद्दक रामपुत्र राजगृहका हुन् भन्ने कुरा उल्लेख गरेका छन्।

बुद्धचरित अनुसार बोधिसत्वले भृगु पुत्रसँग भेटेका कुरा पनि B. B. पृ. ५३ को पादटिप्पणीमा उल्लेख भएको छ।

तिब्बती श्रोत अनुसार राजा बिम्बिसारसँग भेटेपछि बोधिसत्व राजगृहबाट गृद्धकूट पर्वतमा एक तपस्वीसँग बस्नु भएको थियो र उहाँले उनीहरूका शास्त्रहरू सबै अध्ययन गरिसकेपछि उहाँलाई उनीहरूले "महाश्रमण" भन्न थाले। तर जब उहाँले उनीहरूको परमार्थ शक्र, ब्रम्हा तथा वशवर्तीमार हुने भन्ने कुरा बुझ्नुभयो तब उहाँ, त्यहाँबाट पनि अन्त जानुभयो भन्ने कुरा पनि उहीं पृ. ५३ को पादटिप्पणीमा उल्लेख भएको छ।

१. उरुवेल वनमा घोरतपस्या गर्नु भएको सम्बन्धमा विस्तुत कुराहरू म. नि. क्ष पृ. २३ : भयभेरवसुतंमा उल्लेख भएको पाइन्छ र जसको अनुवाद लेखकको बु. ब्र. भा-२ पृ. ३४३ मा भएको छ।

२. हेर लेखकको बु. श्रा. च. भा- १ पृ. १६

Downloaded from http://dhamma.digital/

ऋषिपतन मृगदावनमा गई **धर्मचक्र प्रवर्तन** गरी[1] त्यहाँबाट क्रमशः पुनः राजगृह नगरमा आई **बिम्बिसार राजालाई** बुद्ध-धर्ममा दीक्षित गर्नुभयो[2] । त्यसपछि त्यहाँबाट **कालुदायी** स्थविरका साथ **कपिलवस्तुको निमित्त** प्रस्थान गर्नुभयो[3] । अनि ६० योजनको बाटो हिंडी बुद्ध भगवान् **वैशाख पूर्णिमाको दिन कपिलवस्तुमा** पुग्नु भयो[4] ।

कपिलवस्तुमा पुग्नु भएपछि हजारौं हजार शाक्य परिवारहरूले उहाँको दर्शन गरे । भगवान **न्यग्रोधाराममा**[1] अर्थात् बरका बगैंचामा बस्नुभयो । त्यसबखत भगवानसँग २० हजार भिक्षुहरू थिए[2] । शाकयहरूको ठूलो भेला भएको थियो ।

---

१. हेर लेखकको बु. श्रा. च. भा-१ पृ. १६२

२. हेर लेखकको बु. रा. भा-१ पृ. २९-४४

३. हेर लेखकको बु. रा. भा-१ पृ. १३३

४. हेर लेखकको बु. रा. भा-१ पृ. १३६

१. **हुएन्-सियाङले** कपिलवस्तुको करीब ३।४ ली अर्थात् एक ढेड माइल जति दक्षिणतिर न्यग्रोध वृक्षको बगैंचा छ, जहाँ सम्राट अशोकले एक स्तूप बनाइराखेका छन् । यो त्यही स्थान हो जहाँ भगवान बुद्ध कपिलवस्तुमा आउनु हुँदा बस्नु भएको थियो । **फाहियानले** पनि यस्तै कुरा उल्लेख गरेका छन् भनी B. B. पृ. १७७ को पादटिप्पणीमा उल्लेख भएको छ ।

२. सम. पा. III. पृ. १०५७ : राहुलवत्थु, महावन्धकं ।

Downloaded from http://dhamma.digital/

भोलिपल्ट बुद्ध भगवान भिक्षुहरूद्वारा परिवृत्त भई **कपिलवस्तु** शहरभित्र सपदानचारिकाले[1] भिक्षाटन् जानुभयो[2] ।

यो समाचार तुरन्तै यशोधरा देवीको कानमा पुग्यो । समाचार सुन्ने वित्तिकै उहाँको हृदय फुटला जस्तो भई तुरन्त शुद्धोदन महाराजाकहाँ गई "महाराज ! तपाईका छोरा- जो एकदिन- रथमा बसी, छत्र ओढी, अनेक राज-लीलाले यस शहर घुम्नु हुन्थ्यो । आज उही तपाईका छोरा बुद्ध हुनुभई कुनै सहारा नभएका जस्तै गरी, उही शहरमै, उही सडकमै माटाको भिक्षापात्र हातमा लिई घर-घर पिच्छे भिक्षाटन् गर्दै आउनु भएको छ" भनी उहाँले बिन्ति गरेपछि हतासखाई, हडबडाई, हतारो हतारो गरी लत्रिएको धोती समात्दै बुद्धलाई निम्त्याई ल्याउनेछु भन्दै राजा दरवारबाट बाहिर निस्कनु भयो[1] ।

राजाले बुद्धलाई अघिल्लो दिनमा किन न निम्त्याएका होलान् ?

यतिञ्जेलसम्म राजालाई बुद्धको नियम नै थाहा थिएन । आफ्नै पुत्रसम्झी दरवारमा भोजनार्थ आउनु नै हुनेछ भन्ने विश्वासलिई उहाँले अघिल्लो दिनमा न निम्त्याई जानु भएको हो । तर उहाँले बीसौं हजार भिक्षुहरूको निमित्त चाहिने सबै कुराको व्यवस्था मिलाई सक्नु भएको थियो । न निम्त्याइकन बुद्ध आउनुहुन्न भन्ने

---

१. घर-घर पिच्छे भिक्षाटन् जानुलाई 'सपदानचारिका' भन्दछन् ।

२. हेर लेखकको बु. रा. भा-१ पृ. १३६ मा ।

१. हेर विशेष कुराको निमित्त लेखकको बु. रा. भा-१ पृ. १३७; धम्म. प. अ. क. पृ. ५२५ : सुद्धोदनस्सवत्थु, लोकवग्गो ।

Downloaded from http://dhamma.digital/

कुरा चाहिं राजालाई थाहा थिएन[२]।

जब **शुद्धोदन** महाराज बुद्धलाइ लिन जानु भयो तब शहर का मानिसहरू दुइ तीन[३] तथा चारतले[४] घरहरूका झ्यालहरू उघारी, भिक्षाटान् आइरहनु भएका बुद्धलाई हेर्न व्यस्त भएझैं **यशोधरा देवी** पनि प्रासाद माथि गई "यसै नगरमा अघि आर्यपुत्र महान् राजलीलाले सुवर्णमय पाल्की तथा चौघोडे बग्गी आदिमा विचरण गर्नु हुन्थ्यो। तर आज केश-दाऱ्ही क्षौर गरी, काषायवस्त्र धारण गरी, हातमा माटाको भिक्षापात्र लिई भिक्षाटन गर्दै हुनु हुन्छ; यसले उहाँलाई शोभा दिन्छ के !" भन्ने विचार गरी झ्याल उघारी हेर्दा अनेक प्रकारका विरागयुक्त शारीरिक तेजद्वारा शहरका सडकहरू जाज्वल्यमान पारी, बुद्धश्रीद्वारा प्रकाशमान भई, ब्याम-प्रभा[१] फैलाई, बत्तीस महापुरुषलक्षणहरू[२] र असीत्यानुव्यञ्जन[३] हरूले सुशोभित हुनु भएका **शाक्यसिंहलाई** देख्नु भई- साथमा रहेका सातवर्षीय **राहुलकुमालाई** पिताको परिचय दिनु हुँदै- **यशोधरादेवीले** उहाँको शीरदेखि लिएर पैताला सम्मको लक्षणहरूको वर्णन गरी[४] निम्न आठ[५] **नरसिंहगाथा** सुनउनु भयो[६]-

---

२. धम्म. प. अ. क. पृ. ५२५ : सुद्धोदनस्सवत्थु, लोकवग्गो।

३. जा. अ. क. I.II पृ. ७३; अप. दा. अ. क. पृ. ७८

४. सम. पा. III. पृ. १०५९; राहुलवत्थु महाखन्धकवण्णना।

१. चार पाँच हात दुरी सम्म फैलिने रश्मीलाई 'ब्यामप्रभा' भनिन्छ।

२. बत्तीस महापुरुष लक्षणहरू भनेका के के हुन् भन्ने कुरा लेखकको बु. ब्रा. भा-१ पृ. १६८ मा उल्लेख भएको छ।

३. असीत्यानुव्यञ्जन भनेको के के हुन् भन्ने कुरा लेखकको बु. श्रावि. च. भा-१ पृ. ४७९ को पादटिप्पणीमा उल्लेख भएको छ।

Downloaded from http://dhamma.digital/

४. सम. पा. III पृ १०५९; जा. अ. क. I-II. पृ. ७३; अप. दा. अ. क. पृ. ७८-७९

५. जा. अ. क. I. पृ. ७३ : सन्तिकेनिदान; अप. दा. अ. क. पृ. ७९ : निदान; सम. पा. III. पृ. १०७९

६. यी नरसिंहगाथालाई नेपालमा 'यशोधरा स्त्रोत्र' भन्दछन् र ती गाथाहरू यस प्रकार छन्-

(१) "स्निग्ध नीलमृदु कुञ्चित केश;
सूर्य सुनिर्मललाभी ललाटः ।

युक्त तुङ्ग मृदु आयत नासो,
रश्मिज्वाल वृतता नरसिंहः ॥"

(२) "अञ्जनवर्ण सुनील सुकेशः;
काञ्चनपत्र विशुद्ध ललाटः ।

ओषधिपानतः शुद्धः सुवर्णः;
एष हि तुभ्य पिता नरसिंहः ॥"

(३) "आयतपुक्त संचित नासो,
गोपमुखो अतिनील सुनेत्रः ।
इन्द्रधनु सम नील सुनेत्रः;
एष हि तुभ्य पिता नरसिंह ॥"

Downloaded from http://dhamma.digital/

(४) "स्निग्ध सुगम्भीर मञ्जू सुघोषो,
हिंगुलिवर्णः सुरक्तः सुजिह्वा ।
विंशति विंशति श्वेत-सुदन्तः,
एष हि तुभ्य पिता नरसिंह ॥"

(५) "वर्त सुवर्त सुसंचित ग्रीवः;
सिंहहनु मृगराजा शरीरः ।
काञ्चन सुच्छवि उत्तमवर्णः
एष हि तुभ्य पिता नरसिंहः ॥"

(६) "गच्छति नीलपथे सुविचित्रः,
तारागण परिवेष्ठित रुपः ।
श्रवकमध्य गत श्री मुनीन्द्रः,
एष हि तुभ्य पिता नरसिंहः ॥"

(७) "चक्रमलंकृतः रक्त सुपादः,
लक्षण मण्डितः आयत पार्ष्णिः ।
चामर चक्र विभूषितः पाणिः,
एष हि तुभ्य पिता नरसिंहः ॥"

(८) "शाक्यमुनि कुमार वरसुकुमारी,
लक्षणचित्र सुपुण्य शरीरः ।
लोकहिताय गतो नरवीरः,
एष हि तुभ्य पिता नरसिंहः ।"

Downloaded from http://dhamma.digital/

(९) "अमर नदीवर चण्ल गजेन्द्रः,
मारपराजय भीमः सुवीरः ।
सर्वगुणाकर लोकबिशुद्धः,
वन्दामि गौतम श्रीमुनि पादौ ॥"

अर्थ-

(१) "चिल्लो, नीलो, नरम तथा घुङ्ग्रिएको केशहरू हुनु भएका सूर्य जस्तै सुनिर्मल निधार हुनु भएका; उठेको नरम, लामो तथा सुन्दर नाक हुनुभएका, सबैतिर रश्मी ज्वाला हुनु भएका- उहाँ नरसिंह हुनुहुन्छ ।"

(२) "गाजलेवर्ण जस्तो सुनील र राम्रो केश हुनु भएका, सुनको पाता जस्तै सफा निधार हुनु भएका; चन्द्रमाको जस्तै तेजिलो सफावर्ण हुनुभएका- उहाँ नरसिंह नै तिम्रा बाबु हुनुहुन्छ । "

(३) "लामो तथा पुष्ट परेको नाक र कान्तियुक्त मुख हुनु भएका; इन्द्रेणी जस्ता अति सुन्दर तथा नीला आँखिभौ हुनु भएका-उहाँ नरसिंह नै तिम्रा बाबु हुनुहुन्छ ।"

(४) "मीठो, गम्भीर तथा राम्रो आवाज हुनु भएका, हिंङको वर्ण जस्तो रातो जिभ्रो हुनु भएका; बीस बीस ओटा (तल र माथि) राम्रा राम्रा सेता दाँतहरूले सुशोभित हुनु भएका-उहाँ नरसिंह नै तिम्रा बाबु हुनुहुन्छ ।"

(५) "राम्रो गोलाकार परी चट्ट मिलेको घाँटी हुनु भएका; सिंहको जस्तो वङ्गार र सिंहकै जस्तो शरीर हुनु भएका; उत्तम काञ्चनवर्ण जस्तै सुन्दर छबि हुनु भएका- उहाँ नरसिंह नै तिम्रा बाबु हुनुहुन्छ ।"

Downloaded from http://dhamma.digital/

(६) "विचित्र तारागणहरूद्वारा परिवेष्ठित भई चन्द्रमा आकाशमा जानेझैं श्रावकहरूका बीच हिंडिरहनु भएका श्री मुनिन्द्र नै तिम्रा बुबा हुनुहुन्छ ।"

(७) "चक्रचिन्हले सुशोभित भएका, राता तथा राम्रा पाउहरू भएका; लक्षणहरूले सुभूषित, लामा कुर्कुच्चा तथा चमर र चक्रचिन्हले विभूषित हातहरू हुनु भएका- उहाँ नरसिंह नै तिम्रा बाबु हुनुहुन्छ ।"

(८) "कुमारहरूमध्येमा श्रेष्ठ सुकुमार हुनु भएका शाक्यमुनि, लक्षण चित्रहरूद्वारा सुपुण्य शरीर हुनु भएका; लोकहितार्थ जानु भएका- उहाँ नरसिंह नै तिम्रा बाबु हुनुहुन्छ ।"

(९) "मरणरुपी नदीबाट पारतरी श्रेष्ठ अमरनदीमा पुग्नु भएका, दुर्दान्त नालागिरी जस्ता हात्तीलाई र भीम समान भारलाई समेत पराजित गरी सुवीर हुनु भएका; लोकविशुद्ध पार्ने सबै गुणहरूले विभूषित हुन भएका- उहाँ श्रीमुनि गौतमका दुइपाउमा ढोग्दछु ।"

Downloaded from http://dhamma.digital/

"सिनिद्धनीलमुदु कुञ्चितकेसो,
सुरियनिम्मलतलाभिललाटो ।
युत्त तुङ्ग मुदुका' यत नासो,
रंसिजालविततो नरसीहो' ति[1] ॥"

बुद्धलाई राजदरवारमा भित्र्याइसकेपछि अत्यन्त सम्मानपूर्वक राजकीय भोजन प्रदान गरे । भोजन पछि बुद्ध भगवानले पनि शान्ति संग्रह गर्नु हुँदै सचित ढङ्गले राजाहरूलाई भुक्तानुमोदन उपदेशहरू सुनाउनु भई राजालाई सकृदागामी र महाप्रजापति गौतमीलाई **स्रोतापत्ति-फलमा** प्रतिष्ठित गराउनु भयो[2] र भगवान बुद्ध मातृ-पितृ ऋणबाट सुविमुक्त हुनुभयो ।

भोजनकृत्य सिद्धिए पछि राजदरवारका सबै स्त्रीहरू गई बुद्धलाई वन्दना गरे । किन्तु **राहुलमाता यशोधरादेवी** मात्र बुद्धकहाँ जानु भएन ।

"आर्या ! बुद्धकहाँ गई वन्दना गर्नुहोस्, सबै स्त्रीहरू गइसके" भनी परिजनहरूले निवेदन गर्दा उहाँले- "यदि मेरो कुनै गुण छ भने अथवा मेरो कुनै दोष छैन भने आर्यपुत्र नै यहाँ पाल्नु भई मलाई दर्शन दिनु हुनेछ र त्यसबेला मैले उहाँलाई वन्दना गर्नेछु" भनी जवाफ दिनु भयो । जुन कुरा **शुद्धोदन महाराजको** कानमा पनि पुग्यो ।

---

१. जा. अ. क. I-II पृ. ७३ : सन्तिकेनिदानं; अप. दा. अ. क. पृ. ७९ : निदान ।
यी आठ गाथाहरू उक्त ग्रंथमा उल्लेख भएको पाइँदैन ।
अपदानट्ठकथामा भने दश वटा गाथा भनी उल्लेख भएको छ ।

२. विशेष कुराको लागि हेर लेखकको बु. रा. भा-१ पृ. १३५-३९ मा ।

Downloaded from http://dhamma.digital/

# (यशोधराको खोपीतिर

अनि भुक्तानुमोदनादि सबै कार्य सिद्धिए पछि आसनबाट उठ्नु भई **शुद्धोदन महाराजालाई** पात्र समात्न लगाउनु भई, दुई अग्रश्रावकहरूका साथ[1] **शाक्यमुनि बुद्ध भगवान** राहुलमाता **यशोधरा देवीको** खोपीतिर जानलाग्नु भयो। खोपीभित्र पुग्नु भन्दा अगाडि दुबै **अग्रश्रावकहरूलाई** भगवान बुद्धले यसो भन्नुभयो-

"राजपुत्रीले आफ्नो इच्छानुसार ढोग्न लाग्दा उनलाई केही नभन्नू।"

यति पूर्व सूचना दिई भगवानबुद्ध दुइ **अग्रश्रावकहरू** र **शुद्धोदन** महाराजाका साथ **राहुलमाताको** खोपीभित्र पस्नु भई बिच्छ्याइराखेको आसनमा बस्नु भयो।

---

१. भगवान बुद्ध कपिलवस्तुमा आउनु हुँदा अग्रश्रावहरू साथमा आउनु भएका थिएनन्। न्यग्रोधाराममा यमकप्रातिहार्य देखाउनु भएको बेलामा उहाँहरू राजगृहको गृद्धकूट पर्वतमा हुनुहुन्थ्यो। बुद्धले यमकप्रतिहार्य देखाउनु भएको कुरा ध्यानबाट थाहापाउनु भएपछि महाकाश्यप स्थविर सहित ५०० भिक्षुहरूका साथ दुइ अग्रश्रावकहरू आकाश मार्गद्वारा कपिलवस्तुमा आउनु भएको थियो भन्ने कुरा बु. वं. पा. पृ. ३०१-०२, गा. नं. ४३-५९ मा समुल्लेख भएको छ। चरियापिटकट्ठकथाको निदान पृ. ५ मा पनि यो कुरा उल्लेख भएको छ। यमकप्रातिहार्य भनेको के हो भन्ने बारेमा धम्म. प. अ. क. पृ. ५५६; यमकपाटिहारियवत्थु बुद्धवग्गो; दी. नि. III. पृ. पाथिकसुत्तंमा पनि वर्णित भएका छन्। केही संक्षेप कुरा लेखकको बु. प. भा-१ पृ. २७ मा पनि उल्लेख भएको छ।

Downloaded from http://dhamma.digital/

"भगवान आफ्नो खोपीतिर आउँदै हुनुहुन्छ" भन्ने खबर पाई ६ वर्ष देखिको इच्छा पूर्ण गराउने आशा लिई काषायवस्त्र लगाई प्रतीक्षामा बसीरहनु भएकी **यशोधरादेवीले** आफूसँग बसेका ४० हजार नर्तकी स्त्रीहरूमध्येका एकहजार नब्बे जति क्षत्री कन्याहरू लगायत सबैलाई "काषाय-वस्त्र लगाउनू" भनी आज्ञा दिनु भयो र उनीहरू सबैले त्यस्तै गरे[1] । अनि बुद्ध भगवान आसनमा बस्ने बित्तिकै- बाँधी राखेको बाछ्रालाई फुकालिदिंदा दौडेर आमाको दूध पिउन जानेझैं- गहिरो स्नेहको भावुकतामा परी पृथग्जनताको कारणले गर्दा दौडेर उहाँले सुपुष्ट तथा गोल परेका गोलीगाँठा-अँगाली पाउमाथि शीर राखी इच्छा हुन्जेलसम्म उहाँले ढोगिरहनु भयो[2] । सबै स्त्रीहरू रुवावासी नै गर्न थाले । त्यो दृश्य देख्नेलाई यस्तो लाग्थ्यो कि मानो पाउ धोई पानी पिउने जस्तो गरी आफ्ना मोतीका दानाहरू जस्ता आँसुद्वारा बुद्धका कमलरुपी सुकोमल पाउहरू पखाल्नु भई सोही आँसुको प्रसादद्वारा आफ्नो शीर सिञ्चन गरी अभिषेक पाएको झैं सम्झी उहाँले आफ्नो जलेका हृदयलाई शीतल पार्नु भयो ।

त्यस अवर्णनीय वातावरणलाई हेर्दा पति र पत्नीको वियोग भई ६ वर्ष पछि भएको यस भेटले- बिछोड भएका पति र पत्नीको पुनर्मिलन जस्तो नभई कुनै भाइबहिनीहरूको पुनर्मिलन जस्तो लाग्दथ्यो । भनाइको मतलब त्यस स्तब्ध वातावरणमा सम्मिलित भएका कसैले पनि कुनै शब्द मात्र पनि उच्चारण नगरेका मात्र होइनन् यशोधरादेवीप्रति सहानुभूति राखी "न रोऊ !" सम्म पनि कसैले भन्न सकेनन् । त्यस समागममा यदि कुनै आवाज सुनिन्थ्यो भने, त्यो थियो- "सुँक्क सुँक्क गरी रोएको आवाज मात्र ।"

यसरी इच्छा तृप्त गरी शान्त वातावरणमा कुनै बिघ्नबाधा विना बुद्धको श्रीचरण कमलमा ढोग्न पाउनु नै **यशोधरादेवीको निमित्त** ठूलो सौभाग्यको कुरा हुन गएको थियो ।

---

१. जा. अ. क. V. पृ. ६ : चन्दकिन्नरजातकं, नं. ४८५

२. सम. पा. III. पृ. १०६०; जा. अ. क. I-II. पृ. ७४; अप. दा. अ . क. पृ. ८०

Downloaded from http://dhamma.digital/

## यो थियो नारी प्रति बुद्धको सहानुभूतिपूर्ण सम्मान ! !

साधारणतया स्नेहको कारणद्वारा शोक-सन्ताप हुन्छ भनी भनिन्छ। तर जब साधारण स्नेहको सीमा पार गरी असाधारण मैत्री-स्नेहको रुपमा परिणत हुन्छ तब त्यस प्रकारको मैत्री-स्नेहद्वारा शोक-सन्तापको बदला आत्मीयता र समझदारीपनलाई बढाई त्यसबाट न दुःख हुन्छ, न त सुख नै; हुन्छ भने शीतलता, प्रकाश, तटस्थता अनि समभावता।

जब **यशोधरादेवी** परसरी **शुद्धोदन** महाराजाको सुविनीता बुहारी तथा बुद्धका परम भक्तिनी सेबिका जस्ती भई आफ्नो स्थानमा बस्नुभयो तब कुरा चलाउनुहुँदै शुद्धोदन महाराजाले बुहारी राहुल माताको बयान सुनाउनु हुँदै बुद्धलाई यी कुराहरू भन्नुभयो।

"भन्ते ! यी मेरी बुहारी, तपाईले काषाय-वस्त्र धारण गर्नु भयो भन्ने खबर सुनेपछि यिनले पनि काषाय-वस्त्र धारण गरिन्। तपाईले फूलमालाहरू लगाउन छाड्नु भयो भन्ने खबर सुनेपछि यिनले पनि सबै गहनाहरू त्यागिदिइन्। तपाईले एकछाक बाहेक खानुहुन्न भन्ने कुरा सुने पछि यिनले पनि एकैछाक खान थालिन् तपाईले महान तथा उच्च शैय्या छाड्नु भयो भन्ने खबर सुनेपछि यिनी पनि एक साधारण खाट्मा सुत्न थालिन्। तपाई जानु भएदेखि यिनी विधवी जस्ती बसिन्। कति ज्ञाति-बन्धुहरूले 'हामीकहाँ आउनुहोस्, हामी हेरचाह गर्नेछौं' भनी अनेक कोसेलीहरू पठाए तर कसैको कुरा सुनिनन्, न त कसैको कोसेली नै स्वीकार गरिन्। तपाई बाहेक अरु कुनै प्रति पनि यिनको चित्त लागेको छैन। भगवान ! यस्ती शीलवती, सुविनीता तथा गुणभूषिता यी मेरी बुहारी छोरी हुन् !"

यसप्रकार बुद्धको अगाडि राजाले **यशोधरादेवीको** गुण वर्णन गर्दा बुद्धले- "महाराज ! तपाईको सुदृष्टिमा रही आरक्षा सम्पन्ना भई म बाहेक अरुमाथि चित्त नजानु तथा कसैले लैजान नसक्ने गरी बस्न सक्नु कुनै आश्चर्यको कुरो होइन। अघिल्लो एक जन्ममा अपरिपक्व ज्ञान भएको बेलामा तथा कुनै आरक्षा नभएका तिरश्चीन भएर जन्मेको बेलामा त म बाहेक अरु कसैसँग उनको चित्त गएको

Downloaded from http://dhamma.digital/

थिएन भने अहिले ज्ञान परिपक्व भएको बेलामा तथा तपाई जस्ताका सुदृष्टिमा रहेको बेलामा कसैसँग चित्त न जानु कुनै ठूलो कुरा होइन" भनी भन्नु हुँदै **चन्दकिन्नरजातक**[1] का कुराहरू सुनाई **यशोधरादेवीको** प्रशंसा गर्नु भई आसनबाट उठी भगवान **न्यग्रोधाराममा** फर्केर जानुभयो[2]।

यसै घटनालाई अनुस्मरण गर्नु हुँदै भिक्षुणी भइसकेपछि यशोधरा स्थविराले "**थेरीअपदानपालि**" मा स्वयं यसरी उल्लेख गर्नुभएको छ-

"हे वीर ! त्यस बखत क्षत्रीहरूको श्रेष्ठ अन्तःपुरमा मेरो उपकार लाई निर्दिष्ट गर्नु भई तपाईले यस्तो भन्नु भएको थियो- 'ती नारी उपकारिणी थिइन्, ती नारी सुख दुःखमा साथ थिइन्, ती नारी हितचिन्तक थिइन् र ती नारी अनुकम्पिका पनि थिइन्[1]।"

## अभ्यास-६

(१) महाभिनिष्क्रमण पछि राजकुमार सिद्धार्थको कहिले कपिलवस्तु आगमन भएको थियो ?

(२) बुद्ध कपिलवस्तु पुग्दा त्यहाँ कुन रुपमा स्वागत गरियो ?

(३) बुद्धको आगमनलाई यशोधराले शुद्धोदन महाराजालाइ कसरी बिन्ती जाहेर गरिन् ? त्यतिबेला महाराजले के प्रतिक्रिया व्यक्त गरे ?

(४) विभिन्न तरहले सुशोभित शाक्यसिंहलाई देखी सातवर्षीय राहुल कुमारलाई यशोधराले पिताको परिचय कसरी दिइन् ? अवस्थालाई समेत चित्रण गरी जवाफ लेख्नुहोस्।

(५) सबैले बुद्धलाई बन्दना गरी भेट्न गए, तर यशोधरा भने गएनन्। किन ?

---

१. जा. अ. क. I. पृ. ६ : चन्नकिन्नरजातकं, नं. ४८५।

२. जा. अ. क. I-II. पृ. ७४; जा. अ. क. क्ष पृ. ६; अप. दा. अ. क. पृ. ८०; सम. पा. III. पृ. १०६१ : राहुलवत्थु, महाखन्धकं।

१. थेरी. अप. दा. पा. पृ. २६५; यशोधराथेरीअपदानं. गा. नं. ७०-७१

Downloaded from http://dhamma.digital/

# राहुललाई कुरा सिकाए

**कपिलवस्तु** पुगेको सातौं दिनमा पनि बुद्ध भगवान राजदरबारमै भोजनार्थ जानुभयो । त्यस बखत राहरलमाता **यशोधरादेवीले** पुत्र राहुल कुमारलाई अलंकृत पारी निम्न कुराहरू सिकाई बुद्धकहाँ पठाउनु भयो[२] ।

"नानी ! यी बीसहजार श्रमणहरूका बीचमा बसिरहनु भएका तथा ब्रम्हवर्ण हुनु भएका श्रमणलाई हेर ! उहाँ तिम्रै पिताज्यू हुनुहुन्छ । उहाँसँग धेरै निधान गरिएका धनहरू थिए । तर उहाँले घर छाड्नु भएदेखि ती निधानहरू म देख्दिन । तिमी गएर उहाँसँग दायाद माग र ती धनहरू पनि यसरी माग- 'पिताज्यू ! म छत्र ओढी चक्रवर्ती राजा हुन चाहन्छु; मलाई धन चाहिएको छ; मलाई धन दिनुहोस् । छोरा नै बाबुको सम्पत्तिको उत्तराधिकारी हुन्छ' ।"

आमाको कुरा सुनी मनोहर तथा तेजिला भएका सातवर्षीय **राहुलकुमार**, कुमारलीलाले विशाल परिषद्का बीच निर्भीकरुपले गई बुद्ध बस्नु भएको नजिक एक छेउमा बसे । **राहुलकुमारको** बसाई परिषद्को निमित्त एक मनोहक दृश्य भएको थियो । बाबुको नजिक बस्दा बालक **राहुलकुमारलाई** पितृस्नेह पाएको अनुभव भई कुमारले "श्रमण ! तपाईको छाया मलाई अति सुख लाग्छ" (= सुखा ते, समणा, छाया[१]) भन्दै आफूलाई सुहाउँदो ढङ्गले कुरा गरिरहे । बुद्धको अगाडि

---

२. डा. विमलचरण लः को "A Study of the Mahavastu" को पृ. ९८ मा यशोधरादेवीले बुद्धको पात्रमा आफूले रोटी राखिदिन राहुल कुमारलाई बुद्ध कहाँ पठाएकी थिइन् भन्ने कुरा उल्लेख भएको छ ।

१. महा. व. पा. पृ. ८६ : राहुलवत्थु, महाखन्धकं ।

Downloaded from http://dhamma.digital/

बसी मुख ताक्दै "पिताज्यू ! मलाई धन दिनुहोस् । मलाई धन चाहिएको छ । छत्र ओढी म चक्रवर्ती राजा हुन चाहन्छु । आमाले तपाईसँग धेरै धेरै धन छ भनी भन्नु हुन्छ । पिताज्यू ! मलाई धन दिनुहोस् !" भन्दै अति प्रियकर ढङ्गले एक्लै फतफाताइरहे ।

भोजनकृत्य समाप्त भएपछि अनुमोदन गरी शाक्यमुनी बुद्ध भगवान आसनबाट उठी शुरु शुरु राजदरवारबाट बाहिर निस्कनुभयो । त्यसबखत ७ वर्षीय[1] राहुल कुमार पनि "दायाद दिनुहोस् ! दायाद दिनुहोस् !" भन्दै बुद्धसँग सँगै लागेर गए । बुद्धले **राहुलकुमारलाई** फर्काउनु भएन । बुद्धप्रतिको गौरवको कारणले गर्दा कसैले पनि **राहुलकुमारलाई** फर्काउने साहस गर्न सकेनन् ।

"यी राजकुमारले पिताको सम्पत्ति माग्दैछन् । जुन सम्पत्ति यिनी माग्दैछन् त्यो सांसारिक तथा बिघ्नपूर्ण छ । अतः यिनलाई किन मैले बोधिमण्डपमा पाएका सप्त-आर्य-धनहरू[2] नदिऊँ !" भन्ने विचार गर्नु भई **न्यग्रोधाराममा** पुगेपछि

---

१. पपं सू. III. पृ. ८५ : अम्बलट्ठिक राहुलोवादसुत्तवण्णना ।

२. सप्त आर्य-धन भनेका यी हुन्-
"सद्धा धनं सीलधनं, हिरी ओत्तप्पियं धनं ।
सुतधनं च चागो च, पञ्ञा वे सत्तमं धनं ॥
'यस्स एते धना अत्थि, इत्थिया पुरिसस्स वा ।
अदलिद्दोति तं आहु, अमोघं तस्स जीवितं ॥"

अर्थात्- स्त्री वा पुरुष जोसँग (१) श्रद्धा, (२) शील, (३) लज्जा, (=हिरी), (४) भय (=ओत्तप्प), (५) श्रुती, (६) त्याग तथा (७) प्रज्ञा धनहरू हुन्छन् उसलाइ दरिद्र भनी भन्दैनन् र उसको जीवन पनि मोघ (=खोक्रो) हुन्न । अं. नि- ७ पृ. १५५ : वित्थतसुत्तं, धनवग्गो ।

Downloaded from http://dhamma.digital/

**सारिपुत्र स्थविरलाई** बोलाइ **राहुल कुमारलाई** प्रव्रजित गराउन लगाउनु भयो[३]।

## गृहत्याग

**भगवान बुद्ध** कपिलवस्तुमा छउन्जेलसम्म उहाँले सँधै राजदरबारमै भोजन गर्नु भयो। **राहुल कुमारलाई** प्रव्रजित गर्नु अगाडि **नन्द राजकुमार** लाई प्रव्रजित गर्नु भएको थियो। त्यस पछि **शुद्धोदन** राजाको परिनिर्वाण भएको तथा **महाप्रजापति गौतमी** प्रव्रजित हुनु भएको आदि कुराहरू लेखकको बु. श्रावि. च. भा-१ पृ. १५ देखि ३० सम्ममा उल्लेख भएको छ। लेखककै **बुद्धकालीन राजपरिवार** भा-१ पृ. १३९-४३ मा पनि उक्त कुराहरू उल्लेख भएका छन्।

**महाप्रजापति गौतमी** वैशालीमा गई प्रव्रजित भइसक्नु भए पछि एक दिन, बुद्ध भगवान **श्रावस्तीमा** बसिरहनु भएको बेलामा राहुलमाता **यशोधरादेवीले** यस्तो सोच्नु भयो-

"मेरा स्वामी प्रव्रजित भई सर्वज्ञ बुद्ध हुनु भयो। मेरा पुत्र पनि प्रव्रजित भई बुद्धसँगै बसेका छन्। म मात्रै घरगृहस्थीमा बसेर के गरुँ! बरु प्रव्रजित भएर **श्रावस्तीमा** गई नित्यप्रति **सम्यक्सम्बुद्धको** पनि पुत्र **राहुलको** पनि सुख हेरी बस्ने छु[१]।

---

३. सम. पा. III. पृ. १०६१-६२; जा. आ. क. I-II. पृ. ७५; अप. दा. अ.क . पृ. ८०; यस घटना सम्बन्धीका मूलसूत्र महा. व. पा. पृ. ८६ मा उल्लेख भएका छ र जसको अनुवाद लेखकको बु. रा. भा-१, पृ. १४३ मा गरिएको छ।

१. "सत्थरि पन सावत्थिं उपनिस्साय विहरन्ते राहुलमाता देवी 'सामिको मे पब्बजित्वा सब्बञ्ञुतं पत्तो। पुत्तो पि मे पब्बजित्वा तस्सेव सन्तिके वसति। अहं

Downloaded from http://dhamma.digital/

यति सोच्नुभई राजदरबार त्यागी वैशालीको भिक्षुणी निवासस्थानमा (भिक्खुनी उपस्सयमा) गई उहाँ भिक्षुणी हुनु भयो । पछि आचार्य र उपाध्यायहरूसँगै **श्रावस्तीमा** गई शास्ता र पुत्र **राहुल श्रामणेरको** मुख हेर्दै एक भिक्षुणी निवासस्थानमा बस्नु भए भनी अब्भन्तर जातकले उल्लेख गरेको छ ।

प्रव्रजित भए देखिनै "**भद्दकच्चाना स्थविरा**" भन्ने नामद्वारा उहाँ प्रसिद्ध हुनु भयो[३] ।

उहाँ, कसकहाँ प्रव्रजित हुनुभयो भन्ने विषयको सम्बन्धमा कतै पनि प्रष्ट शब्दमा उल्लेख भएका नपाइएता पनि **अङ्गुत्तरनिकायट्ठकथा**[४] अनुसार "**राहुल मातापि जनपद कल्याणीपि थेरिया सन्तिकं गन्त्वा पब्बजि**" भन्ने वाक्यद्वारा भने उहाँ पनि **महाप्रजापति गौतमी** स्थविरा कहाँ गई प्रव्रजित हुनु भएको हो भन्ने

---

अगारमज्झे किं करिस्सामि । अहम्पि पब्बजित्वा सावत्थिं गन्त्वा सम्मासम्बुद्धस्स पुत्तञ्च निबद्धं पस्समाना विहरिस्सामी' ति चिन्तेत्वा भिक्खुनी उपस्सयं गन्त्वा पब्बजित्वा...।" जा. अ. क. I-II. पृ. ६३९: अब्भन्तरजातकं नं. २८१ यो जातकको अनुवाद लेखकको जा. सं. भा-४ पृ. ४४ मा भएको छ ।

२. "...भिक्खुनी उपस्सयं गन्त्वा पब्बजित्वा...सावत्थिंगत्वा एकस्मिं भिक्खुनी उपस्सये वासं कप्पेसि ।" जा. अ. क. I-II. पृ. ६३९ : अब्भन्तरजातकं, नं. २८१

३. "सा पब्बजितकालतोपट्ठाय भद्दकच्चानाथेरीतेव पाकटा अहोसि ।" अं. नि. अ. क. I. पृ. २०५ : एककनिपातवण्णना ।

४. अं. नि. अ. क. I. पृ. २०५ : एककनिपातवण्णना, भद्दकच्चानाथेरी ।

Downloaded from http://dhamma.digital/

कुराको संकेत पाइन्छ। किनभने नन्दा स्थविरा महाप्रजापति गौतमी स्थविरा कहाँ गई प्रव्रजित भएको कुरा उहाँको चरितबाट[१] प्रष्ट बुझिन्छ।

फेरि **अङ्गुत्तरनिकायट्ठकथा** मै "**सुद्दोदन महाराजस्स परिनिब्बुतकाले महापजापति गोतमिं राहुलमातरञ्च निक्खमित्वा सत्थु सन्तिके पब्बजिताति ञत्वा**[२]..." भन्ने नन्दा स्थविराको वाक्यद्वारा भने **महाप्रजापति गौतमी** पनि **यशोधरादेवी** पनि बुद्ध कहाँ प्रव्रजित भएका हुन् भन्ने कुराको आभास पाइन्छ।

माथि उल्लेख भएका **अब्भन्तरजातकको** वर्तमान कथानुसार भने उहाँ **वैशालीमा** गई प्रव्रजित हुनु भएका कुरा प्रष्ट बुझिन्छ।

जोसँग भिक्षुणी भए पनि उहाँ **वैशालीमा** प्रव्रजित भई त्यहाँबाट **श्रावस्तीमा** जानु भएको कुरामा भने भिन्नता छैन। अत: "श्रावस्तीमा गएँ भने त्यहाँ बुद्ध भगवानको पनि छोरा **राहुलकुमारको पनि** सँधै मुख हेर्न पाइने छ" भनी सोची प्रव्रजित भइसके पछि उहाँ आफ्ना आचार्य उपाध्यायहरूका साथ **वैशालीबाट** श्रावस्ती जानु भएको कुरा अब्भन्तरजातकमा उल्लेख भएको छ। **श्रावस्तीमा** पुगेपछि एक भिक्षुणी निवासस्थानमा बसिरहनु भएको बेलामा उहाँले विदर्शनाध्यान गरी अरहत्व प्राप्त गर्नु भयो। अरहत्वका साथसाथै उहाँले महाभिज्ञा ध्यानमा पनि पूर्णवशीत्व प्राप्त गर्नु भयो। एकै आसनमा बसी एकै आवर्जनद्वारा उहाँको एकलाख कल्प अधिक असंख्य[३] कल्पहरूका कुराहरूलाई पनि अनुस्मरण गर्न सक्नु

---

१. हेर लेखकको बु. श्रावि. च. भा-१, पृ. ४०९-१३ नन्दा स्थविरा परिचयमा।

२. अं. नि. अ. क. I. पृ. १९८ : एककनिपातवण्णना, नन्दाथेरी।

३. दीपङ्कर बुद्धका पालादेखि कौडिन्य भगवानको पालाका अन्त सम्मलाई एक

Downloaded from http://dhamma.digital/

हुन्थ्यो[२] । थेरी अपदानको भनाइ अनुसार दुइ हप्ता भित्रै उहाँले अरहतफल प्राप्त गर्नु भएको थियो ।

---

असंख्य कल्प भन्दछन् । यसै क्रमानुसार असंख्य कल्पहरूको गिन्ति गरिएको छ । त्यस्तै, कुनै कल्पमा एक मात्र बुद्ध पनि हुन्छन् कुनै कल्पमा दुइ तीन बुद्धहरू पनि हुन्छन् । जस्तै यस भद्रकल्पमा क्रकुछन्द, कोणागमन तथा काश्यप बुद्धहरू बितिसके । वर्तमानमा शाक्यमुनि बुद्ध हुनुहुन्छ तथा भविष्यमा मैत्री बुद्ध हुनेछन् । यी सबै भद्रकल्पका बुद्धहरू हुन् । बु. वं. पा. पृ. ३८१-८३; अरु विशेष कुरा जान्न चाहनेले अं. नि-४ पृ. १५० : कप्पसुत्तं, अ. क. II. पृ. ५३७, चरि. पि. अ. क. पृ. ९-१३; बु. वं. पा. पृ. ३८१ : बुद्धपकिण्णककण्डं, अ. क. पृ. २४६; दी. नि. अ. क. II. पृ. ९६-९७ : महापदानसुत्तवण्णनामा पनि हेर्नू ।

२. "एकपल्लङ्केन निसिन्ना, एकावज्जेन कप्पसतसहस्साधिकं असंख्येय्यं अनुस्सरति ।" अं. नि. अ.क. I. पृ. २०५ : एककनिपातवण्णना, भद्दाकच्चाना ।

पूर्वजन्मका कुरा क-कसले कति अनुस्मरण गर्न सक्छन् र कति समयका सम्म कुरा अनुस्मरण गर्न सक्छन् भन्ने विषयमा सुमं. वि. II. पृ. ९४ : महापदानसुत्तवण्णनाले यसो उल्लेख गरेको छ-संक्षेपमा : तीर्थियहरूले, श्रावकहरूले, प्रत्येकबुद्धहरूले र बुद्धहरूले अनुस्मरण गर्न सक्छन् ।

(१) कर्मवादमा श्रेष्ठ प्राप्त तीर्थियहरूले ४० कल्प भन्दा बढता अनुस्मरण गर्न सक्दैनन् ।
(२) श्रावकहरूले १ लाख कल्पसम्म अनुस्मरण गर्न सक्छन् ।
(३) दुइ अग्रश्रावकहरूले १ असंख्य र १ लाख कल्पसम्म अनुस्मरण गर्न सक्छन् ।
(४) प्रत्येक बुद्धहरूले २ असंख्येय र १ लाख कल्पसम्म अनुस्मरण गर्न सक्छन् ।
(५) बुद्धहरूको यतिसम्म भन्ने सिमाना छैन । जति चाहनुहुन्छ उति अनुस्मरण गर्न सक्नुहुन्छ । बढी विस्तृत कुराको निमित्त उपर्युक्त अर्थकथामा हेर्न सक्नुहुन्छ ।

Downloaded from http://dhamma.digital/

उहाँले भैं असंख्य कल्पहरूका कुराहरू अनुस्मरण गर्न सक्ने पुरुषहरू बुद्धशासनमा उहाँ समेत चारजना मात्र छन् । जस्तै- **सारिपुत्र महास्थविर, मौद्गल्यायन महास्थविर, बक्कुल महास्थविर** तथा **यशोधरा स्थविरा**[1] । यस्तालाई महाभिज्ञा प्राप्त भनी भन्दछन् । यस्ता पुरुष केवल चारजना मात्र छन् ।

असंख्य कल्पहरूका कुराहरू अनुस्मरण गर्न सक्ने गुणलाइ नै ध्यानमा राख्नु भई भगवानले उहाँलाई **श्रावस्तीमा** महाभिज्ञालाभी भिक्षुणीहरूमध्येमा अग्रछिन् भन्ने औपचारिक घोषणा गर्नु भएको हो[2] । जुन कुरा तल "**अग्रस्थान**" शीर्षकको मूल सूत्रले समुल्लेख गरेको छ ।

## अभ्यास-७

(१) भगवान स्वयं यशोधराको खोपी (कोठा) मा पुग्नुहुँदाको अवस्थालाई आफ्नै शैलीमा चित्रण गर्नुहोस् ।

(२) छ वर्ष पछिको त्यो हृदय विदारक मिलन घडीलाई यहाँले कुन रुपमा चर्चा गर्नुहुन्छ ? लेख्नुहोस् ।

(३) 'नारीप्रति बुद्धको सहानुभूतिपूर्ण सम्मान' यस कथनलाई सप्रसङ्ग सहित व्याख्या गर्नुहोस् ।

(४) सुविनीता बुहारी राहुलमाताको बारेमा शुद्धोदन महाराजले बुद्धलाई के कुरा वर्णन गरेका थिए ? लेख्नुहोस् ।

(५) यशोधराको वर्णन सुनेर भगवान बुद्धले जवाफमा के भन्नुभयो ?

(६) यशोधराले राहुललाई के कुरा सिकाई बुद्धकहाँ पठाइन् ? नाबालक कुमारको प्रस्तुती शैलीलाई पनि प्रकाश पार्नुहोस् ।

(७) 'सप्त-आर्य-धन' भन्नाले के कुरालाई बुझाउँछ ?

(८) 'दायाद दिनुहोस्' भनी आएको राहुललाई के दायाद दिइयो ? लेख्नुहोस् ।

---

१. अं. नि. अ. क. I. पृ. २०४ : एककनिपातवण्णना, भद्दाकच्चाना ।

२. अं. नि अ. क. I. पृ. २०५

Downloaded from http://dhamma.digital/

# राहुलद्वारा मातृ-उपस्थान

**जातकट्ठकथा**[1] **अनुसार श्रावस्तीमा** बसिरहनु भएकी **राहुलमाता** स्थविरालाई समय समयमा **राहुल श्रामणेर** हेर्न जानु हुन्थ्यो ।

एक दिन, **राहुल श्रामणेर** आमा कहाँ जानुहुँदा **राहुलमाता स्थविरा** बाहिर निस्कल नसकी उहाँले एक भिक्षुणीलाई खबर पठाउनु भयो । ती भिक्षुणी आई **राहुल श्रामणेरलाई** वायु प्रकोपको कारणले गर्दा राहुलमाता स्थविराको पेट दुखिरहेको कुरा सुनाएपछि श्रामणेर भित्र गई "आमा ! तपाईलाई केको आवश्यकता छ ?" भनी सोद्धा स्थविराले- "पुत्र ! अघि घरमा बस्दा सखर राखेको आँपको रसपान गर्दा मेरो पेटको वायु साम्य भई पेट सन्चो हुन्थ्यो । अब भिक्षाटन् गरी जीवन बिताउनेहरूलाई कहाँबाट त्यस्तो पाउनु र !" भनी भन्नु भए पछि "आमा ! पाउनसकेमा ल्याउने छु" भनी दुःखी भई श्रामणेर बाहिर निस्कनु भयो ।

यसो हेर्दा **राहुल श्रामणेरलाई** के नपुग थियो होला भन्ने जस्तो हामीलाई लाग्न सक्छ । किनभने **धर्मसेनापति महास्थविर** जस्ता उहाँको उपाध्याय हुनुहुन्छ, **महामौद्‌गल्यायन महास्थविर** जस्ता उहाँको आचार्य हुनुहुन्छ, **आनन्द महास्थविर** जस्ता उहाँको कान्छा बाबु हुनुहुन्छ र स्वयं **बुद्ध भगवान** उहाँको पिता नै हुनु हुन्छ । तर यो दुःखको कुरा पोख्न उहाँ न बाबु हुनु भएका बुद्ध कहाँ जानुभयो, न त आचार्य हुनु भएका **महामौद्‌गल्यायन महास्थविर** कहाँ नै जानुभयो । श्रमण जीवनको नियमानुसार उपाध्याय नै शिष्यको सुख दुःखको जिम्मेवार हुन्छ, उपाध्याय नै प्रमुख हुन्छ । त्यसैले उहाँ आफ्नै उपाध्याय **सारिपुत्र महास्थविर** कहाँ गई अँध्यारो मुख पारी वन्दना गरी एक छेउमा उभिइ रहनु भयो ।

"श्रामणेर ! तिम्रो मुख अँध्यारो जस्तो छ नि, किन ?"

"भन्ते ! मेरी आमालाई सन्चो छैन । वायु प्रकोपको कारणले पेट दुखिरहेछ । 'तपाईलाई के चाहिन्छ ?' भनी सोध्दा उहाँले 'घरमा बस्दा सखर मिसाएको आँपको रस-पान गर्दा पेट दुखेको निको हुन्थ्यो; तर अब भिक्षाद्वारा जीविका गर्नेहरूले कहाँबाट त्यस्तो पाउनु र !' भनी भन्नु हुन्छ" भनी विनीतपूर्वक सुनाउनु भयो ।

---

१. जा. अ. क. II. पृ. ६३९ : अब्भन्तरजातकं, नं. २८१

Downloaded from http://dhamma.digital/

अनि महास्थविरले "श्रामणेर ! चिन्ता नगर, पाउनेछौं" भनी भन्नुभयो । भोलिपल्ट भिक्षाजाने बेलामा श्रामणेरलाई लिई श्रावस्ती नगरमा गई श्रामणेरलाई आसन-शालामा राखी महास्थविर एक्लै राजदरबारमा जानुभयो ।

महास्थविर आइरहनु भएको देखी वन्दना गरी **कौशल राजाले** उहाँलाई आसनमा बसाल्नु भयो । अनि राजाले उद्यानपाललाई अन्हाई तुरन्तै राम्रा सुस्वादिला तथा ताजा एक ढक्की आँप ल्याउन लगाई, आफैले आँपको बोक्रा छिल्की, आफैले सखर मिलाई मुछी स्थविरको पात्रभरी आँपको रस राखिदिए । महास्थविर पात्र भरी आँपको रस लिई आसनबाट उठी सरासर आसन-शालामा गई "ल लेउ श्रामणेर !" भनी श्रामणेरलाई दिनुभयो । श्रामणेरले लगी आमा स्थविरालाई दिनुभयो । त्यो रसपान गरेपछि स्थविराको वायु समन भई पेट दुखेको निको भयो ।

**सारिपुत्र महास्थविर** आँपको रस लिई आसनबाट उठी जानु भएको देखेर राजाको मनमा शंका उठ्यो कि महास्थविरले शायद यो आँपको रस कसैलाई दिनको निमित्त लैजानु भएको त होइन ? अनि राजाले एक पुरुषलाइ बोलाई "यो रस महास्थविरले के गर्नु हुँदो रहेछ राम्ररी बुझेर आऊ" भनी आज्ञा दिए ।

सो पुरुष महास्थविरको पछि पछि लागी उहाँले सो रस **राहुल श्रामणेरलाई** दिनु भएको र राहुल श्रामणेरले आफ्नी आमा **यशोधरा स्थविरालाई** दिएको समेत कुरा बुझी राजाकहाँ गई सबै कुरा बिनित गऱ्यो ।

यो घटनाको कुरासुनी राजाको मनमा कस्ता कस्तो लाग्यो र विस्मित भई यस्तो सोचे-

"अहो आश्चर्य ! यदि शास्ता घरमै बसिरहनु भएको भए उहाँ चक्रवर्ती राजा हुनुहुने थियो होला, **राहुल श्रामणेर** परिनायक-रत्न अर्थात् प्रमुख सेनापति हुनु हुने थियो होला, **यशोधरा स्थविरा** स्त्री-रत्न अर्थात् अग्रमहिषी भई बहामहारानी हुनुहुने थियो होला । यी राज्यहरू सबै उहाँहरूकै अधीनमा रहने थिए होलान् र हामीहरू सबै उहाँहरूकै परिचारक भई बस्नु पर्ने थियो होला । तर आज उहाँहरू सबै प्रव्रजित भई हामीहरूको आश्रयलिई बस्नुभएको छ । यस्तो अवस्थामा हामीहरू उहाँहरूप्रति अप्रमादी भएर बस्नु सक्नुपर्छ ।"

Downloaded from http://dhamma.digital/

संवेगपूर्ण यति सोची राजाले त्यस बेलादेखि **यशोधरा स्थविराकहाँ** सधैं आँपको रस पठाउन थाले ।

"**सारिपुत्र महास्थविरले बिम्बादेवीको** ठूलो उपकार गर्नुभयो" भन्ने कुरा व्यापकरुपमा चर्चाको विषय हुन थाल्यो । यसै सन्दर्भमा भगवानले **सारीपुत्रको वर्णना** गर्नुभई भिक्षुहरूलाई "भिक्षु हो ! अहिले मात्र होइन, अघि अघिका जन्महरूमा पनि सारिपुत्रले यस्तै गरी राहुलमाताको उपकार गरेका थिए" भन्नु हुँदै **अब्भन्तर-जातकको**[1] अतीत कुराहरू परिषद्लाई सुनाउनु भयो ।

अर्को एक समयमा, **यशोधरा स्थविरा श्रावस्तीमा** बसिरहनु भएको बेलामा यस्तै घटना घट्न गयो । यस बखत **सारिपुत्र महास्थविरले राहुल श्रामणेरको कुरा** सुनी नौ प्रकारका खारेका घ्यूहरू मिसाइएको रोहित माछ्राको रस र मार्सी चामलको भात (=सालिभत्तं) ल्याई **राहुल श्रामणेरलाई** दिनुभयो । श्रामणेरले आमा स्थविरालाई दिनुभयो र सो भोजन खाए पछि स्थविराको पेट निको भयो । यो कुरा सुनेर **कोशल राजाले** त्यस दिन देखि स्थविराकहाँ उपरोक्तकारको भोजन सधैं पठाउन थाले[2] ।

## अभ्यास-८

(१) यशोधराले किन आफूपनि भिक्षुणी हुने विचार गरिन् ? भिक्षुणी भएपछि उनी कुन नामले परिचित भए ?

(२) राहुलमाता स्थविराले के ज्ञान प्राप्त गरिन् ?

(३) राहुलमातालाई राहुल श्रामणेरले कसरी सेवा गरेका थिए ? प्रष्ट रुपमा लेख्नुहोस् ।

(४) सारिपुत्र महास्थविरले बिम्बादेवीको ठूलो उपकार कसरी गर्नुभयो ?

---

१. जा. अ. क. I-II. पृ. ६३९, नं. २८१ यो जातक लेखकको आ. संस भा-४ : पृ. ४४ मा अनुाद भएको छ ।

२. जा. अ. क. I-II. पृ. ६६४ : सुपत्तजातक नं. २९२ यो जतक पनि लेखकको जा. सं. भा-४ पृ. ६१ मा अनुदित भएको छ ।

Downloaded from http://dhamma.digital/

# सम्बन्धको शुरुवात्

**यशोधरा देवी र सिद्धार्थ** बोधिसत्वका बीच अहिले मात्र दाम्पत्य जीवनको सम्बन्ध रहेको होइन अपितु असंख्य कल्प अघिदेखि नै रहि आएको कुराहरू **जातक साहित्यको** अध्ययनबाट अबबोध हुन्छ।

एक समय, अठहत्तर (७८) वर्षकी[३] **राहुलमाता** स्थविरा राजगृहको एक भिक्षुणी-निवासस्थानमा बसिरहनु भएको बेलामा उहाँले आफू परिनिर्वाण हुने समय आएको कुरा बुझ्न भई **राजगृहमै** बसिरहनु भएका भगवान बुद्धकहाँ गई आफू परिनिर्वाण हुने कुराको सूचना दिनु हुँदै भगवानसँग क्षमा प्रार्थना गरी वर्तमान तथा अतीतका केही कुराहरू सुनाउँदै बताउनु भएका "**थेरीअपदान**" का कुराहरू अध्ययन गर्दा थाहा पाइन्छ कि बुद्धसँग उहाँको सम्बन्ध कहिले देखि शुरु भएको रहेछ।

एकलाख चार असंख्य कल्पहरू[१] अघि **दीपङ्कर बुद्धको** पालामा **थेरीअपदानपालि**[२] अनुसार उहाँ **सुमित्रा** भन्ने ब्राम्हणी भई जन्मिनु भएको थियो।

---

३. हेर तल "यशोधरा स्थविरापदान" शीर्षको गा. न. ९-१०

१. बु. वं. पा. पृ. ३०५ : सुमेधपत्थनाकथा।

२. थेरी अप. दा. पा. पृ. २६३ : यशोधराथेरी अपदानं, गा. नं. ५२

Downloaded from http://dhamma.digital/

त्यस बखत अमर वा अमरवती[३] भन्ने नगरमा **दीपङ्कर बुद्ध** आउनु भएको थियो र त्यसै बेला **दीपङ्कर बुद्धको** ब्राम्हणी-कन्या हातमा आठवटा पद्मका फूलहरू लिई बुद्धको दर्शनार्थ आएकी थिइन्। त्यसबखत मार्ग सफा गरिरहेका **सुमेध** ब्राम्हणलाई देखी उनको हृदय सुमेध प्रति आकर्षित भई आफ्नो हातका आठवटा फूलहरूमध्ये पाँचवटा फूलहरू **सुमेधलाई** दिएर "यस कर्मद्वारा बोधि प्राप्तिको निमित्त तपाईसँग समागम हुन पाओस्[४] भन्ने कामना गरिन्। यहीं देखि नै यशोधरा-देवीको सिद्धार्थ बोधिसत्वसँग सम्बन्धको शुरुवात् भएको हो।

**दीपङ्कर बुद्ध** भगवानले पनि उनीहरूका बीच भविष्यमा परस्पर सुसम्बन्ध रही परस्पर सहयोगी भई **सुमित्रा** सुमेधकी सुप्रिया **समचारिणी** हुनेछन् भन्ने भविष्यवाणी मात्र नगरी **सुमेध ऋषिलाई** यहाँदेखि असंख्य असंख्य कल्प पछि बुद्ध हुनेछन् भन्ने कुराको समेत ब्याकरण (=भविष्यवाणी) गर्नु भएको थियो[१]। यी कुराहरू तलको "**यशोधरा स्थविरापदान**" शीर्षकको गा, नं. ४९-५७ मा अनुवाद भएको छ।

यसरी अनन्त संसार-स्रोतमा यशोधरादेवी र सिद्धार्थ बोधिसत्वका बीच पहिलोपटक भेट्घाट् **दीपङ्कर बुद्धको** पालामा भएको हो।

---

३. बु. वं. अ. क. पृ. ५५ : सुमेध कथा।

४. "तेन सद्धिं समा होन्तु, बोधित्थाय तवं इसे" थेरी. अप. दा. पा. पृ. २६४ : यशोधराथेरीअपदानं, गा. नं. ५७।

१. "अपरिमेय्यितो कप्पे, बुद्धो लोके भविस्सति" बु. वं. पा. पृ. ३०९ : सुमेधपत्थानाकथा, गा. नं. ६१

Downloaded from http://dhamma.digital/

बुद्धले बुद्धत्व प्राप्त नगरुन्जेलसम्म **यशोधरादेवीले** उहाँको साथ दिई- कहीले बहिनी, कहिले पत्नीभई उहाँको उपकारिणी हुनुभयो । यी कुराहरूको निदर्शनकोनिमित्त केही सम्बन्धित जातकका कुराहरू अर्थात् अतीत जन्मका कुराहरू संक्षेपमा यहाँ उल्लेख गरेको छु ।

## अतीत सम्बन्धका कुराहरू

(१) **अनुसोचियजातकं**[२] । यस जातकका कुराहरू भगवान बुद्ध श्रावस्तीमा बसिरहनु भएको बेलामा भार्या मरेको कारणले शोक गरिरहेका एक कुटुम्बको कारणमा भन्नु भएको हो ।

अतीतकालमा वाराणसी देशमा ब्रम्हदत्त राजाले राज्य गरिरहेको बेलामा **बोधिसत्व** (=शाक्यमुनिबुद्ध हुने) एक ब्राम्हण कुलमा जन्मिनु भएको थियो । **तक्षशिलामा** विद्याध्ययन गरी फर्केर आए पछि आमा बाबुहरूले उहाँको इच्छा नहुँदा नहुँदै **सम्मिल्लभाषिणी** भन्ने एक ब्राम्हण कुमारीसँग विवाह गरि दिए । एकै कोठामा, एकै खाट्मा सुतेर पनि उहाँहरूले मैथुन सेवन नगरी मानो कुनै ब्रम्हचारी भिक्षु वा श्रमणहरूले झैं ब्रम्हचर्य जीवन बिताउनु भएको थियो । आमा बाबुहरू देहान्त भएपछि उहाँहरू दुबै प्रव्रजित भएर जानुभयो ।

केही समय पछि परिव्राजिकालाई रगत बग्ने रोग लाग्यो । एक दिन, परिव्राजिकालाई साथमा लिई एक सत्तलमा राखी परिव्राजक भिक्षाटनको निमित्त शहरमा जानुभयो । भिक्षाटन्बाट फर्केर आउँदा परिव्राजिका मरिरहेको देखी आफ्नो

---

२. "जा. अ. क. III. पृ. ६५, नं. ३२८ यो जातक लेखकको जा. सं. भा-२, पृ. ४९ अनुवाद भएको छ ।

Downloaded from http://dhamma.digital/

भोजनकार्य समाप्त गरी मुख कुला गरिसकेपछि गर्नु पर्ने दाहकार्य गर्न थाल्नु भयो ।

सुन्दर रुप भएकी परिव्राजिका मरेको हेर्न त्यहाँ भेला भइरहेका मानिसहरूले "यी परिव्राजिका तपाईको को पर्छिन्" भनी सोद्धा बोधिसत्वले "अघि घरमा छँदा मेरो पादपरिचारिका हुन्" भनी जवाफ दिनुभयो । 'आफ्नी पत्नी मरेर पनि तपाई रुनु हुन्न" भनी भन्दा उहाँले "बाँचुन्जेलसम्म मेरो सम्बन्ध थियो; मरिसके पछि अहिले के को सम्बन्ध र, यसमा रुनुपर्ने नै के छ र !" भनी जवाफ दिनुभयो ।

यस जन्ममा **समिल्लभाषिणी** परिव्राजिका **राहुलमाता** र परिव्राजक स्वयं बुद्ध हुनुहुन्थ्यो ।

(२) **आदित्तजातक**[1] । यस जातकका कुराहरू भगवान बुद्ध श्रावस्तीमा बसिरहनु भएको बेलामा **प्रसेनजित् कोशल** राजाले **अशदृश दान**[2] दिएको सम्बन्धमा बताउनु भएको हो ।

अतीतकालमा भरत भन्ने राजा थिए । उनी अति दानी थिए । उनकी अग्रमहिषी **समुद्रविजया** पनि दानी तथा बुद्धिमानी थिइन् । उनीहरूले दिएको दानको अनुमोदन गर्नु हुँदै **प्रत्येकबुद्धले** यसो भन्नु भयो-

---

१. जा. अ. क. III. पृ. ३३३, नं. ४२०

२. 'अशदृश-दान' भनेको कस्तो हो भन्ने कुरा धम्म. प. अ. क. पृ. ५३८ को असदिसदानवत्थु, लोकवग्गमा समुल्लेख भएको छ । त्यस्तैगरी सुमं. वि. II. पृ. ३७६ : महागोविन्दसुत्तवण्णनामा पनि उल्लेख भएको छ ।

Downloaded from http://dhamma.digital/

"आदित्तस्मिं अगारस्मिं, यं नीहरति भाजनं ।
तं तस्स होति अत्थाय, नो च यं तत्थ डय्हति ॥"

अर्थात्- आगो लागेको घरबाट जुन वस्तुहरू बाहिर निकाल्छन् उनै वस्तुहरू पछि उसको काममा आउँछन्, आगोमा परेका वस्तुहरू होइनन् ।

यस जन्ममा पनि **समुद्रविजया राहुलमाता** र **भरतराजा** स्वयं बुद्ध हुनुहुन्थ्यो ।

(३) उदयजातक[1] यस जातकका कुराहरू भगवानले एक उत्कण्ठित भिक्षुको कारणमा बताउनु भएको हो ।

अतीतकालमा सुरुन्धन नगरमा काशीराजाले राज्य गर्दैथिए । सो र ाजाका सन्तानहरू नभएकाले एक दिन, महारानीलाई "सन्तानको निमित्त प्रार्थना गर ।" भनी भने । **बोधिसत्व** ब्रम्हलोकबाट च्युतभई महारानीको कोखमा जन्मिनु भयो । सबैलाई हर्षोदय गराउँदै जन्मेको हुँदा **"उदयभद्र"** भनी उहाँको नामकरण गरे । अर्को एक प्राणी पनि ब्रम्हलोकबाट च्युत भई राजाकी अर्की महिषीको कोखमा बालिका भई जन्मिन् । उनलाई **"उदयभद्रा"** भन्ने नामकरण गरे ।

पछि राजाले पुत्रलाई राजा बनाउने इच्छा गरी उनलाई विवाह गरिदिने कुरा गर्दा उदयभद्र राजकुमार मानेनन् । अन्तमा बाबु आमाहरूको जिद्दीबाट मुक्त हुने विचार गरी एक सुवर्णको रुप बनाई "यस्ती स्त्री पाएमा विवाह गर्नेछु" भनी भने । त्यस्ती स्त्री खोज्न पठाउँदा कहीं पनि नपाएपछि उदयभद्रा राजकुमारी त्यस्तै

---

१. जा. अ. क. IV. पृ. १२८, नं. ४५८

Downloaded from http://dhamma.digital/

राम्री स्त्री भएकीले राजकुमारको इच्छा विना नै उनीसँगै विवाह गरी राज्यमा राखे ।

उहाँहरू दुबै ब्रम्हलोकबाट च्युत भएर आएका प्राणीहरू भएका हुँदा विवाह भएर पनि दुबैले मैथुन रहित ब्रम्हचर्य जीवननै बिताउनु भयो ।

यस जन्ममा पनि **उदयभद्रा राहुलमाता** र **उदयभद्र** स्वयं बुद्ध हुनुहुन्थ्यो ।

(४) **कुम्भकारजातकं**[1] । यस जातकका कुराहरू भगवान बुद्धले क्लेश- निग्रहको सम्बन्धमा बताउनु भएको हो ।

अतीतकालमा **वाराणसीमा** ब्रम्हदत्त राजाले राज्य गरिरहेका थिए । त्यसबखत **बोधिसत्व** द्वारागाउँमा एक कुमालेको कुलमा जन्मिनु भयो । उहाँका एक पुत्र र एक पुत्री थिए ।

त्यस बखत सो कुमालेले- (१) **कलिङ्ग राष्ट्रको**[2] **दन्तपुर** नगरका **करण्डु** भन्ने राजा, आँपको एक रुखमा फलहरू पाकिरहेको बेलामा सबैले आँप टिपेर खाएको र फल नहुँदा रुखलाई कसैले वास्ता नगरेको देखेर- यसै कारणलाई

---

१. जा. अ. क. III. पृ. २६५, नं. ४०८

२. भरतसिंह उपाध्यायको बु. भा. भू. पृ. ४९३ अनुसार कलिङ्ग राष्ट्र भनेको गोदावरी नदीदेखि लिएर महानदीसम्मको इलाकालाई बुद्धयुगमा 'कलिङ्ग' भन्दथे भन्ने कुराका साथ 'दन्तपुर' भन्ने नगर को सम्बन्धमा अहिलेसम्म कुनै निर्णय भएको छैन भन्ने कुरा पनि उल्लेख गरेका छन् । त्यस्तै गरी उहीं पृ. ४९३-९४ मा यस सम्बन्धमा धेरै छलफल गरिएको छ ।

Downloaded from http://dhamma.digital/

ध्यानमा राखी प्रव्रजित भएका; (२) गन्धार राष्ट्रको[३] **तक्षशिला**[४] नगरका **नग्गज्जि** भन्ने राजा, गरिरहँदा उसको हातबाट कुनै आवाज नआएको र पछि दाहिने हातको चुरी बाँया हातमा लगाउँदा त्यसबाट आवाज निस्केको सुनी- यही कारणद्वारा प्रव्रजित भएका; (३) विदेह राष्ट्रको **मिथिला** नगरका **निमिराजा**, झ्यालबाट हेरिरहँदा एक बाजले मासुको पसलबाट एकटुक्रा मासु टिपी लग्दा उसलाई अनेक गिद्धहरू तथा चराहरूले लखेटिरहँदा उसले मासु टुक्रा खसालेपछि सबै चराहरू मासुको पछि लागी उसलाई कसैले पनि न लखेटेको देखी-यसै कारणले प्रव्रजित भएका तथा (४) उत्तर पञ्चाल राष्ट्रको **कम्पिल** नगरका **दुम्मुख** भन्ने राजा झ्यालमा बसिरहेका बेलामा गोठालाले गोठ खोलिदिंदा एक साँढेले कामरागको कारणले एक गाईलाई लखेट्न थाल्यो र एक अर्को साँढेले पनि उसलाई लखेट्न जाँदा त्यो साँढेलाई आफ्नो तीखो सिंङ्ले भुँडीमा हान्दा उसको आन्द्रा निस्की ऊ उहीं ठहरै मरेको देखेर यसै कारणले प्रव्रजित भएका- यी चारै प्रत्येक बुद्धहरूसँग उहाँहरू प्रव्रजित भएका कारणहरू सोध्दा ती चारैजनाले कारण बताए पछि घरफर्की आफ्नी स्त्रीलाई आफू प्रव्रजित भएर जाने कुरा कुमालेले सुनाए। यो कुरा सुनी पुरुषभन्दा अघि आफू प्रव्रजित हुने विचार गरी पानी लिन भनी घरबाट निस्केपछि उहीबाट ती स्त्री प्रव्रजित भएर गइन्।

पछि कुमाले पनि बालकहरू केही ठूला भएपछि छोरा र छोरीलाई एक नातेदारकहाँ जिम्मा लगाई आफू प्रव्रजित भएर गए।

---

३. गन्धार राष्ट्र भन्नाले स्वात नदीदेखि लिएर झेलम नदीसम्मलाई मात्र सकिन्छ भनी भरतसिंह उपाध्यायले बु. भा. भू. पृ. ४५०-५१ मा उल्लेख गरेका छन्।

४. 'तक्षशिला' भन्ने आजकल पञ्जाबको रावलपिंडी जिल्लामा तक्सिला स्टेशन निर पर्छ भनी G.D. पृ. २०० मा उल्लेख भएको छ।

Downloaded from http://dhamma.digital/

**यस जन्ममा पनि परिव्राजकका स्त्री राहुलमाता र परिव्राजक कुमाले स्वयं बुद्ध हुनुहुन्थ्यो ।**

(५) **कुम्मास पिण्डजातकं**[1] । यस जातकका कुराहरू भगवान बुद्धले **मल्लिकादेवीको** कारणमा बताउनु भएको हो ।

अतीत समयमा **बोधिसत्व** अत्यन्त दरिद्रकुलमा जन्मिनु भएको थियो । एक दिन, आफूसँग भएका कुल्मासपिण्ड (= साधारण खाना) **प्रत्येकबुद्धलाई** दान दिनु भएको पुण्यको प्रभावले सोही नगरमै पछि राजकुलमा जन्मी राजा हुनुभयो ।

**यस जन्ममा उहाँलाई जातिस्मरण-ज्ञान उत्पन्न भएको थियो ।**

यो जन्ममा पनि उहाँकी महारानी **राहुलमाता** नै हुनुहुन्थ्यो र राजा पनि स्वयं बुद्ध नै हुनुहुन्थ्यो ।

(६) **कुरुधम्मजातकं**[2] । यस जातकका कुराहरू भगवान बुद्धले एक हाँसलाई ढुङ्गाले हानी मारेको एक भिक्षुको कारणमा बताउनु भएको हो।

यस जातकमा पञ्चशील पालनको वर्णन पाइन्छ । राजारानीहरूले पञ्चशील पालन गर्दथे । राजाहरू पनि दानी थिए । पञ्चशीलको सन्देशबाट **कलिङ्ग राष्ट्रको** दुर्भिक्षकहरू दूर भएर गएका थिए । स्यानो कारणमा पनि राजाहरूले "के मेरा शीलहरूमा त्रुटी त भएनन् ?" भन्ने सन्देह तथा शङ्का गर्दथे । राजाका सबै परिवारहरूले पनि पञ्चशील पालन गर्दथे ।

---

१. जा. अ. क. III. पृ. २८७, नं. ४१५

२. जा. अ. क. I-II. पृ. ६३२, नं. २७६

Downloaded from http://dhamma.digital/

यस जन्ममा कुरुराजाकी महारानी **राहुलमाता** र **कुरुराजा** स्वयं बुद्ध हुनुहुन्थ्यो ।

(७) **कुसजातक**[1] । यस जातकका कुराहरू भगवान बुद्धले एक उत्कण्ठित भिक्षुको कारणमा बताउनु भयो ।

अतीत समयमा **मल्लराष्ट्रको**[2] **कुशावती** राजधानीमा ओक्काक भन्ने राजाले गर्दथे । राजाकी बडामहारानी शीलवती महारानी थिइन् ।

**बोधिसत्व कुश राजकुमारको** नामले शीलवती बडामहारानीको कोखमा जन्मिनु भयो । राजकुमारको जयम्पति भन्ने एक सद्दे भाइ पनि थिए ।

**कुश** राजकुमारको विवाह मद्रदेशका राजाकी आठ छोरीहरू मध्ये सबभन्दा जेठी छोरी **प्रभावती** राजकुमारीसँग भयो **कुश राजकुमारको** अनुहार कुरुप थियो । त्यसैले नेपालमा कुश राजकुमारलाई **'बीरकुश'** राजकुमार पनि भन्दछन् । **प्रभावतीदेवी** अति सुन्दरी थिइन् । विवाह हुने बेलामा **शीलवती** महारानीले सोचिन् कि मेरो छोराको अनुहार कुरुप छ । अतः शायद राजकुमारलाई देखेर **प्रभावती** फर्केर जान सक्छिन् । त्यसो हुनाले महारानीले पहिले नै केही उपाय गर्नुपर्छ भन्ने सोची **मद्र राजालाई** यसो भनिन्-

---

१. जा. अ. क. VI. पृ. १४१ नं. ५३१

२. बुद्धको पालामा मल्ल राज्य दुइ भागमा विभाजित भएका थिए । एउटा कुशीनगर र अर्को पावा । यस सम्बन्धमा भरतसिंह उपाध्यायले बु. भा. भू. पृ. ३१५-२१ मा छलफल गरी देखाएका छन् ।

Downloaded from http://dhamma.digital/

"महाराज ! **प्रभावती** कुमारीलाई लिएर त जानेछ तर एक कुरा मान्नु भएमा मात्र । त्यो हो- हाम्रा राजपरम्पराअनुसार विवाह भएर छोरा नपाएसम्म राजकुमारीले मेरो छोरालाई दिनमा हेर्न सक्ने छैनन् । रातमा पनि बत्ती नभएको कोठामा मात्र । यी कुरा राजकुमारीलाई मान्य छ भने विवाह हुनेछ ।"

यो कुरा सुनी **मद्रराजाले प्रभावतीसँग** सोध्दा राज़कुमारीले "हुन्छ" भनी भने पछि विवाहमङ्गल सम्पन्न भयो ।

विवाह भएको धेरै समय नबित्दै **कुशराजकुमारले** आमालाई **प्रभावतीको** मुख हेर्ने इच्छा भएको कुरा भन्दा **शीलवती** महारानीले छोरालाई धैर्यदिई हात्तीसारमा देखाउने छु भनी प्रभावतीलाई त्यहाँ लगिन् । अर्को एक समयमा तबेलामा लगी देखाइन् ।

**प्रभावती** देवीले पनि शीलवती महारानीसँग राजकुमारको मुख हेर्ने इच्छा भएको कुरा बिन्ति गर्दा महारानीले धैर्यलिई एक दिन राजकुमारलाई हात्तीमा चढाई शहर घुमाउन लगाइन् । यसै बेला **शीलवती** महारानीले बुहारीलाई राजकुमार देखाइन् । तर हात्तीको पछाडि उभिएर गएको पछुवाको हस्तविकार तथा मुखविकार आदि देखेर **प्रभावतीको** मनमा केही शङ्का उठ्न थाल्यो र आफ्नी दाशी **खुज्जालाई** "हात्तीबाट को अगाडि ओर्लिन्छ, हेरेर आऊ" भनी अह्राइन् ।

उता पछुवा भई हात्तीको पछाडि उभिई गएका राजकुमार हात्तीबाट ओर्लिनु भन्दा अगाडि चारैतिर हेर्दा **खुज्जालाई** देखेर उसलाई "**प्रभावतीलाई** नभन्नू" भन्ने कडा चेतावती दिई राजकुमार हात्तीबाट ओर्लिए पछि भाइ **जयम्पति** राजकुमार पनि सिंहासनबाट उठी ओर्लिए । खुज्जाले **कुशराजकुमारको** आज्ञालाई पालन गरी ।

Downloaded from http://dhamma.digital/

अर्को एक दिन, बगैंचाको पोखरीमा क्रीडा गर्न जाँदा कमलको पात मुनीबाट सोही पछुवा भएर गएका पुरुषले नै आफूलाई पोखरीमा समातेको समेत कारणहरूलाई ध्यानमा राख्दा **प्रभावती** देवीको मनमा "निश्चय नै विरुप अनुहार भएका पुरुष नै **कुशराजकुमार** हुनुहुन्छ" भन्ने निश्चय भए पछि राजकुमारी माइतीघरतिर लागि हालिन् । **प्रभावती देवी** माइतीघर गएदेखि **कुशराजकुमार** सारै चिन्तित मात्र नभई अति विरक्त भई आमाको वचन लिई राजकुमार देवीलाई फर्काई ल्याउन **मद्रदेशमा** गए ।

मद्रराजाको दरबारभित्र पुग्ने उपायसोची राजकुमारले बीणा वादकको भेष, चित्रकारीको भेष, कुमालेको भेष, नलकारको भेष, मालीको भेष अनि भान्सेको समेत गुप्त भेष लिए । अन्तमा भान्सेको भेषद्वारा राजदरबारमा मात्र होइन प्रभावतीको भान्से हुन समेत पुगे ।

**प्रभावतीको** भान्से भई मद्रराजाको निमित्त पनि खाना पकाउन थाले **कुशराजकुमार** छद्मभेष लिई राजदरबारमा आइपुगेको कुरा प्रभावतीलाई मात्र थाहा थियो । अतः राजकुमारले पकाएका खानाहरू **खुज्जालाई** दिई आफूले उसको खाना खान्थिन् । यति मात्र होइन राजकुमार दरबारमा आएदेखि **प्रभावती देवी** खाटमा पनि सुत्दैनथिन् । प्रेमको कारणले र प्रभावतीको मुख हेर्ने आशाले राजकुमारले खर्पनमा खाना बोकी प्रभावती कहाँ पुऱ्याउन जाने काम पनि गर्न थाले । तैपनि राजकुमारले **प्रभावतीसँग** भेट गर्न सकेनन् । ल्याएको खाना खुज्जाले नै लिन्थी । **बोधिसत्वको** अनन्त जीवनकालमा यस जन्ममा जस्तो उहाँले अरु जन्महरूमा प्रेमको कारणले त्यति कष्ट सहनु भएन होला ।

यस्तैगरी प्रभावतीसँगको भेट विना नै समय बित्दै गए पछि एक दिन **कुशराजकुमारले** कोही नभएको मौकापारी खान-पान बोकी लगिरहेको बेलामा

Downloaded from http://dhamma.digital/

जानाजान खर्पन सहित आफू भऱ्याङबाट लडे । लडेको आवाज सुनी कोठामा एक्लै बसिरहेकी **प्रभावतीको** हृदय ढुक् ढुक् हुन थालेको मात्र नभई "सुकुमार राजकुमार भऱ्याङबाट लडेर कुनै अवान्छनीय दुर्घटना त भएन !" भन्ने कल्पना गरी मन थाम्न नसकी हत्तरपत्त कोठाबाट बाहिर निस्की खर्पनले थिची घोप्टो परिरहेका राजकुमार कहाँ गई हातले समाती उठाउन लाग्दा राजकुमारले **प्रभावतीलाई** अँगाली चुम्बन गरी उनको मुखभरी थुकिदिए । कसैले देख्ला भन्ने डरले हत्तरपत्त लाजले कोठाभित्र पसी दैलोको खापा आधा उघारी दैलो मै उभिई राजकुमारीले यसो भनिन्-

"हे देव ! इच्छा नगर्ने सँग इच्छा गर्नेको अभिवृद्धि हुँदैन, त्यसैले कामना नगर्नेसँग कामना नगर्नुहोस्; जो अनुरक्त हुन्छ उसैसँग अनुराग गर्नुहोस्[१] ।"

उसको जवाफमा राजकुमारले यस्तो भने-

"मन पर्नेहोस् वा मन नपर्नेहोस् यदि कसैले प्रेम पाउन सक्छ भने प्रेम पाउनु नै खुशीको कुरा हो, न पाउनु दुःखको कुरा हो[२] ।"

अनि **प्रभावती** देवीले आशा देखाएर कुरा गर्दा मलाई मुश्किल पर्नेछ, अतः

---

१. "अब्भू हि तस्स भो होति, यो अनिच्छन्तमिच्छति ।
अकामं राज कामेहि, अकन्तो कन्तमिच्छसि ॥"
जा. अ. क. VI. पृ. १५४

२. "अकामं वा सकामं वा यो नरो लभते पियं ।
लाभमेत्थ पसंसामि, अलाभो तत्थ पापको ॥"
जा. अ. क. VI. पृ. १५४

Downloaded from http://dhamma.digital/

निष्ठुरी जस्तो भई "कडा शब्द प्रयोग गरेमा मात्र राजकुमार फर्केर जानुहुनेछ" भन्ने विचार गरी निम्न कुरा भनिन्-

"काठको टुक्राले ढुङ्गामा खाल्टो खन्ने झैं र जालमा हावालाई पोको पार्ने झैं इच्छा नहुनेसँग तपाई इच्छा गर्नु हुन्छ[1] ।"

राजकुमार भन्दछन्-

"त्यसोभए के त तिम्रो हृदय कोमलताबाट दूर भई ढुङ्गा जस्तो सारो भइसकेको छ त ? राज्य समेत छाडी त्यत्तिको टाढाबाट आएर पनि मैले तिमीबाट कुनै रसीला वचनसम्म पनि सुन्न पाइन । साँच्चै नै तिमीले कोमल हृदयमा ढुङ्गा राखेकी होउल्यौ[2] ।

"जब तिमीले मलाई आक्रोश गरी वचन सुनाउँछ्यौ तब मद्रराजाको दरबारमा तिम्रो भान्से झैं सम्झन्छु, जब तिमीले मलाई प्रशंसा गरी स्नेहपूर्वक वचन

---

१. "पासाणसारं खणसि, कणिकारस्स दारुना ।
वातं जालेन बाधेसि, यो अनिच्छन्तमिच्छसि ॥"
जा. अ. क. VI. पृ. १५४

२. "पासाणो नून ते हदये, ओहितो मुदुलक्खणो
यो ते सोतं न विन्दामि, तिरोजनपदागतो ॥"
जा. अ. क. VI. पृ. १५४

Downloaded from http://dhamma.digital/

सुनाउँछ्यौ तब म तिम्रो भान्से नभई **कुशावतीको राजा** संझन्छु[१] ।"

"जति जति मैले कठोर वचन सुनाउँछु उति उति झन् उहाँले ममाथि आसक्त गरी कुरा गर्नुहुन्छ, निराश हुने गरेर नै उहाँलाई बताउनुपर्‍यो" भन्ने सोची राजकुमारीले निम्न कुरा भनिन्-

"यदि ज्योतिषहरूका कुराहरू साँच्चै हुन् भने मलाई सात टुक्रा पार्नु भए पनि म तपाईंकी पत्नी हुने छैन[२] ।"

यसको उत्तरमा राजकुमारले पनि यस्तो भने-

"यदि अरुका कुरा सत्य हो भने मेरो कुरा पनि सत्य हो- सिंहसमान कुश बाहेक कुनै पनि तिम्रो अरु पनि छैन[३] ।"

---

१. "यदा मं भुकुतिं कत्वा, राजपुत्ति उदिक्खसि ।
आलारिको तदा होमि, रञ्ञो मद्दस्स थीपुरे ॥
"यदा उम्हयमाना मं, राजपुत्ति उदिक्खसि ।
नालारिको तदा होमि, राजा होमि तदा कुसो ॥"
जा. अ. क. VI. पृ. १५४ : कुसजातकं, नं. ५३१

२. "सवे हि वचनं सच्चं, नेमित्तानं भविस्सति ।
नेव मे त्वं पति अस्स, कामं छिन्दन्तु सत्तधा ॥"
जा. अ. क. VI. पृ. १५४

३ "सचे हि वचनं सच्चं, अञ्ञेसं यदि वा मम ।
नेवतुय्हं पति अत्थि, अञ्ञे सीहस्सरा कुसा ॥"
जा. अ. क. VI. पृ. १५५

Downloaded from http://dhamma.digital/

अनि **प्रभावतीदेवी** "राजकुमारसँग कुरा गरेर साध्य छैन" भन्दै दैलो थुनी कोठाभित्र गइन् ।

यसरी मद्रराजाको दरबारमा प्रेमिकाको कारणले सात महिनासम्म कष्टभोगी अन्तमा राजकुमारी लिई विजयमङ्गलोत्सव गरी **बोधिसत्व** राज्यमा फर्कनु भयो ।

यस जन्ममा पनि **प्रभावतीदेवी राहुलमाता** नै र **कुशराजकुमार** स्वयं बुद्ध नै हुनुहुन्थ्यो ।

(८) **खण्डहालजातक**[1] । यस जातकका कुराहरू भगवान बुद्धले **देवदत्तको** कारणलाई लिएर **गृद्धकूट पर्वतमा** भन्नु भएको हो ।

एक सयम वाराणसीको नाम पुष्पवती भन्ने रहेको थियो । त्यस समय त्यहाँ एकराज नामक राजाले राज्य चलाउँदै थिए । राजाका पुत्र **चन्द्रकुमार बोधिसत्व** हुनुहुन्थ्यो । चन्द्रकुमार उपराजा थिए । खण्डहाल भन्ने ब्राम्हण राजपुरोहित थिए । यिनले घूस खाएर जनतालाई सारै कष्ट दिन्थे । चन्द्रकुमार उपराजाले निष्पक्ष न्याय-निसाप गरेको प्रशंसा सुनी राजाले चन्द्र कुमारलाई नै न्याय-निसाप गर्ने कार्यभार सुम्पिदिए । यसबाट घूस खान नपाएकोले **खण्डहाल पुरोहित ब्राम्हण** निक्कै असन्तुष्ट भए । यसैको इबीले गर्दा उनले चन्द्रकुमारलाई यज्ञको बहाना बनाई मार्ग लगाउने षडयन्त्र रचे । किन्तु त्यसको फलस्वरुप अन्तमा आफै मारिनु पर्‍यो ।

चन्द्रकुमारकी चन्द्रदेवी महिषी राहुलमाता, पुत्र

---

१. जा. अ. क. VII. पृ. १११, नं. ५४२

Downloaded from http://dhamma.digital/

तथा सहोदर बहिनी सेला कुमारी उत्पलवर्णा भिक्षुणी थिए । खण्डहाल पुरोहित ब्राम्हण देवदत्त थिए र चन्द्र कुमार स्वयं बुद्ध हुनुहुन्थ्यो ।

(९) **गङ्गमालजातकं**[1] । यस जातकका कुराहरू भगवानले उपोसथ-व्रतको कारणलाई लिई **जेतवन विहारमा** बताउनु भएको हो ।

एक समय **बोधिसत्व वाराणसीमा** एक दरीद्रकुलमा जन्मिनु भएको थियो । त्यस नगरमा **सुचिपरिवार** भन्ने एक दानी तथा धनी सेठ थिए । अनि सो दरिद्र **बोधिसत्व** ती सेठको घरमा नोकरी गर्न जानुभयो ।

एक उपोसथको दिनमा, उपोसथ-ब्रत बस्ने दिन हो भन्ने कुरा थाहा नपाएको र उहाँलाइ कसैले पनि नभनेको हुनाले सँधैं झैं विहान सबेरै काम गर्न गई साँझपख फर्केर आउँदा खाने ठाउँमा अरु दिनहरूमा झैं धेरै मानिसहरू नदेखी सोध्दा "अघिनै खाना खाई उपोसथ-शील समादान गरी सबै उपोसथिक भई बसेका छन्" भन्ने कुरा सुनी "त्यसोभए अहिलेसम्म पनि उपोसथ-व्रत पालन गर्न सकिन्छ के ?" भनी सेठसँग सोध्दा "पूरा फल पाउने नभई आधा फल पाउने **उपोसथ ब्रत** हुनेछ" भन्ने कुरा सुनी "त्यति भए पनि फल पाउने छु" भन्ने विचार गरी **बोधिसत्वले उपोसथ-शील** समादान गर्नुभयो ।

दिनभरी केही नखाएको कारणले गर्दा चूपीले रोपेको जस्तै भई पेट दुखेर रातभरी सासना खाई बिहान पख मर्न लाग्दा उहाँलाई ओसारीमा राखे ।

त्यसबखत **वाराणशीका राजा** आफ्नो श्रीसम्पत्तिको प्रभावका साथ रथमा बसी गइरहेको देखी राजाको श्रीसम्पत्ति माथि बोधिसत्वको आँखा लागी "त्यस्तै

१. जा. अ. क. III. पृ. ३१५, नं. ४२१

Downloaded from http://dhamma.digital/

हुन सकूँ" भन्ने आशा गर्नु भयो । यसै क्षणमै उहाँको मृत्यु भयो र अर्ध **उपोसथ-व्रतको** प्रभावद्वारा **बोधिसत्वले** सोही राजाकै अग्रमहिषीको कोखमा प्रतिसन्धि ग्रहण गर्नु भयो । पछि **वाराणसी** देशका उदय राजा हुनु भयो । यस जन्ममा पनि उहाँलाइ **जातिस्मरण-ज्ञान** उत्पन्न भएको थियो ।

यस जन्ममा उहाँकी आमा हुने **महामायादेवी** हुनुहुन्थ्यो, अग्रमहिषी हुने **राहुलमाता** नै हुनुहुन्थ्यो तथा उदय राजा हुने स्वयं बुद्ध हुनुहुन्थ्यो ।

(१०) **चक्कवाकजातकं**[१] । यस जातकमा चखेवा, चखेवी र कौवाका कुराहरू उल्लेख भएका छन् । चखेवी हुने **राहुलमाता** र चखेवा हुने स्वयं बुद्ध हुनुहुन्थ्यो । कौवा हुने एक लोभी भिक्षु थिए । जसको कारणले गर्दा भगवानले यस जातकका कुरा भन्नुभएको थियो ।

(११) **चन्दकिन्नरजातकं**[२] । यस जातकका कुराहरू **राहुलमाताकै** कारणलाई लिई कपिलवस्तुको राजप्रासादमा भगवान बुद्धले **शुद्धोदन** महाराजालाई सुनाउनु भएको हो ।

एक जन्ममा **बोधिसत्व** हिमाल प्रदेशमा किन्नर योनीमा जन्मिनु भएको थियो । उहाँको नाम **चन्द्र** थियो । **चन्द्रा** भन्ने किन्नरी उहाँकी अतिप्रिया पत्नी हुनुहुन्थ्यो । उहाँहरू दुबै **चन्द्र पर्वतमा** बस्नु हुन्थ्यो ।

एक दिन उहाँहरू चन्द्र पर्वतबाट ओर्ल्ही एक नदीको किनारै किनारबाट गई

---

१. जा. अ. क. IV. पृ. ९५, नं. ४५१

२. जा. अ. क. V. पृ. ५, नं. ४८५

Downloaded from http://dhamma.digital/

बालुवा भएको नदीको किनारमा क्रीडा गरी रसरङ्ग गरी पछि फूलहरूको ओछ्यान बनाई त्यसमा बसी **चन्द्र किन्नर बोधिसत्वले** वीणा बजाई गीत गाउनु भयो र **चन्द्रा किन्नरीले** पनि रागयुक्त चित्तले गीत गाई नाच्नु भयो ।

त्यस समय **वाराणसीका राजा** हिमालतिर घुम्दै सोही नदीको किनारै किनारको बाटो लिइ आउँदै थिए । मधुर गीत स्वर सुनी आवाज नसुन्ने गरी विस्तारै विस्तारै आई एक ठाउँमा लुकी ती किन्नर र किन्नरीहरूलाई गीत गाई अत्यन्त आसक्तपूर्ण लीलाले नाचिरहेको देखेर राजाको मन किन्नरी माथि आसक्त भई राजाले किन्नरलाई बाण प्रहार गरे ।

वीणा बजाई गीत गाइरहेको किन्नरलाई बाण लागी "अब मेरी पत्नीलाई कति दुःख हुनेछ होला" भन्ने चिन्ता गरी विलाप गर्दै बेहोश भई किन्नर उहीं लड्यो । किन्नरीले आफ्नो पतिलाई बाण लागेको कुरा चाल पाउन सकिनन् र के भएको रहेछ भनी यता उता हेर्दा बाण धसिएको ठाउँबाट रगत आइरहेको देखी बाण लागेको कुरा थाहा पाई बेस्करी रुन थालिन् । यत्तिकैमा लुकिरहेका राजाले "किन्नर मर्‍यो होला" भन्ने सोची लुकेको ठाउँबाट निस्केका राजालाई देखी **चन्द्रा किन्नरीले** "यिनले नै हानेका होलान्" भन्ने सोची डराई पहाडतिर भागिन् । अनि त्यहाँबाट किन्नरीले राजालाई अनेक प्रकारले निन्दा गर्न थालिन् । राजाले किन्नरीलाई अनेक किसिमले फकाउन लाग्दा किन्नरीले- "हे राजा ! निरपराधी मेरा प्राणपतिलाई बाण हान्ने तिम्रो हुनुभन्दा म मरेर नै जानेछु" भन्दै खूब विलाप गरिन्[१] ।

---

१. "अपिनूनहं मरिस्सं, न च पनाहं राजपुत्त तवहेस्सं ।
यो किम्पुरिसं अवधि, अदूसकं मय्हकामा भिनी ॥"
जा. अ. क. V. पृ. ८ : चन्दकिन्नरजातकं ।

Downloaded from http://dhamma.digital/

राजा निराश भई फर्केर गइसकेपछि किन्नरी पुनः आफ्नो प्राणपति कहाँ आई, पतिलाई अनेक प्रकारले आलिङ्गन गरी, अनेक सत्यकृया गर्दै सारै नै विलाप गरिन्। यसै विलाप र सत्यकृयाको प्रभावले गर्दा अन्तमा आफ्नो पतिलाई होशमा ल्याई बचाइन्।

यस जन्ममा पनि **चन्द्रा किन्नरी** हुने **राहुलमाता** नै हुनुहुन्थ्यो र चन्द्र किन्नर हुने स्वयं बुद्ध हुनुहुन्थ्यो।

(१२) **चम्पेयजातकं**[२]। **उपोसथ-व्रतको** कारणमा भगवानले यस जातकका कुराहरू बताउनु भएको हो। यस जातकमा **बोधिसत्व चम्पेय्य नागराजा** भई जन्मिनु भएको थियो र **राहुलमाता सुमना** भन्ने नागकन्या भई जन्मिनु भएको थियो। नागराजा भएर पनि **उपोसथ-व्रत** पालन गरेका कुराहरू यस जातकमा वर्णित भएको छन्।

(१३) **चुल्लबोधिजातकं**[३]। यस जातकका कुराहरू भगवानले एक रिसाहालु भिक्षुको कारणलाई लिएर बताउनु भएको हो।

अतीत समयमा **बोधिसत्व** ब्रम्हलोकबाट च्युत भई **वाराणसीमा** एक ब्राम्हण कुलमा जन्मिनुभएको थियो। **तक्षशिलामा** गई विद्या अध्ययन गरी फर्केर आएपछि उहाँका आमा बाबुहरूले बोधिसत्वको इच्छाको विरुद्ध ब्रम्हलोकबाटै च्युत भएकी एक ब्राम्हण कन्यासँग विवाह गरिदिए। विवाह भएता पनि उहाँहरूले यस

---

२. जा. अ. क. V. पृ. १३४, नं. ५०६

३. जा. अ. क. V. पृ. ६०, नं. ४४३, यो जातक लेखकको जा. सं. भा-३ पृ. १२५ मा अनुवाद भएको छ।

Downloaded from http://dhamma.digital/

जीवनमा त के स्वप्नमा पनि मैथुन सेवनको अनुभव गर्नु भएको थिएन। अतएव विवाहित भएर पनि उहाँहरूले मैथुन सेवन विना अत्यन्त परिशुद्ध ब्रम्हचर्य पालन गरी जीवन बिताउनु भयो।

आमा बाबुहरूको देहान्त भएपछि उहाँहरू दुबै जना प्रव्रजित भएर जानुभयो। १० वर्षसम्म हिमाल खण्डतिर कन्दफलफूलहरू खाई उहाँहरूले जीवन बिताउनु भयो। तर ध्यान भने प्राप्त गर्न सक्नु भएन। एकदिन लोणम्बिल-रस सेवन गर्नको निमित्त उहाँहरू दुबै वाराणसीको एक उद्यानमा गई बस्नुभयो। अनि उहाँहरूलाई **वाराणसीका राजाले** देखी "यी परिव्राजिका तपाईकी को पर्छिन् ?" भनी सोध्दा परिव्राजक **बोधिसत्वले** "महाराज ! मेरी कोही पर्दिनन्; हो, हामी एक साथमा प्रव्रजित भएका हौं र गृहस्थी छँदा यिनी मेरी गृहिणी थिइन्" भन्ने जवाफ सुने पछि राजाले "परिव्राजिकालाई कसैले लगेमा तपाईलाई कस्तो लाग्ने छ त ?" भनी सोध्दा **बोधिसत्वले** "महाराज ! मलाई केही पनि लाग्ने छैन, केही भएर मनमा द्वेषभाव आए तापनि त्यसलाई मनमा टिक्न दिने छैन" भनी भनेको सुनी राजाले "परिब्राजिकालाई बल-जफत् गरेर भए पनि दरबारमा लिएर आउनू" भनी आज्ञा दिए। राजकर्मचारीहरूले त्यसै अनुसार परिव्राजिकालाई लिएर जान लाग्दा बोधिसत्वले एकैपल्ट मात्र टाउको उचाली हेर्नु भयो र त्यसपछि हेर्नु पनि भएन। दरबारमा पुगे पछि परिव्राजिकालाई राजाले अनेक प्रकारले प्रलोभन देखाउँदा पनि उहाँले प्रव्रजित जीवनकै वर्णन सुनाउनु भयो। त्यस पछि राजाले उता " बोधिसत्व के गरिरहनु भएको रहेछ" भन्ने विचार गरी हेर्न जाँदा बोधिसत्व आफ्नो फाटेको वस्त्र सिउँदै हुनुहुन्थ्यो। राजा आएको देखी यसो शीर उचालि एकपल्ट हेरी पुनः बोधिसत्व सिउने काम मै लाग्नु भयो। यो देखेर राजाले "रिसाउने छैन, रिस राख्ने छैन भनी भन्नु भएका तपाई त खूब रिसाउनु भई तलतिर मुखपारी बस्नु भएको छ नि !" भनी भन्दा बोधिसत्वले "महाराज ! रिसबाट कहिल्यै भलो हुन्न, रिस गर्नाले कुभलो नै हुन्छ; रिसाहालुको चित्त सधैं

Downloaded from http://dhamma.digital/

आगोले पोलेको जस्तो हुन्छ र नरिसाउनेले सँधै चित्त शान्त तथा शीतल हुन्छ" भनी अनेक प्रकारले क्रोधको दोष देखाई मैत्रीपूर्वक उपदेश गर्नु भयो । यो उपदेश सुनी अति प्रभावित भएका राजाले आफूले गरेको अपराध माथि क्षमा मागी त्यहाँदेखि उहाँहरू दुवै जनाको अत्यन्त भक्तिपूर्वक सेवा-टहल गर्न थाले । परिव्राजिकाको मृत्यु भएपछि **बोधिसत्व** पुनः हिमालतिर नै जानुभयो ।

यस जन्ममा पनि परिव्राजिका हुनु भएकी **राहुलमाता** नै हुनुहुन्थ्यो र परिव्राजक हुनु भएका स्वयं बुद्ध नै हुनुहुन्थ्यो ।

(१४) **चुल्लसुतसोमजातकं**[1] । यस जातकका कुराहरू भगवान बुद्धले **नैष्क्रम्य** पारमीको कुरालाई लिई बताउनु भएको हो ।

अतीत समयमा **वाराणसी** देशको **सुदर्शन** भन्ने राजाकी अग्रमहिषीको कोखमा **बोधिसत्वले** जन्म लिनु भएको थियो । उहाँको नाम '**सोम**' भन्ने रहेको थियो । विद्याविशारद तथा श्रुतसम्पन्न हुनु भएकोले पछि उहाँलाई '**सुतसोम**' (= श्रुतसोम) भन्न थाले । **चन्द्रावेवी** उहाँकी अग्रमहिषी हुनु हुन्थ्यो ।

यस जातकमा उहाँले ठूलो परित्याग गर्नु भएका कुराहरूको वर्णन पाइन्छ । वस्तु-सम्पत्तिको त्याग मात्र होइन गृहत्याग समेत गर्नु भएको र उहाँका सबै परिवारहरूले पनि गृहत्याग गरेका थिए ।

यस जीवनमा पनि **चन्द्रादेवी** हुनु भएकी **राहुलमाता** नै हुनुहुन्थ्यो र सुतसोम राजा हुनु भएका स्वयं बुद्ध हुनुहुन्थ्यो । उहाँका माता हुनु भएकी महामायादेवी र

---

१. जा. अ. क. IV. पृ. ५८, नं. २२५

Downloaded from http://dhamma.digital/

पिता हुनु भएका **शुद्धोदन** राजा हुनु हुन्थ्यो । जेठो छोरो हुनु भएका **सारिपुत्र स्थविर** र कान्छो छोरो हुनु भएका राहुल कुमार हुनु हुन्थ्यो धाइ हुने **खुज्जुत्तरा** उपासिका थिइन् । कुलवर्धक सेठ हुने **महाकाश्यप स्थविर**, **महासेनगुप्त** हुने **महामौद्गल्यायन** तथा **सोमदत्त** हुने **आनन्द स्थविर** हुनु हुन्थ्यो । अरु परिषद् हुने पनि बुद्ध परिषद् नै थिए ।

(१५) **जयद्दिसजातकं**[1] । यस जातकका कुरहरू भगवानले **मातृपोषक** एक भिक्षुको कारणमा बताउनु भएको हो ।

अतीत समयमा कम्पिल राष्ट्रमा उत्तरपञ्चाल भन्ने राजा थिए । उनकी अग्रमहिषीको कोखमा बोधिसत्व काँहिला पुत्र भई जन्मिनु भएको थियो । उहाँको नाम **जयद्दिस** थियो । उहाँकी अग्रमहिषी हुनु भएकी **राहुलमाता** नै हुनु हुन्थ्यो र **जयद्दिस राजा** हुनु भएका स्वयं बुद्ध हुनुहुन्थ्यो ।

यस जातकमा **बोधिसत्वले** आफ्ना बाबुको ज्यान बचाउनेको निमित्त आफ्नो ज्यान अर्पण गरी नरभक्षी यक्ष कहाँ जानुभई यक्षको परीक्षा गर्दा- उसका आँखाहरू राता नभएका, आँखाहरू झिम्किने, छाया पनि भएको तथा डराउने स्वभाव पनि देखी **बोधिसत्वले** "यक्ष हुनेहरूको त आँखाहरू राता हुन्छन्, आँखाहरू झिम्काउँदैनन्, छायाँ पनि देखिंदैन तथा डराउँदा पनि डराउँदैनन्" भन्ने आदि लक्षणहरूलाई विचार गरी अवश्य पनि यिनी यक्ष होइनन् भन्ने थाहापाई उनलाई उपदेश गरी बोध गराउनु भएको थियो ।

---

१. जा. अ. क. V. पृ. १८६, नं. ५१३

Downloaded from http://dhamma.digital/

(१६) **दसरथजातकं**[1]। यस जातकका कुराहरू भगवान बुद्धले पिता मरेका एक कुटुम्बको कारणमा बताउनु भएको हो ।

अतीत समयमा **वाराणसी** देशमा **दशरथ** महाराजाले पक्षपात रहित निष्पक्षरुपले धर्मपूर्वक राज्य गर्दथे । महाराजाकी अग्रमहिषी सोह्र हजार (१६,०००) स्त्रीहरूका प्रमुख थिइन् । अग्रमहिषीले दुइ पुत्र र एक पुत्री जन्माइन् । प्रथम पुत्रको नाम **राम पण्डित**, दोश्रो पुत्रको नाम **लक्ष्मण कुमार** र पुत्रीको नाम **सीता कुमारी** थियो ।

अग्रमहिषीको मृत्युपछि महाराजाले सारै शोक गरे । मन्त्रीहरूले संझाएपछि अग्रमहिषी प्रति गर्नु पर्ने कर्तव्य गरे । त्यसपछि महाराजाले अर्की एक स्त्रीलाई अग्रमहिषी बनाए । अग्रमहिषी राजाकी अति प्रिया थिइन् । उनले एक पुत्र जन्माइन् । **भरत कुमार** भनी उनको नामाकरण गरियो । पुत्र-स्नेहको कारणले महाराजाले महारानीलाई वर माग्ने कुरा भने । महारानीले "पछि माग्ने छु" भनी विन्ति गरिन् । अनि आफ्नो छोरा **भरत कुमार** सात आठ वर्षका भएपछि महारानीले राजासँग वर माग्ने कुराको संझना दिलाइन् महाराजले "हुन्छ माग" भनी भने । महारानीले "आफ्नो छोरा **भरतलाई** राज्य दिलाइ पाऊँ" भनी विन्ति गरिन् । महाराजाले चुट्की बजाई "अग्निस्कन्ध जस्ता तेजिला मेरा छोराहरूलाई मार्ग लगाई तिम्रो छोराको निम्ति राज्य माग्दछ्यौ ? तिम्रो नाश होस्, वसली !" भनी तर्जन गरे । महारानी डरले आफ्नो खोपीभित्र गइन् । समय समयमा महारानीले उही कुरा दोहऱ्याई बारम्बार भन्न थाले पछि एक दिन महाराजाले यस्तो सोचे-

---

१. जा. अ. क. IV. पृ. १३६, नं. ४६१ यो जतकको अनुवाद लेखकको जा. सं. भा-२, पृ. १०४ मा भएको छ ।

Downloaded from http://dhamma.digital/

यी स्त्री जातिहरू कृतघ्नी तथा मित्रद्रोहिणी हुन्छन् । शायद यसले कीर्ते पत्र बनाई अथवा कीर्ते छाप लगाई मेरा पुत्रहरूलाई मार्ग लगाउन पनि बेर छैन ।

यति सोचेर राजाले आफ्नो छोराहरूलाई बोलाई "प्रिय पुत्र हो ! अब तिमीहरू यहाँ बस्दा तिमीहरूलाई खतरा पनि हुन सक्छ । अतः तिमीहरू कहीं सीमान्त प्रदेशमा अथवा कहीं जङ्गलमा गइ बस" भनी आज्ञा दिई ज्योतिषलाई बोलाई आफ्नो आयु कतिसम्म रहेछ भन्ने कुरा सोध्दा ज्योतिषले "अरू १२ वर्षसम्म बाँच्नु हुनेछ" भनी विन्ति गरेको कुरा सुनी महाराजाले राजकुमारहरूलाई "त्यसोभए तिमीहरू १२ वर्ष पछि आई छत्रधारण गरी राज्य गर" भन्ने आज्ञा दिए ।

"हवस् भनी राजकुमारहरू रुँदै प्रासादबाट ओर्ली दरबारबाट बाहिर निस्कन लाग्दा **सीता कुमारी** पनि "म पनि भ्राताहरू सँगै जानेछु" भन्दै पितालाई वन्दना गरी रुँदै उनीहरूसँगै निस्किन् । तीनै जना क्रमशः हिमाल खण्डतिर गई पानी तथा फलफूलहरू सुलभ भएको एक ठाउँमा आश्रम बनाई उनीहरू बसे ।

**लक्ष्मण** र सीताले एक दिन **राम पण्डितसँग** "तपाई हाम्रा पिता समान हुनुहुन्छ । त्यसैले तपाई आश्रममै बस्नुहोस् । हामीहरू जङ्गलमा गई फल-फूल ल्याउने छौं" भनी प्रार्थना गरे । त्यहाँदेखि **राम पण्डित** आश्रममै बस्न थाले ।

उता पुत्र शोकले गर्दा **दशरथ महाराजा राम पण्डित** आदिसँग भएको विछोडको नौ वर्ष मै परलोक भए । महाराजाको दाहसंस्कार सिद्धिए पछि मन्त्री तथा भारदारहरू महारानीले "मेरो पुत्र भरतलाई छत्र देऊ" भनी भन्दा उनीहरूले "छत्रका मालिक जङ्गलमा हुनुहुन्छ" भनी छत्र दिएनन् । **भरत कुमारले** पनि

Downloaded from http://dhamma.digital/

"मेरा दाई जङ्गलमा हुनुहुन्छ, उहाँहरूलाई बोलाई छत्र ओढाउने छु" भन्दै पञ्चराजककुधभण्डहरू[1] साथमा लिइ मन्त्री तथा भारदारहरू सहित **राम पण्डित** बस्नु भएको जङ्गलमा गई दाजुलाई घर फर्कनको निम्ति प्रार्थना गरे । **राम पण्डितले** "**सीता** र **लक्ष्मण**हरूलाई लिएर जाऊ" भनी भने । अनि **भरतले** "तपाई के गर्नु हुन्छ नि ?" भनी सोध्दा **रामले** भने-

"पिताले मलाई १२ वर्ष पछि आई राज्य गर्नु भनी भन्नु भएको छ । अहिले केवल ९ वर्षमात्र बित्यो । अतः अहिले म फर्कन सक्दिन । अहिले गएको खण्डमा मैले बाबुको वचनलाई पालन गरेको हुने छैन । त्यसैले अर्को तीन वर्ष पछि मात्र आउने छु ।"

"त्यतिन्जेलसम्म कसले राज्य चलाउँछ त ?"

"तिमीहरूले चलाऊ ।"

"हामीहरू राज्य गर्न चाहन्नौ" भनी भने पछि त्यसो भए, "यो मेरो तृणपादुकाहरू राखी राज्य चलाऊ" भनी **रामले** पादुका दिए ।

उनीहरूले सो पादुका सिंहासनमा राखी राज्य चलाउन थाले । जब कुनै न्यायनिसाप न्यायोचित हुँदैनथ्यो तब सिंहासनका पादुकाहरू जुद्धथे । अनि पुनः दोहऱ्याई न्याय गर्दथे ।

---

(१) खड्ग, (२) छत्र, (३) मुकुट, (४) पादुका तथा (५) चमरलाई 'पञ्चराजककुधभण्डहरू' भन्दछन् । अभि. धा. प. पृ. ५१, गा. नं. ३५८

Downloaded from http://dhamma.digital/

तीन वर्ष बितिसके पछि राम पण्डित जङ्गलबाट आई नगरको एक उद्यानमा बसे । **राम मण्डित** आएको खबर सुनी सबै गई सीतालाई अग्रमहिषी बनाई **राम पण्डितलाई** अभिषेक दिए । **राम पण्डितले** सोह्र हजार (१६,०००) वर्षसम्म राज्य गरे ।

यस जन्ममा **दशरथ राजा** हुने **शुद्धोदन महाराजा**, अग्रमहिषी हुने **महामायादेवी**, **सीता** हुने **राहुलमाता**, **भरत** हुने **आनन्द स्थविर**, **लक्ष्मण** हुने **सारिपुत्र स्थविर** तथा **राम पण्डित** हुने स्वयं बुद्ध हुनुहुन्थ्यो । अरु परिषद् हुने बुद्ध परिषदे नै थिए ।

(१७) **पाणियजातकं**[1] । यस जातकका कुराहरू भगवान बुद्धले क्लेश निग्रहको कारणलाई लिई बताउनु भएको हो । यस जातकमा पनि राजमहिषी हुने **राहुलमाता** र राजा हुने स्वयं बुद्ध हुनुहुन्थ्यो ।

(१८) **बन्धनागारजातकं**[2] । यस जातकका कुारहरू भगवान बुद्धले बन्धनागारको कारणमा बताउनु भएको हो ।

एक समय **बोधिसत्व** एक दरिद्र कुलमा जन्मिनु भएको थियो । यौवन अवस्थामा पुग्दा उहाँका पिताको मृत्यु भएपछि आमाको सेवा-टहल गरी उहाँ बसिरहनु भएको थियो । इच्छा नहुँदा पनि उहाँकी आमाको **बोधिसत्वलाई** एक कन्यासँग विवाह गरिदिइन् । आमाको मृत्यु पछि **बोधिसत्वले** आफ्नी स्त्रीलाई "अब तिमी कहीं एक ठाउँमा ज्यामी काम गरी जीविका चलाऊ । म प्रव्रजित भएर जानेछु ।" भनी भन्दा स्त्रीले "स्वामी ! प्रसव नभएसम्म घरमै बस्नुहोस्" भनी

१. जा. अ. क. IV. पृ. १२९, नं. ४५९

२. जा. अ. क. I-II. पृ. ४७२, नं. २०१

Downloaded from http://dhamma.digital/

भनिन् । पत्नीको गर्भधारण भएको कुरो **बोधिसत्वलाई** थाहा थिएन । त्यसैले उहाँले "हुन्छ" भनी भन्नुभयो । बालक जन्मिसकेपछि फेरि पत्नीलाई आफू प्रव्रजित भएर जाने कुरा बताउनु भयो । यस बेला स्त्रीले "स्वामी ! बालकले दूध न छाडुञ्जेलसम्म बस्नुहोस्" भनी बिन्ति गरिन् । **बोधिसत्व** पनि पुनः घरमै बस्नुभयो । बालकले दूध छाडेपछि पुनः पत्नीलाई आफू प्रव्रजित भएर जाने कुरा सुनाउनुभयो । यस बखत उहाँकी पत्नीले फेरि यसो भनिन्- "स्वामी ! मेरो पेटमा बालक छ, अतः उसको जन्म नभएसम्म नजानुहोस् ।" यो कुरा सुनी "अहो ! यस्तो बन्धनबाट कहिले उम्किन सकिएला र !" भन्ने सोची **बोधिसत्व** अन्तमा भागेर गई प्रव्रजित हुनु भयो ।

यस जन्ममा बोधिसत्वका बाबु हुने **शुद्धोदन महाराजा**, आमा हुने **महामायादेवी**, पत्नी हुने **राहुलमाता**, पुत्र हुने **राहुल कुमार** तथा दरिद्रपुरुष हुने स्वयं **बुद्ध** हुनुहुन्थ्यो ।

(१९) **मणिचोरजातकं**[1] । यस जातकका कुराहरू देवदत्तले आफूलाई मार्ने प्रयास गरेको कारणबाट बुद्धले बताउनु भएको हो ।

अतीत समयमा **बोधिसत्व वाराणसी** देश नगिच एक गृहपतिको कुलमा जन्मिनु भएको थियो । **सुजाता** भन्ने कुमारी उहाँकी पत्नी हुनुहुन्थ्यो । उहाँ अति सुन्दरी तथा पतिब्रता हुनुहुन्थ्यो । उहाँप्रति आसक्त भई वाराणसीका अधार्मिक राजाले **बोधिसत्वलाई** मार्ने षडयन्त्र रचे । अनि मार्न लागेका आफ्ना पतिलाई **सुजाताले** आफ्नो सत्यकृयाको प्रभावद्वारा बचाउनुभयो[2] ।

---

१. जा. अ. क. I-II. पृ. ४६१, नं. १९४

२. यो जतकको कुरा लेखकको 'गृहिविनय' पृ. ८७ मा उल्लेख भएको छ ।

Downloaded from http://dhamma.digital/

यस जन्ममा पनि सुजाता हुने **राहुलमाता** नै हुनुहुन्थ्यो र **बोधिसत्व** हुने स्वयं बुद्ध हुनुहुन्थ्यो । राजा हुने **देवदत्त** भिक्षु हुनुहुन्थ्यो ।

(२०) **मनोजजातकं**[1] । यस जातकका कुराहरू भगवानले विपक्षदलमा लागेका एक भिक्षुको कारणमा बताउनु भएको हो ।

अतीत समयमा **बोधिसत्व** सिंह भएर जन्मिनु भएको थियो । त्यस समयमा **मनोज** भन्ने सिंहपुत्र हुने अहिले विपक्षीदलमा लागेका भिक्षु थिए, स्याल हुने **देवदत्त** भिक्षु थिए, बहिनी हुने **उत्पलवर्णा** भिक्षुणी थिइन्, बुहारी हुने **क्षेमा भिक्षुणी** थिइन्, भार्या हुने **राहुलमाता** नै हुनुहुन्थ्यो र सिंह हुने स्वयं **बुद्ध** हुनु हुन्थ्यो ।

(२१) **महाजनकजातकं**[2] । यस जातकका कुराहरू भगवान बुद्धले नैष्क्रम्यको कारणलाई लिई **जेतवनाराममा** बताउनु भएको हो ।

यस जन्ममा **बोधिसत्व अरिष्ठजनकका छोरा महाजनक** राजा हुनुभएको थियो । उहाँकी अग्रमहिषी शीवली महारानी हुनु भएकी राहुलमाता नै हुनु हुन्थ्यो । **नारद** हुने **सारिपुत्र स्थविर**, **मृगजाल** हुने **महामोद्गल्यायन स्थविर**, कुमारीका हुने **क्षेमा भिक्षुणी**, **उसुकार** हुने **आनन्द स्थविर**, **दीघावु कुमार** हुने **राहुल कुमार** हुनुहुन्थ्यो । आमा-बाबु हुनेहरू **महामायादेवी** र **शुद्धोदन** महाराजा नै थिए । समुद्रदेवता हुने **उत्पलावर्णा** भिक्षुणी थिइन् तथा **महाजनक** राजा हुने स्वयं बुद्ध हुनुहुन्थ्यो ।

---

१. जा. अ. क. I-II. पृ. २२५, नं. ३९७

२. जा. अ. क. VII. पृ. २५, नं. ५३९

Downloaded from http://dhamma.digital/

यस जीवनमा **बोधिसत्वको** आयु दशहजार (१०,०००) वर्ष थियो र सातहजार वर्षसम्म गृहस्थीमा बस्नुभई तीनहजार (३,०००) वर्ष आयु बाँकी रहँदा उहाँले गृहत्याग गर्नुभएको थियो । **राहुलमाता** हुनु भएकी **शीवली** महारानीले आफ्नो पति **महाजनक राजालाई** त्यागी जीवनबाट फर्काएर ल्याउनको निमित्त जति प्रयत्न गर्नु भएको थियो त्यति प्रयत्नहरू अरु कुनै पनि जीवनमा गरेका कुरा जातकसाहित्यमा देखिंदैन । अन्तमा **महाजनकराजालाई** फर्काउन सफल नभए पछि आफू पनि ऋषिभेष लिई प्रव्रजिता भएर जानुभयो ।

(२२) **महासुदस्सनजातकं**[१] । यस जातकका कुराहरू, एकदिन आनन्द स्थविरले भगवान्लाई "**कुशीनगर** जस्तो सानो नगरमा परिनिर्वाण नहुनुहोस्" भनी बिन्ति गरेको कारणमा भगवान् बुद्ध परिनिर्वाण मञ्चमा लेटी रहनु भएको बेलामा उहाँले बताउनु भएको हो ।

यस जन्ममा पनि **सुभद्रा देवी** हुने **राहुलमाता** नै हुनुहुन्थ्यो, महामन्त्री हुने **राहुल कुमार** र **महासुदर्शनराजा** हुने स्वयं बुद्ध हुनुहुन्थ्यो ।

(२३) **लक्खणमिगजातकं**[२] । यस जातकका कुराहरू भगवान् बुद्ध राजगृहको **वेणुवनमा** बसिरहनु भएको बेलामा उहाँले देवदत्तको कारणमा बताउनु भएको हो ।

अतीत समयमा मगधदेशको **राजगृह** नगरमा बसी **मगध राजाले** राज्य गरिरहेको बेलामा **बोधिसत्व** मृगयोनीमा जन्मिनु भएको थियो । उहाँको **लक्षण** र

---

१. जा. अ. क. I-II. पृ. २८९, नं. ९५

२. जा. अ. क. I-II. पृ. १११, नं. ११

Downloaded from http://dhamma.digital/

**काल** भन्ने दुइ पुत्रहरू थिए । लक्षण भन्ने **सारिपुत्र** स्थविर र काल भन्ने **देवदत्त** थिए । **राहुलमाता** नै त्यसबेला मृगकी पत्नी हुनुहुन्थ्यो र मृग भई जन्मिनु भएका स्वयं बुद्ध हुनुहुन्थ्यो ।

(२४) **विधुरजातकं**[१] । यस जातकका कुराहरू भगवान बुद्ध **जेतवनाराममा** बसिरहनु भएको बेलामा प्रज्ञापारमीको कुरालाई लिएर उहाँले बताउनु भएको हो ।

अतीत समयमा **कुरुदेशका इन्द्रप्रस्थ** नगरमा **धनञ्जयकोरव्य** भन्ने राजाले राज्य गर्दै थिए । राजाका अर्थ-धर्मानुशासक मन्त्री **विधुर पण्डित** थिए । यिनी अति बुद्धिमानी तथा धैर्यवान् थिए ।

यस जन्ममा **विधुर पण्डितका** आमा-बाबु हुनेहरू **महामायादेवी** र **शुद्धोदन महाराजा** थिए । जेठी पत्नी हुने **राहुलमाता** हुनुहुन्थ्यो, जेठो छोरा हुने **राहुल कुमार** हुनुहुन्थ्यो । वरुण नागराजा हुने **सारिपुत्र स्थविर**, सुवर्ण राजा हुने हुने **महामौद्गल्यायन** स्थविर, शक्र हुने **अनुरुद्ध स्थविर** तथा **धनञ्जय** राजा हुने **आनन्द स्थविर** हुनुहुन्थ्यो । **पूर्ण** हुने **छन्न सारथी** थिए । **विधुर पण्डित** हुने स्वयं बुद्ध हुनुहुन्थ्यो ।

यस जातकमा विधुर पण्डितको प्रज्ञा (= बुद्धि) विशेषताको विशिष्ट परिचय पाइन्छ ।

(२५) **विसय्हजातकं**[२] । यस जातकका कुराहरू अनाथपिण्डिक महाजनको कारणमा बुद्धले **जेतवनाराममा** बताउनु भएको हो ।

---

१. जा. अ. क. VII. पृ. २२९, नं. ४४५

२. जा. अ. क. III. पृ. ८९, नं. ३४०

Downloaded from http://dhamma.digital/

अतीत समयमा वाराणसी देशमा **विसय्ह** भन्ने एक महाधनी सेठ थिए । उनी महाधनी मात्र होइनन् महादानी पनि थिए । उनले दान दिइरहेको कारणबाट "शायद यिनले मेरो आसन ताकेर दान लिइरहेका त होइनन् ?" भन्ने आशङ्का उठेपछि **इन्द्रले** सेठको घरमा जहाँ वस्तुहरू थिए त्यहाँ त्यहाँ बाटै अलप पारी सेठलाई **नाङ्गो** पारिदिए । अनि सेठकहाँ बस्ने मानिसहरू पनि भागाभाग गरेर गए ।

एक दिन, **विसय्ह** सेठले घरमा केही पनि छैन भनी खोजतलास गर्दा एक नाम्लो र हँसिया फेलापारे । अनि विसय्ह सेठले नाम्लो र हँसिया लिई घाँस काटेर ल्याई दान दिन थाले । सात दिनसम्म भोकै बसी घाँस काटेर दान दिए । एक दिन, घाँस बोकेर आइरहेको बेलामा निराहारताको कारणले गर्दा आँखा तिर्मीरिई बाटैमा लडे । इन्द्र आई उनलाई दानदिने कार्य छोडेमा पुनः धनी हुन सक्छौ भनेको सुनी सेठले "तिमी को हौ ?" भनी सोध्दा "म शक्र हुँ" भन्ने जवाफ सुनेर "दान पुण्य गरेर नै शक्रत्वमा पुगिन्छ भने तिमीले दान दिनेलाई रोक्नु राम्रो कुरा होइन । मैले यो दान दिएको कुनै **शक्रत्व** वा **ब्रम्हत्व** पाउनाको निमित्त होइन । केवल बुद्धत्व प्राप्त गर्नको निमित्त हो" भन्ने कुरा सुनी इन्द्रले पुनः उनका धनहरू यथावत देखाइदिए ।

यस जन्ममा **विसय्ह** सेठ स्वयं बुद्ध हुनुहुन्थ्यो र उहाँकी पत्नी राहुलमाता नै हुनुहुन्थ्यो ।

(२६) **वेस्सन्तरजातकं**[1] । यस जातकका कुराहरू भगवान बुद्धले, बुद्ध भइसक्नु भएपछि सर्वप्रथम कपिलवस्तुमा जानुहुँदा त्यहाँ शाक्यहरूको ठूलो

---

१. जा. अ. क. VII. पृ. ४२०, नं. ५४७

Downloaded from http://dhamma.digital/

ज्ञाति समागम भएको बेलामा त्यहाँ ठूला ठूला फोका परी पानी वर्षेको कारणमा **न्यग्रोधाराममा** बताउनु भएको हो ।

अतीत समयमा शिवी देशको **जेतुत्तर** नगरमा **शिवी राजाले** राज्य गरिरहेको बेलामा शिवी राजाका **सञ्जय** भन्ने एक पुत्र थिए । उनलाई मद्रदेशकी **फुसतीदेवीसँग** विवाह गरी उनकी अग्रमहिषी बनाइ दिए ।

**फुसतीदेवीकै** कोखमा **बोधिसत्व वेस्सन्तर** नामले जन्मिनु भएको थियो । '**वेस्स**' भन्ने सडकमा जन्मिनु भएको हुनाले उहाँको नाम '**वेस्सन्तर**' भन्ने रहन गएको हो ! जन्मिना साथ उहाँले **फुसतीदेवीसँग** 'दानदिने वस्तु केही छ के ?' भनी माग्नु भएको थियो । यस जन्ममा जस्तै **उम्मग्गजातक** अनुसार **महोषध**[1] भई जन्मिनु भएको बेलामा र **सिद्धार्थ कुमार** भई जन्मिनु भएको बेलामा गरी जम्मा तीन पटक **बोधिसत्वले** जन्मिने बित्तिकै कुरा गरेका कुराहरू यसै जातकको पृ. ४२५ मा समुल्लेख भएको छ ।

**वेस्सन्तर** राजकुमारकी अग्रमहिषी **मद्दीदेवी राहुलमाता** नै हुनुहुन्थ्यो । **वेस्सन्तर राजा** स्वयं बुद्ध हुनुहुन्थ्यो । उहाँहरूका जाली भन्ने पुत्र **राहुल कुमार** नै हुनुहुन्थ्यो र **कृष्णाजिनी** भन्ने पुत्री **उत्पलवर्णा स्थविरा** हुनुहुन्थ्यो । आमा-बाबुहरू पनि क्रमश: **महामायादेवी र शुद्धोदन महाराजा** नै थिए ।

**वेस्सन्तर राजासँग** छोरा र छोरी मागेर लैजाने **जुजक** ब्राम्हण **देवदत्त** थिए र जुजक ब्राम्हणकी **अमित्रतापना** भन्ने पत्नी **चिञ्चामाणविका** थिइन् । **चेतपुत्र** भन्ने छन्न **सारथी** थिए । **अच्चुत** भन्ने तपस्वी **सारिपुत्र स्थविर** हुनुहुन्थ्यो र शक्रदेवेन्द्र हुने **अनुरुद्ध स्थविर** हुनुहुन्थ्यो । अरु परिषद् बुद्ध-परिषद् नै थिए ।

महादान दिएकै कारणबाट **वेस्सन्तर राजा शिवीदेशबाट** बाहिर निस्कन परेको थियो । देश बाहिर गई **वङ्कपर्वतमा** बसेर पनि दानदिने कार्य छाड्नु भएको थिएन वल्कि आफ्नो छोरा र छोरीहरू समेत **जुजक** ब्राम्हणलाई दान दिनुभयो ।

---

१. जा. अ. क. VII. पृ. २९७, महाउम्मग्गजातकं, नं. ५४६

Downloaded from http://dhamma.digital/

यति मात्र होइन आफ्नी पत्नी **मद्रीदेवी** पनि दानदिनु भएका कुराहरू यसै जातकमा समुल्लेख भएका छन्[1] ।

यसपछि उहाँ तुषित भवनमा उत्पन्न हुनुभयो र त्यहाँबाट **कपिलवस्तुका शुद्धोदन** महाराजाका पुत्र **सिद्धार्थ कुमार** भई जन्मी बुद्ध हुनुभयो ।

(२७) **सूचिजातकं**[2] । यस जातकका कुरा बुद्ध भगवानले प्रज्ञापारमी र स्थानोचित्त बुद्धिको कारणलाई लिई **जेतवनाराममा** बताउनु भएको हो ।

अतीत समयमा **बोधिसत्व वाराणसी देश** नगिचको एक गाउँमा एक गरीब नकर्मीको कुलमा जन्मिनु भएको थियो । सो गाउँको अलि पर नकर्मीहरूको एक टोल थियो । त्यहाँ एक धनी नकर्मी पनि थिए । उनकी एक सुन्दरी तथा जनपदकल्याणीमा हुनुपर्ने गुण भएकी एउटी छोरी थिइन् । मानिसहरू सो कुमारी हेर्नको निमित्त उनको ज्यासलमा गई कोदालो, फाली, खूर्पा आदि बनाउन जान्थे । सो कुमारीलाई खूब वयान गर्दथे । यो कुरा सुनी **बोधिसत्वको मनमा** सो कुमारीलाई नदेखिकनै प्रेम उन्पन्न भयो र सो कुमारीलाई विवाह गर्ने इच्छा उहाँले गर्नुभयो ।

अनि **बोधिसत्वले** एक सीयोभित्र अर्को, अर्को भित्र अर्को गरी क्रमशः सातवटा सियोहरू बनाई सोही साहु नकर्मीको घरनिर सीयो बेच्न जानुभयो । **बोधिसत्व** कराइरहेको आवाज सुनी कुमारीको मन छट्पटायो र थातमा बस्न नसकी झ्याल उघारी सीयो बेच्नको निम्ति कराइरहनु भएका **बोधिसत्वसँग** कुरा गर्न थालिन् । छोरीले कुरा गरिरहेको सुनी उनको बाबुले "कोसँग कुरा गरिरहेकी ?" भनी सोध्दा "सीयो बेच्न आएको एक पुरुषसँग" भन्ने जवाफ पाई **बोधिसत्वलाई** बोलाई "कस्तो सीयो हो ?" भनी सोध्दा **बोधिसत्व** नकर्मी पुत्रले सीयोको बयान सुनाउनु भयो । अनि धेरै नकर्मीहरू भेला भई सो सीयोको परीक्षा गरे । एकभित्र अर्को गर्दै क्रमशः निकाल्दै सबभन्दा सानो सीयो निकालेर देखाए ।

---

१. हेर्नु लेखकको वेस्सन्तर जातक ।

१. जा. अ. क. III. पृ. १९७, नं. ३८७

Downloaded from http://dhamma.digital/

सो सीयोको टुप्पोलाई घनले हान्दा घनमै सीयो रोपिएर गएको र टुप्पो र नाथ्री छुटयाउन पानीको भाँडामा राख्दा पानीको माथिनै सीयो उत्रेको देखी भेला भएका सबै कालिगडहरूले ताली बजाउन थाले, फेटा आकाशमा उडाउन थाले र सबै अत्यन्त आश्चर्य चकित भए। यो विचित्र शिल्पकला देखी नकर्मी साहु सारै खुशी भई आफ्नी छोरी **बोधिसत्वलाई** नै दिए।

गरीब नकर्मी हुने स्वयं बुद्ध हुनुहुन्थ्यो र नकर्मी साहुकी छोरी हुने **राहुलमाता** नै हुनुहुन्थ्यो।

(२८) **सुपत्तजातकं**[1] यस जातकका कुराहरू भगवानले **सारिपुत्र स्थविरले बिम्बादेवी** (= यशोधरा) स्थविराको इच्छानुसार **रोहित माछाको रस** सहित भोजन लाभ गरिदिनु भएको कारणमा बताउनु भएको हो।

अतीत समयमा **वाराणसी** राजाले राज्य गरिरहेको बेलामा बोधिसत्व असीहजार (८०,०००) कौवाहरूको **सुपत्त** भन्ने राजा भई जन्मिनु भएको थियो **सुफस्सा** भन्ने पोथी कौवा उहाँकी अगंमहिषी थिइन्। **सुमुख** भन्ने कौवा उहाँको सेनापति थिए।

एक दिन **सुमुख** भन्ने सेनापति **सुफस्सा** रानी लिई गोचरको निमित्त **वाराणसी** राजाको भान्साघरतिर गए। राजाका भान्साघरमा माछा र मासु पकाई केही छिन सेलाउनको निमित्त भान्सेले भाँडाको बिर्को उघारिराखेको थियो। **सुफस्सा** रानीले त्यसको बासना थाहापाई त्यस्तै खाना खाने इच्छा गरिन्।

भोलिपल्ट गोचरको निमित्त सेनापतिले बोलाउँदा "तिमीहरू जाऊ, म जान्न" भनी भनिन्। **बोधिसत्वले सुफस्सा** रानीसँग कारण सोध्दा माछा र मासु भएको **वाराणसी** राजाको खाना खाने इच्छा उत्पन्न भएको कुरा सुनाईन्। यो सुनी **सुपत्त**

---

१. जा. अ. क. I-II. पृ. ६६३, नं. २९२ यो जातक लेखकको जा. सं. भा-४ पृ. ६१ मा अनुवाद भएको छ।

Downloaded from http://dhamma.digital/

राजाले सेनापति सहित सबै कौवाहरूलाई भेला गराई महारानीको कुरा सुनाए।

सेनापतिले "धन्दा मान्नु पर्दैन, कुनै उपायद्वारा ल्याउने छु" भनी बलिया र चलाक केही कौवाहरू साथमा लिई त्यहाँ गए र राजदरबारको आसपासमा बसिरहे। जब भान्सेले खर्पनमा खानाहरू लिई राजा कहाँ जान थाल्यो तब सेनापति कौवा भान्सेको मुखमा बस्न गयो, अर्को कौवा छातीमा बस्यो, अर्को कौवा नाकमा बस्यो। भान्से आत्तियो। यो दृश्य देखी भोजनको प्रतीक्षामा झ्यालमा बसिरहेका राजाले भान्सेलाई "खर्पन छाडी कौवालाई समात" भनी आज्ञा दिए पछि भान्सेले त्यस्तै गऱ्यो।

खर्पन छाडे पछि अरु कौवाहरू आई खूबसँग खाना खाई चार चौटा माछा र मासु सहित भात लिएर गए।

"आफ्नी महारानीको निमित्त प्राण संकल्प गरी त्यसो गरेको हुँ" भन्ने सेनापति कौवाको कुरा सुनी बडो आश्चर्य लागी "हामी मानिस भएका राजाहरूले विश्वासी तथा प्राण संकल्प गर्न सक्ने पुरुष पाउनका निमित्त कति धन, जग्गा-जमिन तथा घरहरू दिंदा पनि त्यस्ता पुरुष पाउन सक्तैनौं भने यी पशुपंक्षी जातिमा यस्तो विश्वास!" भन्ने लागी राजाले कौवाका राजा **सुपत्तलाई** लिन पठाई उसको उपदेश सुनी प्रसन्न भई धर्मतापूर्वक राज्य चलाउन थाले।

यो कौवाको उपदेशको परम्परा सातसय (७००) वर्षसम्म रहेको थियो भनी यसै जातकको पृ. ६६५ मा समुल्लेख भएको पाइन्छ।

यस जन्ममा **सुपत्त** भन्ने कौवा स्वयं बुद्ध हुनुहुन्थ्यो, **सुफस्सा** भन्ने पोथी कौवा **राहुलमाता** नै हुनुहुन्थ्यो र **सुमुख** भन्ने कौवा **सारिपुत्र स्थविर** हुनुहुन्थ्यो।

यी कुराहरूद्वारा वर्तमान तथा अतीत समयमा **यशोधरा** स्थविर ाको बुद्धसँग कस्तो सम्बन्ध रहेको रहेछ भन्ने कुरा र उहाँको पतिभक्तिको सम्बन्धमा स्वयं स्थविराले **थेरीअपदानपालिमा** उल्लेख गर्नु भएका कुराहरूकै आधारमा उहाँको जीवनी सम्बन्धी कुराहरू प्रष्ट बुझ्न सक्छौं।

Downloaded from http://dhamma.digital/

**थेरीअपदानपालि** (पृ. २६७-६८) अनुसार **यशोधरा** स्थविरका हजारौं भिक्षुणी साथीहरू थिए भन्ने र उनीहरू सबै **यशोधरा** स्थविरा परिनिर्वाण भएको दिनमै परिनिर्वाण भए भन्ने कुरा पनि बुझिन्छ । अठहत्तर वर्षको उमेरमा यशोधरा भिक्षुणी परिनिर्वाण हुनु भएको थियो ।

## अभ्यास-९

(१) यशोधरा र सिद्धार्थ बोधिसत्वको बीच भएको सम्बन्धको शुरुवात बारे आफूलाई थाहा भएको कुरा लेख्नुहोस् ।

(२) समिल्लभाषिणी परिव्राजिकाको जीवनकथालाई अनुसोचिय जातकको आधारमा लेख्नुहोस् ।

(३) भगवान बुद्धले के कारणमा आदित्त जातक प्रकाश पार्नु भएको हो ? यस जातकको बारे यहाँलाई के जानकारी छ ? लेख्नुहोस् ।

(४) उदयभद्र बोधिसत्वको बारे चर्चा गर्नुहोस् ।

(५) कुमाले-कुम्भकार बोधिसत्व किन प्रव्रजित भएका हुन् ? कारणहरू खुलाउनुहोस् ।

(६) कुम्भकार जातक संक्षिप्तमा लेख्नुहोस् ।

(७) कुशकुमारसँग प्रभावतीको विवाह कुन तवरले गर्ने निधो गरियो ?

(८) कुशकुमार र प्रभावतीलाई अनुहार हेर्ने कुरा कसरी मिलाइयो ? प्रभावतीलाई किन शंका लाग्यो ?

(९) प्रभावतीलाई पुनः प्राप्त गर्न कुशकुमारले के कस्ता समस्याहरू भेल्नुपर्‍यो ?

(१०) कुशकुमारको प्रेम कस्तो थियो ? लेख्नुहोस् ।

(११) प्रभावती कसरी कायल भई कुशकुमारसँगै फर्किन् ?

(१२) कुस जातकले प्रेमी र प्रेमिका बीचको सम्बन्धका बारेमा के सन्देश दिएको छ ? लेख्नुहोस् ।

(१३) कुस जातकलाई आफ्नै शैलीमा संक्षेपमा प्रस्तुत गर्नुहोस् ।

(१४) कुस जातक पढेर के शिक्षा प्राप्त गर्न सकिन्छ ? चर्चा गर्नुहोस् ।

Downloaded from http://dhamma.digital/

(१५) खण्डहाल जातक बारे आफूलाई थाहा भएको कुरा प्रस्तुत गर्नुहोस् ।

(१६) गङ्गमाल जातक प्रस्तुत गरी त्यसबाट प्राप्त हुने शिक्षाहरू पनि लेख्नुहोस् ।

(१७) 'विलाप र सत्यकृयाको प्रभावले किन्नरीले आफ्नो पतिलाई होशमा ल्याई बचाइन्' भन्ने कुरालाई कथात्मक रुपमा स्पष्ट पार्नुहोस् ।

(१८) चुल्ल बोधिजातक आफ्नै शब्दमा लेख्नुहोस् ।

(१९) चुल्लसुतसोमजातकको मूल शिक्षा के हो ? लेख्नुहोस् ।

(२०) जयद्दिस्स जातकमा राहुलमाताको सम्बन्धबारे लेख्नुहोस् ।

(२१) दशरथ जातकलाई संक्षिप्तमा लेख्नुहोस् ।

(२२) दशरथ जातकबाट के शिक्षा हासिल गर्न सकिन्छ ?

(२३) पाणिय जातकबारे के थाहा छ ?

(२४) बन्धनागार जातक अनुसार बोधिसत्व किन भागेर प्रव्रजित हुनुभएको ?

(२५) सुजाताले बोधिसत्वलाई कसरी बचाइन् ? मणिचोर जातकको आधारमा लेख्नुहोस् ।

(२६) मनोजातकसँग सम्बन्धित व्यक्तिहरूको नाम उल्लेख गर्नुहोस् ।

(२७) महाजनक जातकबारे आफूलाई थाहा भएको कुरा लेख्नुहोस् ।

(२८) भगवान्ले महासुदस्सनजातक के कारणमा बताउनु भएको थियो ?

(२९) लक्खणमिग जातकका पात्रहरू बारे लेख्नुहोस् ।

(३०) विधुरजातकमा के विशेषता झल्किएको पाइन्छ ?

(३१) विसय्ह महाधनीको दान चर्या बारे विसय्ह जातक अनुसार लेख्नुहोस् ।

(३२) वेसन्तर जातक किन प्रसिद्ध छ ? लेख्नुहोस् ।

(३३) भगवान् बुद्धले सूचि जातक के कारणमा बताउनु भएको हो ? कथासहित लेख्नुहोस् ।

(३४) सुपट्ट जातक अनुसार पशुपंक्षी बीचमा रहेको आत्मियतालाई प्रष्ट हुने गरी लेख्नुहोस् ।

Downloaded from http://dhamma.digital/

**मूल सूत्र-**

## १-अग्रस्थान

"**एतदग्गं, भिक्खवे, मम साविकानं भिक्खुनीनं महाभिञ्ञापत्तानं यदिदं भद्दकच्चाना**[१] ।"

**अर्थ-**

"भिक्षु हो ! महाभिज्ञा लाभिनी मेरा भिक्षुणी श्राविकाहरूमध्येमा **भद्दकच्चाना (= भद्रकात्यायना)** अग्र छिन् ।"

**मूल पालि-**

# २-यशोधरा स्थविरोपदान

## चिन्तन

१-२-"[१] एक समय सुरम्य तथा समृद्धशाली **राजगृह** नगरको एक प्रब्भारमा **नरनाथ** एक्लै बसिरहनु भएको थियो । सोही नगरकै भिक्षुणी-निवासस्थानमा बस्नु भएकी **यशोधरा** भिक्षुणीको मनमा यस्तो कल्पना उठ्यो[२] ।"

३-७- "शुद्धोदन महाराजा, प्रजापति गौतमी, अभिज्ञात महास्थविराहरू तथा महर्द्धिक स्थविराहरू तेल सकिएको बत्ती झैं शान्तपदमा पुग्नु भयो । **लोकनाथको** जीवन छँदै 'म पनि **शिवपदमा** (सिवं पदं) जानु पर्‍यो' भन्ने कल्पना गर्नुभई आफ्नो आयुसंस्कारलाई हेर्नुहुँदा उही दिनमै आयु-संस्कार सिद्धिएको कुरा

---

१. अं. नि.-पृ. २६ : एतदग्गवग्गो, अ. क. I. पृ. २०४

१. थेरी. अप. दा. पा. पृ. २५९ : यसोधराथेरीअपदानं ।

२. "एकस्मि समये रम्मे, इद्धे राजगहे पुरे ।
पब्भारम्हि वरेकम्हि, वसन्ते नरनायके ॥
वसन्तिया तम्हि नगरे, रम्मे भिक्खुनुपस्सये ।
यशोधरा भिक्खुनिया, एवं आसि वितक्कितं ॥" थेरी. अप. दा. पा. पृ. २५९

Downloaded from http://dhamma.digital/

बुझ्नुभई पात्र-चीवर ग्रहण गरी, आफ्नो आश्रमबाट निस्की, एकशय पाँच[1] भिक्षुणीहरूका अगाडि लागी उहाँ महर्द्धिक, महाप्राज्ञ हुनु भएका **सम्यक् सम्बुद्धका छेउमा** जानुभयो[2] ।"

## क्षमायाचना

८- "**शास्ताको चक्रांकित पादकमलमा** अभिवादन गरी एक छेउमा बस्नु

---

१. नालन्दा पालिमा "सतेहि सहस्सेहि" भन्ने र सिंहल र रोमनमा "सतेहि सहपञ्चहि" भन्ने कुरा उल्लेख भएका छन् । यहाँ चाहिं मैले सिंहलमा भए जस्तै उल्लेख गरेको छु । थेरी. दा. पा. पृ. २६०

२. "सुद्धोदनो महाराजा, गोतमी च पजापती ।
अभिञ्ञाता महाथेरा, थेरियो च महिद्धिका ॥"

"सन्तिं गता व आसुं ते, दीपच्ची व निरासवा ।
लोकन थे धरन्ते व, अहं पि च सिवं पदं ॥"

"गमिस्सामीति चिन्तेत्वा, पस्सन्ती आयुमत्तनो ।
पस्सित्वा आयुसङ्खरं तदहेव खयं गतं ॥"

"पत्तचीवरमादाय, निक्खमित्वा सकस्समा ।
पुरक्खता भिक्खुनीभि, सतेहि सहपञ्चहि ॥"

"महिद्धिका महापञ्ञा, सम्बुद्धं उपसङ्कमि ॥"
थेरी. अप. दा. पा. पृ. २३०

Downloaded from http://dhamma.digital/

भएकी उहाँले यस्तो भन्नुभयो[1] ।"

९-१०- "**हे महामुने !** तपाई समक्ष म विन्ति गर्न चाहन्छु- "म अठहत्तर (७८) वर्ष पुगें; बैंशको अन्तमा पुगें; प्रब्भारमा पुगें; मेरो बैंश परिपक्व भयो; मेरो जीवन छोटो छ; तपाईलाई छाडेर जानेछु किन कि मैले आफ्नो शरण बनाइसकेकी छु[2] ।"

११- "**हे महावीर !** बैंशको अन्तमा मरण आइपुग्छ । आजको रातमा निर्वाणमा पुग्नेछु[3] ।"

१२- "**हे महामुने !** जाति, जरा, ब्याधि छैन तथा मरण भन्ने पनि छैन ।

---

१. "सम्बुद्धं अभिवादेत्वा, सत्थुनो चक्कलक्खणे ।
निसिन्ना एकमन्तम्हि, इदं वचनमब्रवि ॥"
थेरी. अप. दा. पा. पृ. ३६०

२. "अट्ठसत्ततिवस्साहं, पच्छिमो वत्तते वयो ।
पब्भारम्हि अनुप्पत्ता, आरोचेमि महामुनि ॥
"परिपक्को वयो महं, परित्तं मम जीवितं ।
पहाय वो गमिस्सामि, कतं मे सरणमत्तनो ॥"
थेरी. अप. दा. पा. पृ. २६०

३. "वयम्हि पच्छिमे काले, मरणं उपरुद्धति ।
अज्ज रत्तिं महावीर पापुणिस्सामि निब्बुतिं ॥"
थेरी. अप. पा. पृ. २६०

Downloaded from http://dhamma.digital/

असंस्कृत अजरामरण-पुरमा जानेछु[1] ।

१३- 'शास्ताको उपासना गर्ने परिषद्लाई यदि मेरो कुनै अपराध थाहा छ भने उनीहरूले त्यसलाई **शास्ताको अगाडि** क्षमा गरुन्[2] ।

१४- **हे महावीर !** संसारमा विचरण गर्दा तपाईप्रति मेरो कुनै त्रुटी भएको छ भने म प्रार्थना गर्छु कि मेरो अपराधलाई क्षमा गर्नुहोस्[3] ।'

१५-१६- "उहाँको वचन सुनी **मुनिन्द्रले** यस्तो भन्नुभयो- 'परिनिर्वाण भएर जानेलाई अधिक के भनूँ र; बरु मेरा सबै शासनकारी परिषद्को शङ्का दूर गरी ऋद्धि प्रातिहार्य देखाऊ' ।"

## ऋद्धि-प्रातिहार्य

१७- "मुनिको वचन सुनी **यशोधरा भिक्षुणीले** मुनिराजलाई वन्दना गरी

---

१. "नत्थि जाति जरा ब्याधि, मरणं च महामुने ।
अजरामरणं पुरं, गमिस्सामि असङ्खतं ॥"
थेरी. अप. दा. पा. पृ. २६०

२. "यावता परिसा नाम, समुपासन्ति सत्थुनो ।
अपराधमजानन्ति, खमन्तं सम्मुखा मुने ॥"
थेरी. अप. दा. पा. पृ. २६०

३. "संसरित्वा च संसारे, खलितं चे ममं तयि ।
आरोचेमि महावीर, अपराधं खमस्सु मे ॥"
थेरी. अप. दा. पा. पृ. २६०

Downloaded from http://dhamma.digital/

यस्तो विन्ति गर्नुभयो-

१८-१९- **'हे वीर ! म यशोधरा** हुँ' घरमा तपाईकी प्रजापति थिएँ । स्त्री-अङ्गमा प्रतिष्ठित भएकी म शाक्य कुलमा जन्मेकी थिएँ । हे **महावीर** ! तपाईका घरमा भएका एकलाख छयान्नब्बे नवयुवती स्त्रीहरू मध्ये प्रमुख भई मैले सबै ऐश्वर्य प्राप्त गरें[1] ।

२०- 'रुप तथा आचरण गुणले युक्त भएकी म परम यौवन प्राप्त प्रियवादिनी थिएँ । देवताहरूलाई झैं सबै मनुष्यहरूले मलाई सम्मान गर्दथे[2] ।'

२१- 'शाक्यपुत्रका निवासस्थानमा भएका **एकलाख कन्याहरूमध्ये प्रमुख भई** (कञ्ञा सतसहस्स पमुखा), समान सुख-दुःख अनुभव गरी **नन्दनवनका** देवताहरू झैं म बसें ।'

२२- 'काम-धातुबाट उत्तीर्ण भई रुप-धातुमा प्रतिष्ठित भएकी म समान

---

१. "यसोधरा अहं वीर, अगारे ते पजापति ।
साकियम्हि कुले जाता, इत्थि अङ्गे पतिट्ठिता ॥"

"थीनं सतसहस्सानं, नवुतीनं छदुत्तरि ।
अगारे ते अहं वीर, पामोक्खा सब्बा इस्सरा ॥"
थेरी. अप. दा. पा. पृ. २६१

२. "रुपाचारगुणूपेता, योब्बनट्ठा पियंवदा ।
सब्बा मं अपचायन्ति, देवता विय मानुसा ॥"
थेरी. अप. दा. पा. पृ. २६१

Downloaded from http://dhamma.digital/

रुपवती **लोकनायक** बाहेक अरु कुनै छैन[1] ।'

२३- "अनि सम्बुद्धलाई अभिवादन गरी (यशोधरा भिक्षुणीले) **शास्तालाई** ऋद्धि तथा अनेक प्रकारका महानऋद्धिहरू पनि देखाउनु भयो ।"

२४-२६- "संसार चक्र समान काय, उत्तर कुरुलाई शीर, दुई द्वीपलाई दुई पखेटा, जम्बुद्वीपलाई आङ, दक्षिण तलाउलाई पुच्छर अनेक शाखाहरूलाई प्वाँखहरू, चन्द्र सूर्यलाई दुई आँखा, मेरुपर्वतलाई मयूर, चक्रवाल पर्वतलाई चुच्चो र जम्बुरुखलाई खुट्टाहरू बनाई पङ्ख हम्काउने जस्तै गरी आई **लोकनायकलाई** वन्दना गर्नु भयो ।"

२७-२८- "हात्ती, घोडा, सागर, पर्वत, चन्द्र, सूर्य तथा शक्रको रुप पनि देखाउनु भई- **हे महावीर ! म यशोधरा हुँ** भन्दै बुद्धको पादकमलमा वन्दना गर्दै सहस्रलोकधातुलाई सुपुष्पित पद्मकमल बनाई त्यसले **बुद्धको चरणकमल** छोप्नु भयो ।"

२९- "त्यस्तै गरी ब्रम्हरूपको पनि निर्माण गरी शून्यताको धर्मोपदेश गर्नु हुने 'हे वीर ! **म यशोधरा हुँ** चक्षुमान्को पादकमलमा वन्दना गर्छु' भनी भन्नु भयो[2] ।"

---

१. "कामधातु मतिक्कम्म, सण्ठिता रुपधातुया ।
रुपेन सदिसा नत्थि, ठपेत्वा लोकनायकं ॥"
थेरी. अप. पा. पृ. २६१

२. "ब्रम्हवण्णं च मापेत्वा, धम्मं देसेसि सुञ्ञतं ।
यसोधरा अहं वीर पादे वन्दामि चक्खुम ॥"
थेरी. अप. पा. पृ. २६२

Downloaded from http://dhamma.digital/

३०-३२- "**महामुने !** ऋद्धि, दिव्यश्रोत-धातु, तथा चेतोपरियज्ञान अर्थात् परिचित्त ज्ञानहरू पनि मेरा वशमा छन् । पूर्वेनिवासलाइ जान्दछु, दिव्यचक्षु विशुद्ध छ, सबै आस्रवहरू क्षीण भएका छन्, अब उप्रान्त पुनर्भव पनि छैन । तपाईको कारणले अर्थ, धर्म, निरुक्ति तथा प्रतिभाण-ज्ञान पनि प्राप्त भएकै छ ।

## अतीत-संस्मरण

३३- "पहिलेका लोकनाथहरूका समयमा तपाईसँग सङ्गम भएका कुर ाहरू तपाईले राम्रैसँग देख्नु भएकै छ; तपाईकै निमित्त मैले अधिकार (= प्रणिधान) पूरा गरें ।'

३४- 'महावीर ! मैले पूरा गरेका जुन पूर्वकुशल कर्महरू हुन् ती जम्मै पुण्यहरू तपाईकै कारणले कमाउन सकेकी हुँ भन्ने कुरा तपाईले पनि स्मरण गर्नु भएकै होला[१] ।

३५- '**हे महावीर !** अभव्य-स्थानलाई[२] वर्जित गरी अनाचारलाई रोकी, तपाईकै निम्ति मैले जीवन परित्याग गरें ।'

---

१. "यं मय्हं पूरितं कम्मं, कुसलं सरसे मुने ।
तुय्हत्थाय महावीर, पुञ्ञं उपचितं मया ॥"
थेरी. अप. दा. पा. पृ. २६२

२. (१) जन्मैदेखि अन्धो हुनु, (२) जन्मैदेखि बहिरो हुनु, (३) बहुला हुनु, (४) लाटो हुनु (५) प्रत्यन्त-गाउँमा जन्मिनु, (६) दास कुलमा जन्मिनु, (७) सँधै मिथ्यादृष्टिक हुनु, (८) लिङ्ग परिवर्तन हुनु, (९) नपुंसक हुनु, (१०) पञ्च-आनन्तर्यकर्म हुनु, (११) बट्टाइभन्दा स्यानो भई जन्मिनु, (१२) अविचीमा उत्पन्न हुनु,

Downloaded from http://dhamma.digital/

३६-३९- **'हे महामुनि !** अनेक सहस्रकोटी पटकसमम तपाईले मलाई भार्याको रुपमा (अर्कालाई) दिनुभयो; तपाईकै निम्ति त्यसमा पनि म बेखुश भइन[१] । हे महामुनि ! अरुको उपकार गर्नको निम्ति तपाईले मलाई अनेक सहस्रकोटी पटक प्रदान गर्नु भयो; तपाईकै निमित्त त्यसमा पनि म बेखुश भइन । **हे महामुनि !** अरुलाई ख्वाउनको निमित तपाईले मलाई अनेक सहस्रकोटी पटक प्रदान गर्नुभयो; तपाईकै निमित्त म त्यसमा पनि बेखुश भइन । यसरी अनेक सहस्रकोटी पटकसम्म मैले जीवन-परित्याग गरें; भयत्राश हटाई शान्ति ल्याउनको निम्ति मैले आफ्नो जीवनलाई परित्याग गरें ।'

४०- **'हे महामुनि !** लगाएका अलङ्कारहरू, नानाप्रकारका वस्त्ररु तथा नारीका अग्र-रसहरूलाई (Scum) पनि मैले तपाईकै निम्ति कुनै प्रकारको गोप्यता राखिन[२] ।'

---

(१३ प्रलयको समयमा जन्मिनु, (१४) मार भएर जन्मिनु, (१५) कालकञ्ज असुर भई जन्मिनु, (१६) असंज्ञी सत्वलोकमा उत्पन्न हुनु, (१७) शुद्धावासमा उत्पन्न हुनु तथा (१८) अरुपलोकमा उत्पन्न हुनु आदिलाई 'अभव्यस्थान' भनी भन्दछन् । श्री सद्धर्म-कोष पृ. २३१; चरि. पि. अ. क. पृ. २५९ : पकिण्णककथा ।

पञ्चआनन्तर्यकर्म भनेको कस्तो हो भन्ने विषयमा पपं. सू. IV. पृ. ७७ : बहुधातुकसुत्तवण्णना र विभं. अ. क पृ. ४२९ : दसकनिद्देसवण्णनामा हेर्नू ।

१. "नेककोटिसहस्सानि, भरियत्थायदासि मं ।
न तत्थ विमना होमि, तुय्हत्थाय महामुनि ॥"
थेरी. अप. दा. पा. पृ. २६२

२. "अङ्गते अलङ्कारे वत्थे नानाविधं बहू ।
इत्थिमण्डे नु गूहामि, तुय्हत्थाय महामुनि ॥"
थेरी. अप. दा. पा. पृ. २६२

Downloaded from http://dhamma.digital/

४१-४२- **'हे महामुनि !** मैले गाउँ, निगम, खेतहरू र छोरा-छोरीहरूलाएई पनि परित्याग गरें । हे महामुनि ! हात्ती, घोडा, गाईहरू र दासी परिचारिकाहरूलाई पनि अनेक असंख्य पटक परित्याग गरें ।'

४३- 'जब तपाईले 'याचकहरूलाई दान दिने बारेमा मसँग सल्लाह गर्नु भयो तब त्यस उत्तम दानकार्यमा कहिल्यै पनि मेरो मन बेखुश भएको मलाई थाहा छैन[१] ।'

४४- **'हे महावीर !** तपाईकै निमित्त बहुविध संसारमा अनेकविध दुःख कष्टहरू असंख्यवार अनुभव गरें[२] ।'

४५- **'हे महामुनि !** सुख प्राप्तिमा अनुमोदन गर्छु तर दुःख प्राप्तिमा दुर्मन हुन्न, तपाईकै निमित्त म सबै ठाउँमा तुला जस्तै हुन्छु[३] ।'

---

१. "यं मय्हं पटिमन्तेसि, दानंदस्सामि याचके ।
विमनं मे न पस्सामि, ददतो दानमुत्तमं ॥"
थेरी. अप. दा. पा. पृ. २६३

२. "नानाविधं बहुं दुक्खं, संसारे च बहुब्बिधे ।
तुय्हत्थाय महावीर अनुभुत्तं असङ्खियं ॥"
थेरी. अप. दा. पा. पृ. २६३

३. "सुखप्पत्तानुमोदानि, न च दुक्खेसु दुम्मना ।
सब्बत्थ तुलिता होमि, तुय्हत्थाय महामुनि ॥"
थेरी. अप. दा. पा. पृ. २६३

Downloaded from http://dhamma.digital/

४६- **'हे महामुनि !** सुख दु:खको अनुभव गरी सम्बुद्धले जुन धर्म प्राप्त गर्नु भएको छ, सोही मार्गको अनुगमन गरी मैले पनि बोधिज्ञान प्राप्त गरे[१] ।'

## धेरै अतीतका-संस्मरण

४७- 'अरु लोकनाथहरूको तुलनामा तपाईसँगको मेरो सङ्गम अधिक छ ।'

४८- **'हे महामुनि ! म तपाईकी परिचारिका हुँ**, बुद्ध धर्मको गवेषण गर्दै तपाईको निमित मैले धेरै अधिकार प्रणिधि पूरा गरेकी छु[२] ।'

४९-५०- **'एकलाख चार असंख्य कल्पहरू** अगाडि दीपङ्कर महावीर लोकनायक लोकमा उत्पन्न हुनु भयो । प्रत्यन्त-देशवासीहरूले उहाँलाई निम्त्याए; उहाँको आगमनको निमित्त हर्षित भई सबैले बाटो सफा गरे ।'

५१- 'त्यस बखत उहाँ (= तपाई) **सुमेध भन्ने ब्राह्मण** हुनुहुन्थ्यो र त्यहाँ तपाईले सबै ठाउँ हेरी बुद्धको लागि बाटो बनाउँदै हुनुहुन्थ्यो ।

---

१. "अनुमग्गेन सम्बुद्धो, यं धम्मं अभिनीहरी ।
अनुभोत्वा सुखं दुक्खं, पत्तो बोधिं महामुनि ॥"
थेरी. अप. दा. पा. पृ. २६३

२. "अधिकार बहुं मय्हं, तुय्हत्थाय महामुनि ।
गवेसतो बुद्धधम्मे, अहं ते परिचारिका ॥"
थेरी. अप. दा. पा. पृ. २६३

Downloaded from http://dhamma.digital/

५२- 'त्यस बखत म **सुमित्रा भन्ने ब्राह्मण कन्या** भएकी थिएँ र म पनि त्यस समागममा पुगें[1] ।'

५३-५७- **'शास्ताको पूजा गर्न आठवटा कमलका फूलहरू** हातमा लिई जनसमूहमा पुग्दा त्यहाँ मैले अत्यन्त सुन्दर स्वरुपका एक ऋषिलाई देखें[2] । उहाँको दयालु, अति प्रसन्न, प्रफुल्लित तथा मनोहर रुप देखेर मैले आफ्नो जीवन सफल ठानें । सफल पराक्रम गरिरहनु भएका उहाँ (तपाई) ऋषिलाई देखें अनि पूर्वकर्म-हेतुले सम्बुद्धप्रति मेरो चित्त पनि प्रफुल्लित भयो ऋषिको उत्तम रुप देखेर म मेरो चित्त झन् प्रफुल्लित भयो र मैले उहाँलाई **'हे ऋषि ! ममा दिने कुरा केही छैन यही फूलहरू दिनेछु'** भनी भनें । त्यस पछि पाँचथुँगा फूलहरू उहाँलाई दिंदै मैले **'हे ऋषि !** पाँचवटा हात तपाईको होउन् र मेरा तीनवटा होउन् । **'हे ऋषि !** यस कर्मद्वारा **बोधिप्राप्तिको निम्ति** तपाईसँग मेरो समागम होस्[3]' भनी भनें ।

---

१. "तेन कालेनहं आसिं, कञ्ञा ब्राम्हणसम्भवा
सुमित्ता नाम नामेन, उपगच्छिं समागमं ॥"
थेरी. अप. दा. पा. पृ. २६३

२. "अट्ठ उप्पलहत्थानि, पूजनत्थाय सत्थुनो ।
आदाय जनसम्मज्झे, अद्दसं इसिमुग्गतं ॥"
थेरी. अप. दा. पा. पृ. २६३

३. "पञ्च हत्था तव होन्तु, तयो होन्तु ममं इसे ।
तेन सद्धिं समा होन्तु, बोधत्थाय तवं इसे ॥"
थेरी. अप. दा. पा. पृ. २६३

Downloaded from http://dhamma.digital/

५८- 'अनि ऋषिले फूल लिनु भई, आइरहनु भएका **महायशलाई** जनसमूहको बीचमा बोधिप्राप्तिको निम्ति फूल चढाउनु भयो[1] ।'

५९- 'जनसमूहका बीचमा (ऋषिलाई) देख्नु भई **महामुनि दिपङ्करले,** प्रसन्न चित्त हुनु भएका **महावीर ऋषिको बारेमा** ब्याकरण (= भविष्यवाणी) गर्नुभयो ।'

६०-६४- 'त्यस बखत **महामुनि दीपङ्कर बुद्धले,** मेरो कर्मको बारेमा पनि सोझै ब्याकरण गर्नुभयो- **'हे ऋषि !** यहाँदेखि अपरिमेय्य कल्पहरूमा तिम्रो निम्ति यी (नारी) समचित्त, समकर्म, समकर्मकारी तथा कर्मद्वारा प्रिया हुनेछिन् र सुदर्शना, सुप्रिया, मन पर्ने, प्रियवादिनी भई उनको (सुमेधको) दायाद भई, ऋद्धिमती भई विहार गर्नेछिन् । जस्तै स्वामीले वस्तु रक्षा गर्छ उस्तै यिनले पनि स्वामीको रक्षा गर्नेछिन् र कुशल धर्महरूको पनि रक्षा गर्नेछिन्[2] । उनमाथि (= सुमेध माथि) उनी (सुमित्रा) अनुकम्पा राख्ने हुनेछिन् र पारमी पूरा गर्ने भई सिंहले खोर भत्काए जस्तै गरी **बोधिमा पुग्नेछिन् ।'**

Dhamma.Digital

६५- 'यहाँ देखि अपरिमेय्य कल्प अघि बुद्धले जुन भविष्यवाणी गर्नु भएको थियो, त्यो बचनलाई अनुमोदन गरी म त्यस्तै भएँ ।'

---

१. "इसि गहेत्वा पुप्फानि, आगच्छन्तं महायसं ।
पूजेसि जनसम्मज्झे, बोधत्थाय महाइसि ॥"
थेरी. अप. दा. पा. पृ. २६३

२. "तस्स ते अनुकम्पन्ती, पूरयिस्सति पारमी ।
सीहो व पञ्जरं भेत्वा, पापुणिस्सति बोधियं ॥"
थेरी. अप. दा. पा. पृ. २६३

Downloaded from http://dhamma.digital/

# अन्तिम-जन्म

६६-६७- 'उहाँको (सुमेधको) त्यो सुकृत्य कर्म प्रति चित्त प्रसन्न गरी असंख्या कालसम्म देव-मनुष्य जुनिहरूमा अनेक सुख दुःखको भोग गर्दै **अन्तिम जन्ममा पुगदा म शाक्य कुलमा जन्मिएँ[१]।**'

६८- 'रुपवती, भोगवती, यशवती, शीलवती तथा सर्वाङ्ग सम्पन्न भई सबैको सत्कार प्राप्त गरी म कुलमा बसें[२]।'

६९- 'लाभसत्कार तथा यशकीर्ति आदि लोकधर्महरूले युक्त भई सम्मानपूर्वक घरमा बसें; कुनै भय र दुःख विना म घरमा बसें[३]।'

७०- '**हे वीर !** त्यसबखत, क्षत्रीहरूको श्रेष्ठ अन्तःपुरमा मेरो उपकारलाई देखाउनु भई भगवानले यसो भन्नु भएको थियो-

---

१. "पच्छिमे भवे सम्पत्ते, अजायिं साकिले कुले ॥"
थेरी. अप. दा. पा. पृ. २६५

२. "रुपवती, भोगवती, यससीलवती ततो ।
सब्बङ्गसम्पदा होमि, कुलेसु अभिसक्कता "
थेरी. अप. दा. पा. पृ. २६५

३. "लाभं सिलोकं सक्कारं, लोकधम्मसमागमं ।
चित्तं च दुक्खितं नत्थि, वसामि अकुतो भया ॥"
थेरी. अप. दा. पा. पृ. २६५

Downloaded from http://dhamma.digital/

७१- 'ती नारी उपकारिणी थिइन्, ती नारी सुख दुःखमा साथ थिइन्, ती नारी हितचिन्तक थिइन् र ती नारी अनुकम्पिका पनि थिइन्[1] ।'

७२-८७- **हे धर्मराज !** मैले धेरै अधिकारहरू (= प्रणिधिहरू) पूरा गरेकि छु- अनेक...देवातिदेव भई बुद्ध हुनेहरूलाई प्रत्येकबुद्ध हुनेहरूलाई तथा असंख्य बुद्ध श्रावकहरूलाई दान दिएँ...**हे धर्मराज !** सुन्नुहोस् मेरो अधिकार महान् छ ।'

८८- 'यसरी धर्ममा सुपरिचित भएकाहरू, सँधै धर्माचरण गर्ने धर्मचारीहरू यस लोक र परलोकमा सुखपूर्वक जीवन बिताउँछन् ।'

८९- 'धर्मको आचरण विशुद्ध रुपमा गर्नु पर्छ अशुद्ध रुपमा गर्नु हुन्न; धर्मचारीले इहलोक र परलोकमा सुखपूर्वक जीवन बिताउन सक्छ[2] ।

९०-९१- 'संसारबाट विरक्त भई अनगारिकामा प्रव्रजित भएँ, सहस्र परिवारहरूका साथ अकिञ्चना भई प्रव्रजित भएँ । घर छाडी अनगारिकामा प्रव्रजित भएको **आधा-महिना नपुग्दै** चतुसत्यज्ञान प्राप्त गरे[3] ।

---

१. "उपकारा च या नारी, या च नारी सुखे दुखे ।
अत्थक्खायी च या नारी, या च नारीनुकम्पिका ॥"
थेरी. अप. दा. पा. पृ. २६५

२. "धम्मं चरे सुचरितं, न तं दुच्चरितं चरे ।
धम्मचारी सुखं सेति, अस्मिं लोके परम्हि च ॥"
थेरी. अप. दा. पा. पृ. २६६

३. "निब्बिन्दित्वान संसारे, पब्बजिं अनगारियं ।
सहस्सपरिवारेन, पब्बजित्वा अकिञ्चना ॥"
"अगारं विजहित्वान, पब्बजिं अनगारियं ।
अड्ढमासे असम्पत्ते, चतुसच्चमपापुणिं ॥"
थेरी. अप. दा. पा. पृ. २६६

Downloaded from http://dhamma.digital/

९२- 'सागरको लहर जस्तै धेरै जनहरूले चीवर, भिक्षाभोजन, प्रत्यय तथा शयनासनहरू ल्याउँछन् ।'

९३- 'सबै क्लेशहरू भस्म भइसके, सबै भवतृणाहरू नाश भइसके तथा बन्धन चुँडाली बस्ने नाग (हात्ती) जस्तै म अनास्रवी भई विहार गर्दछु ।'

९४- 'बुद्धको अगाडि मेरो स्वागत नै छ, तीन विद्या प्राप्त गरी मैले बुद्धशासन पूरा गरें ।'

९५- 'चार प्रतिसम्भिदा, आठ विमोक्ष तथा छ अभिज्ञाहरू समेत प्राप्त गरी मैले बुद्धको शासनलाई पूरा गरेकी छु ।'

९६- 'यसप्रकार दुःख पनि बहुविध र सम्पत्ति पनि बहुविध अनुभव गरी विशुद्धभाव प्राप्त गरी सबै सम्पन्नतामा पुगेकी छु ।'

९७- 'जसले स्व-आत्मलाई महिर्षिको पुण्यकार्यको निमित्त प्रदान गर्नेछ उसले त्यस कर्मद्वारा निर्वाण सम्पदा प्राप्त गर्नेछु[१] ।'

९८- 'भूत, भविष्य तथा वर्तमानकाल क्षीण भइसक्यो तथा मेरा सबै कर्महरू पनि क्षीण भए । हे **चक्षुमान् ! पादकमलमा वन्दना गर्छु**[२] ।'

❀❀❀

---

१. "या ददाति सकत्तानं, पुञ्ञत्थाय महेसिनो ।
सहायसम्पदा होन्ति, निब्बानपदमसङ्खतं ॥"
थेरी. अप. दा. पा. पृ. २६७

२. "परिक्खीणं अतीतं च, पच्चुप्पन्नं अनागतं ।
सब्बंकम्मं खीणं, पादे वन्दामि चक्खुम ॥"
थेरी. अप. दा. पा. पृ. २६७

Downloaded from http://dhamma.digital/

## अभ्यास १०

(१) यशोधरा भिक्षुणी एक्लै बसिरहँदा मनमा कस्तो कल्पना उब्ज्यो ?

(२) भिक्षुणी यशोधराले शास्ताको चक्रांकित पादकमलमा अभिवादन गरी के भनेर क्षमायाचना गर्नु भइन् ?

(३) भिक्षुणी यशोधराले कसरी ऋद्धिप्रातिहार्य प्रदर्शन गरिन् ?

(४) अभव्य-स्थान भन्नाले के बुझिन्छ ? लेख्नुहोस् ।

(५) भिक्षुणी यशोधराले बताएकी अतीत संस्मरणबारे लेख्नुहोस् ।

(६) भिक्षुणी यशोधराको अन्तिम जन्मबारे आफूलाई थाहा भएको कुरा लेख्नुहोस् ।

Downloaded from http://dhamma.digital/

# मग्गङ्ग दीपनी

मूल लेखक

**महास्थविर लेदी सयादो डी. लिट्**

अनुवादिका

**सुश्री नानीमैयाँ मानन्धर**

Downloaded from http://dhamma.digital/

द्वितीय खण्ड :

# मग्गङ्ग दीपनी

## "नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"

नमस्कार उहाँ भगवान् अर्हत् सम्यक् सम्बुद्धलाई ।

## आर्य अष्टांगिक मार्ग :

| | | | |
|---|---|---|---|
| (१) | सम्मादिट्ठि | - | सम्यक्-दृष्टि |
| (२) | सम्मासंकप्पो | - | सम्यक्-संकल्प |
| (३) | सम्मावाचा | - | सम्यक्-वचन |
| (४) | सम्माकम्मन्तो | - | सम्यक्-कर्मान्त् |
| (५) | सम्माआजीवो | - | सम्यक्-आजीविका |
| (६) | सम्मावायामो | - | सम्यक्-व्यायाम |
| (७) | सम्मासति | - | सम्यक्-स्मृति |
| (८) | सम्मासमाधि | - | सम्यक्-समाधि |

### १. (क) सम्मादिट्ठि :

तीन प्रकारका सम्यक्-दृष्टि (यथार्थ दृष्टि) -

(अ) कम्मस्सकता-सम्मादिट्ठि- सम्यक्-दृष्टि दुइ किसिमका छन्- कुशल र अकुशल । प्राणी जन्मदै संसारचक्रमा घुमिरहुन्जेल तिनीहरूले गरिने कुशल-अकुशल कार्य नै तिनीहरूका सम्पत्ति हुन् र सधैं साथमा रहन्छन् ।

(आ) दसवत्थुक-सम्मादिट्ठि- दश प्रकारका वस्तुमा सम्यक् दृष्टि राख्नु ।

(इ) चतुसच्च-सम्मादिट्ठि- चार यथार्थता वा चार सत्यमा सम्यक्-दृष्टि राख्नु ।

Downloaded from http://dhamma.digital/

**(अ) कम्मस्सकता-सम्मादिट्ठि :**

**सब्बे सत्ता कम्मस्सका, कम्मदायादा, कम्मयोनी, कम्मबन्धु, कम्मप्पटि- सरणा, यं कम्मं करिस्सन्ति कल्याणं वा पापकं वा तस्स दायादा भविस्सन्ति ।**

**सब्बे सत्ता कमस्सका-**

प्राणी जन्म लिँदै संसारचक्रमा घुमिरहुञ्जेलसम्म तिनीहरूका कुशल-अकुशल कर्म नै आ-आफ्ना सम्पति हुन्छन् र ती ती कर्म नै सधैं तिनीहरूका साथमा रहन्छन् ।

**कम्मदायादा-**

प्राणी जन्म लिँदै संसारचक्रमा घुमिरहुञ्जेलसम्म तिनीहरूका कुशल-अकुशल कर्म नै आ-आफ्ना सम्पतिका मालिक बन्छन्, जुन सधैं तिनीहरूका साथमा रहन्छन् ।

**कम्मयोनी-**

प्राणी जन्म लिँदै संसारचक्रमा घुम्नुको स्रोत तिनीहरूकै कुशल-अकुशल कर्म हुन् ।

**कम्मबन्धू-**

प्राणी जन्म लिँदै संसारचक्रमा घुमिरहुञ्जेल तिनीहरूले गरिएका कुशल-अकुशल कर्म नै तिनीहरूका आफ्ना नातेदार र सच्चा साथी हुन्छन्, जुन सधैं तिनीहरू कै साथमा रहन्छन् ।

**कम्मप्पटिसरणा-**

प्राणी जन्म लिँदै संसारचक्रमा घुमिरहुञ्जेल तिनीहरूले गरिएका कुशल-अकुशल कर्म नै तिनीहरूका आफ्ना नातेदार र सच्चा शरण हुन् ।

Downloaded from http://dhamma.digital/

**यं कम्मं करिस्सन्ति कल्याणं वा पापकं वा तस्स दायादा भविस्सन्ति ।**

प्राणी जन्म लिंदै संसारचक्रमा घुमिरहुञ्जेल तिनीहरूले गरिएका कायिक वाचिक र मानसिक कुशल-अकुशल कर्म नै तिनीहरूका अंशियार हुन्छन् ।

## (आ) दसवत्थुकसम्मादिट्ठिः

**अत्थि दिन्नं, अत्थि यिट्ठं, अत्थि हुतं, अत्थि सुकतदुक्कटानं कम्मानं फलं विपाको, अत्थि माता, अत्थि पिता, अत्थि सत्ता ओपपातिका, अत्थि अयं लोको, अत्थि परो लोको, अत्थि लोके समणब्राम्हणा समग्गता सम्मापटिपन्ना, ये इमञ्च लोकं परञ्च लोकं सयं अभिञ्ञा सच्छिकत्वा पवेदेन्ति ।**

(१) अत्थि दिन्नं- दान दिएको कर्म र विपाक अवश्य छ ।

(२) अत्थि यिट्ठं- निश्चय नै महान् दानको कर्म र विपाक छ ।

(३) अत्थि हुतं- निश्चय नै थोरै दानको कर्म र विपाक छ ।

(४) अत्थि सुकतदुक्कटानं कम्मानं फलं विपाको- निश्चय नै कुशल-अकुशल कर्मका फल र विपाक छन् ।

(५) अत्थि माता- आमाप्रति असल र खराब (राम्रो र नराम्रो) गरिएको कर्मको फल र विपाक अवश्य छन् ।

(६) अत्थि पिता- बाबाप्रति असल र खराब गरिएका कर्मका फल र विपाक अवश्यक छन् ।

(७) अत्थि सत्ता ओपपातिका- विनायोनी त्यसै जन्मने प्राणी अवश्य छन् । जस्तै- प्रेत, देव, शक्र र ब्रम्हा; जसलाई साधारणतया मानिसले देख्न सक्तैनन् ।

(८) अत्थि अयं लोको- निश्चय नै हाम्रा आँखाले देखिने यो संसार छ ।

(९) अत्थि परो लोको- निश्चय नै अर्को संसार वा परलोक छन्, जहाँ मृत्यु पछि जन्मन्छ ।

अर्को शब्दमा: निश्चय नै यो मानव संसार (अयं लोको) र अर्को संसार

Downloaded from http://dhamma.digital/

(परो लोको: चार उपाय लोक, छ देवलोक र बीस ब्रम्हलोक) छन् ।

(१०) अत्थि लोके समणब्राम्हणा समग्गता सम्मापटिपन्ना, ये इमञ्च लोकं परञ्च लोकं सय अभिञ्ञा सच्छिकत्वा पवेदेन्ति ।

निश्चय नै यस मानव संसारमा सर्वज्ञ बुद्ध, श्रमण र ब्राम्हणहरू छन्, जो मानसिक शान्तिको अवस्थामा पुगिसकेका र राम्ररी आचरण गरिसकेका हुन्छन्; जसले यस संसारलाई मात्र नभई अर्को संसारलाई समेत स्वयं विशिष्ट ज्ञानद्वारा साक्षात्कार गरी, देखी, बुझी अरुहरूलाई पनि प्रकाश पारिदिन्छन् ।

**(इ) चतुसच्च-सम्मादिट्ठि:**

(१) **दुक्खे ञाणं**, (२) **दुक्खसमुदये ञाणं**, (३) **दुक्खनिरोधे ञाणं**, (४) **दुक्ख-निरोधगामिनिपटिपदाय ञाणं ।**

(१) दुक्खे ञाणं- दुःख सत्यलाई यथार्थतः बोध गर्ने ज्ञान ।

(२) दुक्खसमुदये ञाणं- दुःख उत्पत्तिको कारण धर्मलाई यथार्थतः बोध गर्ने ज्ञान ।

(३) दुक्खनिरोधे ञाण- दुःख निरोध सत्यलाई यथार्थतः बोध गर्ने ज्ञान ।

(४) दुक्खनिरोधगामिनिपटिपदाय ञाणं- दुःख निरोधतिर लैजाने प्रतिप्रदालाई यथार्थतः बोध गर्ने ज्ञान ।

**(ख) सम्मासङ्कप्प:**

तीत प्रकारका सम्यक्-संकल्प (यथार्थ दृढ निश्चय)

(अ) नेक्खम्मसंकप्प- लोभ आरम्मण काम गुण स्कन्ध संसार रुपी धाप (हिलो) बाट निर्लिप्त हुने सम्यक्-संकल्प ।

(आ) अव्यापादसङ्कप्प- मनुष्य, तिरश्चिन प्राणीमात्र प्रतिको जीवितस्कन्ध सुखित पार्ने इच्छायुक्त सम्यक्-संकल्प ।

(इ) अविहिंसासङ्कप्प- जीवित मनुष्य, तिरश्चिन प्राणी मात्रलाई कायिक तथा मानसिक सुख प्राप्त गराउने इच्छा युक्त सम्यक् संकल्प ।

Downloaded from http://dhamma.digital/

**(ग) सम्मावाचा :**

चार प्रकारका सम्यक्-वचन-

(१) मुसावाद-विरति- असत्य वचन बोल्नुबाट विरत रहनु (बच्नु)।

(२) पिसुनवाचा-विरति- चुगली र निन्दाबाट विरत रहनु।

(३) फरुसवाचा-विरति- अरुको चित्तमा बिभ्ने, चुभ्ने, दुख्ने, असहच हुने, कडा शब्द प्रयोग एवं गालि गर्नुबाट विरत रहनु।

(४) सम्फप्पलाप-विरति- यस लोक र परलोकको निमित्त व्यर्थ हुने बेकारका गफ, झूठो कथा र तिरश्चिन कथाबाट विरत रहनु।

**(घ) सम्माकम्मन्त:**

तीन प्रकारका सम्यक्-कर्मान्त-

(१) पाणातिपात-विरति-जीवित मनुष्य, तिरश्चिन प्राणी मात्रलाई मार्नु, पिट्नु, कष्ट दिनुबाट विरत रहनु।

(२) आदिन्नादान-विरति-अधिकारीले नदिइएको पर वस्तु चोर्नुबाट विरत रहनु।

(३) कामेसुमिच्छाचार-विरति- मादक पदार्थ सेवन र आमाबाबा वा अभिभावकहरूद्वारा संरक्षित (परस्त्री वा पर पुरुषहरू) सँग हुने अनैतिक काम भोगबाट विरत रहनु।

**(ङ) सम्माआजीव :**

चार प्रकारका सम्यक्-आजीविका-

(१) दुच्चरितमिच्छाजीव-विरति- गृहस्थले कायिक, वाचिक कर्मद्वारा अनैतिक तवरले गरिने आजीविकाबाट विरत रहनु।

(२) अनेसनमिच्छाजीव-विरति-भिक्षु र ऋषिहरूले गृहस्थहरूलाई फल-फूल (आदि) दिने अनेसन कृत्यद्वारा अनैतिक तवरले गरिने आजीविकाबाट विरत रहनु।

Downloaded from http://dhamma.digital/

(३) कुहिनादिमिच्छाजीव-विरति- भिक्षु र ऋषिमुनिहरूले अद्भूत कार्य प्रदर्शन गरी धोका, छलकपट आदिद्वारा अनैतिक तवरले गरिने आजीविकाबाट विरत रहनु ।

(४) तिरिच्छानविज्जामिच्छाजीव-विरति- भिक्षु र ऋषिमुनिहरूको विनय विरोधी अंग-विद्या, लक्षण-विद्या हेर्ने आदि विद्याहरूद्वारा अनैतिक तवरले गरिने आजीविकाबाट विरत रहनु ।

**(च) सम्मावायाम :**

चारप्रकारका सम्यक्-व्यायाम (यथार्थ प्रयत्नं

(१) **अनुप्पन्नानं अकुसलानं धम्मानं अनुप्पादाय वायामो ।**

आफूमा वर्तमान कालमा उत्पन्न नभएको अकुशल धर्म वर्तमान जन्मदेखि लिएर अनुपादिशेष निर्वाण प्राप्तिसम्म भविष्यमा क्षणभर मात्र पनि उत्पन्न नगराउन आर्य अष्टांगिक मार्गको व्यायाम गर्नु ।

(२) **उप्पन्नानं अकुसलानं धम्मानं पहानाय वायामो ।**

आफूमा वर्तमान जन्ममा उत्पन्न भइसकेको वा भइरहेको अकुशल धर्मलाई भविष्यमा क्षणभर मात्र भए पनि उत्पन्न हुन नसक्ने गरी आर्य अष्टांगिक मार्गको व्यायाम गर्नु ।

(३) **अनुप्पन्नानं कुसलानं धम्मानं उप्पादाय वायामो ।**

आफूमा यस जन्ममा उत्पन्न नभएको सैंतिस बोधिपाक्षिय धर्म (बोधिज्ञानतर्फ उन्मूख अङ्गहरू) यस जन्ममा नै उत्पन्न गर्न आर्य अष्टांगिक मार्गको व्यायाम गर्नु ।

(४) **उप्पन्नानं कुसलानं धम्मानं भिय्योभावाय वायामो ।**

आफूमा यस जन्ममा उत्पन्न भइसकेको वा उत्पन्न भइरहेको शीलादि कुशल धर्मलाई उत्तरोत्तर बृद्धि गर्दै अनुपादिशेष निर्वाण प्राप्त हुने जन्मसम्म अविच्छिन्न रुपले अभ्यास गर्न आर्य अष्टांगिक मार्गको व्यायाम गर्नु ।

Downloaded from http://dhamma.digital/

**(छ) सम्मासति :**

चार प्रकारका सम्यक्-स्मृति-

(१) कायानुपस्सना सतिपट्ठानं- श्वास-प्रश्वास आदि शारीरिक अंग समूहमा भाविता गर्नु, हेर्नु, विचार गर्नुमा स्थिर रहेको स्मृति-धर्म ।

(२) वेदनानुपस्सना सतिपट्ठानं- सुख, दुःख आदि वेदना समूहमा भाविता गर्नु हेर्नु, विचार गर्नुमा स्थिररहेको स्मृति-धर्म ।

(३) चित्तानुपस्सना सतिपट्ठानं- सराग, सदोष आदि चित्त समूहमा भाविता गर्नु, हेर्नु, विचार गर्नुमा स्थिर रहेको स्मृति-धर्म ।

(४) धम्मानुपस्सना सतिपट्ठानं- कामत्च्छन्द आदि धर्म समूहमा भाविता गर्नु, हेर्नु, विचार गर्नुमा स्थिर रहेको स्मृति-धर्म ।

**(ज) सम्मासमाधि :**

चार प्रकारका सम्यक्-समाधि-

(१) पठमज्झान समाधि- पठम कसिण आदि कुनै न कुनै शमथ आरम्मणमा विचलित नभई भाविता गरी, विचार गरी दृढताका साथ स्थिर भई शान्त रहने प्रथमध्यान समाधि ।

(२) दुतियज्झान समाधि- दुतिय कसिण आदि कुनै न कुनै शमथ आरम्मणमा विचलित नभई भाविता गरी, विचार गरी दृढताका साथ स्थिर भई शान्त रहने द्वितीयध्यान समाधि ।

(३) ततीयज्झान समाधि-ततीय कसिण आदि कुनै न कुनै शमथ आरम्मणमा विचलित नभई भाविता गरी, विचार गरी दृढताका साथ स्थिर भई शान्त रहने तृतीयध्यान समाधि ।

(४) चतुत्थज्झान समाधि- चतुत्थ कसिण आदि कुनै न कुनै शमथ आरम्मणमा विचलित नभई भाविता गरी, विचार गरी दृढताका साथ स्थिर भई शान्त रहने चतुर्थध्यान समाधि ।

Downloaded from http://dhamma.digital/

यो आर्य अष्टांगिक मार्गको संक्षिप्त जानकारी मात्र हो । अब विस्तृत जानकारी यसप्रकार छन् ।

## मग्गङ्ग दीपनी अभ्यास - १

१) सम्यक् दृष्टि कति प्रकारका छन् ? संक्षिप्तमा लेख्नुहोस् ।

२) कम्मस्सकता-सम्मादिट्ठिलाई प्रष्ट हुनेगरी लेख्नुहोस् ।

३) दसवत्थु-सम्मादिट्ठिलाई प्रष्ट हुनेगरी लेख्नुहोस् ।

४) चतुसच्च-सम्मादिट्ठिलाई प्रष्ट हुनेगरी लेख्नुहोस् ।

५) सम्मासङ्कप्पको अर्थ लेखी यसका प्रकारका बारे स्पष्टहुने गरी लेख्नुहोस् ।

६) सम्मावायाम भन्नाले के बुझ्नुहुन्छ ? आफ्नै शब्दमा लेख्नुहोस् ।

७) केलाई सम्मासति भनिन्छ ? लेख्नुहोस् ।

८) सम्मासमाधि भन्नाले के बुझ्नुहुन्छ ? प्रकार सहित लेख्नुहोस् ।

Downloaded from http://dhamma.digital/

**सम्मादिट्ठिको विवरण :**

तीन प्रकारका सम्यक्-दृष्टि-

**(अ) कम्मस्सकतासम्मादिट्ठि**

**(आ) दसवत्थुकसम्मादिट्ठि**

**(इ) चतुसच्चसम्मादिट्ठि**

**(अ) कम्मस्सकता सम्मादिट्ठि व्याख्या-**

**सब्बे सत्ता कम्मस्सका, कम्मदायादा, कम्मयोनी, कम्मबन्धू, कम्मप्पटि- सरणा, यं कम्मं करिस्सन्ति कल्याणं वा पापकं वा तस्सदायादा भविस्सन्ति ।**

**सब्बे सत्ता कम्मस्सका-**

यस लोकमा हात्ती, घोडा, गाडी, गाई-गोरु, खेत, घर, सुन, चाँदी, ज्वाहारात आदि धनहरू हुन्छन् । ती धनहरू मृत्यु हुनुभन्दा अगाडि केही क्षणसम्म मात्र हाम्रा हुन्, भनी भन्न सकिन्छ । तर मरणपछि अर्थात् मृत्युपश्चात् ती धनहरू हाम्रो साथमा आउँदैनन् । ती धनहरू केही समयको लागि प्रयोग गर्न सापट लिएका जस्तै हुन् । ती धनहरू हाम्रा जीवन छँदैमा पनि क्षणभर भित्रै नाश हुन सक्छन् ।

तसर्थ संसारमा जन्म जन्मान्तरमा परिवर्तित हुँदै आइरहेका प्राणीहरूको त्यस त्यस जन्मान्तरमा परिवर्तित हुँदै आइरहेका ती धन सम्पत्तिहरू तिनीहरूको परिवर्तित अर्को जन्ममा साथ नआइकन ती ती जन्महरूमा नै त्यसै त्यसै रहिरहने हुँदा वास्तवमा ती जम्मै प्राणीहरूको आफ्नै निजी सम्पत्ति भन्नु उचित हुँदैन । त्यसकारण बुद्ध भन्नुहुन्छ- "सब्बे सत्ता कम्मस्सका ।"

प्राणीहरूले गरेका कायिक, वाचिक र मानसिक कर्म मात्र यस जन्ममा र अर्को जन्ममा आफूमा सधैं साथमा रहन्छन् । यी कर्महरू आगो, पानी, चोर डाँकु आदिको कारणबाट विनाश हुँदैनन् । तसर्थ यी कर्महरूलाई नै प्राणीहरूको निजी सम्पत्ति भन्दछन् ।

Downloaded from http://dhamma.digital/

कायिक कर्मको अर्थ हो हात खुट्टा आदि शरीरका सबै अङ्ग-प्रत्यङ्गद्वारा गरिने क्रिया कलाप । वची कर्मको मतलब हो मुख, जिभ्रो र घाँटिबाट निस्कने शब्द प्रयोग । मानसिक कर्म भन्नु नै मनको भाव वा विचार हो । यो कायिक, वाचिक र मानसिक कर्मलाई बुद्ध-धर्ममा तीन कर्म भन्दछन् ।

सबै प्राणीहरू जागृत अवस्थमा यी ती कर्ममा संलग्न रहन्छन्। तिनीहरूले साना वा ठूला सबै काम यी नै तीन कर्ममा संलग्न भई गर्छन् । निदाएको बेलामा मानिस (प्राणी) का यी तीन कर्म शान्त र सुषुप्त अवस्थामा रहन्छन् । मृतक व्यक्तिको त्यस अवस्थामा यी तीन कर्म निरुद्ध रहन्छन् ।

(यसरी प्राणी मात्रमा यी तीनै कर्मले गरिरहन्छन् ।)

यी तीन कर्महरू दुई भागमा विभक्त छन्- (१) तीन कुशल कर्म र (२) तीन अकुशल कर्म ।

(१) तीन कुशल कर्म दुइ प्रकारका छन्-

(क) यसै जन्मको निमित्त गरिने कुशल कर्म र (ख) अर्को जन्मको निमित्त गरिने कुशल कर्म

(२) तीन अकुशल कर्म दुइ प्रकारका छन्-

(क) यसै जन्मको निमित्त गरिने अकुशल कर्म र (ख) अर्को जन्मको निमित्त गरिने अकुशल कर्म ।

**कुशल र अकुशल कर्मका विश्लेषण :**

दश किसिमका दुराचरणहरू :-

(१) पाणातिपात- मनुष्य, तिरश्चिन आदि प्राणीहरूलाई कुट्ने, सास्ति गर्ने, मार्ने ।

(२) अदिन्नादान- नदिएका सजीव, निर्जीव वस्तु चोर्ने, नष्ट गर्ने ।

(३) कामेसु मिच्छाचार- काम-भोग सम्बन्धी आफ्ना स्त्री वा पुरुष बाहेक अन्य स्त्री वा पुरुषहरूसँग गरिने मिथ्याचरण ।

Downloaded from http://dhamma.digital/

(४) मुसावाद- झुठ बोल्ने ।

(५) पिसुनवाचा- चुगली र निन्दा गर्ने ।

(६) फरुषवाचा- गालि गर्ने र

(७) सम्फप्पलाप- नचाहिँदो गफ गर्ने ।

(८) अभिज्झा- अर्काको सजीव, निर्जीव वस्तु मेरो भए हुन्थ्यो होला भन्ने (पर सम्पत्ति लोभ) इच्छा गर्नु ।

(९) व्यापाद- अरुहरूको ज्यान, प्राण नाश भए हुन्थ्यो होला भन्ने (पर हानि क्रोध) इच्छा गर्नु ।

(१०) मिच्छादिट्ठि- मिथ्या धारणा लिनु ।

(१) यी दश अकुशल कर्म मुक्त जीवन यापन गर्ने, ज्ञानको खोजी गर्ने, व्यापार गर्ने, खेती-वारी गर्ने, सरकारी कर्मचारी हुने, नोकरीगर्ने, कुली काम गर्ने आदि जति पनि कायिक, वाचिक र मानसिक कर्महरू छन्, ती सबै यस जन्मको निमित्त गरिने कुशल कर्म हुन् ।

(२) यी दश अकुशल क्रिया युक्त सबै जीवन यापन गर्ने, धन सम्पत्ति कमाउने आदि कायिक, वाचिक र मानसिक जति पनि कर्महरू छन्, ती सबै यस जन्मका निमित्त गरिने अकुशल कर्महरू हुन् ।

**भावी जीवनको निमित्त अगावै यस जन्ममा गरिने दुईप्रकारका कर्म :**

यस जीवनमा भावी जीवनको निमित्त अगावै गरिने कायिक, वाचिक र मानसिक कर्मलाइ पनि दुइ भागमा विभाजन गर्न सकिन्छ ।

(१) (भावी जीवनको फल दायक) तीन कुशल कर्म ।

(२) (भावी जीवनको फल दायक) तीन अकुशल कर्म ।

(१) दश अकुशल कर्म मुक्त दान दिनु, शील पालन गर्नु, उपवास बस्नु, ध्यान-भावना गर्नु, बुद्ध-धर्म-संघको शरणमा जानु, मान-सत्कार गर्नु आदि कायिक, वाचिक र मानसिक कर्म भावी जीवनको निमित्त अगावै यस जीवनमा गरिने

Downloaded from http://dhamma.digital/

कुशल कर्म हुन् । यसलाई भावी जीवनमा राम्रो भूमि, राम्रो जन्म प्राप्तार्थ गरिने कुशल कर्म भनिन्छ ।

दश अकुशल कर्ममध्ये एक न एक अकुशल कर्म चाहे त्यो यस जन्मको निमित्त होस्, अथवा भावी जन्मको निमित्त, भावी जीवनमा अपाय दुर्गतिमा पतन गर्ने खालका हुन् । त्यसकारण यसलाई भावी जीवनको निमित्त गरिने अकुशल कर्म भनिन्छ ।

यस किसिमले कुशल र अकुशल कर्मलाई छुटचाई स्थल, जल र आकाशमा जहां बसेर गरे पनि यी तीन कर्ममा विचार गर्नुपर्छ ।

दृष्टान्त (आँखाले देखिने) यस संसारमा यी तीन कर्मका क्रियाकलापलाई जानी, बुझी, बितिसकेका अनन्त संसारमा र नयाँ नयाँ लगातार उत्पन्न भइरहने अनागत संसारमा सम्पूर्ण जल, स्थल, आकाशमा रहने सबै प्राणीहरूको तीन कर्मको समस्त क्रियाकलापलाई जान्नु, बुझ्नु पर्दछ ।

यस लोक धातु (विश्व) जस्तै चार दिशामा अरु अनगिन्ति लोक धातुहरू छन् । त्यसमा पनि जल, स्थल, र आकाशमा रहने सबै प्राणीहरूको तीन कर्महरूको क्रियाकलापहरूलाई थाहा पाउनु पर्दछ ।

यो सबै (कर्म) मा विचार गरेर हेर्दा यो स्पष्ट हुन आउँछ कि सबै प्राणीहरू आफ्नै शरीरबाट उत्पन्न हुने यी तीन कर्मद्वारा बाँचिरहन्छन् । यी तीन कर्मबाट तिनीहरूले सुख पाइरहेका छन् । तीन कुशल कर्मद्वारा तिनीहरूले विभिन्न प्रकारका कल्याणकारी फलहरू उपभोग गर्न पाइरहेका छन् र तीन अकुशल कर्मद्वारा अनेक प्रकारका दुःख भोग्नु परिरहेका छन् ।

Downloaded from http://dhamma.digital/

तीन कर्महरू नै प्राणीहरूका आफ्ना भित्रि सम्पत्ति हुन्, जुन आगो, पानी, चोर, डाँकु वा अरु कसैले कहिल्यै नाश गर्न नसकिने स्थावर सम्पत्ति हुन् । अन्य सम्पत्तिको रुपमा एक पैसा न भए पनि यदि यसमा शिल्प-विद्या र विवेक बुद्धि रुपी मनो-कर्म भइदिएमा उसले आनन्द प्राप्त गर्न, चिन्तन, मनन गर्न सक्नेछ ।

(जल, स्थल र आकाशचारी तिरश्चिन प्राणीहरू तीन कर्म मात्रले जीवित रहन्छन् ।)

यसैले बुद्ध भन्नुहुन्छ- "सब्बे सत्ता कम्मस्सका ।"

**वर्तमान कर्मको फल :**

कसैले यस जीवनमा धन, सर्कारी दर्जा वा प्रतिष्ठा जस्ता सांसारिक सुख-सुविधा पाउन इच्छा गरेझैं तिनीहरूमा शिल्प-विद्या र विवेक बुद्धि चाहिंदो मात्रामा भइदिएमा तिनीहरूको इच्छा मुताविक पाउन सक्नछन् ।

विनाशिल्प-विद्या, विनाविवेक बुद्धि खालि ईश्वरलाई पूजा मात्र गरी यी सांसारिक सुख सुविधा पाउन सकिन्छ भने ती ईश्वर भक्तहरूले व्यापार, खेति, शिल्प-विद्या, कला र विज्ञान जस्ता कायिक, वाचिक र मानसिक कर्महरू नगरे पनि हुन्थ्यो । त्यसको सट्टामा तिनीहरू खालि भक्तिमामात्र लागिरहे हुन्थ्यो ।

वास्तवमा यस्तो हुँदैन । बौद्ध, ईशाई र मुसलमानहरूले यी तीन प्रकारका कर्ममा उद्योग गर्छन् जसको फलस्वरुप तिनीहरूले सांसारिकसुख सुविधा प्राप्त गर्छन् । यी सबै ईश्वरले दिने होइनन् । यिनै तीन कर्मद्वारा ती सुख सुविधा प्राप्त भएका हुन् भनी जान्न सकिन्छ ।

Downloaded from http://dhamma.digital/

**पूर्वकर्मको फल :-**

हामीले बुझ्यौं कि यस जीवनमा पाउने सांसारिक सुख सुविधाहरू ईश्वरले दिइने होइन, विवेक बुद्धिपूर्ण आफ्नै कर्मले पाउने हुन् । त्यस्तै हामीले महशुस गर्न सक्नुपर्छ कि धनी परिवारमा वा देवलोकमा जन्मेका प्राणीरुले केवल ईश्वर भक्तिमा मात्र लागेर त्यस्ता फल पाएका होइनन्, बरु पूर्वजन्ममा दान दिनु, शील पालन गर्नु, जस्ता पूर्व कुशल कर्मद्वारा नै कल्याणकारी फल पाएका हुन् । जो धनी परिवारमा जन्मन्छ, ऊ त्यस परिवारको धनको मालिक बन्छ । अतएवः उसको सबै अधिकार उसकै पूर्वकर्मका फल हुन् ।

यहाँ वनस्पति सम्बन्धी उदाहरण उपयुक्त हुन आउँछ । विरुवाको उत्पत्ति विकासको क्रम लोक व्यवहार अनुसार बीजबाट शुरु हुन्छ । अभिधर्म अनुसार ऋतु नामांकित 'तेजो' (धातु) को शक्ति विशेषबाट उत्पत्ति हुन्छ । बीज भनेको तेजो-धातु भएको पदार्थ समूह हो । त्यस तेजो धातु नै मूलतः बीज हो ।

संसारको शुभारम्भमा बीज अस्तित्वमा आउनु भन्दा पहिले बनस्पति (विरुवा) तेजो-धातुको शक्ति विशेषबाट उम्रन्थे । विरुवाबाट फल र बीज उत्पन्न भएपछि त्यसबाट क्रमशः फलबीजहरू विकसित भए र त्यसबाट रुखहरू उम्रन थाले । यसरी नै सबै प्राणीहरूमा दान शील आदि कुशल कर्म र प्राणी हिंसा आदि अकुशल कर्महरू छन्, यी कर्महरूनै उनीहरूका बीज हुन् ।

पूर्वजन्ममा उत्पन्न भइसकेका कर्मबीजका कारणले अर्को जन्ममा मनुष्य तिरश्चिन आदि प्राणी परम्पराहरू उत्पन्न हुन्छन् । दान, शील आदि कर्म बीजको कारणले मनुष्य र देवता भई उत्पन्न हुन्छन् । प्राणी हिंसा आदि अकुशल कर्म बीजको कारणले नरक, तिर्यक, प्रेत र असुरकाय यी चार अपाय लोकमा उत्पन्न हुन्छन् ।

पुराना विरुवाबाट फल-बीजहरू निस्कन्छन् । त्यसैबाट नयाँ नयाँ विरुवाहरू उम्रन्छन् । यसरी विरुवाबाट बीजहरू, बीजहरूबाट विरुवाहरू क्रमशः देखा परझैं

Downloaded from http://dhamma.digital/

प्राणीहरूमा पूर्वजन्मका कर्म रुपी बीजहरू उत्पन्न हुन्छन् यो कर्म रुपी बीजबाट नयाँ जन्मको अस्तित्व खडा हुन्छ। यसरी प्राणीहरूबाट कर्म-बीज, कर्म-बीजबाट प्राणी परम्परा उत्पन्न भइरहन्छन्।

रुखहरूमा रुपसन्तति मात्र हुन्छ। तसर्थ एक रुखले धेरै फलहरू दिन्छन् जसबाट धेरै संख्यामा रुखहरू उम्रन्छन्। प्राणीमा दुई प्रकारका सन्ततिहरू हुन्छन्- रुपसन्तति र नामसन्तति। यी दुई सन्ततिहरूमा नाम सन्ततिमुख्य हुन्। एक नाम सन्ततिबाट एउटै मात्र नामसन्तति उत्पन्न हुनसक्छ (पटिसन्धि विञ्ञाण)। त्यसकारण एक जन्ममा कुशल, अकुशल कर्म बीजहरू धेरै भए तापनि पूर्वजन्ममा नयाँ एक नामसन्तति मात्र उत्पन्न हुने गर्दछन्। अतीत एक नाम सन्ततिबाट अर्को जन्ममा धेरै नयाँ नाम सन्ततीहरू उत्पन्न हुने गर्दैनन्। धेरै नयाँ नाम सन्ततिहरू उत्पन्न नहुने भएकोले नै एक रुपस्कन्धले प्राणीहरूमा अतीत एक रुपसन्ततिबाट अर्को जन्ममा नयाँ एक रुपसन्तति मात्र उत्पन्न हुने गर्दछ। धेरै होइन।

यसरी पृथ्वी, जल, पहाड, पर्वत, सूर्य, चन्द्र, नक्षत्र, ताराहरू आदि सबै संसारका उपकरणहरू ऋतु नामांकित विभिन्न तेजो बीजहरूबाट उत्पन्न हुने गर्दछन्। ईश्वरले सृष्टि गरेर होइन। मनुष्य, तिरश्चिन आदि प्राणीहरू पनि पूर्वजन्ममा आ-आफूले गरेर आएका कर्म रुपी बीजबाट नयाँ नयाँ रुप लिने गर्दछन्। ईश्वरको श्रृष्टिले होइन। यसरी जान्नु, बुझ्नु, विश्वास गर्नुलाई सम्मादिट्ठि (सम्यक्-दृष्टि) भन्दछन्।

ईश्वरले सृष्टि गरेर उत्पन्न भएका हुन् भन्ने धारणालाई मिच्छादिट्ठि (मिथ्या-दृष्टि) भन्दछन्। ऋतु र कर्मको वास्तविक प्रभाव शक्तिलाई राम्रोसँग हेर्न सक्ने ज्ञानको अभावले गर्दा ईश्वरले सृष्टि गरेका हुन् भनी जसोतसो कल्पना गरी अन्दाज लगाइएको मिथ्या धाणा मात्र हो। त्यसकारण त्यस दृष्टिलाई त्यागी

Downloaded from http://dhamma.digital/

प्रज्ञा ज्ञानद्वारा कर्म-धर्मलाई मात्र आधार मानी प्रयत्नशील रहन बुद्ध भन्नु हुन्छ- "सब्बे सत्ता कम्मस्सका ।"

**सब्बे सत्ता कम्मदायादा-**

संसारमा अपुताली वा अंशियार वस्तुहरू छन् । यी धन हाम्रो मृत्यु अगाडि सम्म मात्र हाम्रा सम्पत्ति भन्न सक्छौं । हाम्रो मृत्यु पश्चात् ती धनहरू त्यसै छाडेर जान्छौं । ती सम्पत्ति हाम्रो अर्को जन्मसम्म हाम्रो साथमा रहँदैनन् । हाम्रो जीवन छँदै ती धन आगो, पानी, चोर, डाँकुले नष्ट गर्न सक्छन् अथवा ती सम्पत्ति हामीबाट लुटिन्छन् ।

प्राणीले गरिएका तीन प्रकारका कर्म मृत्युपश्चात् भविष्य जीवनसम्म सँधै तिनीहरूकै भइरहन्छन् । ती कर्म कहिल्यै आगो आदिले नष्ट हुँदैनन् । यसै कारणले कर्म रुपी अंश प्राणीका परम्परागत सम्पत्ति हुन् । प्राणीले निश्चय नै भावी जीवनमा आ-आफ्ना कर्मका फल भोग्दछन् । कुकुर, सुंगुर, कुखुरा र चराहरूलाई ख्वाएको दान कुशल कर्मको फलले सय जुनीसम्म सुगति प्राप्त गराउन सक्छन् । सदाचारी भिक्षुहरूलाई ख्वाएको दान कुशल कर्मले अनगिन्ति मनुष्य र देवगति प्राप्त गराउन सक्छन् । यस जीवनमा रुपियाँको चार भागको एक भागको दानले भावी जीवनमा हजार रुपियाँ मूल्यभन्दा बढीको सुखद् फल दिन सक्छ । यदि मानिसले माछा, कुखुरा, सुंगुर जस्ता एक जन्तु मारे उसको हजार गुनाभन्दा बढी भावी जीवनमा मारिने विपाक भोग्नुपर्ने हुन्छ ।

यस संसारमा एउटा सानो वटवृक्षको बीज रोपे ठूलो वटवृक्षको बोट उम्री (हजारौं वर्षसम्म) अनन्त फल उत्पन्न हुन्छन् । त्यस्तै आँपको बीज वा कटरहको बीज रोपे ठूला आँप वा कटहरका रुखहरू उम्रन्छन्, जसबाट धेरै बर्षसम्म सयौं, हजारौं फलहरू उत्पन्न हुन्छन् ।

Downloaded from http://dhamma.digital/

यसरी रुखका एउटा सानो बीजबाट सयौं, हजारौं, फल, पात, हाँगा विङ्गाहरू निस्कन्छन्। यस्तै किसिमले एकचोटी दान, शील, भावना गरेको कुशल कर्मको बीजले सयौं, हजारौं भन्दा बढी भावी जीवनको क्रममा कुशल फल दिन सक्छन् । एउटा प्राणीको हिंसा आदि अकुशल कर्मको बीजबाट पनि असंख्य भावी जीवनमा दु:खदायी विपाक भोग्नु पर्ने हुन्छ ।

वटवृक्ष, आँप, कटहरका बीज र कायिक वाचिक र मानसिक कर्मका बीजसँग तुलना गर्न सकिन्छ । एक सानो बीजबाट अनगिन्ति पात, फल, हाँगाविङ्गा निस्केझैं एक कर्मका बीजबाट भावी जीवनमा अनेक परिणाम निस्कन्छन् । व्यक्तिले गरेको एक कर्मको परिणाम उसको अनेक जीवन सम्म साथमा रही मौका अनुसार असल वा खराब फल दिंदै जान्छ । कुनै व्यक्तिमा त्यस कर्मलाई हटाउन सक्ने शक्ति हुँदैन । बरु मौका र परिस्थिति अनुसार भावी जीवनमा उनीहरूले त्यसको सुख-दु:खका परिणाम भोग्नु पर्ने हुन्छ। त्यसैले बुद्ध भन्नु हुन्छ- "सब्बे सत्ता कम्मदायादा ।"

**सब्बे सत्ता कम्मयोनी-**

वटवृक्षका बोट उम्रने अनेक कारण समूहहरू छन् ।

वटवृक्ष, बीज, माटो र पानी ।

यी सबै कारणहरूमा वटवृक्षका बीज मुख्य हुन्, माटो र पानी यसका सहायक।

यसरी नै ज्यामिको कामले गर्दा ज्याला पाउनु ज्यामिको वर्तमान कर्मको मुख्य कारण हो। काम गर्ने ठाउँ, कोदाली, डोको, ज्याला दिने, काम गराउने साहुहरू सहायक कारण ।

वटवृक्षका बीज मुख्य भएझैं दान, शील आदि पूर्वकुशल कर्मले मानिस भै जन्मने, प्राणी हिंसा आदि अकुशल कर्मले जीवजन्तु हुने मूल कारणहरू हुन् ।

Downloaded from http://dhamma.digital/

वटवृक्ष बोट उम्रन माटो र पानी सहायक कारण भए जस्तै आमा-बाबा पनि सहायक (मात्र) हुन् ।

यस्तै प्रकारले वर्तमान कर्म सम्बन्धी कुशल अकुशल फलमा पनि आफूले गरेका विवेक अविवेक कर्म नै मूल कारण हुन् । अतीत कर्म सम्बन्धी कुशल अकुशल फलमा पनि पूर्वजन्ममा आफूले गरेका दान, शील आदि विवेकपूर्ण कर्म, प्राणी हिंसा अविवेकपूर्ण कर्म नै मूल कारण हुन । आमा-बाबा मुख्य कारण होइनन् । न त ईश्वर नै यस विषयसँग सम्बन्धित छ ।

यिनै कारणले गर्दा बुद्ध भन्नु हुन्छ- "सब्बे सत्ता कम्मयोनी ।"

**सब्बे सत्ता कम्मबन्धू-**

आमा-बाबा, दाजु-भाइ, छोराहरू, नातेदारहरू, गुरुहरू र साथीहरू जसलाई प्रेम गर्छौं, मन पराउँछौं र जसमाथि हामी आधारित छौं । तर तिनीहरूप्रति गरिएको प्यार, तिनीहरू माथिको आधार नमरुञ्जेल अर्थात् केही समय सम्मको लागि मात्र हुन्छ । व्यक्तिका आफ्ना कायिक, वाचिक र मानसिक कर्म मात्र सदा साथमा रहन्छन् जसले भावी जीवनमा सुख र आनन्द दिलाउँछन् । तसर्थ दान, शील आदि कुशल, कर्म मात्र व्यक्तिका साँचै कै आफन्त वा मित्र हुन्, जो प्रेम र आधारका पात्र बन्छ ।

त्यसकारण बुद्ध भन्नुहुन्छ- "सब्बे सत्ता कम्मबन्धू ।"

**सब्बे सत्ता कम्मपटिसरणा-**

यहाँ 'सरण' को अर्थ हो दुःख र भयबाट बच्न भरोसा लिनु वा आश्रय लिनु । संसारमा जो धेरै समयसम्म बाँच्न चाहन्छ, उसले खाद्य, भोज्यलाई आधार लिनुपर्छ । खाद्य, भोज्यले व्यक्तिलाई भोकको भयबाट बचाउँछ । जोसँग प्रशस्त खाद्य

Downloaded from http://dhamma.digital/

भोज्य छ; तिनीहरूलाई भोक रुपी भयले केही गर्न सक्तैन। यस्तै किसिमले रोग, व्याधिबाट बच्न डाक्टर र औषधी माथि निर्भर हुनुपर्छ र शत्रुबाट बच्न हतियार माथि भरोसा लिनु जरुरी हुन आउँछ।

यस्तै किसिमले संसारमा सबै प्रकारका शरणलाई विचार गर्नुपर्छ।

शरणको अर्थ केवल पूजा मात्र गर्ने होइन, अपितु माथि भनिएझैं सुरक्षाको निमित्त भरोसा र आश्रय लिनु पनि हुन आउँछ।

हामी बुद्ध, धर्म, संघ र गुरुहरूको शरणमा गई श्रद्धाञ्जलि अर्पण गर्छौं जो हामीभन्दा श्रेष्ठ छन्।

यस जीवनमा धन नभएको व्यक्तिले तुरुन्तै दुःख झेल्नुपर्ने हुन्छ। त्यस दुःखदेखि भयभीत भएका व्यक्तिहरूले धन सम्पत्ति प्राप्त गर्न सक्ने काम-काज, विवेक-बुद्धि, प्रज्ञा-ज्ञान जस्ता कर्मका आधार लिनुपर्ने हुन्छ।

दान, शील आदि कुशल कर्मको अभावले भावी जन्ममा अपाय लोकमा पुऱ्याउँछ, जहाँ व्यक्तिले अति दुःख भोग्नुपर्ने हुन्छ। यस्तो दुःखदेखि भयभीत भएका व्यक्तिहरूले भावी जीवनमा मनुष्यत्व र देवत्वमा पुऱ्याउन सक्ने कुशल कर्मको आधार लिनुपर्ने हुन्छ। अभ्यास गर्नुपर्ने हुन्छ।

काम-काज, बुद्धि-विवेक, प्रज्ञा-ज्ञान जस्ता वर्तमान कर्मले यस जीवनमा हामीलाई दुःखबाट बचाउन सक्ने हुन्छ; दान, शील आदि कुशल कर्मले भविष्य जीवनमा अपाय लोकमा पतन हुने दुःखबाट बचाउन सक्ने हुन्छ।

यस जीवनमा हुने दुःखको निमित्त हामी वर्तमान कर्ममा आधारित हुनुपर्छ। भविष्य जीवनमा हुने अपाय दुःखको निमित्त हामीले दान, शील आदि कुशल कर्ममा भरोसा दिनुपर्ने हुन्छ र प्रयत्नपूर्वक कार्यशील रहनुपर्ने हुन्छ।

Downloaded from http://dhamma.digital/

त्यसकारण बुद्ध भन्नुहुन्छ- "सब्बे सत्ता कम्मप्पटिसरणा ।"

यहाँ विभिन्न शरणलाई एकत्रित पारी परिक्षण गर्नु आवश्यक देखिन्छ ।

बुद्ध धर्ममा भविष्यको निमित्त चार प्रकारका शरण छन्-

१. बुद्धको शरण जानु,

२. धर्मको शरण जानु,

३. संघको शरण जानु र

४. दान, शील आदि आ-आफूले गरिने कुशल कर्मको शरण जानु ।

उदाहरणको निमित्त रोगीको लागि संसारमा चार प्रकारका शरण छन्-

१. मुख्य डाक्टरको शरण,

२. असल औषधीको शरण,

३. सहायक डाक्टरहरूको शरण र

४. यी तीनमा विश्वास राखी रोग निको पार्न अनुकूल रुपमा प्रयास गर्ने आफ्नो बुद्धि विवेकको शरण ।

माथि प्रस्तुत गरिएका चार प्रकारका शरणमध्ये मुख्य डाक्टर र सहायक डाक्टरहरू खास रोगलाई यथार्थ बुझी असल र मिल्दो औषधी दिन सक्ने क्षमता भएकोले तिनीहरू रोगीका शरण हुन् । रोगीको आफ्नो बुद्धि विवेक रोग निको पार्न उपकारक भएकोले त्यो पनि रोगीका शरण हुन् । यसको अभावमा उपरोक्त तीन प्रकारका शरणले रोगीको रोग निको पार्न सक्तैनन् । यसकारण रोगीको रोग निको पार्न चारै वटा साँचै कै शरण हुन् ।

जसले खराब कार्य गर्छ र जो इन्द्रिय विषयमा भुल्दछ ऊ रोगी तुल्य हुन् । भगवान बुद्ध औषधी र रोग विषयमा प्रवीण भएका मुख्य डाक्टर हुनुहुन्छ; भिक्षु संघहरू सहायक डाक्टरहरू समान हुन्छन् र धर्म औषधी समान हुन्छ । कायिक, वाचिक र मानसिक कुशल कर्म रोग निको पार्न प्रयत्नशील रहने

Downloaded from http://dhamma.digital/

रोगीहरूको बुद्धि विवेक समान हुन्छ ।

यसप्रकार बुद्ध-धर्ममा चार प्रकारका शरण छन् । उपर्युक्त चार शरणमध्ये तीन शरण अर्थात् बुद्ध, धर्म र संघको शरण बुद्ध-सासन रहुञ्जेलसम्म मात्र रहन्छन्। बुद्ध-सासन अन्त पछि यी शरण सम्भव छैनन्।

कुशल कर्मरुपी शरण बुद्ध-सासन रहे तापनि नरहे तापनि रहन सक्छ, यस जगतमा कर्म उन्मुक्त अवस्था नै छैन । यो अनन्त चक्रवालमा रही नै रहन्छ । "सब्बे सत्ता कम्मस्सका" भन्ने यो देशना बुद्धशासन• रहेमा पनि नरहेमा पनि अनन्त चक्रवालसँग सम्बन्धित छ । यस कारणले गर्दा यो देशनामा बुद्ध, धर्म र संघ त्रिशरणको उल्लेख नगरिकन कर्म रुपी शरणलाई मात्र उल्लेख गरेको हो। यी चार प्रकारका कर्म वर्तमान जीवनमा विवेकयुक्त भई रहन र भावी जीवनमा सुगति प्राप्त गर्न लिनुपर्ने शरण हुन् ।

'शरण' को साधारण अर्थ हो बचाउने, थाम्ने वा सुरक्षा गर्ने । जस्तै खाद्य, भोज्य र पेय पदार्थ दीर्घायु प्राप्त गर्न प्राणीहरूको शरण हो । औषधी र पथ्य आहार रोग निको तुल्याउन शरण हो। राजा वा शासकहरू चोर, डाँकुको भयबाट शान्त हुन शरण हो । घर-प्रासादहरू सुविस्ता साथ बस्न शरण हुन् । डुङ्गा र स्टीमरहरू समुद्र र जलीय मार्गको निमित्त शरण हो । पृथ्वी आधार भरोसाको निमित्त शरण हो । अग्नि, जल र वायु पनि आ-आफ्ना क्षेत्रमा आ-आफ्ना कामको निमित्त शरण हुन् । यस किसिमले यस जीवनमा यस्ता शरण अनगिन्ति छन्। यी हुन् बुद्ध-धर्म अनुसार विभिन्न प्रकारका शरणहरू ।

अरु धर्ममा एउटै मात्र शरणको रुपमा ईश्वरलाई सम्झिराखेको हुन्छ। फलस्वरुप सम्पूर्ण विकास र विनाश अवस्थामा एक मात्र ईश्वरलाई शरण लिने गर्दछ ।

यसलाई म अझ स्पष्ट पार्छु। अरु धर्महरू जस्तै क्रिश्चियन र

Downloaded from http://dhamma.digital/

मुस्लिममा शरणको यथार्थ अर्थ थाहा नपाइएको कारणले ती धर्मका अनुयायीहरूले 'ईश्वर नै एक मात्र तिनीहरूका शरण हुन्', भनी ठान्छन् । एउटै मात्र शरणमा विश्वास गर्ने भएकोले तिनीहरूले 'संसारको उत्पत्ति विनाश र प्राणीका उत्पत्ति विनाश संपूर्णलाई ईश्वर कै शक्तिका कारण हुन्' भनी ठान्दछन्। तिनीहरूले विश्वास गर्दछन् कि जसको ईश्वर माथि आस्था हुन्छन्, तिनीहरूलाई ईश्वरका असाधारण शक्तिले रक्षा गर्दछ। यस शक्तिद्वारा ईश्वरले प्राणीका सबै पाप र खराबीहरू मेटाउनुको साथै मृत्यु पश्चात् आफ्नो स्थान सुखावती भुवनमा पुऱ्याई नित्य सुख र नित्य जीवन दिलाउन सक्छन् भनी मान्दछन् । प्राणीका जे जति असल र खराब विपाकहरू छन् ती सबै ईश्वर संस्कारित हुन्, कर्म निर्मित होइन भनी कर्मलाई बिल्कुल पन्छाई दिन्छन् ।

यो बडो गजबको कुरो हो कि जसले निश्चय नै कर्म गर्दछन्, तिनीहरूले वास्तवमा आफ्नै कर्मलाई पन्छाउँछन् अथवा उपेक्षा गर्दछन्। कर्मको अर्थ हो कायिक, वाचिक र मानसिक कार्यहरू। जस्तै- कुनै धर्मको शिक्षा ग्रहण गर्नु, जल तर्पण, जल ग्रहण, मंगल कृत्य गर्नु, दिनहुँ ईश्वरलाई पूजा अर्चना गर्नु, प्रार्थना गर्नु, उसको आज्ञा मान्नु इत्यादि सबै वास्तविक कर्म हुन् । तिनीहरूले विश्वास गर्दछन् कि जसले यी कार्यहरू गर्दछन् तिनीहरूलाई मात्र ईश्वरले रक्षा गर्न सक्छन् अरुलाई होइन् । तर तिनीहरूलाई यो थाहा हुँदैन कि यी कार्य नै साँचैका 'कर्म' हुन् ।

बुद्ध-धर्ममा जस्तै ती धर्महरूमा पनि चार प्रकारका शरण छन् । बुद्ध-धर्ममा बुद्ध, धर्म, संघ र कर्म चार प्रकारका शरण छन् । तर ती धर्महरूमा चार प्रकारका शरण हुन्:-

(१) ईश्वरको शरण,

(२) ईश्वरको आदेशको शरण,

(३) ईसा, मुहम्मद जस्ता ईश्वरका दूत र पुरोहितको शरण र

Downloaded from http://dhamma.digital/

(४) धार्मिक अधिकार र कर्तव्य सम्बन्धी तिनीहरूका आफ्ना आफ्ना कर्म।

ती धर्मका पुरोहित र पादरीहरूलाई आफ्ना धर्ममा पनि विभिन्न प्रकारका शरण छन् भनी थाहा छैनन् । त्यसकारण तिनीहरूले एक मात्र ईश्वर आफ्ना शरण ठान्दछन् र आफ्ना कर्मलाई बिल्कुल पन्छाउँछन् । फलस्वरुप तिनीहरूले विश्वास गर्दछन् कि सबै प्राणीका असल-खराब, उन्नति-अवनति, सुख-दुःख जम्मै ईश्वरको शक्तिबाट मात्र निर्माण हुन्छन्, अन्यथा यी सब असम्भाव्य हुन् । यिनीहरूका विभिन्न कारणहरू छन् भन्ने कुरा यिनीहरूलाई पत्तै छैनन् ।

यस संसारमा केवल ईश्वरको पूजा प्रार्थनाले मात्र धनको इच्छा राख्ने गरीबले धन पाउँछन् कि अथवा ज्यामी, कृषक, व्यापारी आदि भई मेहनतपूर्वक वर्तमान कर्म गरे मात्र पाउँछन् ?

यसको उत्तर हो- धन केवल ईश्वरको पूजा-अर्चना गर्दैमा प्राप्त हुने होइन । अर्कोतिर संसारमा वर्तमान कर्म गर्नाले नै सम्पत्ति आर्जन गर्न सकिन्छ भन्नु स्पष्ट छ । त्यसकारण यस जीवनमा धन प्राप्तिको कारण वर्तमान कर्म नै हुन्; ईश्वर केही होइन भन्ने कुरो विश्वसनीय छ ।

कसैलाई धन दिन सक्ने शक्ति ईश्वरमा छैन । यो केवल वर्तमान कर्ममा भर पर्दछ । यदि ईश्वरमा धन दिन सक्ने शक्ति भएका भए उनका भक्त अनुयायीहरूलाई वर्तमान कर्म गर्ने आवश्यकता नै नपर्ने । तिनीहरू ईश्वर प्रदत्त सम्पत्तिद्वारा सुखी सम्पन्न रहनुपर्ने र उनका अनुयायी नभएकाहरूले परिश्रमका साथ वर्तमान कर्म गरेता पनि सम्पत्ति प्राप्त नहुनुपर्ने । तर यसो भएको देखिदैंन । ईश्वरका अन्य भक्तहरूले पनि धन सम्पत्ति प्राप्तार्थ वर्तमान कर्म गर्नु नै पर्छन् र भक्त नभएकाहरूले पनि धन प्राप्तिको इच्छा छ भने वर्तमान कर्म नगरी हुँदैन । यही कारणले गर्दा यस जीवनमा धन प्राप्तिको कारण वर्तमान कर्मका फल हुन् । ईश्वरको उपहार होइन ।

Downloaded from http://dhamma.digital/

यसरी नै यदि कसैको शिक्षा र ज्ञान पाउने इच्छा छ भने सिक्ने, अध्ययन गर्ने वर्तमान कर्मद्वारा उसले त्यसलाई प्राप्त गर्न सक्छ। ती ईश्वरको पूजा-आजाले प्राप्त हुन सक्ने कुनै विश्व नियाम (स्वभाव धर्म) छैन।

कसैले सरकारी अफिसर हुने इच्छा गर्दछ भने उसले सरकारी नियम, कानून, व्यवस्थाको अध्ययन गर्नुपर्छ। सरकारी पदहरू ईश्वरलाई पूजा, प्रार्थना गर्दैमा पाउन सक्छ भन्ने कुनै नियम छैन। यसरी हामीले बुझ्न सक्छौं कि सांसारिक लाभ केवल वर्तमान कर्मका शक्तिले मात्र पाउने कुरा हुन्; ईश्वरको शक्तिले होइन।

ईश्वरका भक्तहरूले ईश्वरलाई श्रद्धापूर्वक पूजा गरी आफ्ना सबै पाप र खराबीबाट तिनीहरू मुक्त हुन्छन् भनी विश्वास गर्छन्। जे होस्, वास्तवमा ईश्वरको शरण जाँदैमा रोगीको रोग निको हुँदैन। हामीले प्रत्यक्ष देखेका छौं कि औषधी र पथ्य आहार जस्ता वर्तमान कर्मले नै रोग निको हुन्छ।

यस जीवनमा लागेका दाद जस्ता चर्मरोग त ईश्वरलाई प्रार्थना गरी निको तुल्याउन सक्तैन भने ईश्वरको शरण पर्दैमा पापको फलबाट अर्को जुनीमा तिनीहरू मुक्त होलान् भन्ने कस्तो अनौठो कुरो !

फेरि ईश्वरको प्रार्थनाले, ईश्वरको शरण पर्नाले यस जीवनमा जाबो एक दुइ पैसाको सुख त प्राप्त गर्न सक्तैन, भने मृत्यु पश्चात् सुखावती भूवनमा पुगी स्थावर सुख, स्थावर जीवन पाउँछ भन्ने तिनीहरूको विश्वास त झन् सारो गजबको छ।

अब हामीले यथार्थतः चाल पायौं कि यस जीवनमा अनुपलब्ध विभिन्न धन र सुख उपलब्ध हुनु बुद्धि-विवेकयुक्त विभिन्न प्रकारका वर्तमान कर्म सम्बन्धी क्षेत्रद्वारा हुन्, न कि ईश्वर सम्बन्धी। तसर्थ हामीले पूर्णतया विश्वास गर्न सक्छौं कि व्यक्तिको धन, सुख वैभवको उपलब्धिमा बुद्धि-विवेकयुक्त वर्तमान कर्म बाहेक

Downloaded from http://dhamma.digital/

अरु कुनै शरण छैनन् ।

यस किसिमले कुशल कर्मको कारणद्वारा नै मृत्यु पश्चात् स्वर्ग लोकमा उत्पन्न हुन्छ भन्ने विश्वास लिन सकिन्छ । यसमा ईश्वरको कुनै हात छैन । कुशल कर्म नगरेको व्यक्तिलाई ईश्वरले स्वर्ग-लोकमा पठाउन सक्तैनन् । जसले कुशल कर्म गरेका छन्, तिनीहरू ईश्वरलाई प्रार्थना नगरे पनि स्वर्ग-लोकमा उत्पन्न हुन्छन् ।

अर्को जुनीमा विभिन्न प्रकारका सुखद् फल भन्नुको अर्थ हो भविष्यमा सम्पन्न परिवारको एक सदस्य भई जन्मनु अथवा अधिकार प्राप्त राजपरिवारमा उत्पन्न हुनु; देवलोक, ब्रम्हलोकमा शक्तिशाली देवता-शक्र वा ब्रम्हा आदि भई जन्मनु । यसैले बुद्ध भन्नुहुन्छ- **"सब्बे सत्ता कम्मपटिसरणा ।"**

**कम्मदायादाको संग्रह-**

एक प्राणीमा रुप-स्कन्ध र नाम-स्कन्ध भनी दुइ स्कन्ध छन् । ती मध्ये टाउको, हात, खुट्टा आदि रुप-स्कन्ध हुन् । मानसिक विचार सम्बन्धी नाम-स्कन्ध हुन् ।

यी दुइमा रुप-स्कन्ध प्रत्येक जीवनमा परिवर्तित हुँदै जान्छ र यसको आकार प्रकार पनि फरक फरक हुँदै जान्छ । नाम-स्कन्धको क्रम विनारोकावट चलिरहन्छ । एक जीवनबाट अर्को जीवनमा निरन्तर बृद्धि हुँदै जान्छ । दान, शील आदि कुशल कर्मको कारणबाट सुखी जीवनयुक्त भूमीहरूको क्रमश: बृद्धि गर्दै लैजान्छ । जहाँ नाम-स्कन्ध उत्पन्न हुन्छ, त्यहाँ नयाँ नयाँ विभिन्न रुप-स्कन्धको प्रादुर्भाव हुँदै जान्छ । अकुशल कर्मद्वारा कुकुर, सुंगुर, कुखुरा, चरा आदि जीव जस्ता उपाय गतिमा उसको नाम-स्कन्धलाई पतन गराउछ ।

कम्मस्सकता-सम्मादिट्ठि समाप्त ।

Downloaded from http://dhamma.digital/

# मग्गङ्ग दीपनी अभ्यास - २

१) सब्बे सत्ता कम्मस्सका भन्ने बुद्ध वचनलाई प्रष्ट पार्नुहोस् ।

२) कुशल र अकुशल कर्मलाई अर्थ सहित लेख्नुहोस् ।

३) भावी जीवनको निमित्त अगावै यस जन्ममा गरिने वर्तमान कर्मको फल बारे उदाहरण सहित लेख्नुहोस् ।

४) भावी जीवनको निमित्त अगावै गरिने पूर्व कर्मको फल बारे उदाहरण सहित लेख्नुहोस् ।

५) यस जीवनमा रुपियाँको चारभागको एक भागको दामले भावी जीवनमा हजार रुपियाँ मूल्य भन्दा बढी सुखद् फल दिन सक्छ भन्ने कुरालाई सब्बे सत्ता कम्मदायादाको आधारमा लेख्नुहोस् ।

६) सब्बे सत्ता कम्मयोनी भन्ने बुद्धवचनलाई वटवृक्ष, बीज, माटो र पानीको उदाहरण अनुरुप आफ्नै भाषामा खुलष्ट पार्नुहोस् ।

७) सब्बे सत्ता कम्मबन्धू भन्नाले के बुझ्नुहुन्छ ?

८) सरण भन्नाले के बुझ्नुहुन्छ ? उदाहरण सहित लेख्नुहोस् ।

९) बुद्धधर्ममा भविष्यको निमित्त चार प्रकारका सरण छन् भनिएको छ । ती के के हुन् ? रोगी डाक्टरको उदाहरण अनुरुप लेख्नुहोस् ।

१०) अन्य धर्महरूमा चार प्रकारका शरण के के हुन् ?

११) 'कसैलाई धन दिनसक्ने शक्ति ईश्वरमा छैन । यो केवल वर्तमान कर्ममा भर पर्दछ' यस कुरालाई पुष्टि गर्नुहोस् ।

१२) 'सब्बेसत्ता कम्मप्पटिसरणा' लाई उदाहरण सहित खुलस्त पार्नुहोस् ।

१३) कम्मदायाद संग्रह भन्नाले के बुझिन्छ ?

Downloaded from http://dhamma.digital/

## (आ) दसवत्थुक-सम्मादिट्ठिको व्याख्या-

मानिसले यस संसारमा दश प्रकारका यथार्थ दृष्टि प्राप्त गर्नुपर्छ।

(१) अत्थि दिन्नं- पूर्वजन्ममा उपकारको दृष्टिले विशुद्ध चेतनाद्वारा कुकुर, कुखुरा, चरा, गृहस्थ, भिक्षु आदिलाई दान दिइराखेको खण्डमा अर्को जीवनमा सुखद् परिणामयुक्त दान-कुशल कर्म अवश्य नै हुन्छ भनी जानी, बुझी विश्वास गरेको सम्यक्-दृष्टि हुन्छ।

(२) अत्थि यिट्ठं- अतीत जीवनमा कर्म र प्रतिग्राहकको शील, समाधि र प्रज्ञा गुण माथि विश्वस्त भई श्रद्धाले दान प्रदान गरेको खण्डमा भविष्य जीवनमा सुखद् फल दिन सक्ने यज्ञ नामांकित सानो कुशल कर्म संसार मा अवश्य नै हुन्छ भनी जानी, बुझी, विश्वास गरेको सम्यक्-दृष्टि हुन्छ।

(३) अत्थि हुतं- पूर्वजन्ममा विशुद्ध चेतनाले उपहार स्वरुप केही दिएको खण्डमा भावी जीवनमा सुखद् फल दिन सक्ने आहुन, पाहुन नामांकित कुशल कर्म संसारमा अवश्य नै हुन्छ भनी जानी, बुझी विश्वास गरेको सम्यक्-दृष्टि हुन्छ।

(४) अत्थि, सुकतदुक्कटानं कम्मानं फलं विपाको- पूर्वजन्ममा प्राणयुक्त मनुष्य, तिरश्चन प्राणीहरूलई मार्ने, पिट्ने, कष्ट दिने आदि दुश्चरित्र, त्यसबाट विरक्त हुने आदि सुचरित्र कर्म गरेको खण्डमा भविष्य जीवनमा खराब फल र विपाक, राम्रो फल र विपाक संसारमा अवश्य नै हुन्छ भनी जानी, बुझी, विश्वास गरेको सम्यक्-दृष्टि हुन्छ।

(५) अत्थि माता- कसैले आमाप्रति असल वा खराब व्यवहार गरेमा अर्को अर्को जीवनमा राम्रो फल र नराम्रो फल दिन सक्ने कर्म संसारमा अवश्य नै हुन्छ भनी जानी, बुझी, विश्वास गरेको सम्यक्-दृष्टि हुन्छ।

(६) अत्थि पिता- कसैले बाबाप्रति असल वा खराब व्यवहार गरेमा

Downloaded from http://dhamma.digital/

अर्को अर्को जीवनमा राम्रो फल र नराम्रो फल दिन सक्ने कर्म संसारमा अवश्य नै हुन्छ भनी जानी, बुझी विश्वास गरेको सम्य्क-दृष्टि हुन्छ ।

(७) अत्थि सत्ता ओपपातिका- मानिसका प्रकृति आँखाले देख्न नसकिने त्यसै उत्पन्न हुने (ओपपातिक) प्राणी संसारमा निश्चय नै छन् भनी जानी, बुझी विश्वास गरेको सम्यक्-दृष्टि हुन्छ ।

उपपात प्राणीको अर्थ हो आमाको गर्भमा बस्न नपरी अर्थात् गर्भ धारण नगरी कायिक अङ्ग, टाउकोको अङ्ग, हातको अङ्ग, खुट्टाको अङ्ग सबै पूर्ण भई फेरि बृद्धि हुन नपर्ने गरी एकै चोटी पूर्णरुपमा उत्पन्न हुने प्राणी ।

पृथ्वीभित्र विभिन्न तहमा रहेका आठ नर्कलोकसहित सबै नारकीय प्राणीहरू उपपात प्राणी हुन् । पृथ्वी स्थित जंगल, पहाड, समुद्रका बीच, साना-ठूला द्वीपहरूमा रहेका कुनै कुनै प्रेत जातिहरू, असुरकाय, रहेका भूमिस्थ देवता, समुद्रको माझमा स-साना द्वीप स्थित केही यक्ष जाति, भूत जाति त्यस त्यस ग्राम निगमहरूको आसपासमा रहने कुनै यक्ष जाति, भूत जाति, केही नाग जाति, गरुड जातिहरू पनि उपपात प्राणी हुन् । माथि आकाश स्थित सूर्य, चन्द्र, नक्षत्र- तरा, ग्रह समूहहरू देखिन् लिएर तह तहमा रहेका चातुर्महाराजिक भूमि, त्रयत्रिंश भूमि, यामा भूमि आदि छ देव भूमिका शक्र देवहरू पनि उपपात प्राणी हुन् । छ देव भूमि भन्दा पनि माथि आकाशमा स्थित तीन प्रथम ध्यान भूमि, तीन द्वितीय ध्यान भूमि, तीन तृतीय ध्यान भूमि, सात चतुर्थ ध्यान भूमि, चार अरुप भूमि, यी बीस ब्रम्हा भूमिका ब्रम्हाहरू पनि उपपात प्राणीहरू हुन् ।

**अरु धर्मावलम्बीहरूलाई थाहा नभएका कुरा :**

बीस (२०) ब्रम्हलोकमध्ये सबभन्दा तल्लो तहमा तीन प्रथम ध्यान भूमिमा ऋद्धि शक्ति सम्पन्न महाब्रम्हा स्थित छ । अरु धर्ममा त्यस ब्रम्हालाई ईश्वर मानी

Downloaded from http://dhamma.digital/

शरण लिने गर्छन् । त्यस तीन लोक भन्दा माथिका तहहरूमा अरु ब्रम्हलोकहरू छन् भन्ने कुरो उनीहरूलाई थाहा छैनन् ।

आकाशका सूर्य, चन्द्र, तारा र नक्षत्र मण्डलहरू देवताहरूका विमान तथा भवनहरू हुन् । ती आकाश स्थित विमान तथा भवनहरूलाई देखि जानी, बुझी सकेपछि त्यस भन्दा माथिका विमान तथा भवनहरू र त्यहाँका देव, शक्र र ब्रम्हा उपपात प्राणीहरूलाई जान्नु, बुझ्नु पर्दछ ।

उपपात प्राणीहरू मानिसहरूसँग टाँसी रहे तापनि मानिसका प्रकृति आँखाले तिनीहरूलाई देख्न सक्तैनन् । जब तिनीहरूले आफ्ना रुप देखिने गरिदिन्छन् अनि मात्र मानिसले तिनीहरूलाई देख्न सक्छन् । अरु धर्ममा ईश्वर, परी र पिशाच जस्तै तिनीहरू मानिसका आँखाले नदेखिने हुन्छन् ।

यसरी ओपपातिक सत्व निश्चय नै संसारमा छन् भनी जानी, बुझी, विश्वास गरेमा सम्यक्-दृष्टि हुन जान्छ ।

(८) अत्थि अयं लोको (९) अत्थि परो लोको- 'अयं लोक' यो लोक भनेको मनुष्य लोक र 'परो लोको' अर्को लोक भनेको चार अपाय लोक (नरक, तिर्यक, प्रेत  असुरकाय) सहित देवलोक र ब्रम्हलोकहरू हुन् । यसरी यी लोकहरू भएकोलाई जानी, बुझी, विश्वास गर्नु दुइ किसिमको सम्यक्-दृष्टि हुन जान्छ ।

अरु धर्महरूमा नरक, प्रेत र असुरकाय लोक र उच्च देव, ब्रम्ह लोकहरू छन् भनी राम्रोसँग थाहा छैनन् ।

यसको अर्को अर्थ- यस चक्रवालमा मनुष्य लोक, चार अपाय लोक र देव, शक्र, ब्रम्हा आदिका निवास स्थान स्वर्ग लोकहरूलाई 'अयं लोको' यस लोकमा लिइन्छ त्यस्तै यस चक्रवालको पूर्व, पश्चिम, दक्षिण उत्तरमा अरु

Downloaded from http://dhamma.digital/

नानादि, अनगिन्ति, असंख्य चक्रवालहरू छन्, जसलाई 'परो लोको' अर्को लोकमा लिइन्छ ।

अरु धर्ममा यस लोकधातु र अनन्त परलोक धातुका ज्ञान छैनन् ।

(१०) अत्थि लोके समणब्राम्हणा समग्गता सम्मापटिपन्ना ये इमञ्च लोकं परञ्च लोकं सयं अभिञ्ञा सच्छिकत्वा पवदेन्ति ।

उच्च आध्यात्मिक ज्ञान (अभिञ्ञा) र सर्वज्ञ ज्ञान (सब्बञ्ञुतञाण) छन् । यस मनुष्य लोकमा पारमी, शमथ भावना र विपश्यना भावना कृत्यहरू अध्यधिक उद्योग, प्रयत्न गर्न सक्ने श्रमण ब्राम्हणहरूले त्यस त्यस विशिष्ट प्रज्ञा ज्ञानहरू प्राप्त गर्न सक्छन् । यस्तो विशिष्ट प्रज्ञा ज्ञान सिद्ध रुपमा प्राप्त गर्न सक्ने श्रेष्ठ व्यक्तिहरू यस संसारमा कथंकदाचित देखा पर्छन् ।

यी दुइ विशिष्ट ज्ञानहरूमध्ये कसैले अभिज्ञा ज्ञान मात्र प्राप्त गर्न सक्छन् । तिनीहरूले चार अपाय लोक, छ देवलोक र केही ब्रम्हलोकहरू आफ्नै आँखाले देखे जस्तै गरी प्रज्ञा ज्ञान चक्षुले देख्न सक्छन् । अभिज्ञा र प्रज्ञा ज्ञानको साथ साथै सब्बञ्ञुत ञाण (सर्वज्ञता ज्ञान दुवै प्राप्त गर्न सक्छन् । तिनीहरूले अनन्त सत्व प्राणी समेत अनन्त संसार, अनन्त चक्रवाल र अनन्त लोकधातुहरूलाई पूर्णतः देख्न, बुझ्न सक्छन् । यी सर्वविदित भएका श्रेष्ठ पुरुषहरूलाई नै बुद्ध-धर्ममा "बुद्ध" भन्दछन् ।

यी दुइ प्रकारका श्रेष्ठ, पुरुषहरूले यस मानव संसारमा कथं कदाचित प्रादुर्भाव भई, आ-आफूले जाने, बुझेझैं सत्व प्राणी समूहलाई यस लोकको बारेमा पनि प्रकट रुपमा उपदेश दिन्छन्; त्यस्तै चार अपाय लोक छ देवलोक र ब्रम्हलोक जस्ता परलोकका बारेमा पनि । सर्वज्ञ बुद्धहरूले त अनन्त संसार, अनन्त विश्व, अनन्त चक्रवाल भएको बारेमा पनि प्रकट रुपमा ब्याख्या गर्छन् ।

Downloaded from http://dhamma.digital/

## तीन प्रकारका विश्वासहरू-

(१) उच्च अभिज्ञा ज्ञान र सर्वज्ञ ज्ञान भएका श्रेष्ठ पुरुषहरू यस संसारमा कथंकदाचित प्रादुर्भाव हुन्छन् भनी जानी, बुझी, विश्वास गर्ने, (२) महापुरुषहरूलाई जानी, बुझी, विश्वास गरेर उहाँहरूले प्रकाश पार्नुभएको, उपदेश दिनुभएको धर्ममा विश्वास गर्ने र (३) धर्ममा विश्वास गरेर तथाकथित परलोक सबैलाई जानी, बुझी, विश्वास गर्ने । यसरी यी तीन प्रकारका विश्वास पनि एक किसिमको सम्यक्-दृष्टि हो । यी सम्यक्-दृष्टि रहेकाहरूले मात्र माथि स्वर्गलोकमा शक्र, देव, ब्रम्हाहरू हुन्छन्, सर्वज्ञ बुद्ध होइन । सर्वज्ञ बुद्ध मात्र यस मानव संसारमा हुन्छन् भनी विश्वास गर्न सक्छन् ।

अरु धर्ममा जहाँ यस्ता सम्यक्-दृष्टि छैनन् तिनीहरूले काल्पनिक रुपमा ठान्दछन् कि सर्वज्ञ, सर्वदर्शी, सर्वज्ञानीहरू केवल स्वर्गलोकमा हुन्छन् निम्न कोटीका मानव संसारमा होइनन् ।

दुइ प्रकारका शक्ति छन्- कर्म-शक्ति र ज्ञान-शक्ति । यी दुइ शक्तिमध्ये कर्म-शक्तिमा ध्यान-भावनाको कर्म-शक्ति बडो प्रभावोत्पादक हुन्छ । यसले व्यक्तिलाई स्वर्गलोकमा सर्वोकृष्ट दीर्घायु प्राप्त ब्रम्हत्व समेत दिन सक्छ । तर सर्वज्ञ बुद्धत्व होइन । त्यस ब्रम्हामा सबै देख्न र थाहा पाउन सक्ने ज्ञान हुँदैन । तसर्थ ती धर्महरूमा ईश्वर प्रवेदित गम्भीर, अद्‌भूत, विचित्र ज्ञान धर्म छैन । किनभने ती ब्रम्हाहरूका ब्रम्हत्व ज्ञान-पक्षीय होइन ।

यस मानव संसारमा मात्र सर्वज्ञ ज्ञान क्रिया छ । त्यसक्रियालाई सिद्ध र साक्षात्कार गर्न सक्ने पुरुषले मात्र सर्वदर्शी गुणयुक्त सर्वज्ञ ज्ञान प्राप्त गर्न सक्छ ।

तसर्थ केवल बुद्ध-धर्ममा मात्र यस्तो गहन, विचित्र, अद्‌भूत धर्म छ ।

Downloaded from http://dhamma.digital/

कारण यो ज्ञान-पक्षीय हो ।

यस जीवनमा धन दौलत सम्पन्न धनी बन्नको निमित्त प्रयत्न गर्नु एक बाटो हो र ऋषि, श्रमण जीवनद्वारा अन्तरदृष्टि अन्तर ज्ञान प्राप्त गरी धेरै प्राणीहरूको गुरु हुनु अर्को बाटो हो । महाब्रम्हाको बाटो धनी व्यक्तिको बाटो जस्तो हो भने ऋषि, श्रमणहरूको बाटो गुरुजीको बाटो जस्तो हो । अर्थात महाबम्हा बन्न प्रयत्न गर्नु धनी मानिस बन्न प्रयत्न गर्नु झैं हो भने अन्तरदृष्टि, अन्तर ज्ञान प्राप्त ऋषि, श्रमण बन्न प्रयत्न गर्नु महान गुरु बन्न प्रयत्न गर्नु झैं हो ।

**अर्को उदाहरण-**

सुगा, काग, गिद्ध आदि चराहरूका आकाशमा उड्न पखेटाहरू छन्, तर तिनीहरूमा मानिसमा जस्तो ज्ञान, बुद्धि, विवेक छैनन् । मानिसमा ज्ञान, बुद्धि विवेक छन् । तर तिनीहरूमा उड्न पखेटा छैनन् र आकाशमा उड्ने समर्थ उनीहरूमा छैनन । महाब्रम्हाका ध्यान-भावना कुशल कर्महरू र सूर्य, चन्द्र, तारा समूह जस्ता स्वर्ग निवासस्थान भएका देव-देवीहरूका कुशल कर्महरू सुगा, काग, गिद्धहरूका पखेटा समान हुन् र ऋषि श्रमणहरूका अभिज्ञा ज्ञान, सर्वज्ञता ज्ञान, बुद्धि, विवेक समान छन् ।

**बुद्धहरू केवल मुनष्य लोकमा मात्र उत्पन्न हुन्छन्**

उच्चस्थ छ देवलोक र तह तहका स्वर्गस्थ ब्रम्हलोकहरूमा रहेका देव, शक्र एवं ब्रम्हाहरूको कुशल कर्म सुगा, काग र गिद्धका पखेटाहरू जस्तै हुन् । ऋषि, श्रमणहरूका अभिज्ञा ज्ञान र सर्वज्ञता ज्ञान मानिसका ज्ञान र बुद्धि, विवेक जस्तै हुन् । त्यसकारण ती महाब्रम्हाहरू ध्यान, भावना कुशल कर्मको शक्तिले गर्दा चन्द्र, सूर्य, देव पुत्रहरू जस्तै सबभन्दा उच्चस्थ स्वर्गलोकमा बस्दछन् । धेरै आयु भएका हुन्छन् र ऋद्धि प्रातिहार्ययुक्त हुन्छन् । तर तिनीहरू अभिज्ञा ज्ञान र सर्वज्ञता

Downloaded from http://dhamma.digital/

ज्ञान नभएकाले गम्भीर धर्मलाई बुझ्न भने असमर्थ हुन्छन् । तिनीहरूको ज्ञान आफूले जे अनुभव गरेका छन् त्यसैमा सीमित रहन्छन् ।

यसरी (१) सर्वदर्शी, सर्वज्ञानी सर्वज्ञ आकाशस्थ स्वर्गलोकमा हुने होइनन्, मानव संसारमा मात्र हुन सक्छन् भनी जानी, बुझी विश्वास गर्नु पर्दछ । (२) प्रकृति मानिसहरूले प्रत्यक्ष देख्न नसकिने विश्व स्थिति, लोक धातु स्थिति, सत्व प्राणीहरूको जन्म परम्परा आवा-गमन स्थिति, कुशल-अकुशल कर्म प्रदत्त फल स्थितिहरूलाई अभिज्ञा ज्ञान र सर्वज्ञता ज्ञान सम्पन्न मानव जातिबाट उत्पन्न श्रमण ब्राम्हणहरूले मात्र यथार्थत: जान्न, बुझ्न सक्छन् भनी विश्वास गर्नुपर्दछ । र (३) ती श्रमण, ब्राम्हणहरूका शिक्षापद (Teaching) हरू निश्चय नै सुत्त विनय र अभिधम्म हुन् भनी यथार्थत: विश्वास गर्नु पर्दछ । यी विषयहरूलाई जान्न, बुझ्न र विश्वास गर्न सक्ने सम्यक्-दृष्टि ज्ञानलाई नै "अत्थि लोके समण ब्राम्हणा सम्मादिट्ठि ञाण" भनिन्छ ।

## मग्गङ्ग दीपनी अभ्यास - ३

१) दसवत्थुक सम्मादिट्ठि के के हुन् ? अर्थ सहित लेख्नुहोस् ।

२) तीन प्रकारका विश्वास के के हुन् ? लेख्नुहोस् ।

३) शक्ति कति प्रकारका छन् ? प्रष्ट हुनेगरी लेख्नुहोस् ।

४) श्रमणहरूका अभिज्ञा-ज्ञान, सर्वज्ञता-ज्ञान मानिसका बुद्धि, विवेक समान हुन् भन्ने कुरालाई उदाहरण सहित प्रष्ट्याउनुहोस् ।

५) बुद्धलाई केवल मनुष्यलोकमा मात्र जन्म हुन्छन् भनी किन भनिएको हो ? लेख्नुहोस् ।

Downloaded from http://dhamma.digital/

## मिथ्यादृष्टिको अस्वीकार-

मिथ्यादृष्टि ती हुन्, जसमा सर्वज्ञानी र सर्वदर्शी ईश्वर निम्नकोटीका मनुष्य लोकमा उत्पन्न हुँदैनन्, केवल सर्वोच्च स्वर्गलोकमा मात्र उत्पन्न हुन योग्य छन्, त्यहाँ एक ईश्वर बाहेक अरु ईश्वरहरू हुन सक्तैनन्, ईश्वर प्राणीहरूमध्ये सबभन्दा उच्च र पवित्र भएकाले नित्य हुनु पर्दछन्; र बृद्ध हुनु, रोगी हुनु र मृत्यु हुनु आदिबाट मुक्त हुनै पर्छन् आदि यी काल्पनिक मिथ्यावाद (मिथ्यावाद सम्बन्धी अरु विस्तृत वर्णन निमित्त पालि र बर्मीजमा लिखित "सम्मादिट्ठि दीपनी" हेर्न सकिन्छ।) लाई बुद्ध अस्वीकार गर्नुहुन्छ।

## चतुसच्च-सम्मादिट्ठिको व्याख्या-

चार आर्य सत्यमा सम्यक्-दृष्टि हुन्-

(१) यथार्थ दुःखलाई जान्ने ज्ञान,

(२) यथार्थ दुःख उत्पति हुने कारणलाई जान्ने ज्ञान,

(३) यथार्थ दुःख शान्त हुनेलाई जान्ने ज्ञान र

(४) यथार्थ दुःख शान्त हुनेतर्फ लैजाने प्रतिपदा सत्य मार्गलाइ जान्ने ज्ञान।

यी चार ज्ञानलाई (विस्तृत व्याख्याको निमित्त "चतुसच्चदीपनी" र "द लाइट अफ द धम्म" (The Light of the Dharmma, Vol. V. No. 4 & Vol. VI. No.1) मा यसको अंग्रेजी अनुवाद हेर्न सकिन्छ।) नै "चतुसच्च-सम्मादिट्ठि" भन्दछन्।

### (१) दुक्खसच्च-सम्मादिट्ठि

मनुष्य-चक्षु, देव-चक्षु र ब्रम्हा-चक्षु आदि आफूमा आशक्त हुने मनुष्य हुने मनुष्य देव र ब्रम्हा प्राणीहरूलाई धेरै मात्रामा पीडा, कष्ट प्रदायक हुने हुनाले भयार्थमा यथार्थ दुःख नै हो। त्यस्तै प्रकारले मनुष्य, देव, ब्रम्ह-श्रोत, घ्राण, जिह्वा, काय र मन आफूमा आशक्त हुने मनुष्य, देव र ब्रम्हा सत्व प्राणीहरूलाई धेरै मात्रामा पीडा, कष्ट प्रदायक हुने हुनाले यिनीहरू जम्मै भयार्थमा यथार्थ दुःख नै हुन्।

Downloaded from http://dhamma.digital/

**पीडा कष्ट दिने तरीका :-**

यी छ मध्ये चक्षुले संस्कार (कर्मका क्रियाकलापहरू) आघात, विपरिणाम (अस्थिरता) आघात र दुक्ख (दुःख) आघातद्वारा पीडा कष्ट दिन्छ। अर्को तरीकाः संस्कार आघात, सन्ताप (जलन) आघात र विपरिणाम आघातद्वारा पीडा कष्ट दिन्छ। पुनः जाति (जन्म) आघात, जरा (वृद्धत्व) आघात र मरण (मृत्यु) आघातद्वारा पनि पीडा, कष्ट दिन्छ।

अथवा राग आदि अग्नि प्रज्वलित पारी दोष अग्नि, मोहं अग्नि, मान अग्नि, मिथ्या-दृष्टि अग्नि, क्लेश आश्रव अग्नि र आश्रव (मनका कलुषित भाव) प्रज्वलित पारी प्राणी हिंसा जस्ता दुश्चरित्र बृद्धि गरी; जाति अग्नि, जरा अग्नि, मरण अग्नि, शोक अग्नि, परिदेव अग्नि, दुक्ख अग्नि, दौर्मनस्य अग्नि, उपायास अग्निहरूलाई प्रज्वलित पारी पीडा, कष्ट दिन्छ।

अतीत कुशल कर्म उद्योग गर्न सकेमा मात्र अर्को जन्ममा मनुष्य चक्षु, देव-चक्षु, ब्रम्हा-चक्षु, उत्पन्न हुन्छ। नत्र भने नरक-चक्षुले तिरश्चिन-चक्षु, प्रेत-चक्षु, असुरकाय-चक्षु उत्पन्न हुन जान्छ। अतः सुगति चक्षुले कुशल कर्म रुपी संस्कार दुःख आघातद्वारा सत्व प्राणीहरूलाई सदा सर्वदा पीडा, कष्ट दिन्छ। अर्को जन्ममा पनि विनाश नहुने गरी रक्षा गर्नु, आश्रय दिनु जस्तो संस्कार दुःख आघातद्वारा हरबखत पीडा, कष्ट दिन्छ। यसरी सुगति चक्षुले सत्व प्राणीहरूलाई संसार दुःख आघातद्वारा सदैव पीडा, कष्ट दिइराख्छ।

हरबखत पीडा, कष्ट दिनुको अभिप्राय हो अथाह संसारमा संस्कार कर्मविना उत्पन्न सुगति चक्षु भन्ने अरु केही छँदै छैन। किनभने सुगति चक्षु संस्कार कर्मबाट स्वतन्त्र भएर उत्पन्न हुनै सक्तैन।

**विपरिणामद्वारा पीडा, कष्ट दिने :-**

विपरिणाम आघातको अर्थ हो "नाश हुने स्थिति आइपरेको खण्डमा

Downloaded from http://dhamma.digital/

तुरन्त नाश हुने स्वभाव ।" प्रतिसन्धि अवस्थादेखि लिएर नाश हुन नसक्ने स्थिति, आँखा झिमिक गरुँञ्जेल, बिजुलि चम्कुञ्जेलसम्म पनि छैन । नाश हुने स्थितिप्रति सदैव आतुर रहनुपर्ने हुन्छ । जब नाश हुन जान्छ तब ठूलो दुःखको अनुभव हुन्छ । यसरी सुगति-चक्षुले सत्व प्राणीहरूलाई विपरिणाम दुःख आघातद्वारा हरबखत पीडा, कष्ट दिइराख्छ ।

**सन्तापद्वारा पीडा, कष्ट दिने :-**

सन्ताप आघातको अर्थ हो चक्षुमा उत्पन्न हुने क्लेश आदिको निमित्त ताप हुनु । यस सन्ताप आघातले पनि रागाग्नि, दोषाग्नि अभिवृद्धि गराउने आदि गर्छ । यस्तो किसिमको दुःख आघातद्वारा प्राणीहरूलाई अत्यधिक पीडा, कष्ट र शासना दिने गर्छ । अनन्त अथाह संसारमा भित्री अंग बनाई विचरण गर्न यो निश्चय नै भयकारक हो । तसर्थ यो यथार्थतः दुःखको श्रोत नै हो । त्यस्तै श्रोत, घ्राण, जिह्वा, काय र मन पनि ।

यसरी चक्षु आदि त्रिभूमिक धर्महरू मध्ये एक न एक धर्ममा धेरै दुःख आघात, दुःख लक्षणलाई राम्ररी हेर्न सक्ने, देख्न सक्ने ज्ञानलाई यथार्थ दुःख देख्ने "सम्मादिट्ठि ञाण" (सम्यक्-दृष्टि ज्ञान) भनिन्छ ।

(२) **समुदयसच्च-सम्मादिट्ठि :-**

भवचक्रको जुन अवस्था सम्म चक्षुलाई 'यो मेरो हो', 'यो म हुँ' 'यो मेरो आत्मा हो' भनी अनुरक्त भई तृष्णाले हेरिरहन्छ, चक्षु त्यस अवस्थासम्म अविच्छिन्न रुपले जन्मको चक्रमा क्रमशः अभिवृद्धि भइरहन्छ, चक्षुको आघात अभिवृद्धि भइरहन्छ । त्यसकारण चक्षुमा अनुरक्त हुने लोभ्याउने तृष्णा लोभ नै दुःख अभिवृद्धिको मूल कारण हो । त्यस्तै श्रोत, घ्राण, जिह्वा, काय र मन पनि ।

यसरी देख्ने ज्ञानलाई यथार्थ दुःख उत्पत्ति हुने कारणलाई जान्ने "सम्मादिट्ठि ञाण" (सम्यक्-दृष्टि ज्ञान) भनिन्छ ।

Downloaded from http://dhamma.digital/

(३) **निरोधसच्च-सम्मादिट्ठि :-**

जुन जन्ममा चक्षुमा टाँसिने तृष्णा लोभ बिल्कुल शान्त एवं निरोध हुन्छ, त्यसपछि चक्षु पुनः उत्पन्न हुँदैन, शान्त एवं निरोध हुन्छ; चक्षुको आघातहरू पनि पुनः उत्पन्न हुँदैन, शान्त एव निरोध हुन्छ। त्यस्तै श्रोत, घ्राण, जिह्वा, काय र मनमा पनि।

यसरी देख्ने, बुझ्ने ज्ञानलाई यथार्थ दुःख शान्त हुनेलाई देख्ने "सम्मादिट्ठि ञाण" (सम्यक्-दृष्टि ज्ञान) भनिन्छ।

(४) **दुक्खनिरोधगामिनी-पटिपदा-अरियसच्च-सम्मादिट्ठि :-**

जब राम्ररी प्रयत्नपूर्वक भाविता गरी चक्षुको स्वभावलाई मानसिकं विकासको फलस्वरुप राम्ररी देख्दछ, चक्षुको आघातलाई राम्ररी देख्दछ त्यसबेला चक्षुमा टाँसिने तृष्णालोभ शान्त एवं निरोध हुन्छ; मृत्यु पश्चात् चक्षु शान्त एवं निरोध हुन्छ, चक्षुको आघात शान्त एवं निरोध हुन्छ। त्यस्तै श्रोत, घ्राण, जिह्वा काय र मन पनि।

यसरी राम्ररी प्रयत्नपूर्वक भाविता गरी दुःख शान्त हुने यथार्थ मार्गलाइ जान्ने, बुझ्ने ज्ञानलाई यथार्थ दुःख शान्त हुनेतर्फ लैजाने प्रतिपदा-सत्य मार्ग देख्ने "सम्मादिट्ठि-ञाण" (सम्यक्-दृष्टि ज्ञान) भनिन्छ।

यसरी चतुसच्च-सम्मादिट्ठिको छोटो विवरण समाप्त हुन्छ।

आर्य अष्टांगिक मार्गमा यी चार आर्य सत्यको सम्यक्-दृष्टि अत्यन्त आवश्यक हुन आउँछ।

**सम्मासङ्कप्पको व्याख्या :-**

सम्यक् संकल्प तीन प्रकारका छन्। ती हुन् -

(१) नेक्खम्मसंकप्प- कामभोगबाट मुक्त हुने चिन्तन,

Downloaded from http://dhamma.digital/

(२) अव्यापादसंकप्प- भलाईको चिन्तन,
(३) अविहिंसासंकप्प- निर्दयितारहित करुणायुक्त चिन्तन ।

(१) नेक्खम्म संकप्प- प्रसादजनक रुप, प्रसादजनक शब्द, प्रसादजनक गन्ध, प्रसादजनक रस, प्रसादजनक स्पर्श जस्ता पाँच कामगुणमा र पञ्चस्कन्ध नामरुप धर्ममा लिप्त हुनु, संलग्न हुनु, आशक्त हुनुलाई पन्छ्याउन सक्ने अलोभ-धर्म छ । त्यस धर्मसित सम्प्रयुक्त चिन्तन एवं मननलाई "नेक्खम्मसंकप्प" भनिन्छ ।

(२) अव्यापादसंकप्प- मनुष्य तिरश्चिन आदि प्राणी मात्रमा असल एवं भलाईको कामना गर्ने मैत्री-धर्म छ । त्यस धर्मसित सम्प्रयुक्त चिन्तन एवं मननलाई "अव्यापादसंकप्प" भनिन्छ ।

(३) अविहिंसासंकप्प- दुःखित प्राणीलाई मात्रलाई दया, सहिष्णुता राख्ने करुणा-धर्म छ । त्यस धर्मसित सम्प्रयुक्त चिन्तन एवं मननलाई "अविहिंसासंकप्प" भनिन्छ ।

**सम्मासंकप्प समाप्त ।**

**सम्मावाचाको व्याख्या :**

सम्यक्- वचन चार प्रकारका छन्-
(१) मुसावाद-विरति - झूठबाट विरत हुनु ।
(२) पिसुनवाचा-विरति- चुगलीबाट विरत रहनु ।
(३) फरुषवाचा-विरति- कडा र अपशब्द प्रयोगबाट विरत रहनु ।
(४) सम्फप्पलाप-विरति- नचाहिंदो गफबाट विरत रहनु ।

(१) मुसावाद-विरति- असत्यलाई सत्य सम्झिने गरी बोल्नु र सत्यलाई असत्य सम्झिने गरी बोल्नु मृषावाद हो । यस्तो मृषावादबाट विरत रहनुलाई मुसावाद-विरति भनिन्छ ।

Downloaded from http://dhamma.digital/

(२) पिसुणवाचा-विरति- परस्पर सत्कार सम्मान एवं विश्वासयुक्त भई बसेका दुई व्यक्तिलाई उनीहरूको सत्कार, सम्मान एवं विश्वासमा आघात हुने गरी बोल्नु, चित्त बाभिने गरी बोल्नु, दुइ व्यक्तिको बीचमा कुरा लगाउनुलाई पिसुणवाचा भनिन्छ त्यसबाट विरत रहनुलाई "पिसुणवाचा-विरति" भनिन्छ ।

(३) फरुषवाचा-रिति- गालि गर्ने मनसुवायुक्त दोष चित्तले जात, गोत्र आकार, व्यक्ति पेशा आदिमा धक्का पर्ने गरी गालि गर्नु, अपशब्द प्रयोग गर्नुलाई फरुसवाचा भन्दछ । त्यस शब्द प्रयोगबाट विरत रहनुलाई "फरुसवाचा-विरति" भनिन्छ ।

(४) सम्फप्पलाप-विरति- यस संसारमा रामायण, इनाउँ (Enaung), ङ्वेडाउँ (Ngwedang) र महाभारत जस्ता नाटक र उपन्यासहरू छन्, जसमा श्रोतवर्गको सुधारको निमित्त अत्थ, धम्म र विनय सम्बन्धी केही कुराहरू हुँदैनन्, केवल मज्जा दिने काल्पनिक शब्दहरू मात्र प्रयोग गरेका हुन्छन् ।

**अत्थ, धम्म र विनय** :

अत्थ सम्बन्धित कुराहरू ती हुन्, जसले दीर्घ आयु प्राप्त हुने, सुस्वास्थ्य लाभ हुने, धार्मिकपूर्वक प्राप्त सुख सुविधा लाभ गर्न सक्ने आदि वर्तमान फल र अरु जन्ममा सुसम्पन्न मनुष्यत्व आदि प्राप्त गराउन सक्ने छन् ।

धम्म सम्बन्धित कुराहरू ती हुन्, जसले उपरोक्त फल प्राप्त गर्न सक्ने मार्ग एवं निर्देशन दर्शाउने छन् ।

विनय सम्बन्धित कुराहरू ती हुन्, जुन गृहस्थ र भिक्षुहरूको कर्तव्यसित सम्बन्ध रहेका हुन्छन् । साथै राग, द्वेष, नाश गर्ने शिक्षाप्रद नियम र आचरणहरूसित सम्बन्ध रहेका हुन्छन् ।

Downloaded from http://dhamma.digital/

अत्थ, धम्म र विनय सम्बन्धी कुराहरू माथि उद्धृत गरिएका नाटक र उपन्यासरुमा पाइन्दैनन् । यस्ता नाटक र उपन्यासहरू अरुलाई भन्नु वेकारका गफ सम्फप्पलाप हुन् । त्यस गफबाट मुक्त हुने गरी विरत रहनुलाई "सम्फप्पलाप-विरति" भनिन्छ। बत्तिस (३२) प्रकारका "तिरश्चिन-कथा" (आध्यात्मिक दृष्टिले वेकारका कुरा) सम्फप्पलाप भित्र पर्दछन् ।

अत्थ, धम्म र विनयमा बुद्धि, विवेक विकास गर्ने इच्छुकहरूले ती बत्तिस प्रकारका कथाद्वारा समय खेर फाल्नुलाई टाढैदेखि पन्छाउनु पर्दछन् । (मानसिक शान्तिको निमित्त) शमथ-भावना र (प्रज्ञा अभिवृद्धिको निमित्त) विपश्यना-भावना कृत्यलाई प्रतिष्ठापित गर्नेहरूले त झन अत्थ, धम्म र विनय सम्बन्धी कुरामा पनि मात्रा जानी बोल्ने गर्नु पर्दछ ।

**चार प्रकारका सम्मावाचा समाप्त ।**

**सम्माकम्मन्तको व्याख्या-**

सम्यक्-कर्मान्त तीन प्रकारका छन्-

(१) पाणातिपात-विरति,

(२) अदिन्नादान-विरति र

(३) कामेसु मिच्छाचार-विरति ।

(१) पाणतिपात-विरति- प्राणीलाई नाश गर्ने वा मार्ने अभिप्रायले काय प्रयोग र वची प्रयोगद्वारा गर्भपात गराउनु, उडुस, उपियाँका फूलहरू (लिखा) नाश गर्नु वा मार्नु आदि पाणातिपात हुन् । त्यस्तो कार्यबाट विरत रहनुलाई "पाणातिपात-विरति" भनिन्छ ।

(२) अदिन्नादान-विरति- घाँस, दाउरा, पानीदेखि लिएर अर्काको सम्पत्तिको रुपमा अधिकारमा लिई राखेको सजीव निर्जीव चीज पदार्थ मालिकले नजान्ने,

Downloaded from http://dhamma.digital/

नदेखिने गरी चोर्ने अभिप्रायले चोर्नु, काय प्रयोग, वची प्रयोग गर्नु अदिन्नादान हुन् । त्यसबाट विरत रहनुलाई "अदिन्नादन-विरति" भनिन्छ ।

(३) कामेसु मिच्छाचार-विरति- मातृ-रक्षिता नारी, पितृ-रक्षिता नारीदेखि लिएर अतिक्रमण गर्न अयोग्य नारीहरूप्रति अतिक्रमण गर्ने पुरुषको अतिक्रमण र आफ्नो पति रहेर पनि आफ्नो पति बाहेक अतिक्रमण गर्न अयोग्य पुरुषसित अतिक्रमण गर्ने नारीको अतिक्रमण कामेसु मिच्छाचार हुन् । पाँच प्रकारका मादक पदार्थ र तास, चेस, पासा जुवा आदि पनि यसैमा अन्तर्गन छन् । त्यसबाट विरत रहनुलाई "कामेसु मिच्छाचार-विरति" भनिन्छ ।

**तीन प्रकारका सम्माकम्मन्त समाप्त ।**

## मग्गङ्ग दीपनी अभ्यास - ४

१) बुद्धले कस्तो काल्पनिक मिथ्यावादलाई अस्वीकार गर्नुहुन्छ ?
२) दुक्खसच्च समादिट्ठि भन्नाले के बुझ्नु हुन्छ ?
३) हामीलाई पीडा, कष्ट कसरी हुन्छ ?
४) विपरिणामद्वारा पीडा, कष्ट कसरी हुन्छ ?
५) समुदयसच्च समादिट्ठि भन्नाले के बुझ्नु हुन्छ ?
६) सम्मादिट्ठि ञाण भनेको के हो ?
७) दुक्खनिरोधगामिनी पटिपदा अरियसच्च सम्मादिट्ठि भन्नाले के बुझ्नु हुन्छ?
८) सम्मासङ्कप्प कति प्रकारका छन् ? अर्थ सहित लेख्नुहोस् ।
९) सम्मावाचा कति प्रकारका छन् ? अर्थ सहित लेख्नुहोस् ।
१०) अत्थ, धम्म र विनयलाई आफ्नै भाषामा स्पष्ट हुने गरी लेख्नुहोस् ।
११) सम्माकम्मन्त कति प्रकारका छन् ? अर्थ सहित लेख्नुहोस् ।

Downloaded from http://dhamma.digital/

**सम्माआजीविकाको व्याख्या-**

सम्यक् आजीविका चार प्रकारका छन्-
(१) दुच्चरित-मिच्छाजीव-विरति,
(२) अनेसन-मिच्छाजीव-विरति,
(३) कुहनादि-मिच्छाजीव-विरति,
(४) तिरच्छानविज्जा-मिच्छाजीव-विरति ।

(१) दुच्चरित-मिच्छाजीव-विरति- प्राणी हिंसा आदि तीन प्रकारका कायिक दुराचरणहरू, मृषावाद आदि चार प्रकारका वाचिक दुराचरणहरू मध्ये कुनै एक दुराचरणद्वारा धन सम्पत्ति कमाएर जीवन यापन गर्नु दुच्चरित-मिच्छाजीव हुन् ।

जीवन यापनको निमित्त बेच्न अयोग्य पाँच किसिमका वस्तु (हतियार, प्राणी, मासु, मादक पदार्थ र विष ) बेच्नु यसैमा समावेश गर्नु पर्दछ। त्यसबाट विरत रहनु, बच्नुलाई "दुच्चरित-मिच्छाजीव- विरति" भनिन्छ।

(२) अनेसन-मिच्छाजीव-विरति- गृहस्थीहरूलाई फल-फूल दिने आदि एकाइस (२१) प्रकारका अनेसन (भिक्षुहरूको अयोग्य जीवन यापन) कृत्यद्वारा लाभ उत्पन्न गराई ऋषि, श्रमणहरूको जीवन यापन गर्नु अनेसन-मिच्छाजीवन हुन् । त्यसबाट विरत रहनुलाई अनेसन-मिच्छाजीव-विरति" भनिन्छ ।

(३) कुहनादि-मिच्छाजीव-विरति- अयोग्य तरिकाबाट कमाई जीवन यापन गर्ने पाँच प्रकारका छन्। जस्तैः- (क) कुहन, (ख) लपन, (ग) निमित्त, (घ) निप्पेसन र (ङ) लाभेन लाभ निजिगीसन ।

(क) कुहनको अर्थ हो- अनौठा कार्यद्वारा छल-कपट गर्नु अर्थात् शीलवान नभइकन पनि शीलवान भएको जस्तै गरी छल गर्नु आदि द्वारा आफूमा नभएको

Downloaded from http://dhamma.digital/

अद्भूत एवं असाधारण गुण आफूमा भएको जस्तो पारी दान-दक्षिणा प्राप्त गर्ने ।

(ख) लपनको अर्थ हो- लाज नमानिकन धन-सम्पत्ति सम्बन्धी कुरा गर्ने ।

(ग) निमित्तको अर्थ हो- लाभ प्राप्तार्थ हाउ-भाऊ गर्ने ।

(घ) निप्पेसनको अर्थ हो- नदिइ नहुने गरी कुराद्वारा दबाब हाल्ने ।

(ङ) लाभेन लाभ निजिगीसनको अर्थ हो- थोरै दिएर धेरै प्राप्त गर्ने अर्थात् एउटा घरमा एक सुकी प्राप्त गरेको लाभलाई अर्को घरमा दिएर त्यस घरबाट एक रुपियाँ लाभ प्राप्त गर्ने । यी पाँच प्रकारका मिच्छा-आजीवबाट विरत रहनुलाई "कुहनादि-मिच्छाजीव-विरति" भनिन्छ ।

(४) तिरच्छानविज्जा-मिच्छाजीव-विरति- अङ्ग-विद्या, लक्षण-विद्या आदि लौकिक शिल्प-विद्याहरू ऋषि, श्रमणहरूको प्रतिपत्ति धर्मसित विरोध एवं प्रतिपक्ष भएकोले तिरच्छानविज्जा भनिन्छ । त्यस शिल्प-विद्याद्वारा अङ्ग, लक्षण आदि हेरी गुण-दोषको व्याख्या गरी जीवन यापन गर्नु ऋषि, श्रमणहरूका तिरच्छानविज्जा-मिच्छाजीव हुन् । त्यसबाट विरत रहनु, बच्नुलाई "तिरच्छानविज्जा-मिच्छाजीव विरति" भनिन्छ ।

**चार प्रकारका सम्माआजीव समाप्त ।**

**सम्मावायामको व्याख्या-**

चार प्रकारका सम्मावायाममा प्राणीहरूलाई हरबखत तप्त गराउन सक्ने, मलिन पार्न सक्ने, दीन-हीन पार्न सक्ने अकुशल धर्म दुई प्रकारका छन्-

(१) उत्पन्न अकुशल र (२) अनुत्पन्न अकुशल ।

सत्वप्राणीलाई शान्ति दिन सक्ने, परिशुद्ध पार्न सक्ने, उच्च स्थितिमा पुऱ्याउन सक्ने कुशल-धर्म पनि दुइ प्रकारका छन्-

(१) उत्पन्न कुशल र (२) अनुत्पन्न कुशल

Downloaded from http://dhamma.digital/

दश प्रकारका दुश्चरित्रहरू मध्ये जुन दुश्चरित्र धर्म यस जीवनमा आफूमा उत्पन्न भइसकेको छ भनी ज्ञात हुन्छ, हुन लागेको छ भनी ज्ञात हुन्छ, त्यस दुश्चरित्र धर्मलाई आफूमा "उत्पन्न अकुशल" भनिन्छ।

जुन दुश्चरित्र धर्म यस जीवनमा आफूमा उत्पन्न पनि भइसकेको हुँदैन, न त हुन लागेको नै । बरु पछि हुने स्थितिमा रहिरहन्छ, त्यस दुश्चरित्रलाई आफूमा "अनुत्पन्न अकुशल" भनिन्छ।

**सात प्रकारका विशुद्धि :**

(१) **शील-विशुद्धि**, (२) **चित्त-विशुद्धि**, (३) **दृष्टि-विशुद्धि**, (४) **कांक्षा-वितरण-विशुद्धि**, (५) **मार्गामार्ग-ज्ञान-दर्शन-विशुद्धि**, (६) **प्रतिपदा ज्ञान-दर्शन-विशुद्धि**, (७) **ज्ञान-दर्शन-विशुद्धि-**

यी सात विशुद्धिहरू मध्ये जुन विशुद्धि यस जन्ममा आफूमा उत्पन्न भइसकेको हुन्छ, उत्पन्न भई प्रतिष्ठित भएको हुन्छ, यसलाई आफूमा "उत्पन्न कुशल" भनिन्छ।

जुन विशुद्धि यस जन्ममा आफूमा उत्पन्न भइसकेको हुँदैन, प्राप्त पनि भएको हुँदैन, यसलाई "अनुत्पन्न कुशल" भनिन्छ।

यसरी अकुशल पनि उत्पन्न, अनुत्पन्न रुपमा दुइ प्रकारका र कुशल पनि उत्पन्न, अनुत्पन्न रुपमा दुइ प्रकारका छन्।

**मग्गङ्गको शक्ति :**

वर्तमान जीवनमा यदि कसैले आर्य अष्टांगिक मार्गको अभ्यास एवं भाविता गर्दछ भने यसको प्रभाव शक्तिले यस जन्ममा आफूमा उत्पन्न भइसकेको दुश्चरित्र (उत्पन्न दुच्चरित) यस जन्मदेखि लिएर अनुपादिशेष निर्वाण (पञ्चस्कन्ध

Downloaded from http://dhamma.digital/

देह पछिको निर्वाण) नहुन्जेल सम्म पछि फेरि आफूमा कहिल्यै उत्पन्न हुँदैन, आर्य अष्टांगिक मार्गको प्रभाव शक्तिको कारणले गर्दा यस जन्ममा आफूमा पहिले कहिल्यै उत्पन्न नभएका, तर पछि उत्पन्न हुन सक्ने स्थितिमा रहेका अनुत्पन्न दुश्चरित्र (अनुप्पन्न दुच्चरित) पनि यस जन्मदेखि लिएर अनुपादिशेष निर्वाण नहुञ्जेलसम्म पछि फेरि कहिल्यै उत्पन्न हुँदैन । आर्य अष्टांगिक मार्गको प्रभाव शक्तिले गर्दा उत्पन्न र अनुत्पन्न दुइ दुश्चरित्रहरू यस जन्ममा विल्कुल जडैदेखि निर्मूल भई अन्त हुन जान्छ ।

**नियम (स्वभाव-धर्म) को स्थापना -**

यस्तै गरी यस जीवनमा आर्य अष्टांगिक मार्गको अभ्यास एवं भाविता गरी बढाएर लगेको खण्डमा यसको प्रभाव शक्तिले गर्दा सात प्रकारका विशुद्धिमध्ये आफूमा उत्पन्न भइरहेको कुनै विशुद्धि अनुपादिशेष निर्वाण प्राप्तिसम्म आफ्नो सन्ततिमा फेरि विनाश नहुन सक्ने नियाम (स्वभाव) धर्ममा पुगी स्थित रहन्छ । साथै आर्य अष्टांगिक मार्गको प्रभाव शक्तिको कारणले यस जीवनमा आफ्नो सन्ततिमा पहिले कहिल्यै उत्पन्न नभएको, प्राप्त नगरेको र नपुगेको विशुद्धि-धर्म पनि यसै जीवनमा आफ्नो सन्ततिमा उत्पन्न हुन्छ, प्राप्त हुन्छ र त्यहाँ पुग्दछ पनि ।

**आफ्नो जीवनको सच्चा फाइदा :**

ती कारणहरूले गर्दा बुद्ध-शासन भित्र परेको मौका पाएका पुण्यात्मा गृहस्थ र भिक्षु श्रमणहरूको निमित्त आर्य अष्टांगिक मार्गको अभ्यास एवं भाविता गर्ने जस्तो सम्यक्-व्यायाम कृत्य मात्र आफ्नो सच्चा फाइदा, सच्चा लाभ र सम्पत्ति हो भनी जान्नु, बुझ्नु अत्यावश्यक छ । अन्य गृहस्थ र श्रमण कृत्यहरू नगरी नहुने, छोड्न नसकिने, बच्न नसकिने भएकोले मात्र गर्नुपर्ने बाहिरिक कृत्य मात्र हुन् भनी जान्नु, बुझ्नु, सम्झनु पर्दछ । यो नै वास्तवमा बुद्ध-शासनमा प्रमुख

Downloaded from http://dhamma.digital/

एवं प्रधान सम्यक्-व्यायाम कृत्यको प्रदर्शन हो ।

(उत्पन्न र अनुप्पन्नको व्याख्यामा अकुशल सम्बन्धी दश प्रकारका दुराचरण (तीन कायिक कार्यः मार्नु, चोर्नु, परस्त्री वा परपुरुष गमन गर्नु, चार वाचिक कार्य : झूठ, चुगली, गालि र गफ; तीन मानसिक कार्य : अविद्या, व्यापाद र मिथ्या-दृष्टि ।) र कुशल सम्बन्धी सात प्रकारका विशुद्धिलाई प्रदर्शित गरेमा मात्र मानिसहरूले बुझ्न सजिलो हुन्छ ।

(१) अकुशलको विषयमा- यस जीवनमा आफ्नो सन्ततिमा उत्पन्न भइसकेको दुश्चरित्र धर्मलाई पछि यस जीवनदेखि जीवन परम्परा सम्ममा आफ्नो सन्ततिमा बिल्कुल उत्पन्न नहुने गरी अष्टांगिक मार्गको अभ्यास गर्नु पहिलो प्रकारको "सम्मा-वायाम" हो ।

(२) अकुशलको विषयमा- यस जीवनमा आफ्नो सन्ततिमा उत्पन्न नभई पछि उत्पन्न हुन सक्ने स्थितिमा रहेका दुश्चरित्र धर्महरूलाई अनुपादिशेष निर्वाण प्राप्तिसम्म पनि आफ्नो सन्ततिमा उत्पन्न हुन नदिने गरी अष्टांगिक मार्गको अभ्यास गर्नु दोश्रो प्रकारको "सम्मा-वायाम" हो ।

(३) कुशलको विषयमा- यस जीवनमा अहिलेसम्म आफ्नो जीवनमा उत्पन्न नभएका उत्तरोत्तर विशुद्धि धर्महरूलाई यसै जीवनमा नै प्राप्त नभई नहुने गरी, नपुगी नहुने गरी आर्य अष्टांगिक मार्गको अभ्यास गर्नु तेश्रो प्रकारको "सम्मा-वायाम" हो ।

(४) कुशलको विषयमा- यस जीवनमा आफ्नो सन्ततिमा धारण र पालन गरिराखेको पञ्चशील, आजीव अष्टमक शील जस्तो शील विशुद्धि धर्मलाई नियामको रुपमा पुऱ्याई पछि निर्वाण प्राप्तिसम्म क्रमबद्ध रुपमा सँधै स्थिर राख्नको निमित्त आर्य अष्टांगिक मार्गको अभ्यास गर्नु चौथो प्रकारको "सम्मा-वायाम" हो ।

Downloaded from http://dhamma.digital/

यी हुन् मानिसहरूले सजिलैसित बुझ्न विभाजन गरी देखाइएको चार प्रकारको "सम्मा-वायाम" । ती पनि कृत्यको हिसाबले मात्र चार प्रकारका हुन्छन् । धर्म स्वरुपको हिसाबले त वीर्य एक मात्र छ । एउटा विशुद्धि प्राप्तार्थ अभ्यास गर्दा एउटा वीर्यमा ती चार कृत्यहरू सामूहिक रुपमा समावेशी भइरहन्छन् ।

**चार प्रकारको सम्मा-वायाम समाप्त ।**

## मग्गङ्ग दीपनी अभ्यास - ५

१) सम्माआजीव कति प्रकारका छन् ? संक्षिप्तमा अर्थ खुल्ने गरी लेख्नुहोस् ।

२) कुहनादि-मिच्छाजीव विरतिको अर्थ लेखी यस्का प्रकारहरू समेत स्पष्ट हुने गरी लेख्नुहोस् ।

३) तिरच्छानविज्जा-मिच्छाजीव विरति भन्नाले के बुझ्नु हुन्छ ? लेख्नुहोस् ।

४) उत्पन्न अकुशल र अनुत्पन्न अकुशल भन्नाले के बुझ्नु हुन्छ ।

५) विशुद्धि कति प्रकारका छन् ? नाममात्र उल्लेख गर्नुहोस् ।

६) नियाम वा स्वभाव धर्मको बारेमा आफूलाई थाहा भएको कुरा लेख्नुहोस् ।

७) दश प्रकारका दुराचारले के कुरालाई बुझाउँदछ ?

८) 'आर्य अष्टांगिक मार्गको अभ्यास एवं भाविता गर्ने जस्तो सम्यक् व्यायाम कृत्य मात्र आफ्नो सच्चा फाइदा, सच्चा लाभ र सम्पत्ति हो' यस कुरालाई आफ्नै शब्दमा स्पष्ट पार्नुहोस् ।

Downloaded from http://dhamma.digital/

**सम्मासतिको व्याख्या-**

प्राणीको मन कहिल्यै स्थिर हुँदैन, जहिले पनि चञ्चल भइरहन्छ। कर्मस्थानको आरम्मणमा ध्यान आकृष्ट नगरेसम्म तिनीहरूको मन वशमा आउँदैन। जबसम्म तिनीहरूले आफ्ना मन वशमा लिन सक्तैनन्, तबसम्म तिनीहरू बहुला तुल्य हुन्छन् अथवा तिनीहरूको मन अव्यवस्थित रहन्छन्। आफ्ना मन काबुमा लिन नसक्ने बहुला तुल्य यस्ता मानिसहरूको निमित्त जसरी समाज उत्तरदायी हुँदैनन् अथवा उनीहरूलाई मानव समाजले मानवको रुपमा मान्यता दिँदैनन्; त्यसरी नै भावना कृत्यहरूमा आफ्ना मन स्थिर गर्न नसक्ने गृहस्थी र श्रमणहरू कुनै न कुनै कर्मस्थान आरम्मणमा मनन गरी परीक्षण गर्दा बहुला तुल्य हुन्छन्। कर्मस्थान आरम्मणसित सम्पर्क हुँदा आफ्ना चित्तलाई आफैले वशमा पार्न नसक्ने कुरा तिनीहरूले चाल पाउँछन्। त्यसकारण चञ्चल, अस्थिर, द्रुतगामी, अव्यवस्थित उन्मादित, मनलाई हटाई इच्छित कर्मस्थान आरम्मणमा चित्त स्थिर एवं शान्त पार्न चार स्मृति-प्रस्तान धर्मलाई अभ्यास गर्नु नितान्त आवश्यक देखिन्छ।

**चार स्मृति-प्रस्थान** :

(१) कायानुपस्सना-सतिपट्ठान- शरीरप्रति एक एक रुपकायलाई स्थिरता पूर्वक भाविता गर्नु। तीन, चार महिनासम्म यसरी अभ्यास गर्दा मनको उन्मादता, अस्थिरता लुप्त भई शान्त हुन जान्छ। अनि प्रत्येक दिन एक, दुइ तीन, चार, पाँच, छ घण्टासम्म पनि आश्वास-प्रश्वास आदि आफ्नो रुपकाय स्कन्धमा आफ्नो मन लगातार स्थिर एवं शान्त पारी राख्न सक्ने क्षमता उत्पन्न हुन्छ। त्यस बेला उसले कर्मस्थान आरम्मणमा आफ्नो मनलाई स्थिर एवं शान्त पारिराख्ने छ।

(२) वेदनानुपस्सना-सतिपट्ठान- अनुभूतिमा जागरुक रहने स्मृति-प्रस्थान।

यसको अर्थ हो आफ्नो सन्ततिमा पालै पालोसित अटूट रुपमा उत्पन्न भइरहने सुख, दु:ख वेदना आदि वेदना काय (समूह) स्कन्धमा आफ्नो मनलाई

Downloaded from http://dhamma.digital/

सम्यक्-स्मृति रुपी डोरीले दृढता पूर्वक बाँधी राख्ने । यसरी बारबार राख्दा मनको उन्मादता, चञ्चलता लुप्त एवं शान्त हुन्छ । त्यस बेला उसले इच्छित कर्मस्थान आरम्मणमा आफ्नो मनलाई स्थिर एवं शान्त पारी राख्ने छ ।

(३) चित्तानुपस्सना-सतिपट्ठान- चेतनायुक्त हुनुमा जागरुक रहने स्मृति-प्रस्थान । यसको अर्थ हो आफ्नो सन्ततिमा पालै पालोसित अटूट रुपमा उत्पन्न भइरहने लोभयुक्त चित्त, द्वेषयुक्त चित्त आदि विभिन्न चित्तहरूमा आफ्नो मनलाई सम्यक्-स्मृति रुपी डोरीले दृढतापूर्वक बाँधी राख्ने । यसरी बारबार राख्दा मनको उन्मादता, अस्थिरता लुप्त एवं शान्त हुन्छ । त्यस बेला उसले इच्छित कर्मस्थान आरम्मणमा आफ्नो मनलाई स्थिर एवं शान्त पारिराख्ने छ ।

(४) धम्मानुपस्सना-सतिपट्ठान- मन सम्बन्धी विषयमा जागरुक रहने स्मृति-प्रस्थान ।

यसको अर्थ हो आफ्नो सन्ततिमा उत्पन्न भइरहने कामच्छन्द, व्यापाद, स्त्यान, मिद्ध, औधृत्य, कौकृत्य, विचिकित्सा आदि मानसिक विषयहरूमा आफ्नो मनलाइ सम्यक्-स्मृति रुपी डोरीले दृढतापूर्वक बाँधी राख्नु । यसरी बारबार राख्दा मनको उन्मादता, चञ्चलता लुप्त एवं शान्त हुन्छ । त्यस बेला उसले इच्छित कर्मस्थान आरम्मणमा आफ्नो मनलाई स्थिर एवं शान्त पारिराख्ने छ ।

**डोरीले बाँडी राखः**

आफ्नो स्कन्ध (देह) लाई रुपकाय समूह वेदनाकाय समूह, चित्तकाय समूह, धर्मकाय समूह रुपमा चार भागमा विभाजित गरी निश्चित समय भित्र आफ्नो स्कन्ध (देह) बाट बाहिरी आरम्मणमा चित्त तितर-वितर नपारी ती चार अध्यात्म काय समूहमा मात्र स्मृति रुपी डोरीले बाँधी जीवन परम्परादेखि लहरै आईराखेको उन्मत्त, मलिन, दग्ध, प्रज्वलित चित्तलाई लुप्त एवं शान्त पार्ने प्रक्रियालाई सतिपट्ठान (= स्मृति-प्रस्थान) कृत्य भनिन्छ। (विस्तृत जानकारीको

Downloaded from http://dhamma.digital/

लागि "महासतिपट्ठान-सुत्त" र आना-पान भावनाको निमित्त 'लेदी सयादो' द्वारा लिखित "आना-पान दीपनी" हेर्न सकिन्छ।)

प्रत्येक दिनको बेलुकी पख समय निश्चित गरी दुइ, तीन घण्टा अभ्यास गर्नुपर्छ।

चार प्रकारको सम्मासति समाप्त।

**सम्मासमाधिको व्याख्या-**

मानसिक उन्मादता लुप्त भए मात्रः-

संसारमा पढ्न सिक्नुको लागि सबभन्दा पहिले वर्णमालादेखि शुरु गर्नु पर्छ। वर्णमालाको काफि मात्रामा ज्ञान भए पछि मात्र उच्च शिक्षा हासिल गर्न सकिन्छ। तद्नुसार मानसिक विकासको निमित्त सर्वप्रथम स्मृति-प्रस्थानको अभ्यास गर्नुपर्छ। जब स्मृति-प्रस्थान सुव्यवस्थित हुन्छ। त्यस पछि नै उच्चस्थ कर्मस्थान भावना कृत्यलाई एकाग्र रुपमा अभ्यास गर्दै लैजान सकिन्छ। तसर्थ वर्णमालामा पूरापूर ज्ञान भईसकेपछि मात्र मंगल सुत्त, नमक्कार, परित्त, व्याकरण, अभिधर्म-संग्रह इत्यादि उच्च शिक्षा अध्ययन गर्न सकेझैं स्मृति-प्रस्थान कृत्य सूव्यवस्थित भए पछि आफ्नो स्कन्ध समूहमा दिनहुं एक घण्टा, दुइ घण्टा, तीन घण्टा आदिका हिसाबले आफ्नो चित्तलाई शान्त तथा एकाग्र पार्न सक्ने बेलामा उसले चित्त-विशुद्धि भावना नामक चार प्रकारको (शमथ-भावना) समाधि अभ्यास गर्नुपर्छ।

**चार प्रकारका समाधिहरू मध्ये :**

पठमज्झान-समाधि (प्रथम-ध्यान समाधि) मा २५ प्रकारका कम्मट्ठान (=भावना साधनहरू) (कर्मस्थान) छन्; ती हुन्-

(१) दश प्रकारका कसिण (भावना विधि) ..............१०

Downloaded from http://dhamma.digital/

(२) दश प्रकारका अशुभ (घृणित) ..................... १०
(३) शरीरका बत्तिस अङ्गगहरू.............................१
(४) आश्वास-प्रश्वास (आनापान).........................१
(५) तीन प्रकारका ब्रह्मविहार (विहार (विशिष्ट अवस्था)-
(क) मेत्ता (मैत्री)
(ख) करुणा र
(ग) मुदिता (प्रशन्नतायुक्त मनस्थिति)।

माथि दिइएका कर्मस्थान मध्ये एक एक वटा कर्मस्थानमा परिकम्म-भावना (प्रारम्भिक समाधि स्थिति), उपचार-भावना (समाधिको समीपावस्था) र अप्पना-भावना (समाधि प्राप्ति) नामक भावना क्रमद्वारा तीब्र रुपमा अभ्यास गरी सर्वप्रथम प्राप्त गरिने ध्यानलाई पठमज्झान-समाधि भनिन्छ। चित्त उन्मादता र मलिनतालाई लुप्त एवं शान्त पार्नु मात्रको लागि अभ्यास गरिने आनापान (आश्वास-प्रश्वास) कृत्य पठमज्झान-समाधि कृत्य अन्तर्गत रहन्छ।

आनपान-स्मृतिको कृत्यमा स्मृति-प्रस्थान कृत्य र प्रथमध्यान-समाधि कृत्य दुवै उपलब्ध हुन्छ। अर्थात् आनापान कृत्य मात्र समाधि कृत्य नभई, स्मृति-प्रस्थान कृत्य पनि हुन आउँछ। यसले समाधि स्थापित गर्नुको साथसाथै प्रथमध्यान पनि प्राप्त गराउँछ।

चार प्रकारका सम्मासमाधि समाप्त।
आर्य आष्टांगिक मार्गको सम्पूर्ण व्याख्या यही टुंगिन्छ।

**तीन किसिमका वट्ट (चक्र) को चार प्रकारका संसारसँग क्रमिक सम्बन्ध :**

बुद्ध-शासन अन्तर्गत रहेको यस अवस्थामा मानिसले आर्य अष्टांगिक मार्गको अभ्यास तथा भाविता गर्दै लैजान सके तिनीहरू वट्ट (वर्त्त)- दुख (पूर्ण

Downloaded from http://dhamma.digital/

विवरणका लागि "विशुद्धि-मग्ग-अट्ठकथा" हेर्न सकिन्छ ।) बाट मुक्त हुने छन् । अब म वट्ट-दु:खलाई व्याख्या गर्दै जान्छु :

वट्ट-दु:क्ख तीन प्रकारका छन्-

(अ) किलेसवट्ट (क्लेशको चक्र)

(आ) कम्मवट्ट (अकुशल कर्मको चक्र)

(इ) विपाकवट्ट (फलभोगको चक्र)

तिनीहरूलाई यसरी पनि विभाजित गर्न सकिन्छ ।

(क) अपाय संसारसँग सम्बन्धित तीन वट्ट,

(ख) कामसुगति संसारसँग सम्बन्धित तीन वट्ट,

(ग) रुप संसारसँग सम्बन्धित तीन वट्ट,

(घ) अरुप संसारसँग सम्बन्धित तीन वट्ट,

**(क) अपाय संसारसँग सम्बन्धित तीन वट्टमा :**

(अ) किलेसवट्ट- सत्काय-दृष्टि (आत्म दृष्टि) र विचिकित्सा (शंका) यी दुइ क्लेशलाई किलेसवट्ट भनिन्छ ।

(आ) कम्मवट्ट- भनेको निम्न: लिखित दश प्रकारका अकुशल कर्मपथहरू हुन्-

(१) पाणातिपात- प्राणी हिंसा

(२) अदिन्नादान- चोरी,

(३) कामेसु मिच्छाचार- कामभोग सम्बन्धी मिथ्याचार,

(४) मुसावाद- मृषावाद,

(५) पिसुनवाचा- प्रिय शून्य-वचन, चुगलि,

(६) फरुसवाचा- कडा वचन,

(७) सम्फप्पलाप- गफ,

Downloaded from http://dhamma.digital/

(८) अभिज्झा- अभिध्या,

(९) व्यापाद- क्रोध,

(१०) मिच्छादिट्ठि- मिथ्यादृष्टि ।

(इ) विपाकपट्ट- तिरश्चिन प्राणी, प्रेत प्राणी र असुरकाय प्राणी नामांकित विपाक कटत्ता पञ्चस्कन्धलाई विपाकवट्ट भनिन्छ ।

जुन व्यक्तिहरूमा सत्काय-दृष्टि र विचिकित्सा रहिरहन्छ तिनीहरू असंख्य अनन्त जन्मसम्म उच्चस्थ भवग्र भूमिमा बारबार पुगिरहे तापनि अकुशल कर्मपथ क्षेत्र भित्र खसेर माझी, शिकारी, चोर, डाँकु आदि भई उत्पन्न हुन्छन्; अवीचि आदि अपाय स्कन्ध भित्र पनि बारबार पतन भइरहन्छन् । यसरी मुक्त हुनै नसकी फेरि फेरि त्यसै चक्रमा परी घुमिरहने परेकालाई वट्ट भनी भन्दछन् ।

**(ख) काम सुगति संसारसँग सम्बन्धित तीन वट्टमा** :

(अ) दान, शील र भावना आदि दश प्रकारका कामावचर पुण्य क्रिया वस्तुलाई कम्मवट्ट भनिन्छ । (ती हुन् १) दान (भिक्षा दिनु), २) शील (शिक्षा पालन गर्नु), ३) भावना (मनको एकाग्रता), च) अपचायन (आफू भन्दा जेष्ठलाई आदर गर्नु), ५) वेय्यावच्च (सेवा गर्नु वा अरुहरूलाई सहायता गर्नु), ६) पत्तिदान (एक व्यक्तिको पुण्य कार्यमा अरुहरूसित सहभागी हुनु), ७) पत्तानुमोदन (अरुको पुण्य कार्यमा आफू खुशी हुनु), ८) धम्मसवण (उपदेश सुन्नु), ९) धम्मदेसना (धर्म-उपदेश दिनु), १०) दिट्ठिजुकम्म (सम्यक्-दृष्टि हुनु) ।)

मनुष्य प्राणी, छ देवलोक, देवताहरू जस्ता विपाक कटत्ता पञ्चस्कन्ध देहलाई विपाक-वट्ट भनिन्छ ।

Downloaded from http://dhamma.digital/

जुन व्यक्तिहरूमा कामतृष्णा रहिरहन्छ तिनीहरू उच्चस्थ भवाग्र भूमिमा बारबार पुगे तापनि कामतृष्णाको दासत्वमा घुम्दै घुम्दै पतन भइरहन्छन् ।

**(ग, घ) रुप, अरुप संसार सम्बन्धी ती वट्टमा :**

रुप, अरुप भूमिमा मज्जा लिने, टाँसिन रुप तृष्णा, अरुप तृष्णालाई किलेसवट्ट भनिन्छ ।

रुप ब्रम्हा रुपी पाँच विपाक कटत्ता स्कन्ध र अरुप ब्रम्हा रुपी चार विपाक नाम-स्कन्धलाई विपाकवट्ट भनिन्छ ।

यो बिभाजन गर्नुपर्छ कि रुपलोकमा तीन वट्ट छन्- रुप अरुप तृष्णा, अरुप कुशल र अरुप ब्रम्हा स्कन्ध ।

तीन वट्ट, प्रत्येकककका चार विभाग समाप्त ।

**भग्गङ्ग र वट्टका बीच आपसी सम्बन्ध :**

माथि उल्लिखित आठ मार्ग-अङ्ग पनि चार भागमा विभाजन गर्न सकिन्छ ।

(१) श्रोतापत्ति मार्ग- अङ्ग आठ,

(२) सकृदागामी मार्ग- अङ्ग आठ,

(३) अनागामी मार्ग- अङ्ग आठ र

(४) अरहत मार्ग- अङ्ग आठ ।

यी मध्ये-

श्रोतापत्ति आठ मार्ग- अङ्गद्वारा अपाय संसार सम्बन्धी तीन वट्टलाई निरवेशष रुपमा निरोध एवं शान्त गराउँछ । कामसुगति सम्बन्धी तीन वट्ट भने

Downloaded from http://dhamma.digital/

पछिका सात जन्मलाई बाँकी राखी सात जन्म भन्दा माथि उत्पन्न हुने कामसुगति सम्बन्धी तीन वट्टलाई पनि श्रोतापत्ति आठ मार्ग-अङ्गद्वारा निरवशेष रुपमा निरोध एवं शान्त गराउँछ।

सकृदागामी आठ मार्ग- अङ्गद्वारा बाँकी सात जन्म मध्येमा दुइ जन्मलाई बाँकी राखी दुइ जन्म भन्दा माथि उत्पन्न हुने पाँच जन्महरूमा कामसुगति सम्बन्धी दुइ किलेसवट्ट र विपाकवट्टलाई निरवशेष रुपमा निरोध एवं शान्त गराउँछ।

अनागामी आठ मार्ग- अङ्गद्वारा बाँकी रहेको कामसुगति दुइ जन्मलाई निरवशेष रुपमा निरोध एवं शान्त गराउँछ। रुप जन्म र अरुप जन्म मात्र शेष रहन्छ।

अरहत्त आठ मार्ग- अङ्गद्वारा रुप र अरुप संसार सम्बन्धी तीनै वट्टलाई निरवशेष रुपमा निरोध एवं शान्त गराउँछ र सम्पूर्ण क्लेशहरू पनि निरोध एवं शान्त हुन्छ।

मार्ग-अङ्ग र वट्टका बीच आपसी सम्बन्धको व्याख्या समाप्त।

**दिट्ठिको पहिलो, दोस्रो र तेस्रो तह (मिथ्या-धारणाहरू)-**

चार प्रकारका संसारमा प्रत्येक तीन वट्ट मध्ये अपाय संसार सम्बन्धी तीन अपाय वट्ट वर्तमान बौद्धहरूको निमित्त विशेष महत्वका छन्। टाउकोमा आगो बलिरहेको व्यक्तिको निमित्त सबभन्दा महत्वपूर्ण कार्य आगो निभाउनु हुन आउँछ। एक मिनेट पनि ढिलो गरी बस्नु ठीक हुँदैन। यसरी आगोले टाउको बलेको मान्छेको निमित्त आगो निभाउन जति आवश्यक हुन्छ यो भन्दा पनि बढी बुद्ध-शासन भित्र रहेको मानिसहरूले ती तीन अपाय वट्टलाई पूर्ण रुपले निभाउन आवश्यक हुन आउँछ। यसै कारणले यस पुस्तकमा अपाय तीन वट्टलाई निरोध एवं शान्त पार्ने कारण आर्य अष्टांगिक मार्गलाई सर्वप्रथम दर्शाउने छु।

Downloaded from http://dhamma.digital/

सत्काय-दृष्टि र विचिकित्सा यी दुई मध्ये सत्काय-दृष्टि नै मूल प्रधान हो। सत्काय-दृष्टि निरवशेष रुपमा निरोध एवं शान्त भएमा विचिकित्सा पनि निरवशेष रुपमा निरोध एवं शान्त हुन्छ। साथै दश प्रकारका अकुशल कर्म पथ पनि। अनि अपाय संसार पनि पूर्णतः निरोध एवं शान्त हुन्छ।

(सक्काय-दिट्ठि) सत्काय-दृष्टिको अर्थ हो अत्त-दिट्ठि (आत्म-दृष्टि)। चक्षुलाई 'म' भनी 'मेरो आत्मा भनी दृढरुपले चिन्तन मनन गरी आशक्त भइरहने दृष्टि। यसै प्रकार श्रोत, घ्राण, जिह्वा, काय र मनलाई पनि बुझ्नु पर्दछ।

**'म' 'म' भनी आशक्त हुनु :**

त्यस त्यस रुप आकारलाई देख्दा वा हेर्दा 'मैले देख्छु' 'मैले हेर्छु' भनी दृढरुपले चिन्तन, मनन गरी आशक्त भइरहनुलाई चक्षुमा 'म' 'म' भनी चिन्तन, मनन एवं आशक्त हुनु भनिन्छ। यसरी नै शब्द, गन्ध, रस, स्पर्श र धर्मलाई पनि बुझ्नु पर्दछ।

यो भयो आध्यात्मिक छ प्रकारका आयतनहरूमा सत्काय-दृष्टिद्वारा आशक्त भइरहनु।

**निर्वाणको पहिलो अवस्था :**

अतीत जन्महरूमा अज्ञानता, मूर्खता, मूर्खतावश भूल गरी आएका सम्पूर्ण पूर्वदुश्चरित्र कर्महरू त्यस सत्काय-दृष्टिबाट लिप्त भई प्राणीहरूको सन्ततिमा क्रमानुसार अनुगमन गरिरहन्छन्। पछि पछिका जन्महरूमा अज्ञानता, मूर्खतावश भूल गरिने सम्पूर्ण नयाँ दुश्चरित्र कर्महरू त्यस सत्काय-दृष्टिबाट उत्पन्न हुन्छन्, सत्काय-दृष्टि निरोध एवं शान्त भएमा नयाँ पुराना ती दुश्चरित्र कर्महरू निरवशेष रुपमा निरोध एवं शान्त हुन्छन्। त्यस व्यक्तिमा अपाय संसार निरवशेष रुपमा निरोध एवं शान्त हुन्छ। यस जन्मदेखि अनुपादिशेस निर्वाण प्राप्तिसम्म त्यस

Downloaded from http://dhamma.digital/

व्यक्तिको सन्ततिमा सम्पूर्ण कलुषित दुश्चरित्रहरू, संपूर्ण गलत एवं मिथ्या-दृष्टिहरू र सम्पूर्ण नर्क, तिरश्चिन, प्रेत, असुरकाय अपाय जन्महरू सत्काय-दृष्टिको साथसाथै एकैचोटी, एकै क्षणमा निरवशेष रुपमा निरोध एवं शान्त हुन्छन् । त्यस व्यक्तिले अपाय संसार सम्बन्धी ती वट्टको निरवशेष निरोध नामक प्रथम सउपादिशेस (१) पञ्चस्कन्ध देह सहितको) निर्वाण प्राप्त गर्दछ । उनको भविष्य जन्म क्रमश? उच्चलोकमा हुँदै जान्छ र आर्य लोकुत्तर भूमि निवासीको रुपमा ऊ पुग्दछ ।

**सलाई, सलाई-बत्ता र गन्धक :**

सत्काय-दृष्टि प्राणीको स्कन्ध देहमा तीन अवस्था कायम गरी रहिरहन्छ ।

(१) अनुसय भूमि (भित्री अवस्था),

(२) परियुट्ठान भूमि (दृष्टिले गर्दा मन आकुल-व्याकुल भएको अवस्था),

(३) वीतिक्कम भूमि (दृष्टि उल्लघंन भएको अवस्था) ।

ती काय-कर्म (शरीरले गर्ने तीन कर्म- हिंसा गर्नु, चोरी गर्नु र व्यभिचार गर्नु ।) र चार वची कर्म (वचनले गर्ने चार कर्म- झूठ बोल्नु, चुगली गर्नु, गालि गर्नु र गफ गर्नु ।) वीतिक्कम भूमि हुन् र तीन मनो कर्म (मनले गर्ने तीन कर्म- लोभ गर्नु, क्रोध गर्नु र ठीकसँग नबुझ्नु ।) परियुट्ठान भूमि । साथै दृष्टि अनुसय भूमि त्रि-कर्मको रुपमा नपुगी त्रि-कर्मको मूल बीजकोरुपमा सम्पूर्ण स्कन्ध देहमा सुषुप्त स्थितिमा रही अनन्त संसारमा सधैं पछि परिरहने दृष्टिलाई अनुसय भूमि भनिन्छ ।

दृष्टि दुश्चरित्रहरूलाई उत्पन्न एवं बृद्धि गराउन सक्ने आरम्मण धर्महरू चक्षु आदि छ वटा द्वारहरू मध्ये कुनै कुनै द्वारमा आघात भएमा त्यस दृष्टिवर्धक अकुशल समूह अनुसय भूमिबाट उत्थान एवं जाग्रत भई परियुट्ठान भूमिलाई पुरी (भरीपूर्ण गराई) स्थापित हुन्छ । (मनो कर्मको रुपमा पुगी स्थित हुन्छ भन्ने यसको मतलब हो ।)

Downloaded from http://dhamma.digital/

मनो कर्मको अवस्थामा नै स्थित हुन नसकेको खण्डमा परियुट्ठान भूमिबाट उत्थान एवं जाग्रत भई हलचल मचाउँदै वीतिकम्म भूमिलाई पुरी स्थापित हुन्छ। (काय कर्म, वची कर्मको रुपमा पुगी स्थित हुन्छ भन्ने यस अभिप्राय हो ।)

दिट्ठि अनुसय प्रथम भूमि सलाईको गन्धक भित्र रहेको तत्व समान हुन् । परियुट्ठान द्वितीय भूमि सलाई बत्तामा सलाई कोरेर निस्केको आगो बलिरहेका ज्वाला समान हुन् । वीतिक्कम तृतीय भूमि सलाईको ज्वाला सरेर धूलोमूलोलाई बालि राखेको आगोका मूस्लो समान हुन् । बाहिरिक राम्रो रुप, शब्द आदि छ आरम्मण सलाई बत्ताको गन्धक लिपेको सतह समान हुन् ।

दृष्टिको प्रथम-भूमि, द्वितीय-भूमि र तृतीय- भूमिको व्याख्या समाप्त ।

**आर्य अष्टांगिक मार्गलाई तीन स्कन्धमा दर्शाउनु :**

(१) सम्मावाचा शीलस्कन्ध
सम्माकम्मन्त
सम्माआजीव
(२) सम्मावायाम समाधिस्कन्ध
सम्मासति
सम्मासमाधि
(३) सम्मादिट्ठि प्रज्ञास्कन्ध
सम्मासंकप्प

शील, समाधि, प्रज्ञा त्रि-शासन हुन् ।

सदाचरण सम्बन्धी तीन स्कन्धलाई अथवा शीलस्कन्ध ती मार्ग-अङ्गलाई व्याख्यात्मक रुप दिंदा तल दिइए बमोजिम आजीवट्ठमकशील हुन आउँछ-

(१) म मिथ्या भाषण (झुठ बोल्नु) बाट विरत रहन्छु ।

Downloaded from http://dhamma.digital/

(२) म एकलाई अर्कोसँग परस्पर विभेद गर्ने बोलि बोल्नुबाट विरत हुन्छु ।

(३) म कडा र असभ्य वचनबाट विरत रहन्छु ।

(४) म नचाहिंदो कुराबाट विरत रहन्छु ।

यी चार सम्यक्-वचन-मार्ग-अङ्ग हुन् ।

(५) म जीवहिंसाबाट विरत रहन्छु ।

(६) म चोरीबाट विरत रहन्छु ।

(७) म कामभोग सम्बन्धी दुराचरण र मादक पदार्थ सेवनबाट विरत रहन्छु ।

यी तीन सम्यक्-कर्मान्त मार्ग-अङ्ग हुन् ।

आजीविकाको कारण प्राणी हिंसा आदिबाट विरत रहनु सम्यक्-आजीविका मार्ग-अङ्ग हुन् । शील-स्कन्ध तीन मार्ग-अङ्ग भन्नु नै आजीवट्ठमक शील हुन्

निच्च सील (सदाचरणका स्थायीत्व) गृहस्थका पञ्च शील, ऋषी र परिव्राजकहरूका दश शील, श्रामणेरका दश शील, भिक्षुहरूका विनय नियम सम्बन्धी २२७-नियमहरू यी नित्य शीलहरू आजीवट्ठमक शील भित्र पर्दछन् । गृहस्थका अष्टांक उपोषथ शील, दश शील पनि पञ्चशील र आजीवट्ठमक शीललाई पालिश लगाउनु जस्तै हुन् ।

## मग्गङ्ग दीपनी अभ्यास – ६

१) सम्मासतिलाई आफ्नै शब्दमा परिभाषित गर्नुहोस् ।

२) चार स्मृति प्रस्थान भन्नाले के केलाई जनाउँदछ ? उल्लेख गर्नुहोस् ।

३) कायानुपस्सना सम्मादिट्ठि भन्नाले के बुझ्नुहुन्छ ?

४) वेदनानुपस्सनाको अर्थ खुलाउनुहोस् ।

५) चित्तानुपस्सना र धम्मानुपस्सनामा के अन्तर छ ? लेख्नुहोस् ।

६) सतिपट्ठानलाई डोरीको उपमा दिई लेख्नुहोस् ।

७) सम्मासमाधि कति प्रकारका छन् ? लेख्नुहोस् ।

Downloaded from http://dhamma.digital/

**सक्कायदिट्ठि (सत्काय-दृष्टि) को तीन अवस्थालाई नाश गर्नु-**

सम्मावाचा, सम्माकम्मन्त, सम्माआजीव- यी तीन शीलस्कन्ध मार्ग-अङ्ग सत्काय-दृष्टिको तेश्रो अवस्थालाई नाश गर्ने धर्म समूह हुन् । अर्थात् यी शीलस्कन्धहरू तीन शारीरक दुराचरण र चार वाचिक दुराचरणलाई नष्ट गर्ने धर्म समूह हुन् ।

सम्मावायाम, सम्मासति, सम्मासमाधि- यी तीन समाधिस्कन्ध मार्ग-अङ्ग सत्काय-दृष्टिको दोश्रो अवस्थालाई नाश गर्ने धर्म समूह हुन् । अर्थात् यी स्कन्धहरू तीन मानसिक दुराचरणलाई नष्ट गर्ने धर्म समूह हुन् ।

सम्मादिट्ठि र सम्मासंकप्प- यी दुई प्रज्ञास्कन्ध मार्ग-अङ्ग सत्काय-दृष्टिको पहिलो अवस्थालाई नाश गर्ने धर्म समूह हुन । अर्थात् यी स्कन्धहरू प्राणीहरूको सम्पूर्ण स्कन्ध-देहमा अनन्त संसारको चक्रमा सधैं भरी सुव्प्र स्थीतिमा लुकेको अनुसय भूमिलाई नाश गर्ने धर्म समूह हुन् ।

आर्य अष्टांगिक मार्गको तीन स्कन्ध रुप समाप्त ।

**दिट्ठिको अवस्था सम्बन्धी अष्टांगिक मार्गका व्याख्या-**

सत्काय-दृष्टिको अभिवर्धक तीन कायिक दुराचरण र चार वाचिक दुराचरणलाई हटाउन तीन शीलस्कन्ध मार्ग-अङ्गको स्थापना गर्नुपर्छ । अर्थात् आजीवट्ठमक शीललाई राम्रोसँग धारण पालन गरी रक्षा गर्नुपर्छ । सत्काय-दृष्टिको अभिवर्धक तीन मानसिक दुराचरणलाई हटाउन तीन समाधि स्कन्ध मार्ग-अङ्ग स्थापना गर्नुपर्छ । अर्थात् आनापान कर्मस्थान कृत्य (श्वास-प्रश्वासको अभ्यास) अट्ठिक कर्मस्थान कृत्य (हाडको भावना) कसिण कर्मस्थान कृत्य (भावनाको साधनमा अभ्यास) हरू मध्ये एक न एकलाई स्थापना गरी कम्तिमा दिनको एक घण्टा भए पनि चित्त स्थिर पार्न दिनुहुँ दत्तचित्त हुनु पर्छ ।

Downloaded from http://dhamma.digital/

त्यसपछि सत्काय-दृष्टिको प्रथम अवस्थालाई हटाउन दुइ प्रज्ञास्कन्ध मार्ग-अङ्गलाई स्थापना गर्नुपर्छ। आफ्नो सन्ततिमा रहेको नाम-रूप धर्म मध्ये प्रकट रुपमा देखिने एक न एक नाप-रूप धर्ममा अनित्य-भावना क्रमलाई स्थापित गरी जीवनभर मौका नगुमाई प्रयत्नपूर्वक अभ्यास एवं भाविता गर्नुपर्छ।

दिट्ठिको अवस्था सम्बन्धी मार्ग-अङ्गको व्याख्या समाप्त।

**आजीवट्ठमक शील कसरी लिनु र पालन गर्नु ?**

सत्काय-दृष्टिको तेस्रो अवस्थालाई हटाउन आजीवट्ठमक शील लिई धारण पालन गरी राम्रोसँग सुरक्षा गर्दै शील-विशुद्धिमा प्रतिस्थिति हुनुपर्छ। उसले आफ्ना इच्छानुसार शब्द उच्चारण गरी शील समादान (राम्रोसँग पालन गर्नु, प्रतिस्थित हुनु) गरे पनि पूर्ण हुन्छ। अथवा पाणातिपात आदि आठ कृत्यलाई 'अबदेखि जीवनभर विरतरही पालन गर्ने छु' भनी अठोट गरी विरत रहे पनि पूर्ण हुन्छ। जसले आफ्नो इच्छानुसार शील समादान गर्छ त्यसको निमित्त भिक्षुसँग शील लिइरहने आवश्यक पर्दैन। तल दिइए बमोजिम शील पालन गरे पुग्छ-

(१) आजदेखि जीवनभर म जीव हिंसाबाट विरत रहन्छु।

(२) आजदेखि जीवनभर म चोरीबाट विरत रहन्छु।

(३) आजदेखि जीवनभर म कामभोग सम्बन्धी मिथ्याचरण र पाँच प्रकारका मादक पदार्थ सेवनबाट विरत रहन्छु।

(४) आजदेखि जीवनभर म झूठ बोल्नुबाट विरत रहन्छु।

(५) आजदेखि जीवनभर म परस्पर विभेद गर्ने प्रियशून्य वचनबाट विरत रहन्छु।

(६) आजदेखि जीवनभर म कसैको जाति र धर्म आघात पर्ने गालि र असभ्य शब्द पौरुष वचन प्रयोगबाट विरत रहन्छु।

(७) आजदेखि जीवनभर म प्राणीको यस सांसारिक अथवा लोकुत्तर

Downloaded from http://dhamma.digital/

जीवनमा हित नहुने शब्द सम्फप्रलाप वचन प्रयोगबाट विरत रहन्छु।

(८) आजदेखि जीवनभर म अनुचित जीविका गर्नुबाट विरत रहन्छु।

**नित्य शील (स्थायी नैतिक आचरण) का प्रकार :**

एक चोटि लिएको शील उल्लघंन नभएसम्म बिग्रदैन । जुन शील उल्लघंन भई बिग्रन्छ त्यसलाई फेरि समादान गर्नुपर्छ । तर उल्लघंन नभएको शील फेरि समादान गरे पनि केही हानि हुँदैन । उल्लघंन नभएको शील फेरि लिंदा झन मजबूत हुन्छ।

सबै आजीवट्ठमक शील दिनहुँ लिन वेश छ । पञ्चशील जस्तै आजीवट्ठमक शील पनि नित्य शील हुन् । यो उपोसथका दिनहरूमा मात्रै समादान गर्ने शील जस्तो होइन । सधैं दश शील पालन गर्ने श्रामणेर, ऋषि र परिव्राजकहरूले र २२७ विनय नियम सधैं रक्षा गर्ने भिक्षुहरूले आजीवट्ठमक शीललाई विशेष रुपले लिइरहनु पर्दैन।

आजीवट्ठमक शील कसरी लिनुपर्छ भन्ने व्याख्या समाप्त ।

**सातप्रकारका दुश्चरित्रहरूका अङ्गहरू :**

**पाणातिपातका पाँच अङ्गहरू :-**

(१) पाणो- प्राणी जीउँदो हुनुपर्ने ।

(२) पाणसञ्ञिता- जीउँदो प्राणी हो भन्ने ज्ञान हुनुपर्ने ।

(३) वधक चित्तं- मार्ने अभिप्रायको चित्त हुनुपर्ने ।

(४) उपक्कमो- मार्नेप्रयोग (प्रयत्न) हुनुपर्ने ।

(५) तेन मरणं- त्यस प्रयोगद्वारा प्राणीको मृत्यु पनि हुनुपर्ने ।

यी पाँच अङ्ग पुऱ्याई उल्लघंन गरेमा प्रथम शिक्षापद विग्रिन्छ र फेरि समादान गर्नुपर्ने हुन्छ।

Downloaded from http://dhamma.digital/

**अदिन्नादानका पाँच अङ्गहरू :-**

(१) पर-परिग्गहितं- अर्काको अधीनस्थ चीज वस्तु हुनुपर्ने ।

(२) पर-परग्गहित-सञ्ञिता- अर्काका अधीनस्थ चीज वस्तु हो भन्ने ज्ञान हुनुपर्ने ।

(३) थेय्यचितं- चोर्ने अभिप्राययुक्त चित्त हुनुपर्ने ।

(४) उपक्कमो- चोरी गर्ने प्रयोग हुनुपर्ने ।

(५) तेन हरणं- त्यस प्रयोगद्वारा चीजवस्तु लिएको हुनुपर्ने ।

यी पाँच अङ्गहरू पुऱ्याई उल्लंघन गरेमा द्वितीय शिक्षापद विग्रिन्छ । समादान गर्न फेरि लिनुपर्ने हुन्छ ।

**कामेसु मिच्छाचारको चार अङ्गहरू :-**

(१) अगमनीयवत्थु- अनतिक्रमनीय लोग्ने मान्छे वा स्वास्नी मान्छे हुनुपर्ने ।

(२) तस्मिं सेवनचित्तं- त्यस अनतिक्रमनीय लोग्ने मानिस वा स्वास्नी मानिससँग कामभोग सेवन गर्ने अभिप्राययुक्त चित्त हुनुपर्ने ।

(३) सेवनपयोगो- कामभोग सेवन गर्ने प्रयोग हुनुपर्ने ।

(४) मग्गेनमग्गप्पटिपत्ति अधिवासनं- कामभोगबाट पारस्परिक अङ्ग स्पर्श भएकोमा आनन्द अनुभव हुनुपर्ने ।

यी चारै अङ्गहरू पुऱ्याई उल्लंघन भएमा तृतीय शिक्षापद बिग्रिन्छ र फेरि समादान गर्नुपर्ने हुन्छ ।

**मुसावादका चार अङ्गहरू :-**

(१) अत्थवत्थु- कथावस्तु असत्य हुनुपर्ने ।

(२) विसंवादन-चित्तं-धोखा दिने अभिप्राययुक्त चित्त हुनुपर्ने ।

(३) तज्जोवायाम- त्यस चित्त अनुसारको प्रयोग एवं प्रयत्न गर्नुपर्ने ।

(४) परस्स तदत्थविजाननं- अरुले त्यस कुराको अर्थ जानेको हुनुपर्ने ।

Downloaded from http://dhamma.digital/

यी चार अङ्गहरू पुऱ्याई उल्लंघन गरेमा चतुर्थ शिक्षापद बिग्रिन्छ र फेरि समादान गर्नुपर्ने हुन्छ ।

**पिसुनवाचाका चार अङ्गहरू :-**

(१) भिन्दितब्बो परो- भेद गर्न अन्य व्यक्ति हुनुपर्ने ।

(२) भेदपुरक्खारता- दुइ व्यक्तिलाई भेद गर्ने अभिमुख हुनुपर्ने ।

(३) तज्जो वायाम- त्यस चित्त अनुसारको प्रयत्न एवं प्रयोग हुनुपर्ने ।

(४) तस्स तदत्थ विजाननं- उसले चुगलि कुराको अर्थ थाहा पाएको हुनुपर्ने ।

यी चार अङ्गहरू पुऱ्याई उल्लंघन गरेमा पञ्चम शिक्षापद बिग्रिन्छ र फेरि समादान गर्नुपर्ने हुन्छ ।

**फरुसवाचाका तीन अङ्गहरू :-**

(१) अक्कोसितब्बो परो- गालि गर्न अर्को व्यक्ति हुनुपर्ने ।

(२) कुपितचित्तं- रीसयुक्त चित्त हुनुपर्ने ।

(३) अक्कोसना- गालि गरेको पनि हुनुपर्ने ।

यी तीन अङ्गहरू पुऱ्याई उल्लंघन गरेमा षष्ठम शिक्षापद बिग्रिन्छ फेरि समादान गर्नुपर्ने हुन्छ ।

**सम्फप्पलापका दुइ अङ्गहरू :-**

(१) निरत्थक-कथा पुरक्खारता- निरर्थक कुरो अभिमुख हुनुपर्ने ।

(२) तथारुपी कथा कथनं- त्यस स्वभावको कुरो बोलेको पनि हुनुपर्ने ।

यी दुइ अङ्गहरू पुऱ्याई उल्लंघन गरेमा सप्तम शिक्षापद बिग्रिन्छ फेरि समादन गर्नुपर्ने हुन्छ ।

सात दुश्चरित्र अङ्ग समप्त ।

Downloaded from http://dhamma.digital/

केही फाइदा नहुने कुरोको अर्थ हो विचित्र रुपमा कल्पना गरी बनाइराखेको इनाउँ (ENAUNG), ङवेडाउँ (Ngwedaung) र रामका नाटक र उपन्यासहरू आजकल सम्फप्पलापका आङ्ग भएको बनावट कथावस्तुयुक्त अनेकौं नाटक र उपन्यास प्रशस्त मात्रामा निस्कने गर्दछन् ।

मुसावाद, पिसुनवाचा र सम्फप्पलाप विषयहरूमा उल्लेखित अङ्गहरू शिक्षापद उल्लंघन हुने अङ्गहरू हुन् । तिनीहरू कर्मपथ सिद्ध हुने अङ्गहरू होइनन् । यसमा तल दिइएका अङ्गहरू परिपूर्ति गरेमा यस कर्मबाट उपाय लोकमा जन्म लिन्छ ।

## मग्गङ्ग दीपनी अभ्यास – ७

१) वट्ट भन्नाले के बुझ्नु हुन्छ ? वट्ट दुक्खको प्रकार समेत उल्लेख गर्नुहोस् ।

२) विपाक व वट्टलाई बुझ्ने गरी लेख्नुहोस् ।

३) 'कम्मवट्ट' दश प्रकारका अकुशल पथहरू हुन् । ती के के हुन् ? लेख्नुहोस् ।

४) दश प्रकारका कामावचर के के हुन् ? अर्थ सहित लेख्नुहोस् ।

५) मग्गङ्ग र वट्टका बीच के सम्बन्ध रहेको छ ? लेख्नुहोस् ।

६) तीन अपायवट्ट वर्तमान बौद्धहरूको निमित्त किन विशेष महत्वका छन् ? आगोको उपमा दिई लेख्नुहोस् ।

७) निर्वाणको पहिलो अवस्था के हो ? लेख्नुहोस् ।

८) 'सत्काय दृष्टि प्राणीको स्कन्ध देहमा तीन अवस्थामा कायम भइरहने हुन्छ' यस कुरालाई सलाई, सलाई-बत्ता र गन्धकको उपमाद्वारा प्रष्ट्याउनुहोस् ।

९) आर्यअष्टांगिक मार्गलाई तीन स्कन्धमा कसरी दर्शाउन सकिन्छ ? लेख्नुहोस् ।

१०) आजीवट्ठमक सील भन्नाले के बुझ्नु हुन्छ ? लेख्नुहोस् ।

Downloaded from http://dhamma.digital/

**कर्मपथ यसरी सिद्ध हुन्छ :**

(१) मृषावादमा अर्काको हानी र नोक्सान हुने अङ्ग,

(२) प्रियशून्य वचनमा अर्काको मनोवृत्ति छिन्नभिन्न हुने अङ्ग,

(३) सम्फप्रलाप वचनमा काल्पनिक नाटक र उपन्यासहरूलाई साँच्चिकै कथाहरू हुन् भन्ने भाव लिने अङ्ग,

यी अङ्गहरू जोडेमा मात्र कर्मपथ सिद्ध हुने हुन्छ।

बाँकी रहेका चार शील-पाणातिपात, अदिन्नादान, कामेसु मिच्छाचार, फरुसवाचामा माथि भनिएका अङ्गहरू नै शिक्षापद उल्लंघन हुने मात्र नभई कर्मपथ पनि सिद्ध हुन जान्छन्।

यी सात प्रकारका अकुशल कार्यका अङ्गहरू दिन दिनै आजीवट्ठमक शीललाई नित्यशीलको रुपमा पालन गर्नेले थाहा पाइराख्नुपर्छ।

तीन स्कन्ध मार्ग-अङ्ग स्थापित गर्नुको संक्षिप्त व्याख्या समाप्त।

**समाधि स्कन्ध मार्ग-अङ्ग कसरी स्थापित गर्ने ?**

तीन शीलस्कन्ध मार्ग-अङ्गलाई धारण पालन गरी सुरक्षित रुपमा समादान गर्दै शील विशुद्धिको अवस्थामा राम्ररी प्रतिस्थित व्यक्तिमा सत्काय-दृष्टि अभिवर्धक मिथ्या जीविकायुक्त तीन प्रकारका कायिक र चार प्रकारका वाचिक- यी सात प्रकारका दुश्चरित्रहरू जरैदेखि नष्ट हुन्छन्।

अनि मिथ्या दृष्टिका तृतीय अवस्थाले हलचल र उपद्रव मचाउन नसकी शान्त हुन जान्छ। त्यस बेला मिथ्यादृष्टिको द्वितीय अवस्था मनोदुश्चरित्र तीनलाई नाश गर्न- सम्मावायाम, सम्मासति सम्मासमाधि यसरी तीन समाधि-स्कन्ध मार्ग-अङ्गलाई स्थापना गर्नुपर्ने हुन्छ।

Downloaded from http://dhamma.digital/

तीन समाधि-स्कन्ध मार्ग-अङ्ग स्थापनाको अर्थ हो- दश प्रकारका कसिण आदि ४० प्रकारका कर्मस्थान मध्ये कुनै एकमा भाविता गर्नु ।

**आनापानको अभ्यास :**

आनापान कम्मट्ठान (श्वास-प्रश्वासको अभ्यास) को क्रमका यहाँ छोटकरी वर्णन गरिन्छ । दिउँसो (आनापान-भावना) अभ्यास गर्न फुर्सद नभएका गृहस्थहरूले राती सुत्नु भन्दा अघि सँधैं एक घण्टा वा दुइ घण्टा र बिहान एक घण्टा आनापान भावनामा दृढतापूर्वक अभ्यास गर्नुपर्छ ।

अभ्यासको तरीका तल दिए बमोजिम हुन्छ-

बुद्धको उपदेशानुसार, "सतोव अस्ससति, सतोव पस्ससति" (स्मृतिपूर्वक श्वास लिनु, स्मृतिपूर्वक श्वास छोड्नु) भन्ने पालि वचन मुताविक निर्धारित समय भित्र श्वास लिनु, श्वास छोड्नुमा बाहेक आफ्नो मन अन्यत्र नअल्झाई विल्कुल एकाग्र गर्नुपर्छ । मन यताउति नडुलाउन, स्थिर राख्न कायिक वीर्य र चेतसिक वीर्यद्वारा अभ्यास गर्नुपर्छ ।

कायिक वीर्यको अर्थ हो एक दिन पनि नबिराइकन निर्धारित समयमा पूर्णतः अभ्यास गर्न प्रयत्न गर्नु ।

चेतसिक वीर्यको अर्थ हो श्वास-प्रश्वासको आरम्मण बाहेक मनलाई अन्यत्र विचरण गर्न नदिई 'श्वास लिंदा' श्वास लिएको र 'श्वास छोड्दा' श्वास छाडेकोमा मात्र पूर्णरुपले मन एकाग्र गर्न प्रयत्नशील रहनु । निद्रालुपन, सुस्तिपन र मोहितपन घुस्न नदिन आफ्नो चित्तलाई श्वास प्रश्वासमा मन लगाई राख्न प्रोत्साहित पार्नु ।

Downloaded from http://dhamma.digital/

## स्मृतिमा चित्त स्थिर होस्-

नाकको प्वालमा चित्तलाइ दृढरुपले स्थिर पारी नाकको प्वालमा ठक्कर खाई श्वास बाहिर आउँदा श्वास बाहिर आएको छ भनी थाहा पाउनुपर्छ; नाकका प्वालमा ठक्कर खाई श्वास भित्र जाँदा श्वास भित्र गएको छ भनी थाहा पाउनुपर्छ। यसरी प्रयत्नशील रहने दुइ प्रकारका कायिक वीर्य र चैतसिक वीर्यलाई सम्मावायाम मार्ग-अङ्ग भनिन्छ।

यसरी प्रयत्न गर्दा गर्दै पन्ध्र दिन, एक महीना, दुइ महीना सम्ममा श्वासमा स्मृति दृढताका साथ स्थिर रहन्छ। त्यस स्मृतिलाई सम्मासति मार्ग-अङ्ग भनिन्छ।

तीन समाधि स्कन्ध मार्ग-अङ्गलाई स्थापित गरिसकेपछि दिन-परदिन मानसिक उन्मादता र मलिनता हराउँदै जान्छ।

प्रत्येक मानिसलाई यो प्रष्ट भएका कुरो हो कि भावनाको अभ्यास गर्न शुरु गर्दा उसको मन आफ्नो काबुमा हुँदैन। यस संसारमा आफ्नो मन वशमा नभएका बहुलाहरू सांसारिक कार्यमा व्यर्थ हुन्छन्। त्यस्तै किसिमले यस संसारमा ती मानिसहरू जो सत्यपुरुष कहलाइन्छन्, तर कर्मस्थान कृत्यमा भने आफ्ना मन वशमा हुँदैनन्। तिनीहरू पनि बहुलातुल्य हुन्छन्। कर्मस्थानको सम्बन्धमा तिनीहरू बेकामका हुन्छन्। त्यसकारण चित्त उन्मादता र मलिनतालाई टाढा टाढासम्म पुऱ्याउन यी तीन समाधि-स्कन्ध मार्ग-अङ्ग (सम्यक्-समाधिको अरु विवरण लेडी सयाडोद्वारा लिखित "बोधिपक्खिय दीपनी र आनापान दीपनी" हेर्नुहोस्।) लाई अभ्यास गर्नुपर्छ।

Downloaded from http://dhamma.digital/

**मानसिक उन्मादताबाट कसरी छुट्कारा पाउँन सकिन्छ ?**

"उपचार भावना " र "अर्पणा भावना" मा नपुगे तापनि दिनहुँ दिनको एक घण्टा दुई घण्टा भित्र आनापान आरम्मणमा आफ्नो चित्तलाई आफूले चाहेको कर्मस्थान कृत्यमा मन स्थिर, शान्त पारिराख्न सकेमा एकाग्र गर्न सजिलो हुन्छ।

तीन समाधि-स्कन्ध मार्ग-अङ्ग स्थापना गरी चित्त विशुद्धि अवस्थामा पुगिसकेका व्यक्तिको सत्काय-दृष्टि अभिवर्धक अभिध्या, व्यापाद र मिथ्या दृष्टि- यी तीन मानसिक अकुशल कर्म जस्ता द्वितीय अवस्थाले हलचल तथा उत्पात मचाउन सक्ने छैन, शान्त हुने छ र पाँच नीवरणद्वारा उत्पन्न हुने मानसिक उन्मादता र मलिनता पनि हराउँछ।

यो भयो तीन समाधि-स्कन्ध मार्ग-अङ्ग स्थापना गर्ने तरीका।

**प्रज्ञा स्कन्धको स्थापना कहिले हुन्छ ?**

तीन शील स्कन्ध मार्ग-अङ्ग समादान गरी पालन गरेको क्षणदेखि नै त्यस व्यक्तिमा त्यो शील-स्कन्ध स्थापना भइहाल्छ। जहिलेसम्म त्यस व्यक्तिले शील उल्लंघन गर्दैन त्यस बेला सम्म त्यो व्यक्ति शील विशुद्धिले सम्पन्न भएको भनिन्छ। शील समादान गरेको दिनदेखि नै समाधि-स्कन्धको मार्ग-अङ्ग कृत्य अभ्यास गर्नु उचित छ। प्रशस्त परिश्रम गर्न सक्ने व्यक्तिमा पाँच दश दिन भित्रै मानसिक उन्मादता र मलिनता हटी आश्वास-प्रश्वासमा मन स्थिर भई तीन समाधि-स्कन्ध मार्ग-अङ्ग पाँच दिनदेखि दश दिन भित्रै स्थापना हुन्छन्।

त्यस दिनदेखि त्यस व्यक्ति केही अंशमा शील विशुद्धिले सम्पन्न कहलाइन्छ। त्यस बेलादेखि नै उसले प्रज्ञा-अङ्ग कृत्य अभ्यास गर्नु योग्य हुन्छ।

**समाधि-स्कन्ध मार्ग-अङ्ग र स्थापना व्याख्या समाप्त।**

Downloaded from http://dhamma.digital/

**प्रज्ञा-स्कन्ध मार्ग-अङ्ग कसरी स्थापना गर्ने ?**

शुरुदेखि ठीकसँग स्थापना गर्नु-

यसरी शील-विशुद्धि र चित्त-विशुद्धिमा राम्ररी प्रतिष्ठित भईसकेको व्यक्तिले सत्काय-दृष्टिको प्रथम अवस्थालाई जरैदेखि निर्मूल पार्न सम्मादिट्ठि र सम्मासंकल्प नामक प्रज्ञा-स्कन्ध मार्ग-अङ्ग दुईलाई स्थापना गर्नुपर्छ. प्रज्ञा-स्कन्ध मार्ग-अङ्ग दुई स्थापना गर्नुको अर्थ हो- दिट्ठि-विशुद्धि, कङ्खावितरण-विशुद्धि मग्गामग्गञाणदस्सन-विशुद्धि, पटिपदा ञाणदस्सन-विशुद्धि र लोकुत्तर ञाणदस्सन-विशुद्धि नामक पाँच प्रकारका प्रज्ञा-विशुद्धिलाई शुरुदेखि स्थापना गर्नु ।

**संक्षिप्त स्थापना विधि :**

हाम्रो आफ्नो सम्पूर्ण शरीरमा (१) कडा र नरम दुइ तत्व-पृथ्वी-धातु हुन् । (२) जमेको वा तरल दुई तत्व- आपो-धातु हुन् । (३) तातो र चिसो दुइ तत्व- तेजो-धातु हुन् । (४) आधार दिनु, घचेट्नु दुई तत्व- वायो-धातु हुन् ।

टाउकोको सबै भाग यी चार महाभूतका पुञ्ज मात्र हुन् । शरीरका सबै भाग, हात-खुट्टाका सबै भागहरू पनि यी नै चार महाभूतका पुञ्ज मात्र हुन् । टाउकोको सबै कपाल, शरीरका सबै रौं सबै नङ्ग, सबै दाँत, सबै छाला, सबै मासु, सबै नशा, सबै हाड, सबै मज्जा, सबै मृगौला, हृदय, सेतो रगत (सफा पानी) बोसो, फोक्सो, आन्द्रा, भूडी, मल र सबै गिदी- यी चार धातुका पुञ्ज मात्र हुन् ।

(१) कडापन पृथ्वी-धातुको कडारुप र नरमपन यसको कमजोर रुप हो ।

(२) संयोगपन आपो-धातुको कमजोर रुप र भोलपन यसको बलियो रुप हो ।

(३) तातोपन तेजो-धातुको कडा रुप र चिसोपन यसको कमजोर रुप हो ।

Downloaded from http://dhamma.digital/

(४) आधारपन वायो-धातुका कमजोर रुप र चलन यसको बलियो रुप हो ।

(१) **कडापन र नरमपन-**

छाप लगाउने लाहाको प्राकृतिक कडापन पृथ्वी-धातुको मूल रुप हो । तर जब यसलाई आगोमा लगिन्छ, ठोस पृथ्वी गायब हुन्छ र नरम पृथ्वी देखिन्छ । फेरि जब आगो हटाइन्छ नरम पृथ्वी स्वतः गायब हुन्छ र कडा पृथ्वी स्वभावतः फेरि देखापर्छ ।

(२) **संयोगपन (जमेको अवस्था) र झोलपन-**

छाप लगाउने लाहाको मूल रुपमा आपो-धातुको कमजोर रुप रहन्छ । यसैले जमेको स्पष्ट देखिन्छ । जब यो आगोमा लगिन्छ, जमेको आपो अवस्था गायब हुन्छ र तरल आपो क्रमशः देखापर्छ । फेरि जब आगो हटाइन्छ; तरल आपो गायब हुन्छ र जमेको आपो क्रमशः देखापर्छ ।

(३) **तातोपन र चिसोपन-**

छाप लगाउने लाहाको मूल रुप तेजो-धातुको कमजोर रुप हो । यसमा चिसोपन स्पष्ट देखिन्छ । जब यो आगोको नजिक लैजान्छ तेजोको चिसोपन हराउँछ र तातो तेजो क्रमशः देखापर्छ । फेरि जब आगो हटाइन्छ; तातो तेजो हराउँछ र चिसो तेजो क्रमशः देखापर्छ ।

(४) **आधारपन र चलन-**

लाहाको मूल रुप वायो-धातुको कमजोर रुप हो । यो थामेको स्पष्ट देखिन्छ । जब यो आगोको नजिक लैजान्छ; थाम्ने वायो हराउँछ र चलने वायो क्रमशः देखा पर्छ । फेरि जब आगो हटाइन्छ; चलने वायो हराउँछ र थाम्ने वायो क्रमशः देखा पर्छ ।

Downloaded from http://dhamma.digital/

'उदय' को अर्थ 'देखापर्नु' र 'वय' को अर्थ 'निरोध हुनु' (गायब हुनु); "उदयब्वय" दुई संयुक्त शब्द हो।

यो भयो विपश्यनाका क्षेत्रमा उत्पत्ति विनाश नामक उदयब्वय स्वभावलाई बुझाउन र विचार गराउन सकिने गरी लाहाको प्रकट भएको धातुरुको 'उत्पन्न हुनु' र 'गायब हुनु' लाई उदाहरणको रुपमा प्रकाश पारिएको कुरा।

**'बढ्नु'"उदय", 'घट्नु'-"वय" :**

टाउकोको अङ्ग समूह, शरीर, हात-खुट्टाको समूह त्यस लाहा समान छ। तेजोको दुइ तातो र चिसो धातु अग्नि भाग सँधै आलो पालो गरी उत्पन्न भइरहन्छ। सूर्योदयदेखि दिउँसो दुइ बजेसम्म सारा शरीरमा अलि अलि गर्दै गरम ऋतु बढ्छ र त्यही अनुपातमा चिसो ऋतु अलि अलि गर्दै घट्दै जान्छ। फेरि चिसो ऋतु बढ्दै जाँदा त्यही अनुसार तातो ऋतु घट्दै जान्छ। यो प्रत्येक व्यक्तिको प्रत्यक्ष अनुभव हो। एक दुई उदाहरणबाटै अनेक विषय जान्न, बुझ्न सकिन्छ।

टाउको आदि शरीरका अङ्गमा तातो ऋतु बढ्नु लाहालाई आगो नजिक लैजानु जस्तै हुन्। शरीरमा चिसो ऋतु बढ्नु लाहालाई आगोबाट हटाउनु जस्तै हुन्। दिनभरमा घण्टै पिछे तातो र चिसो दुइ ऋतु घट्बढ भइ नै रहन्छ। चिसो घट्दा तातो बढ्छ र चिसो बढ्दा तातो घट्छ। बढ्नुलाई "उदय" र घट्नुलाइ "वय" भनिन्छ।

तातो र चिसो दुइ स्थितिमा एक स्थिति बढेमा अर्को घट्नु समानुपातिक हुन्।

Downloaded from http://dhamma.digital/

**समानुपातिक धातु चार जोडा-**

यी तातो हुनु चिसो पर्नु दुइ ऋतुहरूको तेजोको घट्बढलाई आधार लिई कडापन, नरमपन भएका दुइ प्रकारका पृथ्वी पनि सधैं घट्बढ नै भइरहन्छ। त्यस्तै जम्ने, बढ्ने, स्वभाव भएको दुइ प्रकारका आपो र थाम्ने, चल्ने स्वभाव भएका दुइ प्रकारका वायो पनि सधैं घट्बढ नै भइरहन्छ।

टाउको आदि शरीरका अङ्गहरूमा चार धातु ठूलो भाँडोको भित्री सतहमा उम्लिरहेको पानीका साना साना अनगिन्ति फोकाहरू चाड्चाँडै देखापर्ने र गायब हुने जस्तै टाउको आदि शरीरका अङ्गहरूमा यी चार धातु देखापर्छन् र गायब हुन्छन्। सारा शरीर फिँजका समूह समान हुन्। प्रत्येक स-साना फोकामा बाफ देखापर्छन। अनगिन्ति फोकाहरू गायब हुने वित्तिकै हरेक क्षणमा त्यसमा आधारित बाफहरू निरोध हुन्छन्, गायब हुन्छन्।

**अनिच्च, दुक्ख, अनत्त :**

त्यस्तै चार धातुमा आधारित हेर्नु, सुन्नु, सुँघ्नु, रस लिनु, स्पर्श गर्नु र जान्नु जस्ता नाम-धर्महरू पनि ती ती चार धातुहरू निरोध हुँदा, गायब हुँदा एकै साथ रहन्छन्। त्यसकारण छ प्रकारका विज्ञान-चक्षु-विज्ञान, श्रोत विज्ञान, घ्राण-विज्ञान, जिह्वा-विज्ञान, काय-विज्ञान र मनोविज्ञान सहितका चार धातुहरू स्थिर स्वभाव नभएका हुँदा अनिच्च (अनित्य) मात्र हुन्। उत्पत्ति हुने, विनाश हुने भयसित सधैं युक्त, भएकोले दुक्ख (दु:ख) मात्र हुन्। ठोस सार नभएको हुँदा अनत्ता (अनात्म) मात्र हुन्।

**टाउकोमा सत्काय-दृष्टि :**

टाउकोको अङ्गमा रहेका चार धातुहरूमा सत्काय-दृष्टि र सम्यक्-दृष्टि उत्पन्न हुने स्थितिको उल्लेख गर्दछु।

Downloaded from http://dhamma.digital/

टाउकोका कपाल, रौं र हाडका अङ्गहरूमा कडापन भरिपूर्ण छ। यसको छाला, मासु, रगत र गिदी अङ्गहरूमा नरमपन परिपूर्ण छ। यी दुबै कडापन र नरमपन पृथ्वी-धातुले भरिएका छन्। त्यस्तै आपो, तेजो, र वायो-धातुले पनि भरिपूर्ण छन्। पृथ्वी टाउको होइन, न आपो, तेजो आयु नै टाउको हुन्। यी धातुहरू बाहेक टाउको भन्ने अरु भिन्न केही चीज छैन।

**जान, भाविता गर, हेर :**

ती व्यक्ति जसले चार धातु तत्वलाई भाग भाग गरी छुट्याउन जाँदैनन् तिनीहरूले कडापन आदिलाई ती ती धातु (तत्व) हरू हुन् भनी थाहा पाउँदैनन्। तिनीहरूले त्यसलाई 'टाउको हो' भनी जान्दछन् केवल 'टाउको हो' भनी सम्झन्छन्। 'टाउको हो' भनी विचार गर्दछन्, टाउकोको रुपमा हेर्दछन्। यसरी टाउको भनेर मात्र जान्नु मनको भ्रम मात्र हो।

टाउको भनी सम्झनु संज्ञाको भ्रम (संज्ञा-विपर्यास) गर्नु र हेर्नु चार धातु तत्वलाई नित्यको रुपमा, आत्मको रुपमा जान्नु, सम्झनु, विचार गर्नु, हेर्नु हो। तसर्थ यी क्रियाकलापहरू अनित्य, अनात्म भएको चार धातु तत्वलाई नित्य, आत्म भनी विपरीत रुपमा जान्नु, सम्झनु, विचार गर्नु, हेर्नु नै भयो।

**भ्रम :**

चार धातु तत्वहरू एक घण्टा भित्र सयौं पटक निरोध हुने स्वभाव-धर्म भएकोले "खयट्ठेन अनिच्चं, असारकट्ठेन अनत्ता" भन्ने बुद्ध-वचनानुसार निश्चित रुपमा अनित्य तथा अनात्म धर्म हुन्। टाउको भनेको मानिस मरे तापनि नष्ट हुँदैन मसान भूमिसम्म टाउकोको रुपमा नै रहन्छ। त्यसकारण यसलाई निच्च (स्थायी) र अत्त (आत्मा)भनी लिइएको हो।

अतएव चार धातुलाई टाउकोको रुपमा जान्नु, सम्झनु, विचार गर्नु, हेर्नु अनित्यलाई नित्य र अनात्मलाइ आत्म भनी विपरीत दृष्टि राख्नु हो।

Downloaded from http://dhamma.digital/

**किनभने तिनीहरूले थाहा पाउँदैनन्-**

टाउकोको अङ्गप्रत्यङ्गहरूमा पनि चार धातुलाई कपाल, रौं, दाँत, छाला, मासु, नसा, हाड र गिदी भनी जान्नु, सम्झनु, विचार गर्नु र हेर्नु अनित्य र आत्मा चार धातुलाई नित्य र आत्म भनी विपरीत दृष्टि राख्नु हो । कडापन आदि चार धातुहरूलाई नजानेकोले कडापन आदिलाई नै टाउको, रौं, दाँत, छाला, मासु, नसा, हाड र गिदी भनी चित्तमा दृढ रुपमा विचार गर्नु हेर्नु सत्काय-दृष्टि हो ।

**सम्यक्-दृष्टि :**

कडापन पृथ्वी धातु हो । त्यो टाउको कपाल, रौं, छाला, मासु, नसा, हाड होइनन् न गिदी नै हो ।

संयोगपन र तरलपन आपो धातु हो ।

तातो र चिसो हुनु तेजो-धातु हो र थाम्नु र चल्नु वायो-धातु तिनीहरू टाउको, रौं, कपाल, दाँत, छाला, मासु, नसा होइनन् न त गिदी नै । यथार्थतः विश्लेषण गरी हेर्दा टाउको, कपाल, दाँत, छाला, मासु, नसा, र गिदी भन्ने वस्तु नै रहँदैन । यसरी चित्तमा राम्ररी प्रकट हुनु, देख्नु सम्यक्-दृष्टि हो ।

(टाउको र यसका अङ्गहरूमा सक्काय-दिट्ठि र सम्मादिट्ठि भएझैं शरीरका अरु अङ्गहरूलाई पनि लिन सकिन्छ ।)

**वाण हान्न लागेको हात-**

चार धातुलाई अलग अलग छुट्याई विचार गर्ने, हेर्ने, , तरिकाको चिन्तन, मनन गर्नु सम्मासंकप्प (सम्यक्-संकल्प) हुन् । वाण सम्यक्-दृष्टि समान हुन् र तारोमा सोझै पुऱ्याउन वाण हान्न लागेको हात सम्यक्-संकल्प समान हुन् ।

यो भयो संक्षिप्त रुपमा सम्यक्-दृष्टि सम्यक्-संकल्प नामक प्रज्ञा-स्कन्ध दुइ मार्ग-अङ्ग स्थापना गर्ने तरिका । (पूरा व्याख्याका लागि 'लेडी सयादो' लिखित "विज्जामग्ग दीपनी" र "भावना दीपनी" हेर्नु होस् ।)

Downloaded from http://dhamma.digital/

**प्रतिज्ञा गर्ने पर्छ-**

यसरी टाउकोदेखि लिएर सारा शरीरमा चार धातुसँग सँगै देख्नु, सुन्नु आदि विज्ञान धातुहरूको पानी उम्लिरहेको भाँडो भित्र स-साना फोकाहरू जस्तै एक क्षण पनि विराम नलिई उत्पत्ति र विनाश भईरहनु उदयब्बयको मूल स्थिति अनित्य लक्षण, अनात्म लक्षण दुइ विषयलाई भाविता गर्नु, चिन्तन, मनन गर्नु जस्ता दुइ प्रज्ञा-स्कन्ध मार्ग-अङ्ग स्थापितं गरिसकेको खण्डमा उत्तरोत्तर विचार र दृष्टि अभिवृद्धि गर्न जीवनभर प्रतिज्ञावद्ध रहनुपर्नेछ। खेतिवाल र कृषकहरूले त एकातिर खेति-वारीको काम गर्दै अर्को तिर टाउको आदि शरीरको अंगहरूमा धातु स्वभावको उदयब्बयलाई भाविता गर्दै प्रयत्नपूर्वक अभ्यास गर्नुपर्नेछ।

**क्रमशः उत्तरोत्तर भूमि उत्पन्न व्यक्ति हुने :**

यसरी दृढ हुँदै गए पछि धातु समूहहरूको उत्पत्ति विनाश कृत्यलाई राम्ररी देख्न सक्ने सम्यक्-दृष्टि ज्ञान चक्षु सम्पूर्ण शरीरमा प्रकाश पार्दै उत्पन्न हुन्छ। सारा शरीरमा सत्काय-दृष्टिको प्रथम अवस्था लोप हुन्छ। अनन्त चक्रदेखि क्रमिक रुपमा स्थापित हुँदै आएको सत्काय दृष्टिको प्रथम अवस्था निरोध एवं शान्त हुन्छ। सारा शरीर सम्यक् दृष्टिको प्रतिष्ठान स्थल बन्न पुग्छ। दश दुश्चरित्र निरवशेष रुपमा निरोध एवं शान्त हुन्छ। सँधै दश सुचरित्र स्थापित हुन्छ।

अपाय संसार निरवशेष रुपमा निरोध एवं शान्त हुन्छ। मनुष्य, देव र ब्रम्हा जन्म जस्ता सुगति संसार मात्र बाँकी रहन्छन्। त्यस व्यक्ति क्रमशः उत्तरोत्तर भूमि उत्पन्न आर्यको स्थितिमा पुग्दछ।

यही नै तीन शील-स्कन्ध मार्ग-अङ्ग, तीन समाधि-स्कन्ध मार्ग-अङ्ग र दुइ प्रज्ञा-स्कन्ध मार्ग-अङ्ग नामक आठ मार्ग-अङ्गको पूर्ण व्याख्या हो।

टाउको आदिमा सत्काय-दृष्टि उत्पत्तिको व्याख्या समाप्त।

Downloaded from http://dhamma.digital/

**आठ मार्ग-अङ्ग स्थापनाको छोटकरी विवरण-**

आजिवट्ठमक शील राम्रोसँग, पूर्ण रुपले पालन गर्नु नै अष्टांगिक मार्गका शील-स्कन्ध- सम्मावाचा, सम्माकम्मन्त र सम्माआजीवको अभ्यास गर्नु हो । श्वास-प्रश्वासको अभ्यास नै अष्टांगिक मार्गको समाधि-स्कन्ध- सम्मावायाम, सम्मासति र सम्मासमाधिको अभ्यास गर्नु हो । टाउकोदेखि लिएर चार धातु (तत्व) र छ प्रकारका विज्ञान उत्पत्ति र विनाशलाई दृष्टि उत्पन्न हुने गरी भाविता गर्नु नै अष्टांगिक मार्गको प्रज्ञा-स्कन्धको-सम्मादिट्ठि र सम्मासंकप्पको अभ्यास गर्नु हो ।

**प्रज्ञा र प्रयत्न शक्तिशाली भएमा मात्र :**

सुक्खविपस्सक पुद्‌गलहरूको नियमानुसार आनापान आदि समथ कृत्य विशेष रुपमा अभ्यास गरिन्न । ती शील-स्कन्ध मार्ग-अङ्गलाई समादान गरिसकेपछि प्रज्ञा-स्कन्ध मार्ग-अङ्ग कृत्य स्थापना गरी अभ्यास गरिन्छ । तीन समाधि-स्कन्ध मार्ग-अङ्ग, दुइ प्रज्ञा-स्कन्ध मार्ग-अङ्गको साथमा आउँछ र यी दुइ भागलाई पञ्चांगिक-मार्ग भनिन्छ । यी पाँच मार्ग-अङ्ग एक साथ उत्पन्न हुन्छ । तीन शील-स्कन्ध मार्ग-अङ्ग समेत जम्मा गर्दा माथिका आर्य अष्टांगिक मार्ग हुन आउँछ ।

मानसिक उन्मादता र मलिनता हराउँछ । यस्तो स्थितिमा प्रज्ञा शक्ति र वीर्य शक्ति प्रबल भएमा मात्र सुहाउँछ ।

**प्रत्यवेक्षण गरे जत्तिकै अवबोध हुन्छ**

या त यस जन्ममा, या त अर्को जन्ममा जुन बेला सम्यक् दृष्टि (ज्ञान-दृष्टि) सम्पूर्ण शरीरमा प्रकाशमान हुन्छ, त्यसबेला ज्ञानले जति जति प्रत्यवक्षण गर्दै जान्छ त्यति त्यति नै पुद्‌गल भन्ने छैन भनी ज्ञानको प्रधानता प्रकट हुँदै आउँछ । सत्वप्राणी स्त्री-पुरुष, म, ऊ, टाउको, हात-खुट्टा आदि, कपाल, रौं आदि

Downloaded from http://dhamma.digital/

छैन भन्ने ज्ञानको प्रधानता प्रकट हुँदै आउँछ । त्यसरी प्रकट हुँदा टाउको अङ्गमा रहेको कडापन आदिलाई टाउको भनी दृढपूर्वक सँधै देखिरहने सत्काय-दृष्टि लोप हुन्छ । टाउको छैन, धातु तत्व समूह मात्र छ भन्ने सम्यक्-दृष्टि ज्ञान चक्षु प्रत्यवेक्षण गरे जत्तिकै अवबोध भइरहन्छ ।

(शरीरका अरु अरु अङ्गहरूमा पनि यही नियम जान्नुपर्छ ।)

**तीन किसिमका सुखानुभूति :**

यसप्रकारले सम्पूर्ण सम्यक्-दृष्टि, सम्यक्-सकल्प जस्ता दुइ महान प्रज्ञा-स्कन्ध मार्ग-अङ्ग स्थापना हुने अवस्थामा अपाय संसार सम्बन्धी त्रिवर्त (तीन प्रकारका संसार चक्र) सदाको निमित्त निरवशेष रुपमा निरोध एवं शान्त हुन्छ । ती व्यक्ति त्यस क्षणदेखि अपाय संसार सम्बन्धी वट्ट दु:ख (चार अपाय लोकमा जन्मनुपर्ने दु:ख) बाट सँधै सँधै मुक्त हुन्छ । ऊ सउपादिशेस प्रथम निर्वाण (पञ्च स्कन्ध देहसहित क्लेशरहितको पहिलो अवस्था) मा पुग्दछ अर्थात् ऊ श्रोतापन्न (निर्वाणको श्रोतमा परेको, प्रथम मार्ग प्राप्त गरेको) हुन्छ अथवा आर्य-भूमिको पहिलो तहमा प्रवेश गर्दछ। ऊ प्रथम निर्वाण भूमि निवासी नागरिकको रुपमा रहन्छ। दु:ख लक्षण (दु:ख लक्खण) ज्ञान चक्षु बाँकी नै रहेको हुँदा उसमा अझै तृष्णा (तण्हा) र घमण्ड (मान) रही नै रहन्छ र ऊ मनुष्य, देव र ब्रम्हाको आनन्दमा मुग्ध भइ नै रहन्छ। यसरी ऊ तीन प्रकारका आनन्द अनुभव गर्दै क्रमिक रुपमा उत्तरोत्तर भूमि उत्पन्न पुद्गल भइ निवास गर्दछ।

अष्टांगिक मार्ग स्थापना गर्ने छोटो विवरण समाप्त ।

**मग्गङ्ग दीपनी समाप्त**

Downloaded from http://dhamma.digital/

## परिशिष्ट-१

देवलोकमा जन्म लिन र आनन्दोपभोग गर्न बाधा हुने ३२ प्रकारका कथाहरू-

(१) राज-कथा- राजाहरूको विषयमा बोलिने कथा ।
(२) चोर -कथा- चोरहरूको विषयमा बोलिने कथा ।
(३) महामत्त-कथा- मन्त्रीहरूको विषयमा बोलिने कथा ।
(४) सेना-कथा- सैनिकहरूको विषयमा बोलिने कथा ।
(५) भय-कथा- भयको विषयमा बोलिने कथा ।
(६) युद्ध-कथा- युद्धको विषयमा बोलिने कथा ।
(७) अन्न-कथा-अन्नको विषयमा बोलिने कथा ।
(८) पान-कथा- पाउनेको विषयमा बोलिने कथा ।
(९) वत्थ-कथा- लाउने (लुगा) विषयमा बोलिने कथा ।
(१०) सयन-कथा- बस्ने (घरको विषयमा बोलिने कथा ।
(११) माला-कथा- फूलमाला (आदि) को विषयमा बोलिने कथा ।
(१२) गन्ध-कथा- सुगन्ध (आदि) को विषयमा बोलिने कथा ।
(१३) ञाति-कथा- आफन्तहरूको विषयमा बोलिने कथा ।
(१४) यान-कथा- यान (गाडी आदि) को विषयमा बोलिने कथा ।
(१५) गाम-कथा- गाउँहरूको विषयमा बोलिने कथा ।
(१६) निगम-कथा- गाउँको बजारको विषयमा बोलिने कथा ।
(१७) नगर-कथा- शहरको विषयमा बोलिने कथा ।
(१८) जनपद-कथा- प्रदेश (जिल्ला) को विषयमा बोलिने कथा ।
(१९) इत्थि-कथा- स्वास्नी मानिसको विषयमा बोलिने कथा ।
(२०) सूर-कथा- नायक (हिरो) हरूको विषयमा बोलिने कथा ।

Downloaded from http://dhamma.digital/

(२१) विसिखा-कथा- सडकको विषयमा बोलिने कथा ।

(२२) कुम्भट्ठान-कथा- पानी लिने ठाउँको विषयमा बोलिने कथा ।

(२३) पुब्बपेत-कथा- मृत्यु भइसकेका नातेदारहरूको विषयमा बोलिने कथा ।

(२४) नानत्त-कथा- बेकारको गफ ।

(२५) लोकखायिक-कथा- लोक उत्पत्तिको विषयमा बोलिने कथा ।

(२६) समुद्दकखायिक-कथा- समुद्र उत्पत्तिको विषयमा बोलिने कथा ।

(२७) इति भवाभव-कथा- मज्झिम पण्णास, ३-परिब्बाजक वग्ग, सन्दकसुत्त(वण्णना ।)- भव भनेको यस्तो हो, अभव भनेको यस्तो हो भनी जथाभावी निरर्थक कारण बताई गरिने कुरा इति भवाभव-कथा हुन्-

(I) शाश्वत-दृष्टि भव हो

(II) उच्छेद-दृष्टि अभव हो,

(III) वृद्धि भव हो,

(IV) हानि अभव हो,

(V) कामसुख भव हो,

(VI) आत्म-पीडा अभव हो ।

## परिशिष्ट-२

**भिक्षुहरूको निमित्त २१ प्रकारका मिथ्या आजीविका :** (मज्झिम निकाय-मज्झिम पञ्ञास अट्ठकथा (I) गहपति वग्ग, (II) कन्दरकसुत्त-वण्णका, (6th Synod Edition pp.4))

(१) वेज्जकम्मं करोति- औषधिको काम गर्नु ।

(२) दूतकम्मं करोति- दूतको काम गर्नु ।

(३) पहिपकम्मं करोति- गृहस्थको अह्राउ पह्राउमा रहनु ।

Downloaded from http://dhamma.digital/

(४) गण्डं फालेति- अटिरा (पोको) चिर्नु ।

(५) अरुमक्खनं देति- औषधिको निमित्त तेल दिनु ।

(६) उद्धं विरेचनं देति- वान्ता गराउने औषधि दिनु ।

(७) अधो विरेचनं देति- दिसा लाउने औषधि दिनु ।

(८) नत्थुतेलं पचति- नाककोऔषधिको निमित्त तेल तयार पार्नु ।

(९) पिवनतेलं पचति- औषधिको निमित्त तेल तयार पार्नु ।

(१०) वेलुदानं देति- बाँस दिनु ।

(११) पत्तदानं देति- पात दिनु ।

(१२) पुप्फदानं देति- फूल दिनु ।

(१३) फलदानं देति- फल दिनु ।

(१४) सिनानदानं देति-साबुन बनाउने माटो दिनु ।

(१५) दन्तकट्ठदानं देति- दतिवन दिनु ।

(१६) मुखोदकदानं देति- मुख धुन पानी दिनु ।

(१७) चुण्णमत्रिकदानं देति- माटोको पाउडर दिनु ।

(१८) चाटुकम्यं करोति- न चाहिंदो गफ गर्नु ।

(१९) मुग्गसूपियं करोति- आधा पाकेको दाल (मुगीको) जस्तो व्यवहार गर्नु । (अधुरो सत्य बोल्नु)

(२०) पारिभटयं करोति- केटाकेटीहरूलाइ मन पराउनु ।

(२१) जंघपेसनियं करोति- सन्देशको काम गर्नु ।

Downloaded from http://dhamma.digital/

# मग्गङ्ग दीपनी अभ्यास - ८

१) आनापान कर्मस्थान कृत्य, अट्ठिक कर्मस्थान कृत्य र कसिण कर्मस्थान कृत्यको अर्थ लेख्नुहोस् ।
२) आजीवट्ठमक सील ग्रहण गर्ने विधि उल्लेख गर्नुहोस् ।
३) नित्य शील अर्थात् स्थायी नैतिक आचरणलाई आफ्नै शब्दमा लेख्नुहोस् ।
४) पाणातिपातका पाँच अंगहरू के के हुन् ? अर्थ सहित लेख्नुहोस् ।
५) अदिन्नादानका कति अङ्गहरू छन् ? अर्थ सहित लेख्नुहोस् ।
६) कामेसुमिच्छाचारको चार अङ्गहरू के के हुन् ? अर्थ सहित लेख्नुहोस् ।
७) मुसावादका कति अङ्गहरू छन् ? अर्थ सहित लेख्नुहोस् ।
८) पिसुनवाचाका चार अङ्गहरू के के हुन् ? लेख्नुहोस् ।
९) फरुसवाचा भन्नाले के बुझ्नुहुन्छ ? लेख्नुहोस् ।
१०) सम्फप्पलापका अङ्गहरू के के हुन. ? अर्थ सहित लेख्नुहोस् ।
११) कर्मपथ कसरी सिद्ध हुन्छ ? लेख्नुहोस् ।
१२) समाधि-स्कन्ध र मार्ग-अङ्ग कसरी स्थापित गर्न सकिन्छ ।
१३) आनापान कम्मट्ठान भन्नाले के बुझ्नु हुन्छ ? लेख्नुहोस् ।
१४) आनापानको अभ्यास कसरी गर्न सकिन्छ ? लेख्नुहोस् ।
१५) 'स्मृतिमा चित्त स्थीर होस्' भनाइको तात्पर्य के हो ?
१६) मानसिक उन्मादबाट कसरी छुट्कारापाउन सकिन्छ ? लेख्नुहोस् ।
१७) प्रज्ञास्कन्धको स्थापना कहिले हुन्छ ? लेख्नुहोस् ।
१८) चार धातुहरू के के हुन् ? अर्थ सहित उल्लेख गर्नुहोस् ।
१९) चार धातुका रुपबारे लेख्नुहोस् ।
२०) 'उदय' भन्नाले के बुझ्नु हुन्छ ? लेख्नुहोस् ।
२१) 'वय' भन्नाले के बुझ्नु हुन्छ ? लेख्नुहोस् ।

Downloaded from http://dhamma.digital/

२२) समानुपातिक धातुका चार जोडालाई अर्थ्याउनुहोस् ।

२३) अनिच्च, दुक्ख र अनत्त भन्नाले के बुझ्नु हुन्छ ?

२४) "पृथ्वी टाउको होइन, न आपो, तेजो, वायु नै टाउको हुन् ।" किन यस्तो भनिएका हो ? लेख्नुहोस् ।

२५) 'टाउको र यसका अङ्गहरूमा सक्कायदिट्ठि र सम्मादिट्ठि भए जस्तै शरीरका अङ्गहरूलाई पनि लिन सकिन्छ' उपमा सहित लेख्नुहोस् ।

२६) सम्यक् दृष्टि, सम्यक् संकल्प नामक प्रज्ञा स्कन्ध दुइ मार्ग अङ्ग स्थापना गर्ने तरिकालाई बाँणको उपमाद्वारा स्पष्ट पार्नुहोस् ।

२७) मानसिक उन्मादता र मलिनता कसरी हराउँछ ? लेख्नुहोस् ।

२८) प्रत्यवेक्षण भन्नाले के बुझ्नुहुन्छ ? लेख्नुहोस् ।

२९) तीन किसिमका सुखानुभूति के के हुन् ? लेख्नुहोस् ।

Downloaded from http://dhamma.digital/

# बौद्ध सामान्य ज्ञान

Dhamma.Digital

लेखन तथा संकलन

**कोण्डन्य**

Downloaded from http://dhamma.digital/

# बौद्ध सामान्य ज्ञान

# बुद्धधर्म (बुद्ध-वचन) र दर्शन

(१) **चतु आर्यसत्य**

भिक्षुहरू, तथागत अर्हत् सम्यक् सम्बुद्धले बनारसको ऋषिपतन मृगदावनमा अनुत्तर धर्मचक्र प्रवर्तन गर्नुभयो । यसभन्दा पहिले यस्तो धर्मचक्र न कुनै श्रमण, ब्राम्हण, देव, मार र ब्रम्हाले नै चलाएका थिए । ती धर्मचक्र हुन्- चार आर्य-सत्यको स्थापना गर्नु, प्रकाशमा ल्याउनु, बुझाई दिनु, किटेर देखाउनु, खुलस्त वर्णन गर्नु र विभाजित गर्नु । यी चार आर्य-सत्य के के हुन् ?

(१) दु:ख आर्य-सत्य,

(२) दु:ख समुदय आर्य-सत्य

(३) दु:ख निरोध आर्य-सत्य,

(४) र दु:ख निरोध गामिनी प्रतिपदा (दु:ख अन्त हुने बाटोतिर लैजाने) आर्य-सत्य नै चार आर्य-सत्य हुन् । (सच्चविभङ्ग सुत्त मज्झिम निकाय)

बुद्धले भन्नुभयो- "भिक्षुहरू, जबसम्म मलाई यी चार आर्य-सत्यलाई तीन गुणा गरी बाह्र प्रकारले यथार्थत ज्ञान दर्शन भएको थिएन: अनुत्तर बोधिज्ञान माथि विजयी भएँ भन्ने निश्चित् भएन; त्यसबेलासम्म भिक्षुहरू, देव, मार सहित ब्रम्हलोकमा तथा श्रमण, ब्राम्हण, देव मनुष्य सहित प्रजामा मैले यस्तो ढिंपी गरिन् कि मैले बुद्धत्व प्राप्त गरें ।

भिक्षुहरू, जब मलाई यी चार आय-सत्यलाई तीन गुणा गरी बाह्र प्रकारले यथार्थत ज्ञान दर्शन भयो; त्यसबेला मलाई निश्चित भयो कि देवलोक, मारलोक, ब्रम्हलोकमा तथा श्रमण, ब्राम्हण र देव-मनुष्य सहित प्रजामा मैले

Downloaded from http://dhamma.digital/

(अहिलेसम्म कसैले प्राप्त गर्न नसकेको) अनुत्तर बोधिज्ञान प्राप्त गरें ।
*(धम्मचक्कपवत्तन सुत्त, महावग्ग)*

मलाई थाहा भयो कि धर्म गम्भीर छ, अरुलाई बुझाइदिन कठिन छ, सूक्ष्म विचार गर्नाले मात्र मगजमा घुस्न सक्छ; बुझ्न गाह्रो छ, शान्त छ, केवल तर्कले मात्र यसलाई प्राप्त गर्न मुश्किल छ र पण्डितजनले मात्र बुझ्न सक्तछ ।

यी प्रज्ञा आसक्तिमा परिरहेका छन्, आसक्तिमा रत छन्, आसक्तिमा प्रसन्न छन् । यसरी आसक्तिमा परेका, आसक्तिमा रत, आसक्तमा प्रसन्न मानिसको लागि ती कार्यकारण सम्बन्धी प्रतीत्य-समुत्पाद (कार्यकारण) को नियम बुझ्न ज्यादै गाह्रो पर्छ । उनीहरूको निम्ति सबै संस्कारको अन्त, सबै चित्तमलको त्याग, तृष्णाको क्षय, विराग-स्वरुप, निरोध-स्वरुप, निर्वाण प्राप्त गर्नु कठिन छ ।

तर (संसारमा) यस्ता व्यक्तिहरू पनि छन्, तिनीहरूमा थोरैमात्र चित्तमल छन्, तिनीहरूले यस धर्मलाई बुझ्न् सक्तछन्, तर धर्मोपदेश नसुने को खण्डमा विनाश भएर पनि जानेछन् । *(ब्रम्हयाचन कथा, महावग्गो)*

### (२) दुःख आर्य-सत्य

भिक्षुहरू, दुःख आर्य-सत्य के हो ? जन्मनु दुःख हो; बृद्ध हुनु दुःख हो; शोक गर्नु दुःख हो; विलाप गर्नु, दुःख, दौर्मनस्य उपायास दुःख हो; अप्रिय संयोग दुःख हो; प्रिय-वियोग दुःख हो; इच्छा गरेको प्राप्त नहुनु दुःख हो; संक्षेपमा भन्ने हो भने पाँच उपादान स्कन्ध नै दुःख हुन् ।

भिक्षुहरू, संक्षिप्तमा पाँच उपादान-स्कन्ध दुःख के के हुन् ? ती हुन्- रुप-उपादन-स्कन्ध, वेदना-उपादान-स्कन्ध, संज्ञा-उपादान-स्कन्ध,संस्कार-उपादान-स्कन्ध, विज्ञान-उपादान-स्कन्ध ।

भिक्षुरु, जति पनि रुप छन्- चाहे त्यो भूतकाल होस्, चाहे वर्तमानकाल वा भविष्यकालमा होस्; चाहे त्यो आफ्नो भित्रको होस् अथवा बाहिरको, स्थूल होस् अथवा सूक्ष्म, नराम्रै होस् वा राम्रो, टाढा होस् वा नजिक- ती सबै रुप

Downloaded from http://dhamma.digital/

"रुप-उपादान-स्कन्ध" अन्तर्गत पर्दछन्। त्यस्तै किसिमले जति पनि वेदना छन्; ती सबै वेदना "वेदना-उपादान-कन्ध" को अन्तर्गत पर्दछन्। जति पनि संज्ञा छन्; ती सबै संज्ञा "संज्ञा-उपादान-स्कन्ध" को अन्तर्गत पर्दछन्। जति पनि संस्कार छन्; ती सबै संस्कार "संस्कार-उपादान-स्कन्ध" को अन्तर्गत पर्दछन् र जति पनि विज्ञान छन्; ती सबै विज्ञान "विज्ञान-उपादान-स्कन्ध" को अन्तर्गत पर्दछन्।

भिक्षुहरू, रुप-उपादान-स्कन्ध केलाइ भन्दछ ? चार महाभूत तथा ती चार महाभूतको कारणबाट जुन रुप उत्पन्न हुन्छ, त्यसैलाई रुप-उपादान-स्कन्ध भन्दछ।

भिक्षुहरू, चार महाभूत के के हुन् ? ती चार महाभूत हुन्- (१) पृथ्वी धातु (२) जल-धातु (३) अग्निधातु र (४) वायु-धातु।

भिक्षुहरू, पृथ्वी-धातु, केलाइ भन्दछ ? भित्री-पृथ्वी-धातु गरी दुइ प्रकारका छन्।

भिक्षुहरू, भित्री पृथ्वी-धातु भनेको के हो ? प्रत्येक व्यक्तिमा हुने जुन कडा र ठोस पदार्थ छन्। जस्तै- कपाल, रौं, नङ्ग, दाँत, छाला, मासु, स्नायु, हाड, हाडभित्रको मासु (सारतत्व), मृगौला, हृदय, कलेजो, जाली (झिल्ली) फियो, फोक्सो, ठूलो आन्द्रो, सानु आन्द्रो, भूँडी, मल आदि व्यक्तिमा हुने जति पनि कडा र ठोस पदार्थ छन्- भिक्षुहरू, ती सबैलाई भित्री-पृथ्वी होस्; ती दुवै पृथ्वी-धातु होस् अथवा बाहिरी पृथ्वी-धातु होस्; ती दुवै पृथ्वी-धातु नै हुन्।

भिक्षुहरू, आपो-धातु केलाई भनिन्छ ? आपो-धातु दुइ प्रकारका छन्- भित्री-आपो-धातु र बाहिरी आपो-धातु। भिक्षुहरू, भित्री आपो-धातु के के हुन् ? प्रत्येक व्यक्तिमा हुने जलयुक्त अथवा तरल पदार्थ, जस्तै- पित्त, कफ, पीप, रगत, पसिना, सेतो रगत (सफा पानी), आँसु, बोसो, थुक, सिंगान, जोर्नीमा हुने तरल पदार्थ, पिसाब आदि जति पनि तरल वा झोल पदार्थ छन्; भिक्षुहरू, ती सबै भित्री आपो-धातु हुन्। यसरी चाहे त्यो भित्री आपो-धातु होस् वा बाहिरी आपो-धातु

Downloaded from http://dhamma.digital/

होस् ; ती दुबै आपो-धातु नै हुन् ।

भिक्षुहरू, तेजो-धातु केलाई भनिन्छ ? तेजो-धातु दुइ थरीका छन्- भित्री तेजो-धातु र बाहिरी तेजो-धातु ।

भिक्षुहरू, भित्री तेजो-धातु के के हुन् ? प्रत्येक व्यक्तिमा हुने अग्निमय र तातोपन छ; जसबाट संतप्त हुन्छ, जर्जरित हुन्छ, परिदग्ध हुन्छ, जसले खाएको, पिएको चपाएको, स्वाद लिएकोलाई पचाउने गरी दिन्छ,; यसैलाई भित्री तेजो-धातु भनिन्छ । यसरी चाहे त्यो भित्री तेजो-धातु होस् वा बाहिरी तेजो-धातु नै हुन् ।

जस्तै- आँखा र रुपबाट जुन विज्ञानको उत्पत्ति हुन्छ, त्यसलाइ ' चक्षु विज्ञान' भनिन्छ । कान र शब्दबाट जुन विज्ञानको उत्पत्ति हुन्छ, त्यसलाई 'श्रोत-विज्ञान' भनिन्छ । नाक र गन्धबाट जुन विज्ञानको उत्पत्ति हुन्छ, त्यसलाई 'घ्राण-विज्ञान' भनिन्छ । जिभ्रो र स्वादबाट जुन विज्ञानको उत्पत्ति हुन्छ त्यसलाई 'जिह्वा-विज्ञान' भनिन्छ । शरीर र स्पर्शबाट जुन विज्ञानको उत्पत्ति हुन्छ त्यसलाई 'काय-विज्ञान' भनिन्छ । मन र विचारबाट जुन विज्ञानको उत्पत्ति हुन्छ, त्यसलाई 'मनो-विज्ञान' भनिन्छ ।

त्यस विज्ञानमा भएको जुन रुप हो, त्यो रुप-उपादान-स्कन्धको अन्तर्गत पर्दछ । त्यस विज्ञानमा भएको जुन वेदना हो, त्यो वेदना-उपादान स्कन्धको अन्तर्गत पर्दछ । त्यस विज्ञानमा भएको जुन संज्ञा हो, त्यो संज्ञा उपादान-स्कन्धको अन्तर्गत पर्दछ । त्यस विज्ञानमा भएको जुन संस्कार हो, त्यो संस्कार-उपादान-स्कन्धको अन्तर्गत पर्दछ । त्यस विज्ञानमा विचार गरेर भन्दछ कि ती फोकाहरू रित्रो छन्, असत्य छन्, सारहीन छन् । त्यही किसिमले भिक्षुले जति पनि रुप, वेदना, संज्ञा, संस्कार र विज्ञान छन्, चाहे ती भूतकालका होस् वा अरुमा, चाहे स्थूल होस् वा सूक्ष्म, चाहे राम्रो होस् वा नराम्रो, चाहे नजिक होस् वा टाढा, ती चीजलाई राम्रो हेरेर विचार गरेर विश्लेषण गरेको खण्डमा यस्तो देख्दछ, कि ती रित्तो छन्, तुच्छ छन्, सार हीन छन् । भिक्षुहरू, रुपमा के सार हुन सक्छ र ?

Downloaded from http://dhamma.digital/

भिक्षुहरू दीर्घकालसम्म आमा मरेको दु:ख सह्यो; बाबु मरेको दु:ख सह्यो; छोरा मरेको दु:ख सह्यो; छोरी मरेको दु:ख सह्यो; जन्मनुपर्ने दु:ख सह्यो; सम्पत्ति विनाश भएको दु:ख सह्यो; रोगी भएको दु:ख सह्यो; आमा मरेको दु:ख, बाबु मरेको दु:ख, छोरा मरेको दु:ख, छोरी मरेको दु:ख जन्मनु पर्ने दु:ख, सम्पत्ति विनाश भएको दु:ख, रोगी भएको दु:ख सहनु पर्दा यस संसारमा वारम्बार जन्म लिएर अप्रिय संयोग र प्रिय-वियोगको कारणबाट जसले रोइ, कराई आँसु बनाएको छ, त्यो नै बढी छ, यी चार महासमुद्रका पानी होइन ।

भिक्षुहरू, कुनचाँहीलाई बढी सम्झेकाछौं ?- चार महासमुद्रका पानी बढी हुन्छ कि ? यस संसारमा बारम्बार जन्मलिँदै टाउको कटाउँदा बहेको रगत ?

भिक्षुहरू चीरकालसम्म ग्रामघाटक चोर हो भनी शीर काट्न लगाउँदा; डकैती गर्ने चोर हो भनी शीर काट्न लगाउँदा, जति रगत बग्छ त्यो नै बढी हुन्छ; यी चार महा समुद्रको पानी होइन ।

के कसरी भएको ? भिक्षुहरू, संसार अनादि छ। अविद्या र नीवरणको श्रोतमा बग्दै यस संसार चक्रमा घुमिरहेको प्राणीको आरम्भ कहिलेदेखि भयो, यो थाहा पाउन सकिन्न ।

यसरी भिक्षुहरू, दीर्घ समयसम्म दुःखको अनुभव गऱ्यौं, तीव्र दुःखको अनुभव गऱ्यौं, ठूला-ठूला हानि सह्यौं, कति मसान भूमि भऱ्यौं, अब भिक्षुहरू, सबै संस्कारलाई छोड; बैराग्य होऊ र मुक्ति प्राप्त गर । *(महासतिपट्ठान सुत्त, दीघनिकाय)*

### (३) दु:ख समुदय आर्यसत्य

भिक्षुहरू, दु:ख समुदय (उत्पन्न हुने) आर्य-सत्य के हो ? जो फेरि फेरि जन्म लिनुको कारण हो; जो लोभ तथा राग युक्त छ; जसले जहिं तहिं आनन्द लिन्छ; यो त्यही तृष्णा हो- जस्तो कि काम-तृष्णा, भव-तृष्णा तथा विभव-तृष्णा । यही तृष्णा नै दु:ख समुदय (दु:ख उत्पन्न हुने) आर्य-सत्य हो ।

*(महाहत्थिपदोपम सुत्त, मज्झिम निकाय)*

Downloaded from http://dhamma.digital/

भिक्षुहरू, तृष्णा उत्पन्न हुँदा कहाँ उत्पन्न हुन्छ; स्थित हुँदा कहाँ स्थित हुन्छ ?

यस लोकमा मन पर्ने, मजा आउने जुन स्वभाव छ- यसैमा तृष्णा उत्पन्न हुँदा उत्पन्न हुन्छ; स्थित हुँदा स्थित हुन्छ ।

लोकमा चक्षु मन पर्ने मजा आउने स्वभावको छ । यसमा ती तीन तृष्णा उत्पन्न हुँदा उत्पन्न हुन्छ; स्थित हुँदा स्थित हुन्छ । लोकमा श्रोत......; लोकमा घ्राण......; लोकमा जिह्वा......; लोकमा......मन; मन पर्ने मजा आउने स्वभावको छ । यसमा तृष्णा उत्पन्न हुँदा उत्पन्न हुन्छ; स्थित हुँदा स्थित हुन्छ ।

मानिमले आफ्नो आँखाले रुप देख्छ (हेर्छ) । मन परे त्यसमा आसक्त हुन्छ; मन परेन भने त्यसबाट टाढा रहन्छ । कानले शब्द सुन्छ । मन परे त्यसमा आसक्त हुन्छ; मन नपरे त्यसबाट टाढा रहन्छ । नाकले गन्ध सुँघ्छ । मन परे त्यसमा आसक्त हुन्छ । मन नपरे त्यसबाट टाढा रहन्छ । जिब्रोले स्वाद लिन्छ । मन परे त्यसमा आसक्त हुन्छ । मन नपरे त्यसबाट टाढा रहन्छ । शरीरले स्पर्श गर्छ । मन परे त्यसमा आसक्त हुन्छ; मन नपरे त्यसबाट टाढा रहन्छ । मनले मनको विषय (धर्म) मा चिन्तन गर्छ । मन परे त्यसमा आसक्त हुन्छ; मन नपरे त्यसबाट टाढा रहन्छ । *(महातण्हासंखय सुत्त, मज्झिम निकाय)*

यसप्रकार आसक्त हुने अथवा टाढा रहने; जुन सुख, दुःख वा अदुःख जुनसुकै प्रकारको वेदनाको अनुभव गर्दछ; त्यस वेदनामा उसले आनन्द लिन्छ; प्रशंसा गर्छ र त्यसलाई अपनाउँछ । (वेदनालाई आफ्नो बनाउँछ) । जसले त्यस वेदनामा आनन्द लिन्छ; त्यस वेदनालाई प्रशंसा गर्छ, अपनाउँछ । त्यसमा राग उत्पन्न हुन्छ । अथवा वेदनामा जुन राग हो; त्यही उपादान हो । जहाँ उपादान हुन्छ, त्यहाँ भव हुन्छ । जहाँ भव हुन्छ त्यहाँ जन्म हुन्छ । जहाँ जन्म हुन्छ; त्यहाँ वृद्ध हुनु, मर्नु, शोक गर्नु, विलाप गर्नु, दुखित हुनु, चिन्तित हुनु, उपायास हुनु- यी सबै दुःख हुन् । यस प्रकार सारा का सारा दुःख उत्पन्न हुन्छ ।

फेरि भिक्षुहरू, कामना (तृष्णा) को हेतुले, कामना उत्पन्न हुनुको कारणले,

Downloaded from http://dhamma.digital/

कामनालाइ बचाउनको निमित्त, कामना कै कारणले राजा राजासँग झगडा गर्छ; क्षत्री क्षत्रीसँग झगडा गर्छ; ब्राम्हण ब्राम्हणसँग झगडा गर्छ, वैश्य वैश्यसँग झगडा गर्छ, आमा छोरासँग झगडा गर्छिन्, छोरा आमासँग झगडा गर्छ, छोरा बुबासँग झगडा गर्छ, भाइ भाइसँग झगडा गर्छ, भाइ बहिनीसँग झगडा गर्छ, यस प्रकार झगडा गर्दा गर्दै आपसमा मुक्का मुक्की चलाउँछन्; लट्ठीले पिट्छन्, शस्त्रले प्रहार गर्छन् । यसो गर्दा उनीहरू मर्छन् वा मरणान्त दुःख पाउँछन् ।

*(महातण्हासंखय सुत्त, मज्झिम निकाय)*

फेरि भिक्षुहरू, कामनाको हेतुले, कामना उत्पन्न हुनाको कारणले कामनालाई बचाउनको निमित्त, कामना कै कारणले मानिसहरूले घरहरू फोड्छन्; लुट्छन्; सबै घरहरू खालि गरिदिन्छन्; बाटो रोकी दिन्छन्; अर्काको स्वास्नीहरू माथि जबर्जस्ति गर्दछन् । यस्ता मानिसहरूलाई राजाले समात्न लगाई अनेक प्रकारका सजाय दिन्छन्; कोर्डाले हान्न लगाउँछन्; बेतले पिट्न लगाउँछन्; डण्डीले पिट्न लगाउँछन्; हात काटिदिन्छन्; खुट्टा काटिदिन्छन्; हात-खुट्टा दुबै काटिदिन्छन्; कुकुरले टोक्न लगाउँछन्; जीउँदै सूलीमा चढाई दिन्छन्;, तरवारले शिर काटिदिन्छन्; यसो गर्नाले तिनीहरू मर्छन वा मरणान्त दुःख पाउँछन् ।

फेरि भिक्षुहरू, कामना कै हेतुले, कामना उत्पन्न हुनाको कारणले, कामनालाई बचाउनको निमित्त, कामना कै कारणले मानिसहरू शरीरले दुष्कर्म; वचनले दुष्कर्म गर्छन; मनले दुष्कर्म गर्छन् । शरीर, वचन तथा मनले दुष्कर्म गरेकोले मृत्यु पछि अपाय दुर्गति, विनिपात नरकमा पतन हुन्छन्

*(महादुक्खखन्ध सुत्त, मज्झिम निकाय)*

**"आकाश, समुद्र पर्वतको गुफामा,**
**अथवा विश्वको जुनसुकै स्थानमा**
**लुकेर बस्दा पनि हुँदैन मुक्त,**
**आफूले गरेको पापकर्मबाट ।"** *(पापवग्गो १२, धम्मपद)*

Downloaded from http://dhamma.digital/

यस्तो समय आउँछ जब यो महा पृथ्वी जलेर जान्छ; विनाश भएर जान्छ; रहँदैन । तर भिक्षुहरू, "अविद्यानीवरण र तृष्णाको संयोजनबाट सन्धावन गर्ने, संसरण गर्ने सत्वको दु:ख अन्त हुँदैन" भनी म भन्दछु । (संयुक्त निकाय २१.१०)

**(४) दु:ख निरोध आर्यसत्य**

भिक्षुहरू, दु:ख निरोध आर्य-सत्य के हो ? तृष्णाबाट बिल्कुल विराग हुनु; तृष्णालाई निरोध गर्नु; यसलाई त्याग गर्नु; परित्याग गर्नु; यसबाट मुक्त हुनु; अनाशक्त हुनु यही दु:ख निरोध गर्ने आर्य-सत्य हो ।

भिक्षुहरू, यो तृष्णा कसरी प्रहीण हुँदा प्रहीण हुन्छ; यस लोकमा मन पर्ने, मजा आउने जुन स्वभाव छ; त्यसमा तृष्णा प्रहीण हुँदा प्रहीण हुन्छ; निरोध हुँदा निरोध हुन्छ । *(महासतिपट्ठान सुत्त, दीघनिकाय)*

भिक्षुहरू, यस लोकमा मन पर्ने, मजा आउने जुन स्वभाब छ; त्यो चाहे पहिलेको होस् वा अहिलेको होस् वा पछिको होस् । कोही श्रमण वा ब्राम्हणले त्यो स्वभाव 'अनित्य' भनी देख्दछ; 'दु:ख' भनी देख्दछ; 'भय' भनी देख्दछ, उसले त्यस तृष्णालाई त्याग्दछ । *(संयुक्त निकाय, १२.७)*

भिक्षुहरू, रुपको निरोध हुनु, उपशमन हुनु, अन्त हुनु नै दु:खको निरोध हुनु हो; रागको उपशमन हुनु, हो; जरा-मरणको अन्त हुनु हो । यो जुन वेदनाको निरोध हो, संज्ञाको निरोध हो, संस्कारको निरोध हो, तथा विज्ञानको निरोध हो, अन्त हुनु हो- यही नै दु:ख निरोध हो; रोगको उपशमन हो; जरा-मरणको अन्त हो । *(संयुक्त निकाय, १२.३)*

तृष्णा संपूर्णत: निरोध भएमा उपादान निरोध हुन्छ । उपादानको निरोधबाट भव (संसार) को निरोध हुन्छ । भव निरोध भएपछि जन्मनु, बुढो हुनु, मर्नु, शोक गर्नु, विलाप गर्नु, दुखित हुनु, दौर्मनस्य हुनु, उपायास हुनु- यी सबैको निरोध हुन्छ । यस प्रकारले समस्त दु:ख-स्कन्धको निरोध हुन्छ । *(संयुक्त निकाय, ९-६)*

यही शान्ति हो; यही प्रणीत छ; जसबाट सबै संसारको नाश, सबै

Downloaded from http://dhamma.digital/

चित्तमलको त्याग, तृष्णाको क्षय, विराग-स्वरुप, निरोध-स्वरुप निर्वाण हो ।

*(अंगुत्तर निकाय, ३.३२)*

भिक्षुहरू, जसको हृदय रागमा लिप्त छ; मोहले मुढ छ; उसले आफू बिग्रने कुरा सोच्दछ र अरुलाई बिगार्ने कुरा सोच्दछ र अथवा दुबै पक्षलाई बिगार्ने कुरा सोच्दछ भने उसको मानसिक दु:ख तथा चिन्ता रही रहन्छ । तर, जब मानिसको हृदय राग, द्वेष र मोहबाट मुक्त हुन्छ, त्यसले न आफू बिग्रने सोच्दछ; (यसो गर्दा) उसलाई मानसिक दु:ख तथा चिन्ता हुँदैन । यस किसिमले मानिसले जीवनकालमा नै निर्वाण प्राप्त गर्न सकिन्छ, जसको समय सीमित छैन अर्थात् समय नबित्दै फल प्राप्त गर्न सकिन्छ; अरुलाई बोलाएर देखाउन सकिन्छ; जसले माथि उठाइ (जसले निर्वाणतिर लगिन्छ) दिन्छ; जसलाई प्रत्येक बुद्धिमान व्यक्तिले स्वयं प्रत्यक्ष प्राप्त गर्न सक्तछ ।

जब भिक्षुको चित्त शान्त हुन्छ; सबै बन्धनबाट मुक्त हुन्छ; उसको गर्नु पर्ने काम केही बाँकी रहँदैन; उसले गरेको काममा केही पनि पश्चाताप हुँदैन । जसरी ढुङ्गाको चट्टानलाई हावाले रत्तिभर पनि हल्लाउन सक्तैन; यसरी नै रुप, शब्द, गन्ध, रस, स्पर्श तथा अनुकूल वा प्रतिकूल विषय छन्; त्यसबाट (स्थित प्रज्ञा) स्थिर-चित्त भएको भिक्षुलाई देग पनि चलाउन सक्तैन । ऊ स्थिर चित्त हुन्छ । मुक्त हुन्छ । ऊ उसकै बशमा हुन्छ ।

भिक्षुहरू, यस्तो आयतन छ- जहाँ न पृथ्वी छ; न पानी छ; न अग्नि छ; न वायु छ; न आकाश-आयतन छ; न विज्ञान-आयतन छ; न अकिञ्चन-आयतन छ; न नेव संज्ञा-नसंज्ञा-आयतन छ; न यो लोक छ; न परलोक छ; न सूर्य छ; न चन्द्र छ । भिक्षुहरू, न त्यहाँ जान सकिन्छ; न आउन सकिन्छ; न रहन सकिन्छ; न उत्पन्न नै हुन्छ; त्यो आधार-रहित, संस्मरण रहित, आलम्बन रहित छ । यही नै दु:खको अन्त हो ।*(उदान, ८-६)*

भिक्षुहरू, जात (उत्पन्न) को अभाव छ; भूतको अभाव छ; कृतको अभाव छ; संस्कृतको अभाव छ । यदि भिक्षुहरू, जातको अभाव नभएको भए; भूतको

Downloaded from http://dhamma.digital/

अभाव नभएको भए; जात, भूत, कृत, संस्कृतबाट मुक्ति देखाउन सक्तैन्थ्यो। तर भिक्षुहरू, जातको अभाव, भूतको अभाव, कृतको अभाव, संस्कृतका अभाव भएकोले नै जात, भूत, कृत, संस्कृतबाट मुक्ति देखाउन सक्छ।

*(इतिवुत्तक, २-२-६)*

**(५) दुःख निरोध गामिनी प्रतिपदा आर्यसत्य**

भिक्षुहरू, दुःख निरोधको मार्ग तिर लैजाने आर्य-सत्य के हो ?

काम वस्तुमा छन्दराग नामक क्लेश-कामले युक्त सुखको बार-बार भोग गर्नु; जुन हीन, ग्राम्य, अशिष्ट, अनार्य, अनर्थपूर्ण र जुन आफ्नो शरीरलाई व्यर्थ क्लेश दिने; दुःखमय अनार्य, अनर्थकर छ। यी दुबै अन्तलाई छोडी तथागतले मध्यम-मार्गको ज्ञान प्राप्त गर्नुभएको छ; जसले आँखा खोलिदिन्छ; ज्ञान दिन्छ; जुन शान्तिको निमित्त, अभिज्ञाको निमित्त, बोधिको निमित्त, निर्वाणको निमित्त हो।

*(संयुक्त निकाय)*

दुःख निरोधतिर लैजाने आठ आर्य-मार्ग छन्। ती हुन्-

१. सम्यक्-दृष्टि **प्रज्ञा**
२. सम्यक्-संकल्प

३. सम्यक्-वचन
४. सम्यक्- कर्मान्त् **शील**
५. सम्यक्-आजीविका

६. सम्यक्-व्यायाम
७. सम्यक्-स्मृति **समाधि**
८. सम्यक्-समाधि

Downloaded from http://dhamma.digital/

"विशुद्ध दर्शनको लागि,
यी एक मात्र मार्ग हो;
यस मार्गको अनुशरण गरेमा,
तिमीले दुःख अन्त गर्ने छौं ।" *(मग्गवग्गो २, धम्मपद)*
भिक्षुहरू,
"आफ्नो द्वीप आफै बन
आफ्नै शरणमा जाऊ,
अरुको शरणमा होइन ।" *(महापरिनिब्बान सुत्त,दीघनिकाय)*
"काम तिमीले नै गर्नु पर्छ,
तपस्या तिमीले नै गर्नु पर्छ,
तथागतले त केवल मार्ग दर्शाउनु हुन्छ ।"

*(मग्गवग्गो ४, धम्मपद)*

भिक्षुहरू, ध्यान देउ, अमृत पाइरहेछ । मैले तिमीहरूलाई सिकाउँछु । धर्मोपदेश दिन्छु । मैले भने जस्तै तिमीहरूले त्यसको अनुकूल आचरण गरी जुन लक्ष्य प्राप्तिको निमित्त कुल-पुत्रहरू घर-बार छोडी प्रव्रजित हुन्छन्; त्यस अनुसार ब्रम्हचर्यका तुरुन्तै, यही जन्ममा अनुभव गरी साक्षात्कार गरी जीवन व्यतीत गर ।

*(पासरासि सुत्त, मज्झिम निकाय)*

### (६) सम्यक्-दृष्टि

भिक्षुहरू, सम्यक्-दृष्टि के हो ?

भिक्षुहरू, जब आर्य श्रावकले अकुशललाई चिन्दछ; अकुशलको मूल कारणलाई चिन्दछ । कुशललाई चिन्दछ; कुशलको मूल कारणलाई चिन्दछ । त्यसबेला उसमा 'सम्यक्-दृष्टि' हुन्छ वा सोझो दृष्टि हुन्छ । त्यसबेला यस धर्ममा उसको अचल श्रद्धा हुन्छ । ऊ यस धर्ममा आएको हुन्छ ।

भिक्षुहरू, अकुशल के के हुन् ?

Downloaded from http://dhamma.digital/

**शरीरले गर्ने काम :-**

१. जीव-हिंसा गर्नु अकुशल हो ।

२. चोरी गर्नु अकुशल हो ।

३. काम-भोग सम्बन्धी मिथ्याचार अकुशल हो ।

**वचनले गर्ने काम :-**

४. झुठो बोल्नु अकुशल हो ।

५. चुगली गर्नु अकुशल हो ।

६. कडा शब्द प्रयोग गर्नु अकुशल हो ।

७. नचाहिंदो गफ गर्नु अकुशल हो ।

**मनले गर्ने काम :-**

८. लोभ गर्नु अकुशल हो ।

९. क्रोध गर्नु अकुशल हो ।

१०. मिथ्या-दृष्टि अकुशल हो ।

भिक्षुहरू, अकुशलको मुल कारण के के हुन् अकुशलको मूल कारण लोभ, द्वेष र मोह हो । *(सम्मादिट्ठि सुत्त, मज्झिम निकाय)*

भिक्षुहरू, कुशलको मुल कारण के के हुन् ?

**शरीरले गर्ने काम :-**

१. जीव-हिंसाबाट विरत रहनु कुशल हो ।

२. चोरी गर्नुबाट विरत रहनु कुशल हो ।

३. काम-भोग सम्बन्धी मिथ्याचारबाट विरत रहनु कुशल हो ।

**वचनले गर्ने काम :-**

४. झुठो नबोल्नु कुशल हो ।

५. छुल्याउने काम नगर्नु कुशल हो ।

६. कठोर शब्द नबोल्नु कुशल हो ।

७. नचाहिंदो गफ नगर्नु कुशल हो ।

Downloaded from http://dhamma.digital/

**मनले गर्ने काम :-**

८. लोभ नगर्नु कुशल हो ।

९. रीस नगर्नु कुशल हो ।

१०. सम्यक्-दृष्टि हुनु कुशल हो ।

भिक्षुहरू, जसरी कोही मानिसलाई विषयुक्त वाणले लागेछ र उसको मित्र, साथीहरू वा आफन्तहरूले वाण निकाल्ने वैद्य कहाँ लगेछन् त त्यो मानिस भन्दछ कि- "मैले यो वाण त्यस बेलासम्म निकाल्न दिंदैन जबसम्म मलाई यो थाहा हुँदैन कि त्या वाण हान्ने मानिस क्षत्री हो वा ब्राम्हण; वैश्य वा शूद्ध; अथवा उसको नाउँ के हो ? गोत्र के हो ? अथवा त्यो मानिस अग्लो छ कि पुड्को वा ठीक्क शरीरको छ ?"तर भिक्षुहरू, उसले यो कुरो थाहा नपाउँदै त्यो मरेर जानेछ ।

भिक्षुहरू, 'लोक शाश्वत छ'- यस्तो दृष्टि रहेता पनि; 'लोक अश्वाश्वत छ'- यस्तो दृष्टि रहेता पनि; लोक अनन्त छ'- यस्तो दृष्टि रहेता पनि; 'जीव त्यही हो जो शरीर हो'- यस्तो दृष्टि रहेता पनि; 'जीव अर्कै शरीर अर्कै'- यस्तो दृष्टि रहेता पनि; 'मृत्यु पश्चात् तथागत रहन्छ'- यस्तो दृष्टि रहेता पनि, जन्मनु, वृद्ध हुनु, मर्नु, शोक गर्नु, विलाप गर्नु, दु:ख हुनु, दौर्मनस्य हुनु, उपायास हुनु हर समयमा भइरहन्छ । र म यही जन्मको जीवितावस्थामा नै यी सबै नाश हुने उपदेश दिन्छु ।

*(चूलमालुक्य सुत्त, मज्झिम निकाय)*

**दशवटा अब्याकृत (अनिर्वचनीय)** प्रश्नहरू निम्नानुसार छन्-

१) लोक नित्य हो कि ?

२) लोकअनित्य हो कि ?

३) लोक अन्तवान हो कि ?

४) लोक अनन्तवान हो कि ?

५) जीव र शरीर एकै हो कि ?

Downloaded from http://dhamma.digital/

६) जीव र शरीर अलग अलग हो ?

७) मृत्यु पश्चात् तथागत रहीरहने हो कि ?

८) मृत्य पश्चात् तथागत नरहने हो ?

९) मृत्यु पश्चात् तथागत हुने हो वा नहुने हो ?

१०) मृत्युपछि तथागत हुँदैन नहुने पनि होइन ?

भिक्षुहरू, जसले प्रतीत्य-समुत्पादलाई देख्दछ; उसको धर्मलाई देख्दछ । जसले धर्मलाई देख्दछ; उसले प्रतीत्य-समुत्पादलाई देख्दछ । जसरी गाईबाट दूध हुन्छ, दूधबाट दही, दहीबाट मक्खन, मक्खनबाट घ्यू, घ्यूबाट घीमण्डा हुन्छ । जुन बेला दूध हुन्छ; त्यसबेला त्यसलाई न दही भनिन्छ; न घ्यू; न मक्खन; न घ्यूको माँडा । जुनबेला त्यो दही बन्छ, त्यसबेला त्यसलाई न दूध भनिन्छ; न मक्खन; न घ्यूको माँडा.........। यस्तै प्रकारले भिक्षुहरू, जुन बेला मेरो भूतकालको जन्म थियो; त्यसबेला मेरो भूतकालको जन्म नै सत्य थियो । वर्तमान र भविष्यकालको जन्म असत्य । जुन समय भविष्यकालमा जन्म हुनेछ; त्यसबेला मेरो भविष्यकालको जन्म नै सत्य हुनेछ; यो वर्तमान र भूतकालको जन्म असत्य । जुनबेला मेरो वर्तमानको जन्म हो; यसबेला मेरो यही जन्म नै सत्य छ; भूतकाल र भविष्यकालको जन्म असत्य । *(पोट्ठपाद सुत्त, दीघनिकाय)*

**(७) सम्यक्-संकल्प**

भिक्षुहरू, सम्यक्-संकल्प के हो ?

(१) नैष्क्रम्य-संकल्प,

(२) अव्यापाद-संकल्प,

(३) अविहिंसा-संकल्प

भिक्षुहरू, यसलाई सम्यक्-संकल्प भनिन्छ ।

भिक्षुहरू, कोही गृहपति वा गृहपतिपुत्र कुनै कुलमा जन्म लिई तथागतको धर्म सुन्दछ । उसले तथागतको धर्म सुनेर तथागत प्रति श्रद्धावान हुन्छ । त्यस

Downloaded from http://dhamma.digital/

श्रद्धाबाट युक्त भएपछि उसले यसरी विचार गर्दछ- "गृहस्थ जीवन बाधक छ; धूलाले भरिएको बाटो हो । प्रव्रज्या खुला आकाश हो; गृहस्थमा रहेर एकान्त परिशुद्ध ब्रम्हचर्यको आचरण गर्नु सजिलो छैन । दाह्री-जुँघा खौरेर काषाय-वस्त्र धारण गरी घर छोडेर प्रव्रजित भएर म किन नजाउँ ?" उसले केही समय पछि थोरै वा धेरै सम्पत्ति छोडेर दाह्री-जुँघा खौरी, काषाय-वस्त्र धारण गरी घर छोडेर जान्छ ।

**(८) सम्यक् वचन**

भिक्षुहरू, सम्यक्-वचन केलाई भनिन्छ ?

(१) मुसावादा विरती........

(२) पिसुपावाचा विरती........

(३) फरुसवाचा विरती......

(४) सम्फपलापा विरती......

भिक्षुहरू, जुन मानिसले झुठो बोल्न छोड्छ; झुठो बोल्नबाट टाढा रहन्छ । सत्य बोल्ने, सत्यवादी, लोकमा यथार्थवादी हुन्छ । ऊ सभामा, परिषद्मा, दाजु भाईको बीचमा, समाजमा, राजसभामा वा अरु कुनै ठाउँमा जाँदा उसलाई साक्षीको रुपमा यदि थाहा छ भने 'थाहा छ' भन्नु; थाहा छैन भने 'थाहा छैन' भन्नु भनी भनिन्छ। यदि (त्यस विषयमा) उसलाई थाहा छ भने ऊ भन्दछ- 'थाहा छ' । जुन कुरोलाई ऊ देख्दैन; त्यसलाई ऊ भन्दछ- 'म देख्दिन' । जुन कुरो ऊ देख्दछ; ऊ भन्दछ 'म देख्दछु' यसप्रकार उसले न आफ्नो लागि न, अरुको लागि, न कुनै लौकिक पदार्थको लागि जानिकन जानिकन झुठो बोल्छ।

उसले चुगली गर्न छोड्छ। चुगली गर्नुबाट टाढा रहन्छ। यताको कुरा सुनी उता भन्दैन जसबाट यहाँको मानिसमा झगडा उत्पन्न हुन्छ; उताको कुरा सुनी यता भन्दैन जसबाट उता झगडा हुन्छ। उसले नमिल्नेलाइ मिलाई दिन्छ; मिलेर बस्नेलाई अलग्ग बस्न दिँदैन। ऊ यस्तो कुरो बोल्छ कि जसबाट मानिस एकै ठाउँमा समग्र भइ, एक समूह भई मिलेर बस्न चाहन्छ।

उसले कडा वचन बोल्न छोड्छ । कडा शब्दबाट टाढा रही सुन्न लहलाउँदो, प्रेम पूर्ण, हृदयसम्म पुग्ने, सभ्य र अधिकांश मानिसलाई मनपर्ने वाणी

Downloaded from http://dhamma.digital/

बोल्दछ। *(संयुत्त निकाय, १०)*

उसले नचाहिंदो गफ गर्न छोड्छ। फोस्रो गफबाट टाढा रही उसले समयानुकूल, यथार्थ, अर्थयुक्त धर्मानुकूल, र विनयानुकूल, नियमानुकूल, यथार्थ, र तर्कयुक्त वाणी बोल्दछ। (अंगुत्तर निकाय, १)

भिक्षुहरू, एक ठाउँमा बसी आपसमा कुराकानी गर्दा दुइ कुरामा एक कुरो हुनु पर्दछ कि 'धार्मिक-छलफल' कि 'आर्य-मौन'।

*(चेतोखिल सुत्त, मज्झिम निकाय)*

भिक्षुहरू, यसैलाई सम्यक्-वचन भन्दछ।

(९) **सम्यक्-कर्मान्त**

भिक्षुहरू, सम्यक्-कर्मान्त केलाई भनिन्छ ?

जुन मानिसले हिंसा छोड्छ, जीव-हिंसा गर्नबाट टाढा रहन्छ; उसले लट्ठीको प्रयोग गर्दैन; शस्त्रको प्रयोग गर्दैन । ऊ लज्जाशील, दयावान हुन्छ। ऊ सबै प्राणी माथि हित र अनुकम्पा गर्ने भई विहार गर्दछ।

जुन मानिसले चोरी गर्ने काम छोड्छ; चोर्नुबाट टाढा रहन्छ; जुन वस्तु चोरी नगरीकन प्राप्य हुन्छ; त्यसैलाई ग्रहण गरी उसले पवित्र जीवन यापन गर्दछ। चाहे गाउँमा होस् वा जङ्गलमा जुन वस्तु अर्काको हो, त्यो उसले चोरेर लिंदैन।

जुन मानिस काम-भोग सम्बन्धी मिथ्याचार हो- त्यसलाई छोड्छ। त्यसबाट टाढा रहन्छ। जो स्त्री आमाको संरक्षणमा छ; बाबुको संरक्षणमा छ; आमा-बाबुको संरक्षणमा छ; दाजु-भाइको संरक्षणमा छ; दिदी-बहिनीको संरक्षणमा छ; नातेदारको संरक्षण्मा छ। जो धर्म-पुत्री हो; जसको कसैसँग विवाह भइसकेको छ; जो दासी हो; जो गलामा माला लगाई नाच्ने हो; उसले त्यस्तो स्त्रीसँग काम-भोगको सेवन गर्दैन।

भिक्षुहरू, यसैलाई सम्यक्-कर्मान्त भनिन्छ। *(अंगुत्तर निकाय, १०)*

Downloaded from http://dhamma.digital/

(१०) **सम्यक्-आजीविका**

भिक्षुहरू, सम्यक्-आजीविका केलाई भनिन्छ ?

भिक्षुहरू, जो आर्य-श्रावकले सम्यक्-आजीविकाद्वारा जीवन यापन गर्दछ।

भिक्षुहरू, यसैलाई सम्यक्-आजीविका भन्दछ।

*(महासतिपट्ठन सुत्त, दीघनिकाय)*

भिक्षुहरू, उपासकले यी पाँच व्यापार मध्ये कुनै एकको व्यापार पनि गर्नु हुँदन। पाँच के के हुन् ? शस्त्रको व्यापार, प्राणीको व्यापार, मासुको व्यापार, मद्यका व्यापार र विषको व्यापार। *(अंगुत्तर निकाय, ५)*

(११) **सम्यक्-व्यायाम**

भिक्षुहरू, सम्यक्-व्यायाम केलाई भनिन्छ ?

भिक्षुहरू, सम्यक्-व्यायाम चार प्रकारका छन् जस्तै- (१) संयम-प्रयत्न, (२) प्रहाण-प्रयत्न, (३) भावना-प्रयत्न र (४) अनुरक्षण-प्रयत्न। *(अंगुत्तर निकाय, ४)*

भिक्षुहरू, यहाँ (यस बुद्ध शासनमा) भिक्षुले अहिले सम्म उत्पन्न नभएको अकुशल-धर्म उत्पन्न हुन नदिनको लागि छन्द उत्पन्न गर्दछ; उद्योग गर्दछ; वीर्यारम्भ गर्दछ; चित्तलाई उत्साहित गर्दछ; प्रयत्न गर्दछ।

उसले आँखाले कुनै रुप देख्दछ; त्यसमा उसले न निमित्त ग्रहण गर्दछ; न व्यञ्जन ग्रहण गर्दछ; कारण आँखाको असंयमताले गर्दा त्यसमा लोभ, द्वेष आदि अकुशल पापमय विचारले जडा नगाडोस्। त्यस पापमय विचारलाई टाढा राख्न ऊ प्रयत्न गर्दछ; आँखालाई आफ्नो वशमा राख्दछ।

त्यस्तै उसको कानले शब्द सुन्दा, नाकले गन्ध सुँघ्दा, जिब्रोले स्वाद लिंदा, शरीरले स्पर्श गर्दा, मनले विचार (चिन्तन)गर्दा न ऊ निमित्तग्राही हुन्छ; न व्यञ्जनग्राही हुन्छ; कारण ती अङ्गहरू (कान, नाक, जिब्रो, शरीर र मन) को असंयमताले गर्दा तिनीहरूमा लोभ, द्वेष आदि अकुशल पापमय विचारले जडा नगाडियोस्। ती पापमय विचारलाई टाढा राख्न ऊ प्रयत्न गर्दछ; ती अङ्गहरू (कान, नाक, जिब्रो, शरीर र मन) लाई आफ्नो वशमा लिन्छ र संयमित राख्दछ। भिक्षुहरू,

Downloaded from http://dhamma.digital/

यसैलाई 'संयम-प्रयत्न' भनिन्छ ।

भिक्षुहरू भावना प्रयत्न केलाई भनिन्छ ?

भिक्षुहरू, यहाँ भिक्षुले अहिलेसम्म उत्पन्न नभएको कुशल धर्म उत्पन्न गराउनको निमित्त छन्द उत्पन्न गर्दछ; उद्योग गर्दछ; वीर्यारम्भ गर्दछ; चित्तलाई उत्साहित गर्दछ; प्रयत्न गर्दछ ।

उसले स्मृति-सम्बोध्यङ्गको भावना गर्दछ; जुन एकान्त स्थान तथा विरागबाट उत्पन्न हुन्छ; निरोधसँग सम्बन्धित छ; मुक्तितिर लैजान्छ, धर्म-विचय सम्बोध्यङ्ग....., प्रश्रब्धि सम्बोध्यङ्ग....., समाधि सम्बोध्यङ्ग...., र उपेक्षा सम्बोध्यङ्गको भावना गर्दछ; जुन एकान्त स्थान तथा विरागबाट उत्पन्न हुन्छ; निरोधसँग सम्बन्धित छ र मुक्तितिर लैजान्छ ।

भिक्षुहरू, यसैलाई 'भावना-प्रयत्न' भन्दछ ।

**भिक्षुहरू, 'अनुरक्षण-प्रयत्न' केलाई भनिन्छ ?**

भिक्षुहरू, यहाँ भिक्षुले उत्पन्न भइसकेको कुशल धर्मलाई स्थिर राख्नु, रक्षा गर्न अझ बढाउनु, विपुलतामा ल्याउन, भावनालाई पूर्णतामा ल्याउन छन्द उत्पन्न गर्दछ; उद्योग गर्दछ; प्रयत्न गर्दछ; चित्तलाई उत्साहित गर्दछ ।

उसले उत्पन्न भइसकेको शुभ समाधि-निमित्त-अट्ठिक-संज्ञा, पुलवक-संज्ञा, विपुब्बक-संज्ञा, विच्छिद्दक-संज्ञालाई आरक्षा गर्दछ ।

भिक्षुहरू, यसैलाई 'अनुरक्षण प्रयत्न' भन्दछ । *(अंगुत्तर निकाय)*

### (१२) सम्यक्-स्मृति

भिक्षुहरू, सम्यक्-स्मृति केलाई भनिन्छ ?

भिक्षुहरू, प्राणीहरूको विशुद्धिको लागि, शोक तथा परिदेवबाट राम्रोसँग अतिक्रमण गर्नको लागि, दुःख तथा दौर्मनस्य अस्तंगम गर्नको लागि, आर्य-मार्ग प्राप्त गर्नको लागि, निर्वाण साक्षात्कार गर्नको लागि-यी चार प्रकारका स्मृति-

Downloaded from http://dhamma.digital/

प्रस्थान नै एक मात्र मर्ग हो ।

ती चार प्रकारका स्मृति-प्रस्थान के के हुन् ? भिक्षुहरू, यहाँ भिक्षुले काय (रुप-समूह) प्रति कायानुपश्यी भई तपस्या गर्दछ; सम्पूर्ण रुपले जानेर, स्मृतिवान भई लोकमा लोभ र दौर्मनस्यलाई हटाएर विहार गर्दछ। वेदनामा वेदनानुपश्यी भई......; चित्तमा चित्तानुपश्यी भई.....; धर्ममा धर्मानुपश्यी भई तपस्या गर्दछ, सम्पूर्ण रुपले जानेर, स्मृतिवान भई लोकमा लोभ र दौर्मनष्यलाई हटाएर विहार गर्दछ। *(महासतिपट्ठान सुत्त, दीघनिकाय)*

(१३) **कायानुपश्यना-**

भिक्षुहरू, भिक्षुले कसरी कायानुपश्यी भई विहार गर्दछ ? भिक्षुहरू, यहाँ भिक्षु अरण्यमा गई अथवा रुख-मुन्तिर गई अथवा शून्यागारमा गई पलेति कसेर, शरीर सीधा पारी स्मृतिलाई अगाडि राखी बस्दछ । उसले स्मृतिपूर्वक श्वास लिन्छ र स्मृतिपूर्वक श्वास छोड्छ। उसले लामो श्वास लिंदा लामो श्वास लिएको भनी जान्दछ । 'लामो श्वास छोड्दा 'लामो श्वास छोडेको' भनी जान्दछ। छोटो श्वास छोड्दा 'छोटो श्वास छोडेको' भनी जान्छद । उसले सबै शरीरले अनुभव हुने गरी श्वास लिन सिक्दछ; सबै शरीरले अनुभव हुने गरी श्वास छोड्न सिक्दछ। शारीरिक संस्कारलाई शान्त गर्दै श्वास छोड्न सिक्दछ। *(महासतिपट्ठान सुत्त, दीघनिकाय)*

(१४) **वेदनानुपश्यना-**

भिक्षुहरू, भिक्षुले यहाँ सुख-वेदनाको अनुभव गरे 'सुख-वेदनाको अनुभव गरिरहेछु' भनी थाहा पाउँछ । दुःख वेदनाको अनुभव गरे 'दुःख वेदनाको अनुभव गरिरहेछु' भनी थाहा पाउँछ। अदुःख-असुख वेदनाको अनुभव गरे 'अदुःख-असुख वेदनाको अनुभव गरिरहेछु' भनी थाहा पाउँछ । सामिस (पञ्च काम गुण सम्बन्धी) सुख-वेदनाको अनुभव गरे 'सामिस सुख-वेदनाको अनुभव गरिरहेछु' भनी थाहा पाउँछ । निरामिस सुख-वेदनाको अनुभव गरे 'निरामिस सुख-वेदनाको अनुभव गरिरहेछु' भनी थाहा पाउँछ । सामिस दुःख वेदनाको अनुभव गरे 'सामिस दुःख

Downloaded from http://dhamma.digital/

वेदनाको अनुभव गरिरहेछु' भनी थाहा पाउँछ । निरामिस दु:ख वेदनाको अनुभव गरे 'निरामिस दु:ख वेदनाको अनुभव गरिरहेछु' भनी थाहा पाउँछ । सामिस अदु:ख-असुख वेदनाको अनुभव गरे 'सामिस अदु:ख-असुख वेदनाको अनुभव गरिरहेछु' भनी थाहा पाउँछ । निरामिस अदु:ख-असुख वेदनाको अनुभव गरे 'निरामिस अदु:ख-असुख वेदनाको अनुभव गरिरहेछु' भनी थाहा पाउँछ ।

*(महासतिपट्ठान सुत्त, दीघनिकाय)*

**(१५) चित्तानुपश्यना-**

भिक्षुहरू, भिक्षुले कसरी चित्तमा चित्तानुपश्यी भई विहार गर्दछ ?

भिक्षुहरू, यहाँ भिक्षुले स-राग चित्तलाई 'स-राग चित्त' भनी प्रज्ञापूर्वक जान्दछ । वीतराग चित्तलाई 'वीतराग चित्त' भनी प्रज्ञार्पूक जान्दछ । स-द्वेष चित्तलाई 'स-द्वेष चित्त' भनी जान्दछ । वीत-द्वेष चित्तलाई 'वीत-द्वेष चित्त' भनी प्रज्ञापूर्वक जान्दछ । स-मोह चित्तलाई 'स-मोह चित्त' भनी प्रज्ञापूर्वक जान्दछ । वीत-मोह चित्तलाई 'वीत-मोह चित्त' भनी प्रज्ञापूर्वक जान्दछ । संक्षिप्त-चित्तलाई 'संक्षिप्त-चित्त' भनी प्रज्ञापूर्वक जान्दछ । विक्षिप्त-चित्तलाई 'विक्षिप्त-चित्त' भनी प्रज्ञापूर्वक जान्दछ । महग्गत (रुपावचर चित्त) चित्तलाई 'महग्गत-चित्त' भनी प्रज्ञापूर्वक जान्दछ । अमहग्गत चित्तलाई 'अमहग्गत-चित्त' भनी प्रज्ञापूर्वक जान्दछ । स-उत्तर (कामावचर चित्त) चित्तलाई 'स-उत्तर-चित्त' भनी प्रज्ञापूर्वक जान्दछ । अनुत्तर चित्तलाई 'अनुत्तर-चित्त' भनी प्रज्ञापूर्वक जान्दछ । समाहित (उपचार, अर्पणा)- चित्तलाई 'समाहित-चित्त' भनी प्रज्ञापूर्वक जान्दछ । असमाहित-चित्तलाई 'असमाहित-चित्त' भनी प्रज्ञापूर्वक जान्दछ । विमुक्त-चित्तलाई 'विमुक्त-चित्त' भनी प्रज्ञापूर्वक जान्दछ । अविमुक्त-चित्तलाई 'अविमुक्त-चित्त' भनी प्रज्ञार्पूक जान्दछ ।

*(महासतिपट्ठान सुत्त, दीघनिकाय)*

**(१६) धर्मानुपश्यना-**

भिक्षुहरू, भिक्षुले कसरी धर्ममा धर्मानुपश्यी भई विहार गर्दछ ?

भिक्षुहरू, यहाँ भिक्षुले पाँच नीवरण धर्ममा धर्मानुपश्यी भई विहार गर्दछ ।

Downloaded from http://dhamma.digital/

भिक्षुहरू, भिक्षुले आफूमा भएको कामच्छन्दलाई,.....व्यापादलाई, ....थिनमिद्धलाई.....उद्धच्चकुक्कुच्च (चंचलपन र पश्चाताप) लाई,.... विचिकित्सालाई 'ममा कामच्छन्द छ' भनी प्रज्ञापूर्वक जान्दछ । आफूमा नभएको कामच्छन्दलाई 'ममा कामच्छन्द छैन' भनी प्रज्ञापूर्वक जान्दछ । उत्पन्न नभएको कामच्छन्द कसरी उत्पन्न हुन्छ त्यसलाई प्रज्ञापूर्वक जान्दछ। उत्पन्न हुन्छ त्यसलाई प्रज्ञापूर्वक जान्दछ। उत्पन्न भएको कामच्छन्द कसरी प्रहाण हुन्छ, त्यसलाई प्रज्ञापूर्वक जान्दछ। प्रहाण भइसकेको कामच्छन्द फेरि कसरी उत्पन्न हुँदैन, त्यसलाई प्रज्ञापूर्वक जान्दछ।

*(महासतिपट्ठान सुत्त, दीघनिकाय)*

**(१७) सम्यक्-समाधि**

भिक्षुहरू, सम्यक्-समाधि केलाई भनिन्छ ?

एउटै आलम्बनमा मन एकोहोरो लगाई रहनुलाई समाधि वा एकाग्रता भनिन्छ।

चार स्मृति-प्रस्थान (कायानुपश्यना, वेदनानुपश्यना, चित्तानुपश्यना र धर्मानुपश्यना) समाधिका निमित्त हुन् । चार सम्यक्-प्रयत्न, (संयम-प्रयत्न, प्रहाण-प्रयत्न, भावना-प्रयत्न, अनुरक्षण-प्रयत्न) समाधिका परिस्कार हुन्। यी आठ धर्मको सेवन गरी भावना गर्नु, बढाएर लैजानुलाई नै समाधि-भावना भनिन्छ।

*(चूल वेदल्ल सुत्त, मज्झिम निकाय)*

**(१८) बुद्धकालीन प्रचलित मत-वाद**

बुद्धले (प्राग्बुद्धकालीन) तथाकथित ६२ प्रकारका दार्शनिक मत-सिद्धान्तहरूको विवेचना गर्नुहुँदै त्यस्का व्यर्थता एवं असारताका बारे आफ्ना शिष्य भिक्षुहरूलाई प्रकाश गरीराखे अनुसार दुई किसिमका मतावलम्बीहरू रहेका छन्।

(क) पूर्वान्तकल्पिक वा विगतमा घटित घटनाहरूको आधारमा निश्कर्ष निकाली निर्माण गरेका सिद्धान्त (यिनीहरूले १८ वटा) धारणालाई ५ वटा मतमा सीमित गरि राखेका छन्।

(ख) अपरान्तकल्पिक वा भोलि भविष्यमा हुने कुराहरूको कल्पना गरी

Downloaded from http://dhamma.digital/

निर्माण गरिएको मत (यिनीहरूले ४४ वटा धारणालाई ५ वटै मतमा सीमित गरिराखेको) हुन् ।

*(क) विगतमा घटित घटनाहरूको आधारलाई निर्शर्षबाट निर्मित सिद्धान्त (पूर्वान्तकल्पिक) यस प्रकार छन् :-*

(१) शाश्वतवाद - आत्मा अमर हो भन्ने चारथरीका शाश्वतवादीहरू ।

(२) नित्यता-अनित्यतावाद : ईश्वर अमर हुन्, हामी मात्रै नाशवान हौं भन्ने पाँचथरीका आंशिक शाश्वतवादी ।

(३) सान्त- अनन्तवाद - लोक (संसार) को विषयमा कल्पना गर्ने चारथरीका अन्त-अनन्तवादीहरू ।

(४) अमराविक्षेपवाद - कुन हो, कुन होइन भन्ने कुरामा अन्योलमा परी यहीनै हो भन्ने निश्चित रुपमा सिद्धान्त नबुझेका चारथरीका अमराविक्षेपवादीहरू (अनेकान्तवादी) ।

(५) अकारणवाद - आत्मा र लोक भन्ने कुरा विना कारणले नै श्रृजना भएका हुन् भन्ने दुइथरीका अकारणवादीहरू (अधिच्चसमुपवाद) ।

*(ख) भविष्यमा हुने कुराको पहिल्यै कल्पनाबाट निर्मित मत (अपरान्तकल्पिक) यस प्रकार छन् :-*

१) उद्धमाधातनिका संज्ञावाद- मरणान्तर वा मृत्युपश्चात पनि आत्मा संज्ञी (होशपूर्ण) भइरहन्छ भन्ने १६ थरीका उद्धमाधातनिका संज्ञावादीरु ।

२) उद्धमाधातनिका असंज्ञावाद - मरोणपरान्त आत्मा असज्ञी (बेहाशी) हुन्छ भन्ने ८ थरिका उद्धमाधातनिका असंज्ञावादीहरू ।

३) उद्धमाधातनिका नैवसंज्ञावाद - मरणोपरान्त आत्मा न होशी हुन्छ न बेहोशी नै भनी मान्ने ८ थरिका उद्धमाधातनिका नैवसंज्ञानासंज्ञावादीहरू ।

(४) उच्छेदवाद = मरणोपरान्त आत्मा पूर्णरुपमैं खत्तम (बिलाउँछ) हुन्छ भन्ने सातथरिका उच्छेदवादीहरू (नास्तिकवाद) ।

५) दृष्ट-धर्म-निर्वाणवाद = यही जन्ममैं निर्वाण प्राप्त हुन्छ । (इहलोकमै

Downloaded from http://dhamma.digital/

जन्म - मरणको प्रवाह अन्त्य हुनु) भन्ने पाँच थरिका निर्वाणवादीहरू । *(ब्रह्मजाल सुत्त, दीघनिकाय)*

**(१९) बुद्धकालीन प्रसिद्ध दार्शनिकहरू**

(क) पूर्ण काश्यप- उनको मत अकृयावाद हो, यसमा पाप-पुण्य भनेको छैन । प्राणीहिंसा, लुटपात, बदमासी काम, परस्त्री-गमन, मारकाट, झूठावादी भएतापनि कुनै किसिमको पाप हुँदैन, पाप लाग्दैन पनि । दान दिंदा र दिन लगाउँदा, यज्ञ गर्दा र गर्न लगाउँदै गंगा पारी पुग्दैमा पनि पुण्य हुँदैन । दान, इन्द्रिय दमन, शील संयम र सत्यवादी भएतापनि पुण्य हुँदैन, पुण्य लाग्दैन ।

(ख) मक्खली गोसाल (आजीवन आचार्य) - जीवनको क्लेश वा सत्वहरूका संक्लिष्ट हुनुको कुनै हेतु (कारण) छैन, विना हेतु-प्रत्यय सत्वहरू संक्लिष्ट हुन्छन्, सत्वहरू शुद्ध हुन्छन् । पुरुषार्थ भनेका छैन, बल छैन, वीर्य छैन, पुरुषको शक्ति र पराक्रम छैन, सकल सत्व प्राणी आफ्नो वशमा छैन, भाग्य र संयोगले सीमा निर्धारण गरे जस्तै हुनुपर्ने भएर जान्छ । शील या व्रत या तप अथवा ब्रम्हचर्यद्वारा अपरिपक्व कर्मलाई परिपक्व बनाइने र परिपक्व कर्मलाई रोगगरी नाश (अनत) गर्ने भन्ने कुरा पनि गलत हुनु भ्रम मात्र हो । यसरी दोणले (माना) भाग लगाउने झैं अलग छुट्याइएको यस संसारलाई न सुख दुःखलाई घटबढ गर्न सकिन्छ, न त ठूलो सानो नै पार्न सकिन्छ । जसरी धागोको डल्लो भूईंमा छोड्दा खुकिलिंदै छुटेर अगाडि बढ्छ त्यसरी नै मूर्ख तथा पण्डितहरू पनि घुम्दै-फिर्दै (संसार) दुःखको अन्त्य गर्न पुग्छन् ।

(ग) अजित केसकम्बल- दान, यज्ञ, होमका केही पनि फल हुँदैन, राम्रो कुशल (पुण्य) को पनि नराम्रो अकुशल (पाप) को पनि विपाक फल हुँदैन, यो लोक पनि छैन, परलोक पनि छैन, बुवा पनि छैन, यो लोक र परलोकका बारे आफैले देखेका भोगेका, थाहापाएका समर्थ श्रमण (त्यागी) पनि छैन । पृथ्वी, जल, तेज र वायु, धातु वा चतुर्माहाभूतले युक्त मानव-शरीर चतुर्माहाभूत र इन्द्रिय आकाशमैं अन्त्य (लीन) भए जान्छ । मूर्खहरूले मात्र दानदिन्छन्, , आस्तिकवाद (आत्मा छ)

Downloaded from http://dhamma.digital/

भनेको नचाहिने बकवास मात्र हो, काम लाग्ने विषय होइन । जडवाद वा उच्छेदवाद सत्य हो, त्यसैले जो कोही मर्ने बित्तिकै शरीर नष्ट हुने जस्तै नाश (उच्छेद) प्राप्त हुन्छ, मरिसकेपछि केही हुँदैन । (जन्म पनि हुँदैन) ।

(घ) प्रकुध कात्यायन- पृथ्वी, जल, तेज, वायु, सुख, दुःख र जीवन, यही तीन सप्तकाय पदार्थ सबै अकृत, अनिर्भित, निष्फल, कूटस्थ तथा अचल हुन् । त्यहाँ मार्ने र मार्ग लगाउने हुँदैन, फस्ने र फसाउने पनि हुँदैन, जान्ने र थाहा दिने पनि हुँदैन, जो कसैले कसैलाई धारिलो अस्त्रले शीर छिनाली दिए पनि मारेको (हत्या) हुँदैन सप्तकायको बीच बीचमा हुने प्वालहरूमा मात्र अस्त्र लाग्ने हुन्छ ।

(ङ) निगण्ठनाथपुत्त (निर्गन्थ्र ज्ञातपुत्र, भगवान् महावीर, जैन-तीर्थकंर)- १) सबै पानी वर्जित गर्नु (जसले गर्दा प्राणी नमरोस्) २) सबै पापबाट बचेर सहनु ३) सबै पापलाई चोख्याउने (धुने, पखाल्ने) ४) सबै पाप वर्जित गर्ने कार्यमा तत्पर रहने । यी चातुर्याम संवरले संयमित हुनेहरू भनी यिनीहरू गतात्म, यतात्म तथा स्थितात्मको रुपमा चिनिन्छन् ।

(च) संजय वेलट्ठिपुत्त- परलोक, प्राणीहरू, तथागत आदिका बारे प्रश्न उठ्दा यस्तो हो भनी नभन्ने, उस्तो हो पनि नभन्ने, अन्य रुपमा पनि केही नभन्ने, यो हो, होइन, यस्तो हो, उस्तो हो भनी आफ्नो मत-धारणा नराख्ने अनिश्चिततावादी वा अनिश्चियवादका एक व्याख्याता । (सामञ्‍ञफल-सुत्त, दीघनिकाय)

### (२०) बुद्धधर्मको प्रचार-प्रसार र धर्म संचार

भगवान् बुद्धले बुद्धत्व ज्ञान प्राप्त गरिसकेपछि भिक्षु संघको व्यवस्था गर्नुभई संघीय जीवन पद्धत्तिलाई बढावा दिनुभई सामाजिक संरचनामा धर्म र आध्यात्मिक चिन्तनको जुन थालनी गर्नुभयो त्यो मानव इतिहासमा अनुपम नमूना हो । उनले आफ्ना शिष्यहरूलाई बहुजन हिताय र बहुजन सुखायको समष्टिगत भावना श्रृजना गरी ४५ वर्षसम्म निरन्तर रुपमा आफूले प्राप्त गरेका धर्म-दर्शनलाई जनमानसमा संचार गर्नुभयो । उहाँको धर्म-दर्शनलाई दान, शील र भावना, शील, समाधि र प्रज्ञालेयुक्त त्रिविध शिक्षा, आर्य अष्टाङ्गिक मार्गयुक्त

Downloaded from http://dhamma.digital/

मध्यम मार्ग, विभज्जवाद र प्रतीत्यसमुत्पाद धर्म, परियत्ति र पटिवेध शासन, जीवन जीउने कलाले युक्त जीवन दर्शनका रुपमा प्रचलित हुँदै अद्यावधि यसले निरन्तरता पाइरहेकै छ। स्वयं बुद्धको महापरिनिर्वाणको लगत्तै उनका शिष्यहरूमा देखिएको विचलनताले बुद्धोपदेशलाई रक्षागरी परन्तुसम्म अगाडि बढाउने अभिप्रायले धर्म संगायना (महाधिवेशन) गरियो । उनका शिष्यहरूमा धर्म र आचार-व्यवहार सम्बन्धि मतभेद विस्तारै झ्याँगिदै गएर यसले आचार्य परम्पराको स्वरुप धारण गर्नमा अहं भूमिका निभायो ।

**(२१) बौद्ध दर्शनको विकासक्रमको शुभारम्भ**

बुद्धको महापरिनिर्वाण पश्चात् एक शताब्दीको इतिहासलाई अध्ययन गर्दै जाँदा विनय-नियम सम्बन्धमा फरक मत राख्ने वा असन्तुष्टिहरू चरम सीमामा पुगे अनि परिवर्तनवादी र यथास्थितिवादीहरूकाबीच सार्वजनिक रुपमै विवाद देखिए भने यसले पुरानै मान्यतालाई निरन्तरता दिनुपर्छ भन्ने यथास्थितिवादीहरू विशेषतः बृद्धहरू एकातिर उभिए भने त्यसैगरी युवा जमातका परिवर्तनवादी भिक्षुहरू अर्को खेमामा उभिए । परिणामतः भिक्षुहरू स्थविरवादी र महासांघिक दुई खेमामा विभाजित नै भए । कालान्तरमा सम्राट अशोकको समयसम्म आइपुग्दा त दुई खेमाकाबीच पनि मतमतान्तरहरू श्रृजना हुनगई अन्य खेमा अर्थात आचार्य मतमा विभाजित हुँदै १८ निकायमा विभेद भए ।

**(२२) बौद्ध दर्शनको विकासक्रमको एक सानो झझल्को**

सम्राट अशोकले धार्मिक शासनमा शुद्धिकरणको ध्येयले जुन कदम उठाए त्यसले बुद्धधर्मको इतिहासमा सैद्धान्तिक एवं दार्शनिक मूल्य-मान्यताको दृष्टिकोणमा अर्को फड्को मार्ने समयलाई नै निम्त्याएको कुरालाई हामीले स्मरण गर्नै पर्छ । यसरी दार्शनिक मूल्य-मान्यतामा नौलो आयाम भन्दै उर्जा थप्ने कार्यमा जुटेकाहरू यसपछि खुल्लारुपमै अगाडि बढे । परिणामतः जतिबेला कनिष्क जस्ता राजा शासनमा देखिए, त्यतिबेला अशोकको धार्मिक शुद्धिकरणमा कारवाहीमा परेका, निष्काशित भएका, पाखा लगाइएका, पन्छ्याइएका भन्ने अभिमतवादीहरू अब

Downloaded from http://dhamma.digital/

जुर्मुराए । यसपछि बुद्धधर्ममा चार दर्शनको विकासले अर्को उर्जा पाए अनुरुप प्रथमत: तेश्रो शताब्दीसम्ममा सौत्रान्त्रिक र वैभाषिक दर्शनले आफूलाई उभ्याउन पाए भने चौथौं शताब्दीताकासम्ममा योगाचार अथवा विज्ञानवाद र माध्यमिक अथवा शून्यवाद दर्शनले आफ्नो मत प्रचार गरे ।

बुद्धधर्मलाई उपरोक्त चार दार्शनिक सम्प्रदायमा विभक्त भएको मानिएतापनि हामीले पालि बौद्ध वाङ्मयमा सौत्रान्त्रिक, वैभाषिक, योगाचार र माध्यमिक गरी चारै तथाकथित बौद्ध सम्प्रदायको उल्लेख भएको पाइँदैन । अभिधर्म पिटक अन्तर्गत प्रसिद्ध ग्रन्थ कथावत्थु अनुसार अशोक कालसम्म पनि बुद्धधर्म मात्र स्थविरवादकै तवरमा विवेचन भएको हामीले पाउने हुन्छौं । यतिबेलासम्म उपरोक्त चारै बौद्ध दार्शनिक सम्प्रदायका उल्लेख पाइँदैन ।

## बौद्ध सामान्य ज्ञान - अभ्यास-१

१) चतु आर्य सत्यबारे संक्षिप्तमा लेख्नुहोस् ।
२) दु:ख आर्य सत्य भन्नाले के बुझ्नु हुन्छ ?
३) दु:ख समुदय सत्यलाई आफ्नो भाषामा लेख्नुहोस् ।
४) दु:ख निरोध गामिनी प्रतिपदा आर्य सत्य भन्नाले के बुझिन्छ ? लेख्नुहोस् ।
५) तृष्णा भन्नाले के बुझ्नु हुन्छ ?
६) स्थिर चित्त भएमा के हुन्छ ?
७) आर्यअष्टाङ्गिक मार्गहरूको नाम क्रमश: लेख्नुहोस् ।
८) सम्यक् दृष्टि भन्नाले के बुझिन्छ ? संक्षिप्तमा लेख्नुहोस् ।
९) अकुशल के के हुन् ? लेख्नुहोस् ।
१०) कुशल के के हुन ? लेख्नुहोस् ।
११) 'जसले प्रतीत्यसमुत्पादलाई देख्दछ उसले धर्मलाई देख्छद' यसलाई पृष्टि गर्नुहोस् ।

Downloaded from http://dhamma.digital/

१२) सम्यक् संकल्पको प्रकार उल्लेख गरी परिभाषामा पनि लेख्नुहोस् ।

१३) सम्यक् वचनलाई आफ्नो भाषामा लेख्नुहोस् ।

१४) सम्यक् कर्मान्त भन्नाले के बुझिन्छ ?

१५) सम्यक् आजीविका केलाई भनिन्छ ?

१६) व्यायाम कति प्रकारका छन् ? अर्थ सहित लेख्नुहोस् ।

१७) अनुरक्षण प्रयत्न केलाई भनिन्छ ?

१८) सम्यक् स्मृति भन्नाले के बुझिन्छ ?

१९) कायानुपश्यना केलाई भनिन्छ ? उदाहरण सहित लेख्नुहोस् ।

२०) धर्मानुपश्यना केलाई भनिन्छ ? उदाहरण सहित लेख्नुहोस् ।

२१) वेदनानुपश्यना केलाई भनिन्छ ? उदाहरण सहित लेख्नुहोस् ।

२२) चित्तानुपश्यना केलाई भनिन्छ ? उदाहरण सहित लेख्नुहोस् ।

२३) सम्यक् समाधि भन्नाले के बुझ्नुहुन्छ ? संक्षिप्तमा लेख्नुहोस् ।

२४) बुद्धकालीन विभिन्न मतहरूका बारे आफूलाई थाहा भएको कुरा लेख्नुहोस् ।

२५) बुद्धकालीन प्रसिद्ध दार्शनिकहरूको नाम लेख्नुहोस् ।

२६) पूर्ण काश्यप, मक्खली गोसाल, अजित केसकम्बलको दार्शनिक मान्यतालाई आफ्नै शब्दमा लेख्नुहोस् ।

२७) प्रकुध कात्यायन, निगण्ठनाथपुत्त, संजय वेलट्ठिपुत्तका दार्शनिक मान्यता बारे के थाहा छ ? लेख्नुहोस् ।

२८) बौद्ध दर्शनको विकासक्रम कसरी शुरु भयो ? संक्षिप्तमा चर्चा गर्नुहोस् ।

२९) बौद्ध दर्शनका चार अन्य दर्शनहरू के के हुन् ? नाम मात्र लेख्नुहोस् ।

Downloaded from http://dhamma.digital/

# बौद्ध संस्कृति

## १) नेपाली संस्कृति : बौद्ध संस्कृति

कुनै पनि धर्म र व्यक्तिलाई पनि स्वयं संस्कृतिले प्रभावित तुल्याएको हुन्छ । हामी बौद्ध भनी गर्व गरिरहनुमा यस्मा पनि विगत इतिहास देखि आरोह अवरोहका रुपमा देखिदै आइरहेका हाम्रा धार्मिक संस्कृति र सभ्यताको आफ्नै मूल्य-मान्यता रहँदै आएको विषयलाई हामीले भुल्नु हुँदैन । वस्तुतः बौद्ध संस्कृति नेपाली संस्कृतिको एक पर्यायवाची शब्दनै भैसकेको छ । किनभने नेपालको इतिहास बौद्ध प्रागैतिहासबाटनै प्रारम्भ भएको छ । नेपाली कला वास्तुकला, विश्वास, रिती स्थिति, त्यस्तै बौद्ध कृति, बौद्ध धार्मिक र प्रद्धतिबाट उदगम भइकन आजसम्म जीवन्त रुपमा गतिशील भइरहनु यसको ज्वलन्त उदाहरण हो ।

## २) बौद्ध संस्कृतिः प्राचीन संस्कृति

बुद्धजन्मभूमि नेपाल अधिराज्यका बौद्धहरू अतीत बुद्धहरूमा आस्था र श्रद्धा राख्दै आएका छन् । ऐतिहासिक रुपमा अद्यावधि मानिंदै आइरहेको बौद्ध परम्परागत संस्कृतिको एक अनुपम नमूना पञ्चदान, सम्यक् महादानमा दीपंकर बुद्धलाई विशेष पूजा-अर्चना गरिन्छ । पालि बौद्ध वाङ्मयमा पनि स्पष्ट रुपमा दीपंकर बुद्धको उल्लेख मात्र होइन कि उनकै सम्मुख सुमेध तपस्वीको बोधि प्रणिधान प्रारम्भ भएको र उनै दीपंकर बुद्धबाटै तपस्वी भविष्यमा गौतम बुद्ध हुने भविष्वाणी गरिएको कुरा हामीलाई सुमेध तपस्वीको जातक कथाबाट स्पष्ट हुन्छ । कपिलवस्तुको गोटिहवामा ककुच्छन्द बुद्ध, कोनागमन बुद्धको स्तूप अवशेष बारे ऐतिहासिक जानकारी हुनु, बौद्धको स्तूपमा काश्यप बुद्धको केशधातु भएको विश्वास, अनि लुम्बिनीमा शाक्यमुनि बुद्धको जन्म बारे अविवादित ऐतिहासिक एवं पुरातात्विक प्रमाण पाउनु यी सबै वास्तवमा प्राचीन बौद्ध संस्कृतिकै एक अनुपम नमूना हो, जुन प्रकारको बौद्ध संस्कृतिले नेपाल अतीत बुद्धदेखि नै

Downloaded from http://dhamma.digital/

बुद्धधर्मको क्षेत्र हो भन्न सकिन्छ। लुम्बिनीमा शाक्यमुनि बुद्धको जन्मबारे पाइएका ऐतिहासिक एवं पुरातात्विक अवशेषझैं अहिलेसम्म नेपालको इतिहासमा कुनैपनि धर्म पुरुषहरू बारेमा केही पाइएका छैनन्। यसकारण बौद्ध संस्कृतिको यो प्राचीनता नै नेपाली संस्कृतिको पहिलो आधारशिला हो।

पालि साहित्यको अध्ययनबाट स्पष्ट हुन्छ, बुद्धको पहिलो धर्मचक्र प्रवर्तन कपिलवस्तुबाट श्रमण भएका पञ्चवर्गीय सामु भएको थियो। बुद्ध शासनको पहिलो भिक्षुणी हुने सिद्धाथ गौतमलाई दुग्धपान गराउने महाप्रजापति गोतमी थिइन् भन्ने पहिलो श्रामणेर सिद्धार्थ र यशोधराको सात वर्षीय छोरा राहुल थियो बुद्धको जीवनकालमा नै हजारौं हजार कपिलवस्तु र देवदहका नागरिकहरू बुद्धको धर्मप्रचारार्थ भिक्षु भिक्षुणी भएका थिए। मूलसर्वस्तिवादी विनय पुस्तक अनुसार बुद्धको जीवनकालमा नै नेपाल उपत्यकासम्म यी भिक्षुहरू मध्ये केही भिक्षुहरू पुगिसकेका थिए।

### ३) लिच्छविकालमा बौद्ध संस्कृतिको रुप

नेपाल उपत्यकाको पहिलो चारित्रिक व्यक्तित्वका साथ देखिने ऐतिहासिक राजा वृषदेव बुद्ध शासनका पक्षपाति थिए। यदाकदा बौद्ध संस्कृतिमा तुषारापात गर्न खोज्ने अनुपरमको जस्तो प्रयास देखिएता पनि नेपाली संस्कृतिलाई शान्ति र अहिंसाको सौन्दर्य तथा शीलको सुवास दिने बौद्ध प्रयास अक्षुण्ण रहेको स्पष्ट छ। अंशुबर्माको समयमा राजकीय स्तरमा गुं विहार, श्रीमान विहार, श्री राज विहार, खर्जुरिका विहार, मध्यम विहारमा आर्थिक अनुदान हुन्थ्यो। बौद्धहरूको आर्थिक अनुदान गार्हस्थ्य उपभोगमा प्रयोग गर्दैनथ्यो। यसै कारण यहाँ अनकौं विहारहरू बने, बुद्ध र बोधिसत्वका मूर्तिहरू बने, अध्ययन-अध्यापन भए, धर्मदूतको आदान-प्रदान भए, एशियाई भ्रातृत्व र समताको शान्ति र समृद्धिको संवर्द्धनमा विशेषतः भारत, श्रीलंका, बर्मा, थाइलैण्ड, तिब्बत, चीन, जापान, कोरिया, मंगोलिया र इण्डोनिशियाको कला, साहित्य, धर्म र दर्शनको सम्पन्नता र समृद्धिका लागि नेपाली बौद्ध संस्कृति सेतु बने।

Downloaded from http://dhamma.digital/

अघिल्ला युगको उत्तराधिकार संरक्षण गर्दै मध्यकालीन नेपालको प्रारम्भिक कला र वास्तुकला धर्म र दर्शनमा एक नयाँ आयामको थालनि भएको पनि देखिन्छ । त्यो हो, वाङ्मयको प्रतिलिपिकरण अर्थात् ग्रन्थ पुर्नलेखन । पाटनको हिरण्यवर्ण र रुद्रवर्ण महाविहार, भक्तपुरको चतुर्ब्रम्ह विहार, काठमाडौंको विक्रमशील विहार, फर्पिङ्गका यस्तै अज्ञात विहारहरू यसका प्रमुख केन्द्रहरू मध्येका थिए । यस युगको सांस्कृतिक देन हजारौं पाण्डुलिपि ग्रन्थहरू आज पनि हाम्रो राष्ट्रिय संग्रहालयमा, तिब्बत, चीन, मंगोलिया र जापानका प्राचीन विहारहरूमा संरक्षित छन् । त्यसबेला ताडपत्र, भुजपत्र, नीलपत्र निर्माण गर्ने सुन र चाँदीका मसि बनाउने, लिच्छवि, रञ्जना, भुजिंमोल, कुंमोल, पाचुमोल, क्वेंमोल, लितुमोल आदि लिपि विज्ञानको विकास हुने जुन साँस्कृतिक कार्य भए त्यो बौद्ध संस्कृतिको नै अतुलनीय देन हो । रञ्चना लिपि चीन, जापान, कोरिया र मंगोलियासम्म फैलियो । यस्ता विविध लिपिहरूको विकास अन्य बौद्ध देशमा भएको देखिंदैन । मध्यकालीन पाण्डुलिपि ग्रन्थमा र ग्रन्थको काठको गातामा लेखिने देव-देवीका, बुद्ध र बोधिसत्वका चित्रहरू यस युगको त्यो देन हो, जुन देनबाट हाम्रो चित्रकलाको स्पष्ट र प्रामाण्य इतिहास बनेको छ ।

राष्ट्रिय संग्रहालयस्थित बोधिसत्वको दोश्रो शताब्दीतिरको बोधिसत्वको प्रस्तर मूर्तिदेखि नेपाली मूर्ति कलाको अक्षुण्ण प्रवाह शुरु हुन्छ । चायूबहिलको लिच्छवी अभिलेखमा उल्लेख भएको किन्नर जातकको शिलामय चित्रकथा अजन्ता, अमरावती, साँची, अंकोरवाट र बोरोबुदुरमा जस्तै उत्खनन् गरेर खोजेर हालसम्म भेट्टाउन सकेका छैनौं तापनि टुंडिखेलको महांकाल अगाडि रुखपुनि रहेको एउटा श्रद्धा-चैत्यमा उत्कीर्ण किन्नरहरूबाट अनुमान गर्न सक्छौं हाम्रो बौद्ध कला कत्तिको स्तरयुक्तको छ । काठमाडौंको चायबहिल, भ्वाःबहाल, श्रीघल, स्वयम्भू, बांगेमुढा, गणबहाल, पाटनको तुंबहाल, भक्तपुरको सिद्ध पोखरी उत्तर दिशास्थित बुद्ध र बोधिसत्वका मूर्तिहरूबाट बौद्ध संकेतको नेपाली कलात्मक शैली उच्चस्तरको रहेका स्पष्ट हुन्छ । यस शिलामय कलाकृति निर्माण अगाडिका काठ र माटाका

Downloaded from http://dhamma.digital/

कलाकृति बारेमा हामीलाई सारै कम ज्ञान छ । प्रायः प्राचीन बौद्ध विहार स्थित मुख्य मूर्ति शाक्यमुनि बुद्ध मूल रुपमा काठ वा माटोका बनाइराखेका हुन्छन् ।

**४) वर्णव्यवस्थाविहीन संस्कृति**

लिच्छवि युगमा जन्मगत प्रकारको वर्ण व्यवस्थाको संकेट स्पष्ट गर्दछ। तर अभिलेख र बौद्ध अनुश्रुतिबाट यो पनि स्पष्ट गर्दछ, बौद्ध संस्कृतिले कमसेकम जयस्थिति मल्लको युगसम्म जन्मबाटै ब्राह्मण श्रेष्ठ उच्चमान्ने र शाक्य बज्राचार्यहरूको लागि निम्न पेशा मात्र दिने खान लाउनमा समेत भेदभाव गर्ने वर्ण व्यवस्था थिएन । बिभिन्न वर्णका श्रद्धालुबाट स्थापित बौद्ध कला, वस्तुकला, विहारलाई जग्गा दान, विशेषतः उच्चनीच बिभिन्न वर्णका मानिसलाई चूडाकर्म गरेर बौद्ध विहार बनाएको यथार्थताबाट यो कुरा प्रमाणित हुन्छ । सतीप्रथा पनि नेपालमा लिच्छवी युगमा नै भित्रिने प्रयास भएको थियो तर बौद्ध प्रभावबाट नेपाली बौद्ध संस्कृतिको देनबाट कमसेकम मल्ल युगको उत्तरार्द्धसम्म नेपाली नारी वर्गलाई धर्मको नाउँको जिउँदै पोल्नुपर्ने स्थितिबाट मुक्ति दिए । नेपाली बौद्धमा विधवा विवाह अस्वीकृत छन्, न त विधवा विवाहमा असमानजनक धारणा राख्दछ ।

**५) सँगैबसी खाने संस्कृति**

नेपाली बौद्धहरू आज पनि खाना खाँदा पारिवारिक रुपमा सबैसँगै बसेर समान रुपमा खाने कुरो खाने गर्छन् । भोजमा सबै मानिसहरू लामो सुकुलमा लामलामि बसेर सँगै खाने गर्दछन् । यो सम व्यवहार बौद्ध संस्कृतिको समता दर्शनका प्रतिफल हो ।

नेपालको चाडपर्व, उत्सव र यात्राहरूमा प्रारम्भिक बुद्धधर्म र विकसित बुद्धधर्म अथवा तन्त्रयान मन्त्रयानहरू निमित्त कारणहरू भएको तथ्य पनि स्पष्ट छ । प्राकृतिक स्थिति र उत्पादनबाट उपलब्ध वस्तुहरूको उपयोग र उपभोग गर्ने सन्दर्भमा चाडपर्वहरू, कौसीको गमलामा नै भए पनि धान रोप्ने शाक्य जातिका वप्प मंगल (धान रोपाइँ) रीति, आमा बाबुको मुख हेर्ने परम्परा, 'सी गुठी' आदिमा निहित गुठीहरूको सहयोगात्मक संगठन स्वरुप, आफ्ना श्रीसम्पत्ति अन्यत्र लैजान

Downloaded from http://dhamma.digital/

नपर्नेगरी आफै कहाँ भएका नदी नालाहरूलाई तीर्थस्थल रुपमा मान्ने परम्परा, ह्वेनसांङ्गले खोताङ्ग आदि सुदूर उत्तर पश्चिमी एशियामा देखिएका (तर आज लोप भइसकेका जस्तै बुद्ध र बोधिसत्वको रथयात्रा) जस्तो पाटनको आर्यावलोकितेश्वर (बुंगद्यो) र काठमाडौंको श्वेत वर्ण बोधिसत्व (जनबहा:द्यो) को यात्रा नेपाली बौद्ध संस्कृतिका ती पक्षहरू हुन्, जसको सही अध्ययन र विश्लेषणको आज अपेक्षा राख्दछ। ऋतु अनुसारका संगीत र देशको भौगोलिक स्थिति अनुसारको श्रमसाध्य जीवनको अवकाश सम्मका नाचगानहरूको विकासमा बौद्ध संस्कृतिका नृत्य, गीत, भाव र रस हामी तान्त्रिक देवदेवीका मूर्तिहरूको मुद्रा र लयमा ग्रहण र सरस रुपमा प्रवाहित र तरंगितभावमा भइरहेको भावमा दार्शनिक शूक्ष्मभाव स्पष्ट छ।

वस्तुत: नेपाल सांस्कृतिक दृष्टिबाट अत्यन्त सम्पन्न र समृद्ध देश हो यस सम्पन्नता समृद्धिमा त्याग र सदाचारको पोषण छ कुटिलता र प्रपञ्च प्रवृत्तिबाट मुक्त हुन स्वच्छन्दता र स्वतन्त्रता नेपाल संस्कृतिमा छ, त्यसमा बौद्ध संस्कृतिकै पसिनाको सुगन्ध र पवित्रताको सौन्दर्य छ।

### ६) चाडपर्व र बौद्ध संस्कृति

चाडपर्व सांस्कृतिक जीवनको एक अभिन्न अंग हो। नेपाल उपत्यकामा प्रचलित धेरै चाडपर्वहरूमा बौद्ध दर्शन र बौद्ध संस्कृतिको नमेटिने प्रकारको छाप छ। पाटनको बुंगद्यो यात्रामा करुणामय रथारोहण देखि भोटो यात्रा सम्मको क्रियाकलाप, प्रतिदिन हुने स्त्रोत पाठ, पूजा र विशेष पाठ पूजामा बोधिसत्वप्रतिको आदर त छँदैछ साथै अनेक घटना र ऐतिहासिक तथ्यतिर पनि ध्यान आकर्षित गर्दछ। ह्वेनासांगले आफ्ना यात्रा र राजाहरूद्वारा त्यस्ता रथयात्रामा देखाउने सम्मान र पूजादिको विशद वर्णन गरेको छ। यसकारण राजा नरेन्द्रदेव र बन्धुदत्त आचार्यको आर्यावलोकितेश्वर करुणामय बारेको वंशावली वर्णन समय सापेक्ष दृष्टिबाट विचारणीय छ।

पाटनको आर्यावलोकितेश्वरको रथयात्रा जस्तै काठमाडौं 'जनबहा: द्यो'

Downloaded from http://dhamma.digital/

सेतो मत्स्येन्द्रनाथ यात्रा, कुमारी यात्रा र भादगाउँको विस्का यात्रा धेरै महत्वपूर्ण छ। त्यस्तै विपश्वी बुद्धद्वारा कमलपुष्प आरोपण गरेको स्मरणमा मनाइने ल्हुति पुन्ही (चैत्र पूर्णिमा) आचार्यहरूको सम्मानगर्ने गुरुपूर्णिमा, बौद्धकला र वास्तुकला प्रदर्शनीको प्राचीन स्वरुप गुन्हपुन्ही (श्रावण पूर्णिमा), आकाश दीपदान शुरु गर्ने कतिंपुन्ही (आश्विन पूर्णिमा), कुठी पूजा गर्ने यो मह्री पुन्ही (मंसिरमा) मनाउँदै आएको छ। बोधिसत्व अवदान कल्पलताको भुमिका अनुसार अवदान युगसम्म बैशाख पूर्णिमालाई "जिन जन्महोत्सव" रुपमा मानेता पनि मध्यकालको अन्त्यतिर आएर बुद्धको जन्म, सम्बोधिलाभ र महापरिविर्नण दिवसको महत्व चाहीं केही शताब्दी बिर्सिदिएको देखिन्छ।

नेपाली पर्व दिनहरू मध्येमा गुँलाथ्व ८ अर्थात् श्रावण शुल्क अष्टमीका दिन गरिने पाटनको पञ्चदान र गुँलागाः १३ अर्थात भाद्रकृष्ण त्रयोदशिकादिन गरिने काठमाडौंको पञ्चदान, खोल्चा पाखा, प्यूखा, ताम्सपिखामा लगनबहाल, वटु बहाल र इतुंबहालद्वारा गरिने सम्यक्दान, पछि १२ बर्षमा गरिन लागेको सम्यक् दान र पाटनको प्रति पाँच वर्षमा गरिने सम्यक्दान प्रत्यक्ष रुपमा बौद्ध संस्कृतिसँग प्रत्यक्ष सम्बन्ध भएको दानकार्यको पर्वदिन हो। त्यस्तै बैशाखकृष्ण औंसिका दिन आमाको र भाद्रकृष्ण औंसिका दिन बाबुको मुख हेर्ने, अक्षय तृतीयाका दिन पान र फलमूल दान गर्ने, पशुपति महादेवलाई हिरण्यवर्ण महाविहारबाट लगिएको बुद्ध मूर्ति भएको मुखल पहिराउने मुखः अष्टमी अर्थात् कार्तिक शुक्ल अष्टमी बौद्ध सांस्कृतिक महत्ता भएका पर्वहरू हुन्। यस अतिरिक्त बागद्वारको सपनतीर्थ मेला, सांखुको वज्रयोगिनी यात्रा र बरे कुतुं वनीगु पर्व आदि स्थानीय महत्वमा प्रभाव पार्नेपर्वहरू हुन्। सिठी नखः जेष्ठ शुक्ल षष्ठी इनार पनेरो सफा गर्ने चाड भए श्रावणकृष्ण त्रयोदशीको गथांमुगः अर्थात् घण्टाकर्ण र पौषकृष्ण दशमीको दिशीपूजा तन्त्रयानसँग सम्बन्धित चाडपर्वहरू हुन्। "गुँला धर्म" भन्ने श्रावण महिनाको पुण्यकार्य अथवा महिनाभर गरिने धर्म श्रवण र धार्मिक अनुष्ठान अथवा कृषि कार्यबाट प्राप्त अवकाशलाई सदुपयोग गर्ने क्रिया मात्र होइन विविध पक्षबाट महत्वपूर्ण सांस्कृतिक पक्ष पनि हो।

Downloaded from http://dhamma.digital/

### ७) संस्कृतिः जीवन क्रिया र कर्मक्रिया

धर्म र दर्शन जति उच्च र पवित्र भएता पनि मानिसहरूका लागि जीवनको मन, वचन र कर्ममा यसको पुर्ण चरितार्थ गर्नु सजिलो कुरा होइन । यद्यपि जीवन व्यवस्था र सामाजिक संरचनामा कानूनी दण्डको भयबाटभन्दा नैतिक गुण धर्मको नैतिक रुपमा परिपालनको धर्म र संस्कृतिबाट बढी व्यवस्थित र शान्तिमय बनाई राखेको छ तथापि भौतिक सुख सुविधा पाउने व्यवस्थाबाट आज त्यो धर्म र संस्कृतिमा संप्रेरित व्यवस्था र शान्ति क्रमशः दूर्बल र अशान्त हुँदै गएको छ । नेपाली बुद्धधर्म र संस्कृति पनि केही कर्म क्रियामा सीमित हुँदै गइरहेको छ । मंजुश्री पाराजिका, नेमसूत्र पाराजिका, क्रिया संग्रहबाट नाभिक्षेदन (पिध्यने), जातकर्म (मचाबू ब्यंके) नामकरण (नाँछुये), अन्नप्रासन (मचाजंको), कर्ण भेद (न्हेपं प्वाः खने), चूडाकर्म, बज्राचार्यभिषेक, पाणिग्रहण, भीमरथ देवरथ र महारथ आरोहण जंको, मरेको मान्छेका शरीरमा फलाम राख्ने, उसको सिरान र खुट्टातिर बाल्ने, छ्वासगालमा मृतकको वस्त्र फाल्ने, सेतो कपडाले बेर्ने (देखापिखां तिके) मृतक शरीर यात्रा (सिथ यनेगु, फोहर मैलो फाल्ने (पिवायेगु) मृतक शरीर विद्यमान अवस्थामा शमशानमा काक, श्वान र प्रेत पिण्ड दिने, अस्ति परीक्षण गर्दै सात दिनमा न्हेनुमा दिएर खाजा खाइ (आकाश दीप सहित खाद्य पदार्थ भुण्ड्याउने), दुब्यंके (शुद्धि गर्ने), विभिन्न दिनमा विशेषतः मृत्युको डेढ महिना, तेश्रो, छैठौं महिनामा पिण्ड दिने क्रियाकर्मको वर्णन गरेको छ ।

### ८) वर्तमान बौद्ध संस्कृतिको स्वरुप

वर्तमान युगको नेपालमा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट नुवाकोट चैत्यको जीर्णोद्वार, १२ बर्षे सम्यक् प्रथाको प्रचलन श्री ५ राजेन्द्रबाट महासत्वोपाख्यानको रचना आजिद भएता पनि विशेष उल्लेख्य बौद्ध क्रियाकलाप केही भएन । राणाकालको उदय पछि बौद्धहरू राजनैतिक सत्ता सम्पन्नहरूसँग अलगिएकै देखिन्छ। बौद्धहरू हिन्दू भए केही होइन, हिन्दूहरू बौद्ध भए अपराधी बन्ने व्यवस्था र अवस्था चन्द्र शम्शेरको शासनकालदेखि स्पष्टिन

Downloaded from http://dhamma.digital/

थाले । यता बौद्धहरू पनि आफ्ना बहाल, बहिल र चाडपर्वका त्यस्तै दैनिक क्रिया कर्मका बुद्ध धर्ममा र बौद्ध सांस्कृतिक संरचनामा सीमित हुँदै गए ।

आजको नेपाली बुद्ध धर्म र बौद्ध संस्कृति भन्नु नै स्वेच्छाबाट अथवा लोकापवादबाट बच्ने अभिप्रायले गर्ने क्रिया कर्महरू भएका छन् । बहाल बहिलमा नित्य पूजा गर्ने प्रातः र सन्ध्या समय स्तोत्र पाठ गर्ने र महिनाभर चोबहाल अथवा स्वयम्भूमा जाने धार्मिक क्रियामा ह्रास नै नभएता पनि प्रगति हुन सकेको देखिदैन । बिभिन्न वाद्यवादन, भजन, स्तोत्र पाठ, चर्यागीतको परम्परा आजका बुद्ध भक्तहरू पछि कसरी संरक्षित हुने हो एक समस्या भएको छ ।

**९) बौद्ध संस्कृतिको क्षेत्रमा नवजागरण**

एशियाली राजनैतिक र सांस्कृतिक पुनर्जागरणको प्रभाव नेपालमा पनि देखा परेपछि बुद्धधर्म र बौद्ध संस्कृतिको क्षेत्रमा नवजागरण देखा पऱ्यो । स्वयम्भूको जीर्णोद्वार, क्याछे लामाद्वारा सार्वजनिक धर्म देशनाबाट पुनः बुद्धधर्म र संस्कृतिमा नयाँ चेतना आउनु र ५ नेपाली युवकहरू महाप्रज्ञा, महाचन्द्र, महाज्ञान, महावीर्य र महाक्षान्ति नाउँका लामा भिक्षु हुनु यसको उदाहरण हो । तर राणा प्रशासन विशेषतः राणा प्रशासनको वरद प्रभाव पाएका पुरोहित वर्गहरूको प्रयासबाट यी युवक घ्येलुंहरूलाई देश निकाला गरे ।

**१०) भिक्षुहरूलाई देशनिकाला र धर्मोदयसभाको उदय**

मध्यकालीन राजा जयस्थिति मल्लले थालेको तथाकथित सामाजिक सुधारको सयौं वर्षपछि नेपालमा बुद्धधर्म पुनर्जागरण एवं पुनरुत्थान गर्न बि.सं. १९९९ श्रावण १३ गते स्वयम्भूको उत्तर खाल्डोमा स्वयम्भूको घ्याङ्गगुठीको अमानतबाट बहालीपूर्जी पाएपछि भिक्षु धम्मालोकले एउटा सानो कुटी धर्मशाला बनाउन थाल्नुभयो जुन पछि गएर आनन्दकुटी विहारमा परिणत भयो । भिक्षु धम्मालोकले द्वितीय वर्षावास वि.सं. १९९९ को जनैपूर्णिमा (ने.सं. १०६२ गुंलाथ्व १५ पुन्हि) आनन्दकुटीमा बिताउनुभयो र त्यतिबेला भिक्षु अमृतानन्दले स्वयम्भू पर्वतस्थानमा कार्तिक महिना भरि

Downloaded from http://dhamma.digital/

विश्वन्तरजातकको कथा भन्नुभएको थियो । परिणामतः बुद्धधर्म र बौद्ध संस्कृतिमा नयाँ शक्ति संचारित भए, नयाँ चेतना प्रस्फूटित भए, नयाँ ज्योति प्रकाशित भए ।

वि.सं. २००१ श्रावण १५ (३० जुलाई १९४४) का दिन तत्कालीन श्री ३ महाराज जुद्धशमशेर जंगबहादुर राणाको शासनकालमा भिक्षुहरू कर्मशील (प्रज्ञानन्द), धर्मालोक, सुबोधानन्द र प्रज्ञारश्मि, श्रामणेरहरू प्रज्ञारस, रत्नज्योति, अग्गधम्म र कुमार काश्यप (निवर्तमान अखिल नेपाल भिक्षु महासघका अध्यक्ष) गरी ८ जनालाई बुद्धधर्म प्रचार गरेको निहुँमा बुद्धको जन्मभूमिबाट देशनिकाला गरियो । त्यसपछि वि.सं. २००१ कार्तिक १५ गते (३१ अक्टोबर १९४४)वनारसमा भिक्षु अमृतानन्दको सक्रियतामा भिक्षु ऊ. चन्द्रमणि महास्थविरको अध्यक्षतामा र भिक्षु अमृतानन्दको सचिवत्वमा 'धर्मोदयसभा' को स्थापना गरियो । अनि सरकारले गरेको अन्यायपूर्ण देशनिकालाको विरुद्ध आवाज उठाउन भिक्षु अमृतानन्द श्रीलंका जानुभई Buddhist Good Will Mission (बौद्ध शुभेच्छुक धर्मदूत मण्डल) समूहमा सामेल हुनुभयो ।

**११) श्रीलंकाली धर्मदूतमण्डल नेपालमा आगमन**

वि.सं. २००३ (अप्रिल १९४६) मा भिक्षु अमृतानन्दको विशेष सक्रियतामा पाँच सदस्यीय (स्थविर भिक्षुद्वय नारद र प्रियदर्शी, भिक्षु अमृतानन्द नेपाली, प्रोफेसरद्वय रत्नसुरीय र अरियपाल) श्रीलंकाली Buddhist Good Will Mission नेपाल आइपुग्यो । उक्त धर्मदूतमण्डलको नेतृत्व वजिराराम विहारका भिक्षु नारद स्थविरले गर्नुभएको थियो । स्मरणीय छ, उक्त धर्मदूतमण्डल धर्मप्रचारको रुपमा नभएर तीर्थयात्राको रुपमा मात्र नेपाल सरकारबाट प्रवेशाज्ञा (भिसा) पाएका थिए । धर्मदूतमण्डललाई तत्कालीन प्रधानमन्त्री श्री ३ पद्मशमशेर जबराद्वारा दर्शनभेट बक्स भयो र यतिबेला उक्त मण्डलले २००१ सालमा भूतपूर्व श्री ३ महाराजद्वारा हुकुम बक्स भए बमोजिम नेपाली बौद्धभिक्षुहरूलाई स्वदेशबाट निकाला गरेको कुरा स्मरण गरायो र पछि श्री ३ महाराजा पद्मशमशेरद्वारा भिक्षु धम्मालोकलाई प्रवेशाज्ञा दिइयो अनि पुनः भिक्षुहरूको स्वदेश फर्कने क्रम सुरु भयो ।

Downloaded from http://dhamma.digital/

# पवित्र अस्थिधातु दर्शन एक संस्कृति

## १) सर्वज्ञ बुद्धको पवित्र अस्थिधातुको आगमन

Buddhist Good Will Mission का प्रमुख नारद स्थविरले नेपालबासी बौद्धहरूका लागि पूजा सत्कार गर्न सर्वज्ञ बुद्धको पवित्र अस्थिधातु उपहार स्वरुप ल्याउनुभएको थियो । त्यस पवित्र अस्थिधातु नेपाली बौद्धहरूका लागि श्री ३ महाराज पद्मशमशेरलाई हस्तान्तरण गर्ने शुभेच्छा प्रकट गर्दै एउटा सन्देश पठाउँदा सम्पूर्ण बुद्धका अनुयायीहरूलाई 'दर्शनका लागि स्वयम्भूमुनीको आनन्दकुटी विहारमा नै चैत्य स्थापना गरी पवित्र अस्थिधातु प्रतिस्थापित गर्नु' भन्ने श्री ३ महाराजद्वारा हुकुम भयो । यसै कुरालाई कार्यरुप दिन बु.सं. २४९० (बि.सं. २००३) वैशाख पूर्णिमाका दिन धर्मदूतमण्डलका सदस्यहरूको सम्मुखमा ७ जवान श्रद्धालु दाताहरू मिलेर चैत्यको शिलान्यासको शुभकार्य सम्पन्न गरियो ।

## २) नेपालमा सर्वप्रथम बुद्धको पवित्र अस्थिधातु प्रदर्शन तथा आनन्दकुटीस्थित श्रीलंका चैत्यको समुद्घाटन

२००५ साल (मे ५, १९४८) मा भिक्षु नारदस्थविर नेपाल दोस्रोपटक भ्रमण गर्न नेपालका तेस्रो संघनायक भिक्षु अनिरुद्ध महास्थविरका साथमा पाल्नुभयो । बु.सं. २४९२ औं बैशाखपूर्णिमा बुद्ध पूर्णिमाको शुभदिनमा बिहान आनन्दकुटी विहारमा बूद्धपूजा, शीलप्रार्थना र धर्मदेशना पश्चात् श्रद्धेय भिक्षु नारद महास्थविरका करकमलबाट आनन्दकुटीमा नवनिर्मित चैत्यको समुद्घाटनकार्य सम्पन्न भयो । उक्त चैत्यलाई श्रीलंका (राम) चैत्य नामकरण गरियो सोही दिन दिउँसो १-३ बजेसम्म लंकाद्वीपमा अवस्थित अनुराधपुरबाट ल्याइएको सर्वज्ञ बुद्धको पवित्र अस्थिधातु श्रद्धालु भक्तजनहरूका लागि प्रदर्शन गरियो । पवित्र अस्थिधातु दर्शन गर्न श्रद्धालु भक्तजनहरूको ठूलो भीड लागेको थियो । नेपालमा शाक्यमुनि सर्वज्ञ बुद्धको नवजागरण पछि पवित्र अस्थिधातु पुनः प्रदर्शन गरिएको यो नै इतिहासमा पहिलो घटना हो ।

Downloaded from http://dhamma.digital/

पवित्र अस्थिधातु प्रदर्शनपछि सुरुङको बाटो हुँदै श्रीलंका चैत्यको गर्भभित्र निधान गरियो । श्रीलंकास्थित क्यान्डीमा रहेको बुद्धको पवित्र दन्तधातु सुरक्षा गर्न जसरी तीनवटा साँचो बनाई मन्दिरका प्रमुख भिक्षु, निर्देशक पुजारी (दियवडन निलिमे) र सरकारी व्यक्तिसमेत तीन पक्षलाई साँचो बनाई हस्तान्तरण गरिन्थ्यो त्यसरी नै नेपालमा पनि ३ वटा साँचो बनाई २ प्रमुख भिक्षु र १ जना दातालाई हस्तान्तरण गरियो । त्यतिबेला राणाकालीन अवस्थाको कारणले गर्दा सरकारलाई दिइने साँचो पनि प्रमुख भिक्षुसँगै रहेको थियो । गर्भभित्रको सेफको साँचो दातालाई दिइने भनिए बमोजिम दाताहरूबाट क्रमशः चारजना तुलाधरहरू करुणारत्न, सप्त वीरसिं, हेराभाइ र केशरत्न छानिनुभएका थिए। उहाँहरू आफैले हरेक वर्ष पालै-पालो सो साँचो हस्तान्तरण गर्नुपर्ने नियमसमेत बनाइएको थियो । यसरी हरेक वर्ष तीनवटा साँचोद्वारा सुरुङको द्वारबाट प्रवेश गरी चैत्यागर्भको सेफ खोली बैशाख पूर्णिमाका दिन सर्वसाधारणलाई पवित्र अस्थिधातु दर्शन गराउने चलन चल्यो ।

**३) पवित्र अस्थिधातुको ऐतिहासिक पृष्ठभूमि**

कुशिनगरमा भगवान् बुद्धको महापरिनिर्वाण भएपछि मल्लहरूको पवित्रस्थल मुकुटबन्धनमा पुऱ्याई अन्तिम दाहसंस्कार गरिँदा चिताको आगो निभिसकेपछि खरानीमा बुद्धको पवित्र अस्थिधातु बाँकी रह्यो । आचार्य भिक्षु अमृतानन्दद्वारा लिखित बुद्धकालीन ब्राम्हण भाग-१ अनुसार बुद्धका अस्थिधातुहरू जम्मा १६५ नाली अथवा ३२ माना थिए र ती अस्थिहरू स-साना गोलो-गोलो आकारका तीन रंगका थिए । अस्थिधातु मुंगी, रायोको गेडा र चामलका कनिका जस्ता आकारका थिए । त्यतिबेला बुद्धको अस्थिधातु प्राप्त गर्न ठूलो विवाद उठेको थियो । बुद्धको महापरिनिर्वाणपछिको ज्येष्ठ भिक्षु महाकाश्यप महास्थविरको सल्लाहअनुसार द्रोणले अस्थिधातु आठ भाग लगाएर विभिन्न देश, प्रदेश र नगरलाई बाँडिदिए, सबैले चैत्य बनाई अस्थिधातु निधान गरी पूजा गरिराखे । कालान्तरमा मगधराजा अजातशत्रुले अस्थिधातु निधान गरेको ठाउँमा सम्राट अशोकले उत्खनन् गर्न लगाई ८४,००० चैत्य बनाई ती अस्थिधातु निधान गरेको कुरा बौद्ध साहित्यमा पाइन्छ ।

Downloaded from http://dhamma.digital/

सम्राट अशोकले श्रीलंकामा धर्म प्रचार गर्न आफ्ना छोरा भिक्षु महेन्द्र महास्थविरलाई पठाउँदा राजा देवानंपिय तिस्सलाई उपहारस्वरुप थुप्रै पवित्र अस्थिधातु पठाइदिएका थिए । अनुराधपुरमा धानको थुम्को (थुप्रो) को आकारको स्तुप बनाई विभिन्न स्तुपमा अस्थिधातु निधान गरे । पछि बीसौं शताब्दीको प्रारम्भमा श्रीलंकाका विभिन्न ठाउँहरूमा पुरातात्विक उत्खनन् तथा अनुसन्धानको क्रममा अनुराधपुरमा लंकानिवासी हर मानिस नामक व्यक्तिले भेट्टाएको अस्थिधातुमध्येमा केही अस्थिधातु आफैसँग सुरक्षित राखे । उनको देहावशान पश्चात् उनकी श्रीमतीले केही अंश आफ्नो श्रद्धाको विहार कोलोम्बोस्थित बजिराराम विहारलाई चढाईन् र त्यसैको अंश पनि नारद महास्थविरले नेपालमा ल्याउनुभयो ।

**४) कान्तिपुरी नगरीमा पहिलोचोटी पवित्र अस्थिधातुको नगरपरिक्रमा**

बु.सं. २४९३ (बि.सं. २००६) औं बैशाख पूर्णिमा ३० गतेका दिन आनन्दकुटी विहारमा बुद्धपूजा, शीलप्रार्थना, धर्मदेशना लगत्तै बिहान ११ बजेसम्म श्रद्धालुहरूका लागि पवित्र अस्थिधातु प्रदर्शन गरियो । दिउँसो ३ बजे पवित्र अस्थिधातु आनन्दकुटी विहारदेखि फूलैफूलको खटमा सजाएर विभिन्न साँस्कृतिक बाजागाजा, ज्ञानमालाभजन र त्रिरत्न गुण स्मरणका साथ यात्रा गरी श्रीघः विहार, नःघलमा साँझ ६/२५ बजे पुगेको थियो । बाटोभरि सजाइएको घर घरमा दीप बालिएको, लावालस्करले भरिएको उक्त अस्थिधातुको कान्तिपुरी नगर परिक्रमा यात्रा पहिलो चोटीको थियो । कतिपय मानिसहरूले नै फूलैफूलले सजाएका खटमा राखी कुन देवताको जात्रा गरेको भनी जिज्ञासा राख्नेहरू पनि धेरै देखिए, यस पवित्र अस्थिधातु यात्राले गर्दा पनि तत्कालीन जनमानसमा वैशापूर्णिमा बुद्ध पूर्णिमाको ठूलो प्रभाव पर्दै आएको थियो । यस पवित्र दिनमा बेलुका घर घरमा दीपावली मनाइएको थियो । यसको भोलिपल्ट बैशाख ३१ गते बिहान सूर्य उदाउन पाएकै दिएन श्रद्धालुहरू श्रीघः विहारमा दर्शनार्थ घुँइचो लाग्यो । दिउँसो पुनः ३ बजेतिर आनन्दकुटी विहार स्वयम्भूतर्फ लगेर श्रीलंका चैत्यको गर्भभित्र सो अस्थिधातु निधान गरिएको थियो ।

Downloaded from http://dhamma.digital/

**५) वैशाखपूर्णिमाका दिन बौद्धहरूको लागि सार्वजनिक विदाका घोषणा**

नारद स्थविर श्रीलंका फर्किनु अगाडि भिक्षु अमृतानन्द र उहाँ सिंहदरबार जानुभई वैशाखपूर्णिमाका दिन सार्वजनिक बिदा घोषणा गरियोस् भनी श्री ३ महाराज मोहनशमशेर समक्ष सविनय अनुरोध गर्नुभएको थियो। २००५ साल (३० जून १९४८) काठमाडौंको यट्खाबहाल (हाल १९ वडा) मा भिक्षु नारद स्थविरलाई नागरिक अभिनन्दन समारोहको आयोजना गरियो। श्री ३ मोहनशमशेरको प्रतिनिधिका रुपमा प्राइभेट सेक्रेटरी दीपराज मानन्धर एम.ए. को सभापतित्वमा भएको यो ऐतिहासिक सार्वजनिक सभा हो, जुन २००४ सालको नेपालको पहिलो लिखित संविधान घोषणापछिको सर्वप्रथम सार्वजनिक सभा थियो। यसै सभामा श्री ३ महाराज मोहनशमशेरद्वारा वैशाखपूर्णिमाका दिन सरकारी बौद्ध कर्मचारीहरूका लागि सार्वजनिक बिदा दिने हुकुम भएको कुरा श्री ३ महाराजका सुपुत्र कमान्डर इन चीफ शारदाशमशेर जबराद्वारा हस्ताक्षरित अंग्रेजी पत्रमा लिखित श्री ३ महाराजको शुभसन्देश पढेर सुनाउँदा त्यहाँ उपस्थित जनसमुदायहरूद्वारा सुस्वागतको रुपमा बनाइएको करतल ध्वनि गुञ्जायमान भएको कुरा प्रत्यक्षदर्शीरु आज पनि छन्। यसरी दुई महिनाको अन्तरमा श्रद्धेय भिक्षु नारद नेपालमा बुद्ध शासन उत्थान गर्न ठूलो सघाउ पुऱ्याउनु भई १० जुलाई १९४८ मा उहाँ श्रीलंका फर्किनुभयो।

**६) पवित्र अस्थिधातु प्रथमपटक हात्तीमा सजाई नगर परिक्रमा**

बु.सं. २५९३ (२००७ साल) को बैशाख पूर्णिमा मनाउन श्रद्धेय नारद स्थविर २३ अप्रिल १९५० का दिन तेस्रो नेपाल भ्रमणमा आउनुभयो। गत वर्षको बुद्ध पूर्णिमामा झैं आनन्कुटी विहारमा वैशाखपूर्णिमाका दिन शील प्रार्थना, बुद्धपूजा, धर्मदेशना पश्चात् दिउँसो ३ बजे सरकारद्वारा अस्थिधातु जात्रा गर्न बक्स भएको हात्तीलाई खूब सजाएर हात्तीमा पवित्र अस्थिधातु, विराजमान गराएर थुप्रै बौद्ध झण्डाहरू त्यसपछि बाजागाजा, फूल, धूप चढाउँदै हिँड्ने श्रद्धालुहरू बसे भने हात्तीको अगाडि भिक्षुसंघ लामाहरू, अनागारिका र आनीहरू बसे। हात्तीको दायाँ बायाँ र पछाडि साधु....... साधु........ पुकार्दै उपासक उपासिकाहरूसहित भएको सर्वज्ञ-

Downloaded from http://dhamma.digital/

अस्थिधातुयात्रा बेलुकी ७ बजेतिर सकियो। त्यसको भोलिपल्ट परेवाका दिन दिउँसो १ बजे अस्थिधातु हात्तीमा सजाएर ५ बजेतिर आनन्दकुटी विहार पुऱ्याइयो र भोलिपल्ट बिहान ९ बजे श्रद्धेय नारद स्थविरबाट धर्मदेशना भएपश्चात् पवित्र अस्थिधातुलाई श्रीलंकाचैत्यको गर्भभित्र पुनः स्थापना गरियो।

**७) ऐतिहासिक बुद्धपूर्णिमा तथा श्री ५ त्रिभुवनबाट बुद्धपूजा र पवित्र अस्थिधातु दर्शन एवं सार्वजनिक बिदाको घोषाणा**

बु.सं. २४९५ औं बुद्ध पूर्णिमा (२००८ साल) नेपालको बुद्ध शासनको इतिहासमा ठूलो महत्वपूर्ण छ। १०४ वर्षिय राणाशासन अन्त्य भई प्रजातन्त्रको स्थापनापछि श्री ५ महाराजाधिराज त्रिभुवन र श्री ५ युवराजाधिराज महेन्द्र आनन्दकुटी विहारमा सवारी होइबक्स्यो। श्रीलंका चैत्य प्रदीक्षणा गरिबक्सेपछि भिक्षुसंघद्वारा सुस्वास्थ्य दीर्घायु कामना गर्दै परित्राणपाठ भव्य रुपमा भयो र भिक्षु अमृतानन्दले मौसूफ श्री ५ महाराजाधिराज र श्री ५ युवराजाधिराजमा परित्राणसूत्र बाहुलीमा बाँधिदिनु भयो। यसपछि मौसूफ सरकारद्वारा बुद्ध प्रतिमामा फूलमाला चढाई बुद्धपूजा गरिबक्स्यो र पवित्र अस्थिधातुको दर्शन गरिबक्स्यो। नेपालको इतिहासमा मध्यकालीन शासनव्यवस्थाको अन्त्यपश्चात कोही राजा बौद्ध विहारमा पदार्पण गरिबक्सी बुद्धपुजा र अस्थिधातु दर्शनमा सरिक होइबक्सेको कुरा भेटिदैन।

दिउँसो स्वयम्भूकै भूइखेलमा श्री ५ महाराजाधिराजको सभापत्विमा बु.सं. २४९५ औं बुद्ध पूर्णिमाको सार्वजनिक सभा सम्पन्न भएको थियो। उक्त सभामा तत्कालीन गृहमन्त्री विश्वेश्वरप्रसाद कोइराला र उद्योग तथा वाणिज्यमन्त्री गणेशमानसिंह, शिक्षामन्त्री नृपजंग, भिक्षु अमृतानन्द, धर्मादित्य धर्माचार्य, दयावीरसिं कंसाकार, लोकदर्शन वज्राचार्य र १४ वर्षीय अन्धा बालिका मंगलदेवीहरू सबैले आ-आफ्ना मन्तव्य पोखेका थिए। भिक्षु अमृतानन्दले श्री ५ महाराजाधिराज प्रमुख अन्तरिम मन्त्रिमण्डल समक्ष निम्न चार प्रस्ताव पेश गर्नुभयो।

Downloaded from http://dhamma.digital/

**१. वैशाखपूर्णिमाका दिन नेपालभरि सबै जागिरदारहरूलाई सार्वजनिक विदाको घोषणा हुनुपर्ने ।**

**२. स्वयम्भू पर्वतमा रहका पशुपंक्षी आदि प्राणीहरूको हिंसा गर्ने र त्यहाँ शिकार खेल्न नदिने ।**

**३. स्वयम्भूमा रहेका वृक्ष कटान गर्न नदिने ।**

**४. छाउनीमा तारा हान्न नदिने ।**

सभापतिको आसनबाट श्री ५ महाराजाधिराजद्वारा सम्बोधन बक्सँदै हुकुम भयो, "दाजुभाई, दीदीबहिनी, बौद्ध धर्मको बारे विद्वानहरूले बोलिसक्नुभएको छ । एक आपसमा मिलीजुली बस्नका लागि बुद्धधर्मको शिक्षा पालन गर्नु धेरै राम्रो हुनेछ । अमृतानन्दले पेश गरेको प्रस्तावका बारेमा विचार गरौंला ।"

त्यसपछि ३ बजेतिर आनन्दकुटी विहारबाट पवित्र अस्थिधातु खटमा राखी श्रीघः विहारमा ल्याइसकेपछि पाँचघोडे बग्गीमा राखी धुमधामसँग नगर परिक्रमा गराइयो । भोलिपल्ट विहानैदेखि श्रीघः विहारमा अस्थिधातु दर्शनार्थ राखी दिउँसो ३ बजे पुनः जात्रा गरी अस्थिधातु आनन्दकुटी विहारमा लगी श्रीलंका चैत्यको गर्भभित्र राखियो र अस्थिधातु नगर परिक्रममा उद्योग तथा वाणिज्यमन्त्री गणेशमानसिंह स्वयं पनि सरिक भएका थिए । यरी २००८ साल जेष्ठ ७ गते (सन् १९५२) श्री ५ महाराजाधिराज त्रिभुवनबाट वैशाख पूर्णिमाका दिन सार्वजनिक बिदाको घोषणा गरिबक्स्यो ।

**८) नेपालमा अग्रश्रावकहरूको अस्थिधातु**

वि.सं. २००८ भाद्र ४ गते मन्त्रिमण्डलले ८ वटा बुँदासहित भगवान् बुद्धका अग्रश्रावकद्वय सारिपुत्र र महामौद्गल्यायनहरूको अस्थिधातु राजकीय सम्मानका साथ स्वागत गर्ने निर्णय भएअनुसार २००८ कार्तिक २० गते विशेष हवाइजहाजबाट गौचरण हवाइ अड्डामा अस्थिधातु पुगेपछि श्री ५ त्रिभुवनको बाहुलीमा हस्तान्तरण गरियो । सरकारी सलामी र ३१ तोप पड्काइसकेपछि हवाइ अड्डाबाट नारायणहिटी राजदरबारमा लगियो । २२ गते श्री ५ त्रिभुवनसहित श्री ५ बडामहारानीलाई

Downloaded from http://dhamma.digital/

अस्थिधातुको दर्शन गराइबक्स्यो र श्री ५ महाराजाधिराज स्वयं धातुसँग सवारी भएर टुँडिखेलमा मौसूफकै सभापतित्वमा स्वागतसभाको आयोजना भयो र मौसूफबाट स्वागत भाषण गरिबक्स्यो । अग्रश्रावकहरूको अस्थिधातुलाई काठमाडौं, पाटन, भक्तपुर र बनेपामा दर्शन गराइयो । श्री ५ युवराजाधिराज महेन्द्र, श्री ३ महाराज मोहनशम्शेर (२४ कार्तिक, आनन्दकुटी), प्रधानमन्त्री मातृकाप्रसाद कोइराला (शान्तिपूर्वक मन्त्रिमण्डलको परिवर्तन भएपछि मंसिर १ गते पाटन), गृहमन्त्री बीपी कोइराला संसदीयमन्त्री खड्गमानसिंह, कमान्डर इन चीफ किरणशमशेर जबराहरूले धातुको दर्शन गरेका थिए । श्री ५ युवराजाधिराजको पाटनमा सभापत्विको आसनबाट सन्देश बक्स भएको थियो ।

त्यसबेला भारत, बर्मा, ल्हासा, श्रीलंका, थाइल्याण्ड बंगलादेश, कम्बोडिया, हेलसिन्की, यू.एस.ए., सिंगापुर, जापान, फ्रान्स, ग्रीस, बेलायत आदि देशहरूबाट शुभसन्देश प्राप्त भएका थियो । मंसिर ७ गते श्री ५ महाराजाधिराजबाट गौचरणमा धातुचैत्य महाबोधिसभालाई फिर्ता हस्तान्तरण गरिबक्स्यो । स्मरणीय छ अग्रश्रावकधातु ल्याउँदा र फकाउने दिन सार्वजनिक बिदा पनि दिइएको थियो ।

**९) श्री ५ बाट पुनः बुद्धको अस्थिधातु दर्शन तथा बुद्धपूजा**

बु.सं. २४९६ औं पूर्णिमा (२००९ साल) को उपलक्ष्यमा विविध धार्मिक कार्य सम्पन्न भइसकेपछि सर्वज्ञ बुद्धको पवित्र अस्थिधातु दर्शन दिई दिउँसो श्री ५ महाराजाधिराज त्रिभुवन र युवराजाधिराज श्री ५ महेन्द्र आनन्दकुटी विहारमा सवारी होइबक्सी बुद्धपूजा र पवित्र अस्थिधातु दर्शन गरिबक्यो । यसपछि श्री ५ महाराजधिराजको सभापतित्वमा सञ्चालन भएको सार्वजनिक सभामा मौसूफले महत्वपूर्ण एवं गहन भाषण गरिबक्सेको थियो। स्मरणीय छ, त्यतिबेला नेपालस्थित भारतीय राजदूत चन्द्रेश्वरी, अमेरिकन पोइन्ट फोरका प्रतिनिधिहरू र मन्त्रिमण्डल पनि उपस्थित थिए ।

यसपछि बु.सं. २४९७ देखि बु.सं. २५१७ सम्म पवित्र अस्थिधातु वैशाख पूर्णिमाका दिन आनन्दकुटी विहारमै सर्वसाधारणका लागि प्रदर्शन गरिए भने बु.सं

Downloaded from http://dhamma.digital/

२५१८ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा आनन्दकुटीमा बिहानैदेखि विविध धार्मिक प्रवचन र शीलप्रार्थना पछि दिउँसो अस्थिधातु बग्गीमा राखी नगर परिक्रमा गराइयो। बु.सं. २५१९ र बु.सं. २५२० को बुद्ध पूर्णिमाको दिनमा आनन्दकुटीमै अस्थिधातु प्रदर्शन गरिएका थिए।

**१०) श्री ५ वीरेन्द्रबाट आनन्दकुटी सवारी होइबक्सी अस्थिधातु दर्शन**

बु.सं. २५२१ औं बुद्ध पूर्णिमा (२१ बैशाख २०४३) को शुभपावन दिनमा श्री ५ महाराजाधिराज वीरेन्द्र आनन्दकुटीमा सवारी होइबक्स्यो पवित्र अस्थिधातुको दर्शन र बुद्धपूजा पनि गरिबक्स्यो । यो नै मौसूफ सरकारबाट प्रथमबार बुद्ध पूर्णिमामा सरिक होइबक्सेको स्मरणीय दिन हो। यतिबेला मौसूफबाट शुभसन्देश दिइबक्स्यो। केही कारणवश विगत वर्षमा अस्थिधातुको माग गर्न नसकेकोले ४ वर्षमा एकचोटी बुद्धपूर्णिमाका दिन श्री ५ को सवारी हुने र पवित्र अस्थिधातुसहित नगरपरिक्रमा गर्ने नियम बस्दै गएको देखिन्छ। यसै वर्षदेखि बुद्ध पूर्णिमा समारोह समितिले हालसम्म बुद्ध पूर्णिमा मनाउने काममा अग्रसरता देखाउँदै निरन्तर लागिरहेको छ।

यसरी नै बु.सं. २५२४ , बु.सं. २५२६ र बु.सं. २५३० औं बुद्ध पूर्णिमा बुद्ध पूर्णिमाका पवित्र दिनमा श्री ५ महाराजाधिराज वीरेन्द्र आनन्दकुटी विहारमा पवित्र अस्थिधातुको दर्शन, बुद्धपूजा एवं सार्वजनिक सभामा सहभागी होइबक्स्यो। पछि बुद्धको पवित्र अस्थिधातु साँझमा नगर परिक्रमा गराई श्रीघः विहारबाट आनन्दकुटी विहारमा फर्काइयो।

**११) पवित्र अस्थिधातुको चोरी**

बुद्ध सं. २५३६ औं बुद्ध पूर्णिमाका दिन सदाझैं बिहानदेखि दिउँसोसम्म सर्वसाधारणका लागि पवित्र अस्थिधातु दर्शन गराई आनन्दकुटीस्थित श्रीलंका चैत्यको गर्भभित्र पुनः स्थापना गरियो । तर सारा बौद्धजगतका लागि एउटा मुटु बिझ्ने वेदनाको घटना घट्यो । श्रीलंकाचैत्यको गर्भभित्र निधान गरिएका पुरातात्विक ऐतिहासिक महत्वको भगवान्को सो पवित्र अस्थिधातु २०५० साल आषाढ २३

Downloaded from http://dhamma.digital/

(अगस्ट १९९३) को राति चोरी भयो । अहिलेसम्म त्यस चोरी गर्ने कुतत्वहरूको सुइँकोसम्म पनि पाउन सकिएको छैन । यसमा समस्त बौद्धहरूलाई दुःख लागिरहेको छ ।

यसरी बु.सं. २४९० मा नारद स्थविरले नेपालकै लागि ल्याउनु भएको पवित्र धर्मोपहार नवनिर्मित श्रीलंकाचैत्यको गर्भभित्र पुनः प्रतिष्ठापित गरिएको उक्त पवित्र अस्थिधातु बु.सं. २५३७ औं बुद्ध पूर्णिमाको केही महिनापछि हामीले गुमाउनुपर्‍यो । यो दुःखदायी कुरा हो ।

**१२) बुद्ध सं. २५३८ औं बुद्ध पूर्णिमा र अस्थिधातु परिक्रमा**

बु.सं. २५३८ औं वैशाखपूर्णिमाका दिन आनन्दकुटी विहारमा दशकौं अगाडिदेखि अस्थिधातु दर्शनार्थ देखिने श्रद्धालुहरूको लावालस्कर देख्न नपाइने स्थिति रोक्न वि.सं. २०२६ (ने.सं. १०८९) मा श्री ५ युवराजाधिराज वीरेन्द्रको बाहुलीबाट गणमहाविहारमा प्रतिस्थापित गरिबक्सेको बुद्धको पवित्र अस्थिधातुलाई त्यसै विहारमा श्रद्धालुहरूका लागि दर्शनार्थ राखी साँझ नगर परिक्रमा गराई शोभायात्रा गरिएको थियो ।

**१३) राजकीय सम्मानपूर्वक श्रीलंकाबाट बुद्धको अर्को पवित्र अस्थिधातु प्राप्ति**

वि.सं. २०५१ साल आषाढ ३ गते नेपाल सरकारका तर्फबाट उद्योग तथा श्रम राज्यमन्त्री रामकृष्ण ताम्राकारको नेतृत्वमा भिक्षु मैत्री, पुरातत्व विभागका निर्देशक खड्गमान श्रेष्ठ र लक्ष्मीदास मानन्धर गरी चार सदस्यीय प्रतिनिधिमण्डल पवित्र अस्थिधातु लिन श्रीलंका प्रस्थान गर्‍यो बुद्ध तथा धर्मप्रति नेपालीहरूमा भएका प्रगाढ श्रद्धा तथा श्रीलंका सरकारको मैत्रीपूर्ण व्यवहार अनुरुप राजकीय सम्मानपूर्वक धर्मपालाराम विहारमा नेपाली प्रतिनिधिमण्डललाई एउटा पवित्र अस्थिधातु हस्तान्तरण गरियो । २०५१ आषाढ ६ गते पवित्र अस्थिधातु त्रिभुवन विमानस्थलदेखि श्रीलंका सरकारको तर्फबाट बुद्धशासन मन्त्री डी. गामाको उपस्थितिमा भव्य रुपमा स्वागत गरी आनन्दकुटी विहारमा पुर्‍याइयो । नेपालका तेस्रो संघनायक भिक्षु अनिरुद्ध महास्थविरलाई श्रीलंकाचैत्यको गर्भभित्र निधान गर्न हस्तान्तरण

Downloaded from http://dhamma.digital/

गरियो । उक्त अस्थिधातुका साथमा श्रीलंकाको बुद्धशासन मन्त्रालयका सल्लाहकार र भिक्षु कोटुगोड धर्मावास र सरकारी प्रतिनिधि विजयतुंगे आउनुभएको थियो । साथमा नेपालका लागि श्रीलंकाली राजदूत रोवर्ट जयसिंघेको उपस्थिति थियो । विहारमा श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेवबाट भगवान बुद्धको पवित्र अस्थिधातु पुनः प्राप्त भएकोमा प्रशन्नता व्यक्ति गरिबक्सेको थियो । उक्त पवित्र अस्थिधातु श्रद्धेय भिक्षु कोटुगोड धर्मावास महास्थविरले पूजा गरिराख्नुभएको थियो जुन नेपालमा ल्याउने शुभकार्यका लागि भिक्षु मन्त्रीको भूमिका सह्राहनी छ ।

**१४) श्री ५ युवराजाधिराज दीपेन्द्रबाट बुद्धपूजा एवं पवित्र अस्थिधातुका दर्शन**

बु.सं. २५३९ औं बुद्ध पूर्णिमाको शुभ पावन दिनमा आनन्दकुटी विहार, स्वयम्भूमा बिहानैदेखि बुद्धपूजा, शीलप्रार्थना र पवित्र अस्थिधातु दर्शन गराइयो । दिउँसो राजप्रतिनिधिपरिषद्का अध्यक्ष श्री ५ युवराजाधिराज दीपेन्द्र वीरविक्रम शाहदेव सवारी होइबक्सेर बुद्धपूजा र पवित्र अस्थिधातुको दर्शन गरिबक्स्यो । मौसूफ युवराजाधिराजको प्रमुख आतिथ्यमा सार्वजनिक सभापश्चात् पवित्र अस्थिधातु धुमधामपूर्वक नगर परिक्रमा गराइएको थियो । श्रीलंकाबाट पहिलोपटक प्राप्त पवित्र अस्थिधातु चोरी भइसकेर दोस्रो पटक प्राप्त अस्थिधातुको नगर परिक्रमा यो नै प्रथमबार हो भने श्री ५ युवराजाधिराज बुद्ध पूर्णिमामा सवारी होइबक्सी सर्वज्ञ बुद्धको पवित्र अस्थिधातुको दर्शन गरिबक्सेको यो प्रथमबार हो ।

**१५) राष्ट्रनायक श्री ५ वीरेन्द्रबाट बुद्धपूजा एवं पवित्र अस्थिधातु दर्शन**

बु.सं. २५४२ औं बुद्ध पूर्णिमाको शुभ पावन दिनमा आनन्दकुटी विहारमा बिहानैदेखि पवित्र अस्थिधातु दर्शनार्थ राखी बुद्धपूजा धर्मदेशना आदि कार्य सम्पन्न भयो । श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव आनन्दकुटी विहार सवारी होइबक्सी बुद्धपूजा एवं पवित्र अस्थिधातुको दर्शन गरिबक्स्यो । यसपछि २५४२ औं बुद्ध पूर्णिमा समारोह समितिको तत्वावधानमा मौसूफ सरकारको प्रमुख आतिथ्यमा र भिक्षु सुदर्शन महास्थविरको सभापतित्वमा एउटा सार्वजनिक सभा भएको थियो भने सम्माननीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सम्बोधन भाषण गर्नुभयो ।

Downloaded from http://dhamma.digital/

मौसुफ सरकारको फिर्ति सवारी पश्चात् पुनः पवित्र अस्थिधातु सर्वसाधारणका लागि दर्शनार्थ राखियो साँझ पवित्र अस्थिधातु श्रीघः विहार लगी सजाइएको बग्गीमा राखी विभिन्न साँस्कृतिक बाजागाजा र झाँकीका साथ नगर परिक्रमा गराइयो । नगर परिक्रमापछि पवित्र अस्थिधातु आनन्दकुटी विहारमा लगी श्रीलंका चैत्यको गर्भभित्र निधान गरियो । दोस्रोपटक प्राप्त पवित्र अस्थिधातुको नगर परिक्रमा यात्राको यो पहिलो यात्रा हो ।

यसरी विगतका पानाहरूलाई केलाउँदै जाँदा श्री ३ महाराजादेखि राष्ट्रनायक श्री ५ दीपेन्द्रलगायत मौसूफ सरकारहरूले पुजिबक्सेको, नेपाली तथा अझ विदेशीहरूको समेत आस्थाको केन्द्र हो, "सर्वज्ञ बुद्धको पवित्र अस्थिधातु !" पवित्र अस्थिधातु नै गौरवको कुरा हो । यसलाई सुरक्षित एवं सम्बर्द्धन गर्नु हामी राष्ट्रका सम्पूर्ण नेपालीहरूको कर्तव्य हो भने पवित्र अस्थिधातुलाई सुरक्षा एवं समुचित व्यवस्थाको तर्जुमा गर्नेतर्फ श्री ५ को सरकारले पनि आफ्नो दायित्व सम्झिनु सुखकर विषय हुनेछ ।

Downloaded from http://dhamma.digital/

# बौद्ध सामानय ज्ञान - अभ्यास-२

१) 'बौद्ध संस्कृति नै प्राचीन संस्कृति हो'- कसरी ? लेख्नुहोस् ।
२) लिच्छविकालको बौद्ध संस्कृतिको स्वरुप कस्तो थियो ।
३) वर्णविहीन संस्कृतिका बारे के थाहा छ ? लेख्नुहोस् ।
४) सँगैबसी खाने संकृतिका बारे लेख्नुहोस् ।
५) चाड पर्व र बौद्ध संस्कृति बारे संक्षिप्तमा चर्चा गर्नुहोस् ।
६) जीवनमा संस्कृति र कर्मक्रियाको भूमिका कस्तो रहन्छ ?
७) वर्तमान बौद्ध संस्कृतिको स्वरुप बारे प्रकाश पार्नुहोस् ।
८) नेपाली भिक्षुहरूलाई देश निकाला गरेको बारे के थाहा छ ? लेख्नुहोस् ।
९) धर्मोदय सभाको उदय बारे लेख्नुहोस् ।
१०) नेपालमा श्रीलंकाली धर्मदूत मण्डलको भूमिका बारे चर्चा गर्नुहोस् ।
११) सर्वज्ञ बुद्धको पवित्र अस्थिधातु नेपालमा आगमन बारे प्रकाश पार्नुहोस् ।
१२) नेपालमा पवित्र अस्थिधातुको प्रथमवार प्रदर्शन र श्रीलंका चैत्य बारे संक्षिप्तमा जानकारी प्रस्तुत गर्नुहोस् ।
१३) पवित्र अस्थिधातुको ऐतिहासिक पृष्ठभूमिको बारे के थाहा छ ?
१४) कसरी वैशाख पूर्णिमाका दिन सार्वजनिक विदाको घोषणा गरियो ?
१५) नेपालमा अग्रश्रावकहरूको अस्थिधातुलाई कुन रुपमा सम्मान गरियो ।
१६) बु.सं. २४९५ औं बुद्ध पूर्णिमाका दिन श्री ५ त्रिभुवन प्रमुख मन्त्रीमण्डल समक्ष भिक्षु अमृतानन्दले के प्रस्ताव राख्नुभयो ?
१७) पवित्र अस्थिधातुको चोरी बारे के थाहा छ ? लेख्नुहोस् ।
१८) चोरी पछि पुनः श्रीलंकाबाट पवित्र अस्थिधातु कुन रुपमा ल्याइयो ?

Downloaded from http://dhamma.digital/

# नेपाल बौद्ध परियत्ति शिक्षाको एक चिनारी

**परियत्ति शिक्षा के हो ?**

राजकुमार सिद्धार्थका रुपमा नेपालका सुपुत्र, विश्वज्योति भगवान् बुद्धको जन्म नेपालको लुम्बिनी ग्राममा (हाल कपिलवस्तु तौलिहवा नजिकै) आजभन्दा करीब २६४२ वर्ष पूर्व भएको हो । उहाँ संसारलाई जलाइरहेको दु:खाग्नि देखि चिन्तित हुनुहुन्थ्यो र शान्तिको मार्ग खोज्न एकदिन राजसी ऐस आराम, प्यारी पत्नी यशोधरा र पुत्र राहुललाई त्यागगरी अज्ञानता र दु:खबाट मुक्तिको मार्ग खोज्न घरबाट निस्कनुभयो । त्यसबेलामा नाम चलेका ज्ञानीजनहरूबाट आफूले खोजेको शान्तिको ज्ञान प्राप्तहुने नदेखे पछि आफैले सो ज्ञान प्राप्तगर्न ६ वर्षसम्म कठोर तपस्या गर्नुभयो । अन्तमा बोधिवृक्षमुनि ध्यानरतहुँदा उहाँले सम्यक्सम्बोधि ज्ञान प्राप्त गर्नुभयो र बुद्ध कहलाउनुभयो । तत्पश्चात् आफैले पत्ता लगाएका अमृतमय बुद्धधर्मको सन्देश ४५ वर्षसम्म आफूले स्थापना गर्नुभएको संघका भिक्षुहरूमा तथा गृहस्थहरूमा फैलाउँदै ८० वर्षको उमेरमा महापरिनिर्वाण हुनुभयो ।

प्राणीमात्रको हित र सुखको लागि भगवान् बुद्धले धर्मचक्र प्रवर्तन गर्नुभएदेखि परिनिर्वाणको समयमा मल्लहरूको सालवनमा भिक्षु आनन्द एवं अन्य भिक्षुहरू तथा सुभद्र परिब्राजकहरूलाई दिनुभएको अन्तिम धर्मोपदेशसम्म ४५ वर्ष सम्म निरन्तर अभिव्यक्त गर्नुभएका आदि मध्य र अन्तमा पनि कल्याणकारी मूल र प्रामाणिक बुद्धवचन त्रिपिटक ग्रन्थमा सुरक्षित गरिएको छ । बुद्धवचन सुत्तपिटक, विनयपिटक र अभिधम्मपिटक गरी ३ भागमा विभक्त गरिएको भएर नै त्रिपिटक भनिएको हो । पिटक भनेको धर्म साहित्यको पिटक (डालो) हो । बुद्धशासनमा परियत्ति, प्रतिपत्ति र प्रतिवेध ३ भागमा विभाजित शासन मध्ये त्रिपिटक परियत्ति शासन हो । परियत्ति भनेको बुद्धवचन त्रिपिटकको अध्ययन अध्यापन गर्नुपर्ने सैद्धान्तिक पक्ष हो भने प्रतिपत्ति भनेको व्यवहारिक प्रयोगाात्मक पक्ष हो, अनि प्रतिवेध भनेको बुद्धधर्मको अभ्यासबाट प्राप्तहुने मार्गफल र निर्वाण हो। परियत्ति शासन भएन भने

Downloaded from http://dhamma.digital/

प्रतिपत्ति शासन हुँदैन । त्यस्तै प्रतिपत्ति शासन भएन भने प्रतिवेध शासन हुँदैन । तसर्थ बुद्धशासको आधारशीला भइरहेको परियत्ति अर्थात् बुद्धवचन शुद्धरुपले सुरक्षित गरी राख्न संगायनहरू भैराखेका छन् ।

परियत्तिको महत्वबारे अंगुत्तर निकायको अट्ठकथाको मनोरथपूरणी गन्थको एउटा गाथामा यस्तो भनिएको छ- *"सूत्र रहेन भने र विनय नष्ट भयो भने लोक त्यस्तै प्रकारले अन्धकारमय हुनेछ जस्तो सूर्य अस्ताउँदा हुन्छ । सूत्र आदि रक्षा भइरह्यो भने प्रतिपत्ति रक्षा हुन्छ, परियत्तिमा स्थिर भइरहने धीरपण्डित योगक्षेम निर्वाण प्राप्त गर्नबाट विमुख हुँदैन ।"*

## नेपाल बौद्ध परियत्ति शिक्षाको संक्षिप्त इतिहास

आजभन्दा २६४२ वर्ष अगाडि हाम्रो देश नेपालको लुम्बिनी उपवनमा कपिलवस्तुका राजा शुद्धोदन र अग्रमहिषी महामायादेवीका सुपुत्र राजकुमार सिद्धार्थको जन्म भयो । उहाँ २९ वर्षको उमेरमा गृहत्यागगरी ३५ वर्षको उमेरमा बुद्धगयाको बोधिबृक्षमुनि बोधिज्ञान प्राप्त गरी सर्वज्ञबुद्ध हुनुभयो । बुद्धत्व प्राप्तिपछि भगवान् बुद्धले संसारको हित र कल्याणको निम्ति ४५ वर्षसम्म गाउँ-गाउँमा, शहर-शहरमा, जनपद-जनपदमा चारिकागरी धर्म उपदेश गर्नुभयो । भिक्षाटनबाट फर्किसके पछि खुट्टाधुने समयसम्म त्यसै नबसि उहाँ धर्मोपदेश गर्नुहुन्थ्यो । यसप्रकारको धर्मोपदेश दिने आदर्शलाई त्यसपछिको उहाँको शरणमा आउने सबै भिक्षु, श्रमण र श्रद्धालुहरूले पनि पालन गरे । बुद्धको महापरिनिर्वाण पछि बुद्धोपदेश लोप नहोस् भनेर मगध सम्राट अजातशत्रुको संरक्षणमा आयुष्मान् महाकाश्यप महास्थविरको नेतृत्वमा पहिलो संगायना भयो ।

त्यसको १०० वर्षपछि राजा कालाशोकको संरक्षणमा आयुष्मान् रेवत महास्थविरको नेतृत्वमा विनय-नियम शुद्ध र स्वच्छ रुपले कायम गरीराख्ने विशेष उद्देश्य राखी दोस्रो संगायना भयो ।

Downloaded from http://dhamma.digital/

सम्राट अशोकले चारै दिशा तिर धर्मदूतहरू पठाई बुद्धको उपदेश प्रचार-प्रसार गर्नुभयो। धर्मको संगायनालाई फेरी चिरस्थायीको कामना गरी श्रीलंकाका राजा वट्टगामिनिले बुद्धपदेश त्रिपिटकलाई ताडपत्रमा लिपिबद्ध गराउनु भयो। यसको अगाडि बुद्धोपदेश लिपिबद्ध नभएसम्म त्यसलाई कण्ठ गरिराख्ने जिम्मा लिइराख्ने भिक्षुहरूले विभिन्न रुपले भाणक विभाजन गरी गुरु शिष्य परम्परा आ-आफूले जिम्मा लिइराखेकोलाई त्यसै अनुरुप अभिभारा बोकी पूर्णरुपले जिम्मेवार बहनगरी राखेका थिए । दुर्भिक्षादि प्राकृतिक भय-अन्तराय आए जस्तै अधार्मिक राजाहरूबाट, अधिकारीहरूबाट पनि अनेकौं बिध्नबाधा आई शासनलाई धक्का पुग्नजाने अवस्थामा आफूहरूलाई केही भएमा धर्मको अंश नै लोप हुनसक्छ भन्ने भय लिई, संवेग लिई बुद्ध-शासन सुरक्षाको निम्ति भिक्षुहरू दत्तचित्त राखी लागि परे; भनेर वर्णन गर्न साध्य छैन। जस्तो उहाँ दूरदर्शी बुद्ध-श्रावकहरूले भविष्लाई देखी भय गर्नुहुन्छ, त्यो स्थिति साँच्चै नै आर्य बुद्ध-शासनप्रति कहिले अराजकतापूर्ण दमननीतिको प्रहार भयो, दुर्भिक्षादि भयको सामना गर्नुपऱ्यो, अधार्मिक अधिकारीहरूको हातबाट बच्न लुकी-लुकी नदीनाला, पहाड, पर्वतको सहारा लिनुपऱ्यो। खाने, पिउने कुराको अभावमा खालि पेटको भरमा पनि हतोत्साही नभएका उहाँ आजानी वीरपुरुष भिक्षुहरूले बुद्धोपदेशको सुरक्षाको जिम्मा पूरा गर्नुभयो । पछि यो परम्पराबाट मात्र शासन स्थिर नहुने स्थिति बुझी बाहिरको राम्रो वातावरण अनुकूल भइसकेपछि चौथो संगायना गरी पुस्तकहरूको रुपमा गतिलो छपाई काम सम्पन्न गर्नुभयो।

बुद्धोपदेश सबै ताडपत्रमा पुस्तकको रुपमा लिपिबद्ध भईसके पछि यसको ब्याख्या, टीका, अनुटीका, ग्रन्थी अनुग्रन्थी आदि धेरै धेरै ग्रन्थहरू लेख्ने तथा प्रचार-प्रसार गर्ने काममा के कसरी अविस्मरणीय अमूल्य काम-कुरा भई सकिसक्यो । त्यस्तै धर्मको परिशुद्धताको लागि राजाबाट संगायन पनि भैसक्यो । पाँचौं संगायना हुँदा पहिला भन्दा बुद्ध-शासन चिरस्थायी गर्ने ठूलो इच्छा प्रबल श्रद्धा राखी बर्मी राजा मिण्डोनले मार्बलमा बुद्धोपदेश कुँदी शिलालेखको रुपमा सम्पूर्ण त्रिपिटक लिपिबद्ध गर्नुभयो। आज यी शिलालेख राखिराखेको प्रत्येक चैत्यहरू धर्म मन्दिरको रुपमा

Downloaded from http://dhamma.digital/

अहिलेसम्म दर्शन गर्न सकिन्छ । बुद्धधर्म जानी, बुझी तदनुसार आचरण गर्नुपर्ने धर्म भएकोले यसका प्रचार-प्रसारको निकै आवश्यक छ ।

गौतम बुद्ध जन्मनु भएको लुम्बिनी त्यस्तै नै उहाँको जीवनसँग सम्बन्ध भएको कपिलवस्तु, देवदह भएको देशमा बुद्धको उपदेशको अध्ययन-अध्यापन समय-समयमा भैराखेको इतिहासबाट प्रष्ट हुन्छ । प्राचीन युगमा मौखिक रुपमा धर्मको प्रचार-प्रसार भएता पनि लिच्छवी युगमा हाम्रो देशमा धेरै बुद्ध-धर्म, बौद्ध दर्शन र बौद्धकलाको अध्ययन-अध्यापनको केन्द्र थियो । मध्ययुगमा पनि कैयौं बौद्ध विहारमा यसरी नै अध्ययन-अध्यापनको व्यवस्था थियो । जयस्थिति मल्लको समयदेखी बौद्ध विषयमा यसप्रकारको अध्ययन-अध्यापनको काम व्यवस्थित रुपमा हुन सकेन । त्यसपछि गुठी पारायण पद्धतिबाट यसको अध्ययन-अध्यापन पद्धतिलाई जीवित बनाइराख्यो ।

एशियामा फेरी संस्कृति र सभ्यताको पुनर्जागरण आयो । नेपालमा पनि बुद्ध-धर्म पुनः प्रचार-प्रसार भयो । यस कार्यमा भिक्षु प्रज्ञानन्द, भिक्षु धम्मालोक, भिक्षु शाक्यानन्द, भिक्षु अमृतानन्द, भिक्षु सुबोधानन्द, भिक्षु सुमंगलहरूको विशेष योगदान रहिआएको छ । बि.सं. २००१ सालमा तत्कालीन राणाशासनमा नेपालमा भएका चारजना भिक्षुहरू र चारजना श्रामणेरहरूलाई नेपालमा बुद्ध-धर्म प्रचार-प्रसार नगर्नु भन्दाभन्दै पनि प्रचार-प्रसार गऱ्यो भन्ने आरोप लगाई देश निकाली गरी बुद्ध-धर्मको इतिहास समाप्तगर्ने प्रयास गरेता पनि नेपालका बौद्धहरूले भारतमा बसेर भए पनि धर्मको जागरण गर्ने काममा लागीरहे । यही क्रममा सन् १९४४ मा सारनाथमा **'धर्मोदय सभा'** को गठन भयो । सन् १९४६ मा भिक्षु अमृतानन्द महास्थविरको प्रयत्नबाट श्रीलंकाका प्रसिद्ध बौद्ध विद्वान् भिक्षु नारद महास्थविर प्रमुख ५ जना भिक्षुहरूको शिष्टमण्डलको रुपमा नेपालमा आउनुभयो । उहाँहरूले तत्कालीन राणाशासक पद्मशम्शेरलाई अनुरोध गरी देश निकाला गरिएका भिक्षुहरू पुनः नेपालमा फर्किनुभयो । त्यसपछि नेपालका धेरै श्रद्धालु उपासक-उपासिकाहरूले प्रव्रज्या ग्रहण गर्नुभयो ।

Downloaded from http://dhamma.digital/

सन् १९५१ मा **"अखिल नेपाल भिक्षु महासंघ"** को स्थापना भयो । भिक्षु महासंघद्वारा धर्मदेशनाबाट विहारमा सिकाउने, अध्ययन-अध्यापन गराउने काम पुनः शुरु भयो । यसबाट श्रीलंका, बर्मा, थाईल्याण्ड आदि देशहरूले नेपालका भिक्षुहरूलाई बुद्ध-धर्म अध्ययनार्थ छात्रवृत्ति प्रदान गरी नेपालको बुद्धधर्मको इतिहासमा कहिल्यै नबिर्सिने छाप राखिदियो । यसमा तत्कालदेखी कुशीनगर भारतमा बसोबास गरी आफूले सक्दो बुद्ध-धर्मका प्रचार-प्रसारको काममा धेरै योगदान दिदैरहेका ऊ चन्द्रमणी महास्थविरको पनि ठूलो देन रहेको छ । नेपालका पुराना भिक्षु, अनागारिकाहरू धेरैजसो उहाँकै शिष्यहरू छन् ।

हाम्रो देशमा बुद्ध-धर्म सम्बन्धी अध्ययन र अध्यापनगर्ने कार्य अत्यन्त आवश्यक भएकोले यसलाई सुहाउँदो समय र परिस्थितिलाई हेरेर त्रिशुली सुगत बौद्ध मण्डलका सचिव धर्मरत्न शाक्यको सुझाव अनुसार श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर त्रिशूली सुगतपुर विहारमा पाल्नुभएको बेलामा बि.सं. २०१९ मा बुद्ध-धर्मको अध्ययन र अध्यापन कार्यको शुभारम्भ गर्नुयभो । जुन परीक्षा क्रममा १ कक्षा देखि ५ कक्षासम्म परीक्षार्थीहरू उत्तीर्ण पनि भयो ।

त्यसपछि भिक्षु बुद्धघोष महास्थविर र धर्मरत्न शाक्य 'त्रिशूली' ले **"अखिल नेपाल भिक्षु महासंघ"** मा प्रस्ताव पेश गरे अनुसार ५ बैशाख २०२० मा नवौं बैठकले परिवर्तित र परिवर्द्धित गरी त्यस शिक्षाको अधिराज्य भरी संचालन गर्ने गरी स्वीकार गरी यस शिक्षाको अध्ययन-अध्यापनको क्रमलाई **"नेपाल बौद्ध परियत्ति शिक्षा"** नामाकरण गर्ने निर्णय भयो । त्यसै बैठकको निर्णय अनुसार यस शुभकार्यको शुभारम्भ **"अखिल नेपाल भिक्षु महासंघ"** का **अध्यक्ष पूज्य प्रज्ञानन्द महास्थविर**को ६४ औं जन्मदिनमा उद्घाटन भयो ।

**"अखिल नेपाल भिक्षु महासंघ"** को निर्णय अनुसार बु.सं. २५०७ को बुद्ध-पूर्णिमाको शुभदिनमा परीक्षा केन्द्र निर्णय भएको ठाउँमा नेपाल अधिराज्य भरी ठीक ८:४५ बजे विहान **"नेपाल बौद्ध परियत्ति शिक्षा"** को अध्ययन र अध्यापन कार्य प्रारम्भ भयो । यस सन्देश रेडियो नेपालबाट पनि त्यसै समयमा प्रशारण गरिदियो ।

Downloaded from http://dhamma.digital/

ने.सं. १००८, दिल्लागा ११ (बि.सं. २०२०, आषाढ १८ गते) को दिनमा अ.ने.भि. महासंघको बैठकको निर्णय अनुसार बौद्ध परियत्ति शिक्षाको पहिलो परीक्षामा कक्षा १ देखि कक्षा ५ सम्मको व्यवस्थागर्ने सम्पूर्ण कार्यभार श्रामणेर सुदर्शनलाई सुम्पियो । त्यस्तै महासंघको बैठकले विभिन्न परीक्षा केन्द्रमा परीक्षा नियन्त्रकहरू नियुक्त गरियो । पहिलो परीक्षा बि.सं. २०२० आशिवन २८ गते (अक्टोबर १४, १९६३) देखि सुभारम्भ भयो । पहिलोदेखी छैंठौं परीक्षामा आशातीत सफलता र बुद्ध-धर्मको अध्ययन-अध्यापनको उत्साहवर्द्धक वातावरणको फलस्वरुप अ.ने.भि. महासंघबाट २३ फागुन २०२० को बैठकमा सातौं परीक्षालाई उपाधि परीक्षा गर्ने निर्णय भयो । शुरुमा सद्धम्म पालकसम्म अध्यापन गरिने ने.बौ.प. शिक्षामा सो तह उत्तीर्ण गरेका विद्यार्थी भएपछि अझ उच्च शिक्षा दिन सद्धम्मपालक उत्तीर्ण धर्मरत्न शाक्य र अ. सुशीला प्रमुख सबै विद्यार्थीहरूको आग्रह बमोजिम परियत्ति सद्धम्म कोविदसम्मको पाठ्यक्रम तयार गरी उच्चशिक्षा प्रारम्भ गरियो । त्यसपछि यस शिक्षालाई परिस्थिति र वातावरण सुहाउँदो ढंगले समय-समयमा विभिन्न प्रकारले परिवर्तन र परिवर्द्धन गर्ने क्रममा विभिन्न नीति नियमहरू निर्धारण गर्ने समिति उपसमिति गठन गर्ने देखि लिएर शिक्षण व्यवस्थापन सुदृढिकरण गर्दै व्यवस्थित रुपले कामकुरा अगाडि बढ्दै गयो । शुरुमा प्रारम्भिक प्रथमवर्ष देखि प्रवेश द्वितीयवर्षसम्म मात्र व्यवस्था भइराखेको यस शिक्षा आज आएर अन्तिम उपाधि परीक्षाको रुपमा **"परियत्ति सद्धम्म कोविद उपाधि परीक्षा"** सम्म संचालन हुँदै आइराखेको छ ।

Downloaded from http://dhamma.digital/



भिक्षु अमृतानन्द



*मोतिलाल शिल्पकार*

## पुस्तक - दाताको परिचय

नाम - मोतिलाल शिल्पकार
जन्म - बि.सं. १९९१, माघ शुक्ल दशमी
माता - हरीमाया शिल्पकार
पिता - मोहनलाल शिल्पकार

## अनुभवहरू:

संस्थापक अध्यक्ष - उड कार्भिङ इण्डष्ट्रिज प्रा.लि. (२०२३)
संस्थापक - उड सिजनिङ्ग प्रा.लि. (२०३६)
अध्यक्ष - नेपाल उल ट्रेडिङ्ग कम्पनी (२०४२)
संयोजक (अध्यक्ष) - ललितपुर उद्योग बाणिज्य संघ (२०४४)
अध्यक्ष - इन्टर कार्पेट एक्सपोर्ट कम्पनी प्रा.लि. (२०४९)
संस्थापक अध्यक्ष - ललितपुर फाइनान्स कम्पनी लि. (२०५९)
संस्थापक अध्यक्ष - पाटन फाइनान्स कम्पनी लि. (२०५९)
संस्थापक अध्यक्ष - एन्जेल्सहार्ट स्कूल (२०४१)

## सामाजिक सेवा

अध्यक्ष - परियत्ति वक्तृत्व कला प्रतियोगिता समिति
उपाध्यक्ष - बौद्ध वृद्धा आश्रम, बनेपा
उपाध्यक्ष - बुद्ध विहार निर्माण समिति, भृकुतिमण्डप
सल्लाहकार - अन्तर्राष्ट्रिय बौद्ध भावना ध्यान केन्द्र, शंखमूल
सल्लाहकार - गण महाविहार
सल्लाहकार - परियत्ति न्ह्यसः लिसः कासा, यल

Downloaded from http://dhamma.digital/